# चिर सम्मानित गुरुमां धम्मवती







सम्पादक
रीना तुलाधर

https://dhamma.digital

श्रद्धेय कुसलज्ञानी गुरुमांयात
देछा।

लोचनी
२०८२

# चिरसम्मानित गुरुमां

# धम्मवती

Dhamma.Digital

संकलक तथा सम्पादक

**रीना तुलाधर (बनिया)**

प्रकाशक:
**धर्मकीर्ति प्रकाशन**
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि**
**धर्मकीर्ति विहार**
श्रीघः, नःघः त्वाः

आर्थिक दाताः **व्रब्य मानसिं तुलाधर**
**सपरिवार**

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३३
बिक्रम सम्वत् २०७०
ईस्वी सम्वत् २०१३

न्हूगु संस्करणः १००० प्रति
*(नेवाः जागरण मञ्चपाखें श्रद्धेय धम्मवती गुरुमांयात नागरिक स्तरं हनेगु विशेष अभिनन्दनया अवसरय् प्रकाशित)*

Dhamma.Digital

मू : रु. १४०/–
*(थ्व सफू बिक्रीयानाः उठेजूगु धेवा धम्मवती गुरुमांयात दान स्वरुप प्रदान जुइ)*

मुद्रक :
**न्यू नेपाल प्रेस**
मू ज्याकुथि : १४२ मनकामना मार्ग, नागपोखरी, नक्साल, काठमाडौं
फोन : ४४३४८५०, ४४३४७५३
कचा ज्याकुथि : शुक्रपथ, न्हू सडक, काठमाडौं
फोन : ४२५९०३२, ४२५९४५०

# नेवाः जागरण मञ्च

ख्वाबहाः, यँ ।
९८५१०८१७५०

## साधुवाद !

सासनधज धम्माचरिय, अग्गमहागन्थवाचक, पण्डित भिक्षुणी धम्मवती गुरुमांया योगदानयात कयाः जनजनय् तक उगु योगदानयात थ्यंकेगु आज्जु ज्वनाः नेवाः जागरण मञ्चं नागरिक स्तरं भव्य हना ज्याभ्वः न्ह्याकागु जुल ।

थ्वहे पुण्य अवसरस बौद्ध विदुषी प्राज्ञ मय्जु रीना तुलाधरं यानादीगु कुतलं वसपोलया जीवनी व व्यक्तित्वया थीथी पक्षयात कयाः च्वसु मुना पिथनेगु खँ न्यनेदयाः जिपिं अतिकं लय्ताया च्वना । लिसें गुरुमांयात म्हसीकेगु सफू पित हयादीगुलिं वय्कःयात यक्व यक्व साधुवाद दु ।

भ्मी सकसिनं म्हस्यूम्ह भिक्षुणी धम्मवती गुरुमांयात कयाः थुगु सफुतिइ वसपोलया सम्बन्धय् तःदँ न्ह्यःनिसें थीथी विषयलय् भिक्षु, भिक्षुणी, बौद्ध उपासक-उपासिकापिसं च्वयाबिज्याःगु च्वसुया लिसें थीथी सामग्री मुनाः पित हयेगु ज्यां अभ्म अप्वः गुरुमांया योगदान संग्रहित जुइगु लिसें तथ्य खँया इतिहास च्वनीगु नापं बौद्ध धर्मया प्रचार नं जुइगु भलसा दु ।

थुकथं महत्वं जाःगु सफू पित हयेगु न्हि भिक्षुणी धम्मवती गुरुमांयात नागरिक स्तरय् हनेगु व नेवाः जागरण मञ्चया न्याक्वःगु बुदिं ज्याभ्वःया लसताया न्हि लाकाः धर्मकीर्ति प्रकाशन, धर्मकीर्ति विहारपाखें पिथनादीगुलिं थुकिं लुँइ नस्वाः तनेगु ज्या जूवंगु दु ।

थुगु सफूया माध्यमं भिक्षुणी धम्मवती गुरुमांया जीवनी व व्यक्तित्वपाखें आपालं जनसाधारणपिं प्रेरित व प्रभावित जुयाः नेपालय् बुद्धधर्म व बुद्धशिक्षाप्रति श्रद्धा अभ्म क्वातुया वनीगु विश्वास कया । थुकिया निंतिं हाकनं छकः प्रकाशक धर्मकीर्ति प्रकाशन व संकलन व सम्पादन यानादीम्ह मय्जु रीना तुलाधर जुयात आपालं आपाः साधुवाद देछाया च्वना ।

साधु ! साधु !! साधु !!!

भवतु सब्ब मंगलम् ।

ने.सं. ११३३ आश्विन १२

सुजीव बज्राचार्य
नायः

## बुद्ध वचनहरू

- एकान्त बास गर्ने, शान्त चित्त हुने, धर्मलाई राम्ररी चिन्ने भिक्षुलाई लोकोत्तर आनन्द (जन्म मरण चक्रबाट मुक्ति) प्राप्त हुनेछ।

- यो (शरीररूपी) गृह निर्माण गर्नेलाई खोज्दा खोज्दै अनेक जन्म बित्यो। मेरो हरेक जन्म दुःखमय भएर बित्यो। यस शरीररूपी गृह निर्माण गर्ने हे बुद्धि मैले तिमीलाई देखि सकें (पत्ता लगाइसकें) तिमीले अब फेरि यो गृह बनाउन सक्नेछैनौ। किनभने मैले घर बनाउनको लागि प्रयोग गर्ने तिम्रो सबै सरसामानहरू भाँचि सकें, घरको धुरि पनि खसालि सकें। अब मेरो चित्त संस्कार रहित भई तृष्णा विनाश भइसक्यो।

- सर्व प्रथम आफूलाई उचित मार्गमा लगाउनु। अनि पछि मात्र अरूलाई उपदेश गर्नु। यस्तो गर्ने पण्डितलाई क्लेशले सताउने छैन।

- अलिकति पाप गरेर के होला र भनेर नसम्झनु, एक एक थोपा गरेर पानीले गाग्री भरे झैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्दछ।

# धल:पौ


| | | | |
|---|---|---|---|
| १) | सम्पादकया च्वसा | – | १ |
| २) | साहसीम्ह धम्मवती | – भिक्षु बुद्धघोष महास्थविर | १२ |
| ३) | बुद्ध र बुद्धको शिक्षा प्रचार | – भिक्षु अश्वघोष | १६ |
| ४) | मेरो आँखामा "धम्मवती" | – भिक्षु ज्ञाणपूर्णिक | २१ |
| ५) | धम्मवती जिं म्हस्यूथें | – अनागारिका माधवी | २५ |
| ६) | धम्मवती गुरुमांको प्रेरणा र म | – भिक्षुणी अनोजा | २८ |
| ७) | धम्मवती गुरुमां: हाम्रो हौसला | – वीर्यवती | ३१ |
| ८) | बेजोड धर्मकथिक-अनागारिका धम्मवती | – रत्नसुन्दर शाक्य | ३२ |
| ९) | धम्मवती गुरुमां र उहाँसँगको धर्मयात्रा | – रीना तुलाधर | ३५ |
| १०) | धम्मवती गुरुमां र गृहिणीहरू | – लोचन तारा तुलाधर | ४० |
| ११) | नांनाप ज्या त्व:म्ह गुरुमां | – सुवर्ण शाक्य | ४३ |
| १२) | धर्मकीर्ति निगूगु जन्म बिल | – बिमला शाक्य | ४७ |
| १३) | न्हापांगु धर्मकीर्ति पत्रिका व थुकिं बियाच्वंगु सन्देश | – प्रेमहीरा तुलाधर | ४८ |
| १४) | धम्मवती गुरुमांनं अदम्य साहस व मेहनतं दयेका बिज्या:गु लुम्बिनीस्थित गौतमी विहारनाप सम्बन्धित खँ वुख्या:गु खँ सम्पादकया नामं च्वसु (सम्पादक) | – भिक्षु उपतिस्स, श्रीलंका | ५३ |
| १५) | धर्मया कीर्ति धम्मवती गुरुमां | – प्रेमहिरा तुलाधर | ५८ |
| १६) | स्नेही छोरी बनिन् सबैकी गुरुमां | – | ६५ |
| १७) | भिक्षुणी धम्मवती म्हसीके | – लोचन तारा तुलाधर | ६८ |
| १८) | गणेशकुमारी शाक्य: धम्मवती गुरुमां बन्नुभयो | – मोहन दुवाल | ७४ |
| १९) | धम्मवती गुरुमां र उहाँको मार्गदर्शन | – विजय लक्ष्मी शाक्य | ७८ |
| २०) | धम्मवती गुरुमां र धर्मकीर्ति विहार | – वीर्यवती | ८२ |
| २१) | धम्मवती गुरुमां: छोटो चिनारी | – राम कुमारी मानन्धर | ८५ |
| २२) | छगू संघर्षया नां धम्मवती गुरुमां | – अमिता धाख्वा | ८८ |
| २३) | योम्ह म्ह्याय् या लिधंसा | – रीना तुलाधर | ९१ |
| २४) | ममतामयी आमा धम्मवती गुरुमां | – प्रेमलक्ष्मी तुलाधर | ९६ |
| २५) | गुरुमां धम्मवतीया जन्मदिं | – आनन्दमानसिं तुलाधर | १०१ |
| २६) | संघया कीर्ति च्वनेमा थीरं | – आनन्दमानसिं तुलाधर | १०३ |
| २७) | जन्मदिं थौं गुरुमां धम्मवतीया | – आनन्दमानसिं तुलाधर | १०४ |
| २८) | मानव धर्मया मर्म छु ख: ? | – आनन्दमानसिं तुलाधर | १०६ |
| २९) | एउटी नारीको संघर्ष अनि सफलता | – रीना तुलाधर | १०७ |
| ३०) | धर्मकीर्ति विहार स्थापनाको पृष्ठभूमि-केही सत्य तथ्य | – रीना तुलाधर | ११० |
| ३१) | पूज्य गुरुमां धम्मवतीप्रति उपहार | – लक्ष्मी हीरा तुलाधर | ११५ |
| ३२) | जिन्दगीको यात्रामा भेट भयो धम्मवती गुरुमां | – भिक्षु गौतम | १२३ |
| ३३) | नेपालय् धर्म सेनापति: धम्मवती गुरुमां | – अमृतमान शाक्य भिक्षु | १२६ |
| ३४) | अनन्त गुणं पूर्णम्ह: धम्मवती गुरुमां | – प्रेम लक्ष्मी तुलाधर | १२९ |
| ३५) | परियत्ति शिक्षा र धम्मवती गुरुमां | – बिजय लक्ष्मी शाक्य | १३२ |

३६) धर्मकीर्ति विहारका एक चिरस्मरणीय दाता:
उपासिका दानलक्ष्मी कंसाकारको स्मृतिमा – रीना तुलाधर १३६
३७) धम्मवती गुरुमांको ७६ औं वर्षिय
जन्मोत्सवको शुभकामना – भिक्षु गौतम १४१
३८) साहसकी प्रतिमूर्ति – कोण्डन्य १४३
३९) गुरुमांया भिंतुना ... – रोशनकाजी तुलाधर १५१
४०) धार्मिक तथा महिला नेतृ धम्मवती गुरुमां – रीना तुलाधर १५२
४१) शुभकामना गुरुमांलाई – शुमेधावती १५७
४२) गुरुमांया उसाँय् भिनेमा – हेरारत्न शाक्य १५८
४३) धम्मवती गुरुमां संक्षिप्त चिनारी – शुभवती १५९
४४) धर्म व्याख्यानको क्रममा धम्मवती गुरुमां – मदन रत्न मानन्धर १६५
४५) गहन अभिधर्मया सहज व्याख्याकर्ता धम्मवती गुरुमां– रीना तुलाधर (बनिया) १६९
४६) "धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन"
धम्मवती गुरुमांया छत्रछाँयाय् – प्रेमलक्ष्मी तुलाधर १७५
४७) श्रद्धेय धम्मवती गुरुमांया स्वास्थ्य म्हिगः व थौं – डा. चन्द्रेश रत्न तुलाधर १७८
४८) धम्मवती गुरुमां व अभिधर्म पाठ – प्रज्ञादेवी शाक्य १८६
४९) प्रेरणादायी गुरू धम्मवती गुरूमां – इन्दावती गुरूमां १८९
५०) धम्मवती गुरूमां – कुसुम गुरूमां १९२
५१) धम्मवती गुरूमांया चय्‌दँ बुदिं – लोचनतारा तुलाधर १९६
५२) धम्मवती या धर्मकीर्ति – हेरा रत्न शाक्य २००
५३) धन्य धन्य धम्मवती गुरुमां – सुमेधावती २०१
५४) **Dhammawati Guruma the**
**"Yomha Mhyaaya" of Nepal** - **Ms. Sumon Kamal Tuladhar** २०२
५५) **Academic Journey made by**
**Eminent Nun Dhammawati** - **Ms. Lochan Tara Tuladhar** २१०
५६) **Venerable Dhammawati - A Tireless Person** - **Ms. Reena Tuladhar** २१५
५७) धम्मवती गुरुमांको संक्षिप्त व्यक्तिगत परिचय – २१९
५८) समाचार संकलन – २२५

*गेवा: जागरण मञ्च पास्वं श्रद्धेय धम्मवती गुरुमांयात नागरिक स्तरं*
*हनेगु विशेष अभिनन्दन ज्याझ्वः यात दःगु हनेबहःपिनिगु विशेष रचना* (२३५–२४४)

५९) लुमंके बहःगु व्यक्तित्व दुम्ह धम्मवती गुरुमां – संघनायक भिक्षु अश्वघोष महास्थविर २३५
६०) धम्मवती गुरुमांको प्रेरणा – भिक्षुणी डा. अनोजा २३६
६१) धम्मवती गुरुमां व वसपोलया चेली गुरुमांपिं – द्रव्य मानसिं तुलाधर २३९
६२) कलकनचम्पा शील – दुर्गालाल श्रेष्ठ २४१
६३) लूगु निभाः – नवीन चित्रकार २४४

६४) *श्रद्धेय धम्मवती गुरुमांयात इलय्‌ब्यलय् थीथी संघसंस्थापास्वं लःल्हाःगु*
*सम्मानपत्र व अभिनन्दनपत्रया सक्कल नमूनाया प्रस्तुती* २४९-२८२

सम्पादकया च्वसां

# थ्व जिगु गुरु दक्षिणा खः

बुद्ध, धर्म, संघ, मां-बौ, गुरु थुपिं न्याम्हेसित सदां नं श्रद्धा तया च्वने माः, आदर यायेमाः, गुणानुस्मरण यायेमाः, माःगु सेवा तहल यायेमाः, थुमि प्रति कर्तव्य पालन यायेमाः थज्याःगु नैतिक शिक्षा गुरुपिनि पाखें मचांनिसें न्यनावया च्वनागु खः ।

थन गुरु छगू पक्षयागु जक खँ ल्हाये धाःसा गुरु धयाम्ह उम्ह व्यक्ति खः गुम्हसें थः शिष्य प्रति मैत्री, करुणा, मुदिता, स्नेह, सद्भाव तयाः निस्पक्ष जुयाः थःके दुगु ज्ञान, शीप, कला स्यना बी, सत्यगु मार्ग दर्शन बी, दुग्यंगु शिक्षा दिक्षा बी । थः शिष्यया उन्नति, प्रगती खनाः लय्लय्ताइ । "गुरु" शब्दया अर्थ वास्तवय् अतिकं गहन । थुकिया अर्थ छम्ह साधारण शिक्षक सिकं पायेफु । थःम्हं सयेका तयागु ब्वंकेगु ज्या याये मात्रं "गुरु" धाये थाकुइ नं फु ।

बौद्ध साहित्यय् "सिगालोवाद सूत्रय्" उल्लेख जुयाच्वंगु गुरु शिष्यया परस्पर कर्तव्यया लिधंसाय् "गुरु" या महत्व थुइकेगु कुतः याये ।

भगवान बुद्धं सिगालोवाद सुत्रय् खुगू दिशा नमस्कार यायेगु अथवा पूर्व दिशाया रुपय् मां अबु, दक्षिण दिशाया रुपय् आचार्य गुरु, पच्छिम दिशाया रुपय् पति पत्नि, पुत्र, पुत्री, उत्तर दिशाया रुपय् मित्र, क्वय्यागु दिशाया रुपय् नोकर, च्वय्यागु दिशाया रुपय् श्रमण, ब्राह्मणपिनिगु प्रति यायेमाःगु कर्तव्यया उपदेश दु । पालि त्रिपिटक अन्तर्गत सूत्रपिटक, दीघनिकाय, सिंगालसुत्तय् उल्लेख जुया च्वंगु थुकथं दु :

**कथञ्च, गहपतिपुत्त, अरियसावको छद्दिसापटिच्छादी होति ? छ इमा, गहपतिपुत्त, दिसा वेदितब्बा । पुरत्थिमा दिसा मातापितरो वेदितब्बा, दक्खिना दिसा आचरिया वेदितब्बा, पच्छिमा दिसा पुत्तदारा वेदितब्बा, उत्तरा दिसा मित्तामच्चा वेदितब्बा, हेट्ठिमा दिसा दासकम्मरा वेदितब्बा, उपरिमा दिसा समणब्राह्मणा वेदितब्बा ।**

**पञ्चहि खो, गहपतिपुत्त, ठानेहि अन्तेवासिना दक्खिणा दिसा आचरिया पच्चुपट्ठातब्बा उट्ठानेन उपट्ठानेन सुस्सुसाय पारिचरियाय सक्कच्चं सिप्पपटिग्गहणेन । इमेहि खो, गहपतिपुत्त, पञ्चहि ठानेहि अन्तेवासिना दक्खिणा दिसा आचरिया पच्चुपट्ठिता पञ्चहि ठानेहि अन्तेवासिं अनुकम्पन्ति सुविनीतं विनेन्ति, सुग्गहितं गाहापेन्ति, सब्बसिप्पस्सुतं समक्खायिनो भवन्ति, मित्तामच्चेसु पटियादेन्ति, दिसासु परित्ताणं करोन्ति । इमेहि खो, गहपतिपुत्त, पञ्चहि ठानेहि अन्तेवासिना दक्खिणा दिसा आचरिया पच्चुपट्ठिता इमेहि पञ्चहि ठाने हि अन्तेवासिं अनुकम्पन्ति । एवमस्स एसा दक्खिणा दिसा पटिच्छन्नना होति खेमा अप्पटिभया ।**

पालि ग्रन्थय् उल्लेख जुयाच्वंगु थुगु सिगालोवाद सूत्रयात विस्तृतं अर्थ छ्यानाः भिक्षु अमृतानन्द महास्थविरजुं च्वया बिज्याःगु "गृही विनय" नांगु सफुलिं ल्ह्ययया कयाः थुकथं न्ह्यथनागु जुल आचार्यया प्रति शिष्यया कर्तव्य वथेंतुं शिष्यया प्रति आचार्यया कर्तव्यः

## *आचार्य प्रति शिष्यपिनि कर्तव्य*

***गृहपतिपुत्र । शिष्य जुया च्वंपिसं दक्षिणदिशा समान जुयाच्वंपिं आचार्यपिन्त न्याता प्रकारं सेवा भक्ति याय्माः । व न्याता थथे :***

***(१) आसनं दना आदर गौरव तय्मा : ।***

***शिष्यपिसं आचार्यपिं वःगु खन धाय्वं च्वंच्वनागु आसनं दना आचर्ययात स्वागत याय्माः । आचार्यया ल्हाते दुगु पात्र, कुसा आदि वस्तु थःमं कया आचार्ययात ब्वना हया आसने फेतुका, पात्र-चीवरादि यथायोग्य थासे तय्माः । ल्हा-तुती, ख्वा सिलेत लः इत्यादि तया बीमाः । तँनोगु बखते जूसा आदरपूर्वक पंखां गाय्का बीमाः ।***

***(२) उपस्थान (सेवा) याय्माः ।***

***'उपस्थान' धैगु गुरुयाथाय् बरोबर वनेगु । बरोबर***

गुरूपाथाय् वनेगुया मलतव गुरूयाथाय् विद्या ब्वं वनेगुयां अतिरेक न्हिं स्वक्वोति गुरूयाथाय् वना गुरूपिन्त यथा समये छु छु सेवा-टहल याय्माःगु खः व ब्याक्कं याय्माः ।

(३) सुश्रुषा (सुस्सुसा) याय्मा : ।

'सुश्रुषा' धैगु बांलाक मन तया विद्या ब्वनेगु । थ्वीका न्यना काय्गु । मथूतले प्रश्न याय्गु । बांलाक मन तया विद्या मब्वन धाय्वं विशेष ज्ञान प्राप्त याय् फैमखु । उकिया निंतिं गुरूपिंसं ब्यूगु विद्या बांलाक ध्यान तया न्यनेमाः । मस-मस्यूथाय् आदरपूर्वक न्यना बांलाक धारण याना काय्माः ।

(४) मेगु बाकि बिकि दुगु चिचीधंगु ज्या याना सेवायाये । यथा-

शिष्यपिसं गुरुजनपिन्त सुथ न्हाप्पनं ख्वा सिलेत क्वालः माःसा क्वालः, ख्वाउँलः माःसा ख्वाउँलः तया दतिवन आदि ठीक याना बीमाः । भोजन याय्गु ई ज्वीवं त्वनेगु लः न्ह्योने तया भोजन लवल्हाना बिया दण्डवत् याना याय्माःगु ज्या सिधेका छखे चिला च्वने । गुरूया बस्त्रादि हाकुया वलसा,

'भन्ते ! कृपया आम हाकुगु वस्त्र हीत बिया बिज्याहुँ' धका नम्रतापूर्वक प्रार्थना याये । भक्तिपूर्वक वस्त्र यच्चुसे च्वंक हिया बिये । सन्ध्याका ज्वीवं स्नान याय्त ख्वाउँलः माःसा ख्वाउँलः, क्वालः माःसा क्वालः ठीक याना 'गुरूवर स्नान याय्त लः ठीक जुल' धका निवेदन याये । गुरूया म्हंमफैबले थःगु ज्या-खँ तोता जूसां गुरूयात चिकित्सा आदि याकेगु प्रबन्ध याय् फय्के माः । प्रव्रजित जुयाच्वंपिं शिष्यपिसं नं 'आचरियवत्त' ब्याक्कं सुविनीत पूर्वक याय् सय्केमाः । थुगु प्रकार गुरूजनपिनि सेवा-टहल याय् बले शिष्यपिनि प्रति गुरुजनपिनि चित्त मृदु जुई, थःत नं पुण्य लाभ जुई ।

(५) सत्कारपूर्वक शिल्पविद्या सय्का गुरूया सेवा याये ।

'सत्कार' धैगु गुरूयाके काय्गु पाठ बारम्बार घोके याना न्वे वय्का काय्गु । छगू पाठ जक जूसां बांलाक परिशुद्ध ज्वीक ब्वनेगु व थ्वीकेगु । थुगु प्रकारं विद्या सय्का काय्गुयात 'गुरूया सेवा याय्गु' धाई ।

गृहपतिपुत्र । थ्वते न्याता प्रकारं दक्षिणदिशा समान जुया च्वंपिं गुरुजनपिन्त, शिष्यपिसं सेवा भक्ति याय्मा: ।

## शिष्यया प्रति आचार्यपिनि कर्तव्य

गृहपतिपुत्र । पूर्वोक्त न्याता प्रकारं सेवा भक्ति याइपिं शिष्यया प्रति दक्षिण दिशा समान जुया च्वंपिं आचार्यपिसं निम्न न्याता प्रकारं अनुकम्पा तई ।

(१) सुविनीत ज्वीक स्यने-कने याई । यथा-

"थुगु थुगु प्रकारं नये सय्केमा: । थुगु प्रकारं च्वने सय्के मा: । कुसंगत तोता छ्वय्मा: । शीलवान्पिनि सत्संगत याय् मा: । समाजया सेवा थुगु रूपं याय् फय्केमा: । धैर्यतय्मा: । थ:त उन्नति ज्वीगु अर्ति-बुद्धि वीपिं श्रमण-ब्राह्मण, कल्याणमित्रपिनि सेवा-टहल याय् सय्केमा: । प्राणीघात आदि पञ्च दु:शीलगु ज्या याय् मज्यू । सभाय्, समाजे तथा परिषदे थुकथं खँ ल्हाय् मज्यू । मेपिसं थ:त छुँ धाल धाय्वं तुं विचार मयासे जरङ्ग तँ पिकाय् मज्यू । बाँ-बौपिन्त प्रतिदिन आदरपूर्वक वन्दना याय्मा: । थ: स्वया ज्येष्ठपिन्त योग्य मान मर्यादा तय् मा: । सकलनाप मिले जुया च्वने फय्केमा: ।"

थुगु प्रकारं आचार-विचार, चारित्र-वारित्रादि सभ्यताया बारे शिक्षा बिया प्रेमपूर्वक स्यने कने याना बिई ।

(२) ब्वने धुंगु विद्याया अर्थ व पद बांलाक छुटे ज्वीक, सन्धि भेद क्यना सविस्तारं थ्वीक कना बिई ।

"थुकिया शब्दार्थ थथे । थुकिया पदार्थ थथे । थुकिया भावार्थ थथे । थुकिया पद ब्यञ्जन थुगु थुगु हिसाबं जुई । थुगु शब्द थुगु सूत्रं थुगु प्रकारं बने जुया च्वन । थुगु शब्दया अर्थ थुजोगु थासे थथे जुई, थुजोगु थासे थथे जुई" धका अनेक प्रकारं अर्थ, प्रमाण, उदाहरण तथा उपमा आदि क्यना चित्त बुझे ज्वीक स्यना बिई ।

(३) दया च्वक्क शिल्प विद्याया विषये नं, धर्मया विषये न कना बिई ।

"थुगु शिल्पं थथे जुई । थुगु विद्यां थथे जुई । थुगु धर्म

थुजागु फल बिई । थुगु धर्म थुजागु पुण्य प्राप्त जुई । थुगु कर्म थुजागु पाप लाई । थुगु कर्म थुजागु धर्म लाई थुगु थुगु शिक्षा, धर्म तथा सिद्धान्त थुजा थुजापिसं सय्का सीका तय्माः । थुगु थुगु सिद्धान्त तथा शिक्षा थुजा थुजापिसं सय्का सीका तय्माः । थुगु सिद्धान्तयात थुगु ज्या त्याग याय्माः । थुगु सिद्धान्तयात थुगु ज्या ज्वनेमाः । थुजोगु ज्या याःसा थुलि लाभ जुई । थुजोगु ज्या याःसा थुलि हानि जुई । थुगु ज्या कुशल । थुगु ज्या 'अकुशल' धका अनेक तरहं खँ कना शिक्षा बिई ।

(४) बन्धुवर्गपिनि न्ह्योने थःम्ह शिष्य मचाया गुण वर्णना याना विश्वासी याना बिई । अर्थात् परिचय बिई । "थ्व जिम्ह अत्यन्त विद्वानम्ह शिष्य रत्न खः । जिं सक्को सिक्को सय्का तःम्ह खः । ज्या-खँ याय्गुली नं साप हे प्रवीणम्ह खः । अने अनेगु खँ न्यना तःम्ह 'बहुश्रुत' खः । थुजापिं बहुश्रुतपिन्त सर्वसाधारण सकसिनं म्हसीका तये योग्य" धका सकल बन्धु वर्गपिन्त थःम्ह शिष्यया परिचय बिई ।

(५) दिशा-विदिशां वैगु भययात परित्राण (तरे) याना बिई । गुरुजनपिसं स्यना ब्यूगु शास्त्रादि शिल्प विद्यायात हे शिष्यपिनि भय तरे याना ब्यूगु धका धाई । विद्या अध्ययनं पारंगत ज्वीधुंकुम्ह व्यक्तियात वंथाय् तक्क लाभ-सत्कार-मान प्राप्त जुई । थ्व ब्याक्क गुरुया कृपां प्राप्त जूगु धका धाई । छायधाःसा-वयात लाभ-सत्कार-मान प्राप्त जूगु हे गुरुं ब्यूगु शिक्षा दुगुलिं । लोकजनं वयात प्रशंसा याई बले नं न्हाप्पां गुरुम्हसिया प्रशंसा याई । "फलानाम्ह आचार्यया शिष्य अतिकं हे विद्वान । व अतिकं हे 'सुविनीत' धका प्रशंसा याई । उकिया निंतिं व ब्याक्क गुरुया कृपा हे खः धका धाई । थुलि जक मखु सर्पादि विषधर जीवन जन्तुपिनि द्वारा छुं प्रकारया भय प्राप्त जूसां, व भयं तरे ज्वीगु मन्त्रविद्यादिं स्यना तःगु दुया नितिं, गुरु धैम्हसित 'भयत्राता' नं धाई । हानं शिष्ययाके सुंगुम्ह व्यक्तिं प्रश्न याई । वं उकिया उत्तर बिई । प्रश्न याम्हसिया मती शंसय जुया, गुरुम्हसिथाय् वना वं कंगु खँ कना प्रश्न याई । अन वया गुरुम्हसिनं थथे धाई-

*उपासक वं धाःगु खँ ठीक खः । व जिम्ह व्यक्त, निपुणम्ह शिष्य खः । थुकी छं शंसय याय्माःगु मदु । वं धाइगु खँ पाई मखु । हुँ बांलाक उजापिं विद्वान्‌पिनि सत्संगत या ।"*

*थ्वते हानि व अलाभ ज्वीत्यंगु लाभ सत्कारयात नं हानि मज्वीक उपकार याई । उकिया निंतिं गुरुजनपिन्त 'भयत्राता' धाःगु ।*

*गृहपति पुत्र । दक्षिणदिशा समान जुयाच्वंपिं आचार्यपिन्त सेवा-टहल उपष्ठान याइम्ह शिष्यया प्रति आचार्यपिसं थ्वते न्याता प्रकारं अनुकम्पा तई ।*

सिगालयात ब्यूगु उपदेश नालाः थन थुम्ह च्वमि नुगलय् सदां नं थः गुरुपिनि प्रति श्रद्धां नुगः भयेबीकाः गुरुपिनि गुण बार बार लुमंका च्वने । गुम्ह गुरुपिसं बुद्धया अनमोल शिक्षा मचाबलय्‌निसें जिगु क्यातुगु नुगलय् थनाः जितः तथागतया सद्धर्मया सही पहिचान याका बिज्यात वसपोलपिन्त छसिंनिसें लुमंके :

श्रद्धेय गुरुवर बुद्धघोष महास्थविर गुम्हसें नेपाल बौद्ध परियत्ति शिक्षा नीस्वना बिज्यात जितः बौद्ध परियत्ति शिक्षा ब्वंकाः अपार गुण याना बिज्यात । भगवान बुद्धया स्वंगू शासन परियत्ति शासन, प्रतिप्रत्ति शासन व प्रतिवेध शासन मध्ये परियत्ति ब्व जिं बुद्धघोष भन्तेया छत्रछाँयाय् च्वनाः सयेके दुगु जिगु अहोभाग्य खः ।

श्रद्धेय गुरुवर अश्वघोष महास्थविर गुम्ह जिगु दकसिबे सत्तीम्ह गुरु खः वसपोलं जितः प्रतिपत्ति शासनय् प्रवेश याका बिज्यात । वसपोलं बुद्धया मानववादी शिक्षा, व्यावहारिक शिक्षा ब्युब्युं शुद्ध आचरण व भिंगु व्यवहार यानाः भिंम्ह मनू जुयाः म्वायेगु हे बुद्ध शिक्षाया मूल तात्पर्य खः धकाः ध्वाथुइका बिज्यात । बुद्धया शिक्षा धार्मिक कर्मकाण्ड मखु, आचरण शुद्धि खः, व्यवहार सुधार खः, मानववादी शिक्षा खः – थुलि सार संक्षेप उपदेश ब्युब्युं जिगु जीवनय् सही मार्ग दर्शन याका बिज्यात । जिमि गुरुवर अश्वघोष भन्तेयागु गुणानुस्मरण न्ह्याक्को याःसां गाइ मखु । च्वया जक च्वंसा ध्व च्वसा दी मखु ।

श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविर गुम्ह थः हे छम्ह मैत्री करुणाया, सहनशीलता व क्षमाशीलया प्रतिमूर्ति खः वसपोलं सदां मैत्री, करुणा जाःगु नुगलं सकसियां प्रति स्नेह तयाः च्वनेगु, मैत्री तया च्वनेगु जीवन शैली हे उत्तम जीवन शैली खः धयागु शिक्षा बिया बिज्यात ।

श्रद्धेय भिक्षु सुदर्शन महास्थविर गुम्ह थः हे छम्ह विद्वान, ज्ञानया भण्डार खः वसपोल जिगु लागि ज्ञानया स्रोत, सूचनाया माध्यम वा धाये पाना हे पुइके म्वाःगु Encyclopedia जुया बिज्यात । बुद्ध धर्मया ऐतिहासिक ज्ञान वसपोलं बिया बिज्यात ।

श्रद्धेय ज्ञानपूर्णिक महास्थविर अध्ययन, अनुसन्धान व ध्यान भावनाय् प्रखर जुया बिज्याकम्ह गुरुं गहन से गहन बुद्धया मूल दर्शनयात ध्वाथुइक ध्वाथुइक जिगु नुगलय् स्वचाका बिज्यात ।

श्रद्धेय ध्यान गुरु सत्यनारायण गोयन्कापाखें जिं विपस्सना भावना सयेका गुगुकि सक्कलिगु मूलगु ज्याभः खः निर्वाण पाखे न्ह्यब्वायेगु । वसपोलं प्रतिवेध शासनया लुखाद्वाः क्यना बिज्यात ।

जिमि गुरुमांपि छसिंनिसें लुमंके : श्रद्धेय मां गुण गुरुमां गुम्ह कि करुणाया प्रतिमूर्ति खः, वसपोलया पाखें मैत्री करुणाया अभ्यास यायेगु सयेका, सहनशील जुइगु अभ्यास याना ।

श्रद्धेय रत्नमञ्जरी गुरुमां नं सदां नं ध्यान अभ्यास यायेगु प्रेरणा बिया बिज्यात । ध्यान बिनां बोधिज्ञान लाइमखु धकाः बारम्बार धया च्वना बिज्यात, ध्यान च्वनेमाः धकाः सदां नं प्रेरणा बिया बिज्यात ।

अतिकं हनेबहःम्ह जिगु लागि अहोभाग्य जुया बिज्याःम्ह जिमि गुरुमां धम्मवती गुरुमां । वसपोलं जितः मचांनिसें गुलि स्यना, कना बिज्यात, गुलि शिक्षा दिक्षा बिया बिज्यात व दक्वों व्यक्त यायेत थुगु च्वसा गुकथं न्ह्याकेगु व नं मसिल । थुलि हे जक धायेफु जिगु जन्मतिथि हे जिगु भाग्य खः । गुगु इलय् धम्मवती गुरुमांपाखें धर्म प्रचारया द्रुत गतिया शुरुवात जुल, वसपोलया धर्म प्रचारया बेजोड अभियान न्ह्यात, उबलय् जिगु क्यातुगु मचा नुगलं फक्को नं ग्रहण याये खन ।

श्रद्धेय चमेली गुरुमां गुम्ह कि छम्ह कुशल, मेहनती व सरल स्वभावयाम्ह शिक्षिका खः वसपोलं मचाबलय् प्रारम्भिक बौद्ध शिक्षा बीगु नापनापं बुद्ध शिक्षाया ज्ञान गुणया खँ स्यना बिज्यात, बौद्ध परियत्ति शिक्षा पूवंक ब्वनेत न्ह्याबलें हःपाः बिया बिज्यात ।

श्रद्धेय कमला गुरुमां गुम्ह कि छम्ह साहसी, क्षमतावान व धैर्यवान व्यक्तित्व खः वसपोलं जितः भासं सिसांनिसें बुद्ध धर्मया प्रारम्भिक ज्ञानंनिसें स्यनाः थौंतक नं बुद्धया धर्म प्रचार प्रसार यायेगुलिइ प्रेरणा बिया च्वना बिज्यात, उत्साह बिया च्वना बिज्यात ।

थ्वसपोलपिं सकल अनन्त गुण याना बिज्याःपिं गुरु, गुरुमांपिनि प्रति सदां श्रद्धां बिलिबिलि जाःगु नुगलं बारबार वन्दना याना च्वना । तर नुगःया छगू कुलामं धाःसा न्ह्यसः थना च्वनी छु जिं थः गुरु गुरुमांपिनि प्रति यायेमाःगु कर्तव्य पालना याना च्वनागु दु ला ? लिसः स्पष्ट जुइमखु, नुगलय् सन्तुष्टिं थाय् काये फइमखु । थ्वसपोलपिसं थःथःगु जीवन समर्पण यानाः बुद्ध शासनया नितिं अद्धितीय गुगु योगदान बिया बिज्यात, गुगु धर्म देशना न्यंकु न्यंकुं, थी थी माध्यम छ्यछ्यं बुद्धधर्म धाथें छु खः धकाः थुइका बिज्यात व चिकिधंगु गुरु कर्तव्य मखु । गुरु कर्तव्य वसपोलपिसं पुरे याना बिज्यात धाःसा थुकिया पलेसा जिं गुरु दक्षिणा गुकथं पुला ले ? जिगु थःगु न्ह्यसः थःके तुं ल्यनी, अनुत्तरित जुयाः ।

थुकथं हे गुरुपिनि गुणानुस्मरण यायां छन्हु जि दकसिबे सत्तीम्ह श्रद्धेय गुरुवर अश्वघोष महास्थविरया जीवनी व बुद्धशासनिक योगदान पाखे अध्ययन याना । थःगु च्वसां छुं भचा च्वये धुनाबलय् नुगलय् भचा सन्तुष्टि दत । उगु दँय् श्रद्धेय गुरुवर अश्वघोष भन्तेया योगदानयात संक्षिप्तं च्वयाः 'गुरु दक्षिणा' नामं सफूचा पिकया गुरुपुन्हीया दिनय् लाकाः वसपोलया चरणय् देछानागु जुल । अबले हे मतिइ तया मेगु दँय् धम्मवती गुरुमांया बारे च्वयाः 'गुरु दक्षिणा' छाये । अथेला सकलें गुरुपिनिगु सद्‌गुण बराबर । कर्तव्य जिं बराबर पाले यायेमाः । अथेसां जितः मचांनिसें दकसिबे सत्तिक स्यनेकने याना बिज्याःगु अश्वघोष भन्ते व धम्मवती गुरुमां नं जुल ।

ई न्हयायेत ताउ म्वाः, गुरु पुन्ही नं थ्यंकः बइन । जिम्ह गुरुमांयात गुरु दक्षिणा छायेगु ई जुल । न्हापांला धममवती गुरुमांनं न्हापाहे च्वयातया बिज्याःगु सफू 'अभिधर्म भाग - १ व अभिधर्म भाग - २ निगुलिं छगू यानाः पुनः संस्करण पिथनेगु ज्या याना' लिसें धम्मवती गुरुमांनं २०५५ सालं धर्मकीर्ति विहारय् लच्छि यकं कनाबिज्याःगु अभिधर्म व्याख्यानयात भाजु सिद्धार्थ मान तुलाधर व वय्कःया तिरि मय्जु डा. सुमन कमल तुलाधर पिनि पाखें प्रत्यक्ष भिडियो रिकर्ड यानातःगु क्यासेटयात DVD / हिलाः ३२ ग्वाः DVD या सेट दयकेगु ज्या ताः लाका ।

थ्वज्याया लागि संयुक्त प्रयास यानापि जिपि मध्ये भिडियो खिचे याना तयादीपिं सिद्धार्थ मान तुलाधर व डा. सुमन कमल तुलाधर, गुपिं DVD पिथनेत ग्वःछिं दां तयाः दाता नं जुयादीपिं खः, अनंलि गुहाली यानादीपिं पञ्ञावती गुरुमां, दिजिटल दबू इन्फोटेय्न्मेन्टया पवित्र कसाःज व नेपाल प्रेसया उषनीष तारा तुलाधर व जि थः स्वयं खः ।

धम्मवती गुरुमां ८० दँ क्यंगु विशेष उपलक्ष्यय् धर्मकीर्ति विहारय् साप्ताहिक अभिधर्म पाठ जुयाच्वंगु भ्वलय् गुरुपुन्हीखुन्हु दिं DVD या सेट व गुरुमांनं च्वया बिज्या:गु अभिधर्म सफूया न्हूगु संस्करण पूज्यनीय धम्मवती गुरुमांया श्री चंरणय् ल: ल्हायेगु ज्या जुल । थ्व छगू चरणया 'गुरु दक्षिणा' भा:पिया ।

मेगु चरणय् धम्मवती गुरुमांया विषयय् च्वयात:गु थी थी लेख संग्रह छगू पिथनेगु मतिइ वल । अले गुरुमांया विषयय् च्वमिपिनिगु थी थी धापू दुथ्या:गु च्वसुत मुनेगु व सम्पादन यायेगु ज्या शुरु याना ।

धम्मवती गुरुमांया विषयय्यागु थ्व सग्रहया बांलाक उपयोग जुइगु थें जिं तायेका ! छाय्धा:सां धम्मवती गुरुमांया बुद्ध शासनिक योगदानयात प्रत्यक्ष खंपिं, स्यूपिं ला द हे दु । मस्यूपिं नं यको दनि । व मस्यूपिनि पुचलय् धम्मवती गुरुमांया परिचय बीका: इमिसं नं प्रेरणा कया: बुद्धधर्मया ज्ञान सीके बी फ:सा आपा:सित उपकार जुइ भा:पिया ।

नेपालय् थेरवाद बुद्धधर्म प्रचारया ख्यलय् छगू युगान्तर ख: धम्मवती गुरुमां । वसपोलया बुद्ध शासनिक योगदान छगू अनुपम देन ख: नेपा:मिपिनिगु लागि । राणाशासनकालया संकुचित, शोषित समाजय् ब्वलंम्ह मिसामचा गणे श कुमारी शाक्य धम्मवती नामं प्रव्रजित जुया: नेपालय् बुद्धधर्म प्रचार यायां बौद्ध ख्यलय् छगू न्हूगु युगया प्रारम्भ याना बिज्यात धा:सां ज्यू । वसपोलया धर्मदेशनां प्रभावित जुया: उपासक उपासिकापिसं बुद्धधर्मया सही ज्ञान प्राप्त याना: थ:थ:गु जीवनय् सहीकथं धर्म अभ्यास याये सयकल । थ्व चा:चू खँ मखु । थन मात्र छम्ह प्रव्रजित व्यक्ति धम्मवती गुरुमांया सफलताया वर्णन मखु । बुद्ध शासनय् वसपोलया थें ज्व:गु जीवन शैली अनुकरण याना: मेपिसं नं प्रेरणा कायेमा धयागु मू खँ ख: । बहुजन हिताय, बहुजन सुखाययया ज्या जुइमा धयागु ध्येय ख: ।

धम्मवती गुरुमांनं थ:गु जीवनकालय् गुलि नं बुद्ध शासनिक योगदान बिया बिज्यात, उकिया छगू दस्तावेज दयेमा:गु आवश्यक जू । धम्मवती गुरुमांयात क्वथीक, दुग्यंक म्हसीकेत वसपोलया धर्मदेशनां ग्य:पिं, वसपोलयाप्रति श्रद्धा भाव तइपिं, वसपोलया शिक्षायात नालाच्वंपिं उपासक उपासिकापिनिगु संयुक्त स:या थ्व संग्रह न्ह्यब्वया धायेमाल । धम्मवती गुरुमांयागु योगदानपाखें प्रेरणा कया: मेपिसं नं थजा:गु शासनिक योगदान बीपाखे न्ह्यचिलेमा धयागु थ्व संग्रह सफूया तातुना ख: ।

थ्व हे तातुनायात कय्च्यानाः थःगु गुरु दक्षिणाया रुपय् ज्वलं ताःलाकागु जुल ।

थ्व संग्रहय् दुने धम्मवती गुरुमांया व्यक्तित्व, योगदान, वसपोलया जीवनी आदि दथ्याःगु च्वसुत सिबें अलावा मेमेगु नं च्वसुत दुथ्याकागु दु गुगुकि वसपोलनाप सम्बन्धित जू । गथेकि धम्मवती गुरुमांयात सदां टेवा बिया बिज्याःम्ह मां गुण गुरुमां विषयय्, धम्मवती गुरुमांनं धर्म प्रचार शुरु जक याःगु इलय् धायेनु छुं थातंबातं मलाःनिगु इलय् गुहाली याःपिं दातापिनिगु विषयय्, वथेंतुं धर्मकीर्ति विहार व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया विषयय् इत्यादि च्वसुत नं दुथ्याकागु दु । थुकिया ब्वमिपिसं कारण फयांफक्व अप्वः दुग्ययेक धम्मवती गुरुमांयात म्हसीकेमा धयागु मनसुवाः खः । गुलिं च्वसु मखसें समाचारकथंयां लेखन नं दुथ्याकागु दु । छाय्कि अजाःगु समाचारपाखें नं गुरुमांया जीवनी, व्यक्तित्व व योगदान ब्वयेगु ज्या जू वः ।

पुलांगु च्वसुत मुनेगुं अलावा थौंकन्हेयागु न्हूगु खँ दुथ्याइगु कथंया च्वसु लिसें छगू विषय विशेषनापं सम्बन्धितगु च्वसु नं आवश्यक खनाः गुलिं च्वमिपिन्त च्वसु च्वया बीत अनुरोध याना । धम्मवती गुरुमांप्रतिं अतिकं आदर गौरब नुगलय् दुपिं वय्कःपिं श्रद्धालुपिसं धायेवं हे जिगु अनुरोधयात स्वीकार यानाः च्वसु च्वयादिल । थुकथं थ्व संग्रहय् दुने न्हूगु च्वसु दुथ्याःगु च्वसुत कुसुम गुरुमां, इन्दावती गुरुमां, मदन रत्न मानन्धर, डा. चन्द्रेश रत्न तुलाधर, व प्रेमलक्ष्मीं तुलाधरपिनिगु खः । वय्कः पिन्त आपालं साधुवाद बियाच्वना । संग्रह सफूया ज्या जुयाच्वंगु हे इलय् हानं लोचन तारा तुलाधर या न्हूगु सान्दर्भिक च्वसु सन्ध्या टाइम्सय् पिदन । व नं दुथ्याकाबलय् धम्मवती गुरुमांया अभिधर्म देशनाया खँ दुग्यंक सीके फइगु मौका दत ।

धम्मवती गुरुमांया प्रव्रज्या ५० दँ पूवंगु लसताय् जूगु सामूहिक अभिनन्दन बलेयागु अभिनन्दन पत्रयात स्क्यान यानाः संरक्षित यानातःगु जुयाच्वन । धर्मपासा मदन रत्न मानन्धरजुं जितः व संग्रह मुनेगु ज्यायाना दीम्ह मेम्ह धर्मपासा प्रफुल्ल कमल ताम्राकारजुया काय्भाजु प्रसन्न काजी ताम्राकारजु खः धयागु जानकारी बियादिल । प्रफुल्ल कमल ताम्राकारजु व वय्कःया काय्भाजु प्रसन्न काजी ताम्राकारजुपिसं धायेवं हे व संग्रहया सिडि उपलब्ध यानादिल । थम्हं मेहनत यानाः अभिनन्दन पत्रत स्क्यान यानाः संरक्षित याना तयादीम्ह प्रसन्न काजी ताम्राकारयात आपालं साधुवाद बियाच्वना । जिगु नुगलय् थुगु संग्रह सफू पिथनेगु विचाः वसेंनिसें जितः सरसल्लाह बियाः माःगु गुहाली यानादीम्ह धर्मपासा मदन रत्न मानन्धरजुयात

मैत्रीपूर्ण ह्रदयं साधुवाद बियाच्वना । लिसें बुद्ध धर्मया सफू जुयेवं विशेषं लगन यानाः सफूया ज्या यानादीपिं न्यू नेपाल प्रेसया कार्यकर्मिपिं लिसें न्यू नेपाल प्रेसया परिवारयात आपालं सुभाय् देछानाच्वना । सफू पिथनेत आर्थिक पक्षया जिम्मा कयादीपिं परिवारयात आपालं साधुवाद देछानाच्वना ।

थ्व संग्रह सफुलिइ दुथ्याःगु च्वसुत च्वयातःगु तिथिकथं छसिंनिसें तयागु खः ता कि धम्मवती गुरुमांया अमूल्य शासनिक योगदान कथहं थुइकेत गुहाली जुइ । गुलिं तिथि सीमदुगु च्वसुत गथे छिं अथे तया । वथेंतुं छम्ह हे च्वमिं धम्मवती गुरुमांया विषयय् तःपु च्वसु च्वयातःगु नं दत । व नं गथे दु, अथे हे दुथ्याका । थ्व यानाया उद्येष्य धम्मवती गुरुमांया व्यक्तित्व, योगदान, अले वसपोलया सम्बन्धय् दुगु महत्वपूर्ण खँत त्वःमफीमा धकाः खः । थथे छम्ह हे च्वमिया तःपु च्वसु दुथ्याःगुलिं, अले संकलन याये फक्व च्वसुत दक्वं दुथ्याकागुलिं थुगु सफूया स्तर बांमलायेफु, विज्ञजनपिनित लुमधने नं फु । तर थ्व सफूया तातुना धयागु श्रद्धेय धम्मवती गुरुमांया विषयय् फयांफक्व यक्व तथ्ययागु दस्तावेज तयेगु जूगुलिं सफूया स्तरयात प्राथमिकता मबियागु जुल ।

गुरु दक्षिणाया रुपय् देछायेगु तातुनाः थुगु सफूया ज्या यानागु जूसां गुरु पुन्हीया इलय् ज्या ताःलाके मफुत । अथेसां मदिक्क ज्या यानाच्वनागु झ्वलय् नेवाः जागरण मञ्चपाखें श्रद्धेय धम्मवती गुरुमांयात तःजिक नागरिक स्तरं हनेगु ज्याझ्वःया ई पाःलाः वल । उगु समारोहय् थुगु सफू नं प्रस्तुत याये जीला धयागु जिगु प्रस्तावयात नेवाः जागरण मञ्चपाखें सहश्र स्वीकार यानादीगु जक मखुसें ज्याझ्वलय् स्मारिका पिथनेगु नं योजना दुगुलिं निगूयातं छगू यानाः पिथनेगु सुझाव वल । अले उकथं हे ज्या जुल ।

च्वमिपिसं स्मारिकायात धकाः च्वयादीगु च्वसुत विशेषं बिस्कंकथं प्रस्तूत यानाबलय् थ्व सफू थुगु रुपय् पिदंगु जुल । थुकथं विशेष च्वसुया खँय् हानं च्वमिपिनिगु व्यक्तित्वयात ध्यान तयाः सम्पादन पक्षयात नं मनालागु जुल । च्वसुत गथे वल वथेंतुं तया छाय्कि स्मारिकाकथं पिहांवःगु जूसा उकिया सम्पादक जि अवश्यं जुइ मखु ।

अन्तय् जिगु थ्व गुरु दक्षिणा जिम्ह गुरु धम्मवती गुरुमांयां श्री चरणय् देछासें वसपोलया भिं उसाँय् व ताहाः आयुया कामना याना ।

*बु.सं. २५५७, ने.सं. ११३३ ञंला,*
*बि.सं. २०७० आश्विन, ई.सं. २०१३*

**सम्पादक**
**रीना तुलाधर (बनिया)**

# साहसीम्ह धम्मवती

■ भिक्षु बुद्धघोष महास्थविर

धम्मवती छम्ह साहसीम्ह अनागारिका खः । नेपालय् थेरवाद बुद्ध शासन नकतिनि पुनःरुत्थान जुया वःगु इलय् हे बुद्ध शासनय् प्रव्रजित जुयाः बर्मा थ्यंक वनाः धर्म अध्ययन यानाः धर्म प्रचारय् समर्पित जूम्ह अनागारिका धम्मवती खः । धम्मवती ओकुबहाया हेराथकुं उपासिकाया म्ह्याय् खः । वयागु प्रव्रजित जुइ न्ह्योया नां खः गणेश कुमारी शाक्य ।

विक्रम सम्वत् २००० सालया खँ खः तत्कालीन प्रधान मन्त्री जुद्धशम्शेर या हुकुमं नेपालं भिक्षुपिं पितिना छ्वत । लिपा पद्मशम्शेर प्रधान मन्त्री जुसेंलि भिक्षुपिं नेपाले दुहाँवये जिल । स्वर्गीय संघ महानायक प्रज्ञानन्द महास्थविर यलय् सुमंगल विहारे च्वना बिज्यात । वसपोलं धर्मदेशना याना बिज्यायेगु शुरु याना बिज्यात । ध्यान भावना यायेगु नं स्यना बिज्यात । विहारय् बरोबर वइम्ह हेराथकुं उपासिका अति प्रभावित जुल । अथेहे लक्ष्मीमाया उपासिका (अ. माधवीया मां) हर्षमाया (भिक्षु सुदर्शनया मां) उपासिकापिं प्रमुख उपासिकापिं जुल । मांपिं शिक्षित जुलकि उकिया प्रभाव काय् म्ह्याय्पिन्त नं लाइगु स्वभाविक खः । मांया प्रेरणां गणेशकुमारी नं न्हिथं विहारय् वइम्ह उपासिका जुल ।

वि.सं. २००३ सालं जि पूज्य अनिरुद्ध भन्तेनापं बर्मां नेपालय् लिहांवया । न्हापां आनन्दकुटी विहारय् च्वना । आमाई खुन्हु यलया सुमंगल विहारय् भोजन वया । भोजन धुंकाः लिहां वने त्यनाबलय् सुन उपासक भिमराज उपासकपिसं सुमंगल विहारय् हे च्वनेत प्रार्थना यात । जि बर्मां नेपालय् वये त्यनाबलय् नं कालिम्पोङ्ग पूज्य प्रज्ञानन्द भन्तेनं छःपिं नेपालय् बिज्यायेगुसा सुमंगल विहाय् च्वना बिज्याइ धकाः पौ च्वया हया बिज्याःगु नं लुमंसे वल । उकिं जि सुमंगल विहारय् हे च्वना ।

सुन उपासक सुमंगल विहारया मुख्यम्ह उपासक जुयाच्वन । वसपोलं ओकुबहायापिं न्येम्ह ख्वीम्ह (५०/६०) मस्त मुंकाः विहारय् हल । जिं इमित लोकनीति, त्रिरत्न वन्दना, परित्राण, धम्मपद स्यना बिया । आखः ब्वंवइपिं मस्त मध्ये रुद्रराज शाक्य (लिपा भिक्षु सुदर्शन) व वया किजा छत्रराज जेन चलाखपिं विद्यार्थीपि जुयाच्वन । अथे हे गणेशकुमारी नं आखः सयेकेगु मती तया वल । वया मेपिं निम्ह पासापिं नं दु । छम्ह अष्टमाया (भिक्षु सुदर्शनया तता) मेम्ह वर्तदेवी (सुन उपासकया म्ह्याय्) । इपिं नं फुर्सत सोयाः आखः ब्वंवइगु) तर गणेश कुमारीं यक्व न्वेवयेके फु । तीक्ष्ण बुद्धि दुपिं रुद्रराज व गणेश कुमारीपिन्त बर्माय् छ्वयाः आखः ब्वंके छ्वये दुसा गुलि ज्यू धैगु मती वनाच्वंगु ।

धात्थें छन्हु रुद्रराजया मां वयाः जिमि काय् छम्ह शासनय् तयेगु मतिइ वल धकाः धाःवल । जिगु मन हे सिच्चुसे च्वना वल । तर अबलय् आःथें प्रव्रजित याये अःपु मजू । नेपालय् ला काचाक्क प्रव्रजित हे मयाः । अप्पो धयाथें कलपुत्रपिं कुशीनगरय् वनाः प्रव्रजित जू वनीगु । रुद्रराजं नं कुशीनगरय् वनाः प्रव्रजित जुइगु इच्छा यात । अले जिं 'अथे जूसा छ कुशीनगरय् वनाः प्रव्रजित जुइगुसा चन्द्रमणी गुरुयात पौ च्वयाः बिया छ्वये' धया । तर व माने मजू । छःपिं मबिज्यासा प्रव्रजित जुइमखु धाल । उकिं जि कुशीनगरय् वनेगु मतिइ तया । अबले बर्मायाम्ह धम्मावुध भन्ते नं कुशीनगरय् बिज्यानाच्वंगु धाःगु न्येनागुलिं वसपोलयाके विनय भचा नं सयेका कायेगु मती तया । रुद्रराज व वया मां, मेपिं उपासक-उपासिकापिनं निम्ह प्यम्ह ब्वनाः कुशीनगर वना । अन रद्रराज प्रव्रजित जुल । चन्द्रमणी गुरुं वयात श्रामणेर सुदर्शन धका नां तया बिज्यात ।

रुद्रराजयात प्रव्रजित यायेगु ज्या पूवन । तर धम्मावुध भन्तेयात जिं नापलाये मखन । वसपोलयात अनिरुद्ध भन्ते नं शिवरात्रीया मेलायागु ई लाकाः नेपालय् ब्वना यंका बिज्याःगु जुयाच्वन । वसपोलपिं सुमंगल विहारय् च्वंबिज्याःगु जुल । जि व श्रामणेर सुदर्शन कुशीनगरय् च्वनाः ऊ. चन्द्रमणी गुरुयाके अभिधम्मत्थ संगहो ब्वना ।

धम्मावुध भन्ते सुमंगल विहारय् च्वना बिज्यासेंलि वसपोल अन उपासकोपासिकापिन्त स्यनेकने याना बिज्यात । गणेश कुमारीपिं वसपोलनाप बांलाक परिचित जुल । लिपा धम्मावुध भन्ते कुशीनगरय्तुं लिहां बिज्यात ।

जिपिं कुशीनगरय् हे च्वंच्वनागु बखतय् *अ. मागधी, अ. माधवी,* गणेशकुमारीपिं बर्माय् वने धकाः वल । लिपा श्रामणेर सुदर्शन व व जि जक

गणेश कुमारीपिन्त अन हे तोता: तानसेन वना । जिपिं तानसेन वने धुंका: गणेशकुमारीपिन्त वया परिवारपिसं लिगं वोगु जुयाच्वन । अ. मागधी व माधवीपिं नेपालय् लिहां वन । गणेशकुमारी जक धम्मावुध भन्तेया थाय् प्रव्रजित जुया: वसपोल नापंतुं बर्माय् वन । पासपोर्ट व भिसा नं मदुगुलिं आसामया जंगलया लं जुना: अतिकं कष्ट सिया: बर्माय् थ्यंक:वंगु जुल ।

ऊ. धम्मावुध भन्तेनं अ. धम्मवतीयात बर्माया खेमाराम विहारय् दो पञ्ञाचारी गुरुमांयात ल:ल्हाना बिज्यात । १४ दँ तक अन च्वना: अध्ययन याना: धम्मवती बुद्धधर्मया त:धंगु उपाधि "सासनधज धम्माचरिय" (सरकारी उच्च शिक्षा) पास यात । रुद्रराज व गणेशकुमारीयात प्रव्रजित यायेगु जिगु कामना नं साकार जुल ।

जि निकोगु पटक बर्माय् वना: न्यादँ च्वना: वि.सं. २०१६ सालं नेपालय् लिहां वया । प्यदँ लिपा अनागारिका धम्मवती, अनागारिका रत्नमञ्जरी, बर्मी अनागारिका गुणवती नापं नेपालय् लिहां वल । अनागारिका धम्मवती नेपालय् बुद्धधर्म प्रचारया ज्या यक्व हे यात । धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना याना: आपालं बौद्ध सफू प्रकाशन यात । परियत्ति शिक्षाया केन्द्र नं तया: ब्वंकल । अथे हे बुद्ध शिक्षा अध्यापन, गाँ-गाँमय् धर्मप्रचार, विहार निर्माण, सामाजिक सेवाया ज्याभ्व: गथेकि स्वास्थ्य शिविर, नेत्र दान, रक्त दान सफू प्रदर्शनी, तीर्थयात्रा, अल्पकालीन प्रव्रज्या, नाटक प्रदर्शन, कोचिङ्ग क्लाश, न्ह्यस: लिस: कासा, फोटो प्रदर्शनी आदि इत्यादि आपालं कार्यक्रमत याना: धर्मयात प्रचार प्रसार यायेगु ज्याय् समर्पित जुया: न्ह्या:वनाच्वंगु तसकं च्वछाये बह:गु खँ ख: । धम्मवतीया हरेक क्रियाकलापय् बर्मानिसें साथ बिया: वया बिज्या:म्ह दो गुणवतीया गुण नं उतिकं उल्लेखनीय जू । अनागारिका धम्मवतीयात नेपालय् बुद्धधर्म प्रचार या:गु खँयात कदर याना: सन् १९९२ जनवरी म्यान्मार सरकारं "अग्गमहागन्थवाचक पण्डित" धयागु उपाधि विभूषित याना ब्यूगु जुल ।

थौं अनागारिका धम्मवती प्रव्रजित जूगु न्येदँ दुगु उपलक्ष्यस अनागारिकाया कुशल मंगल कामना सह-उत्तरोत्तर प्रगतिया कामना यानागु लिसें धम्मवतीयात बुद्धधर्मय् श्रद्धां क्वछुकेत, प्रव्रजित यायेत, प्रव्रजित जुया: बर्माय् ब्वना यंकेत वा स्यनेकने याना ब्यूपिं गुरुपिंत नं लुमंका: वसपोलपिनिगु गुण उपकारया प्रशंसा यानाच्वना । विशेषत: स्व. हेराथकुं उपासिका, स्व. प्रज्ञानन्द महास्थविर, स्व. दो पञ्ञाचारीलिसें ऊ धम्मावुध महास्थविर पिनि गुण उपकार अत्यन्त स्मरणीय जूगु जिं तायेकाच्वना ।

मिसा जाति जुयाः नं मां बौ परिवार फुक्क परित्याग यानाः धर्मय् जीवन अर्पण यानाः नेपालय् बुद्ध शासन उन्नति व अभिवृद्धिया ज्याय् अथक परिश्रम व त्याग, तपस्या यानाः उल्लेखनीय योगदान बियावयाच्वंम्ह अनागारिका धम्मवतीया साहसिक ज्यायात हानं छको च्वछासें साधुवाद बियाच्वना। साधु ! साधु !! साधु !!!

क्वचाल !

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, ने.सं. ११११, कतिं पुन्हि, २०५६)*

Dhamma.Digital

# बुद्ध र बुद्धको शिक्षा प्रचार

■ भिक्षु अश्वघोष

धम्मवती अनागारिका (भिक्षुणी) आधुनिक नेपालको प्रतिष्ठित धर्म प्रचारिका हुनुहुन्छ । उहाँ ललितपुर ओकुबहालमा शाक्य कुलमा जन्मनु भएर १४ वर्षको कलिलो उमेरमा नै वैराग्य चित्त उत्पन्न गर्नु भएर प्रव्रजित हुनुभयो । बर्मामा जानु भएर १४ वर्षसम्म बुद्ध वचन अध्ययन गर्नु भएर 'सासनधज धम्माचरिय' पद प्राप्त गरी नेपाल फर्किनु भयो । आज उहाँ प्रव्रजित हुनु भएको ५० वर्ष पुगेको उपलक्ष्यमा धर्मकीर्ति विहारको तर्फबाट एउटा स्मारिका पत्रिका प्रकाशित गर्न लागिएको छ, त्यसै सन्दर्भमा यो लेख्न लागिरहेको छु ।

धम्मवती गुरूमांले धर्मकीर्ति विहारलाई धर्म प्रचारको केन्द्रको रूपमा स्थापना गर्नुभयो । 'धर्मकीर्ति' नाउँ जसरी राखिएको छ, त्यसरी नै तीव्ररूपमा धर्म प्रचार कार्य शुरू भयो । उहाँको व्यक्तित्व र प्रवचन शैलीले बुढा बूढीदेखि केटाकेटीहरूसम्म प्रभावित भए । काठमाडौं उपत्यका भित्र मात्र हो इन, पश्चिम पोखरा, पाल्पा तानसेन, बुटवल र पूर्व धरानसम्म उहाँको धर्म प्रचार कार्यबाट उपासक उपासिकाहरू प्रभावित भएका छन् । उहाँको प्रतिभा र व्यक्तित्व अपूर्व छ ।

धर्मकीर्ति विहारको कार्यक्रममा अधिकांश बुढा बूढीहरू त्यसमा पनि महिलाहरूको संख्या बढी भएकोले उहाँहरूले बुद्धको वैज्ञानिक र व्यवहारिक धर्म बुझ्न गाह्रो हुनेभएकोले युवा वर्गकोलागि अलग्गै "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" नामक संस्था स्थापना गर्नुभयो । जहाँ युवाहरू प्रभावित हुने रचनात्मक र व्यवहारिक बुद्धधर्मको परिचय सम्बन्धी कक्षा संचालन गरियो । जस अनुसार नियमित रूपमा प्रत्येक शनिश्चरबार कक्षा र प्रवचन कार्यक्रम संचालन भइरहेका छन् ।

अब यहाँ धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिश्चरबारको कार्यक्रममा चर्चा हुने, अध्ययन र छलफल हुने बुद्ध शिक्षाको संक्षिप्त रूपमा मुख्य मुख्य कुरा प्रस्तुत गर्न लागिरहेको छु ।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा बुद्ध जीवनीको अध्ययन गर्ने शैली परम्परागत नभै अलि अन्वेषणात्मक शैलीको छ । मतलब "बुद्ध जीवनी" पुस्तक अनुसार पालि पिटक अनुसार सिद्धार्थ कुमारले बुद्धत्व प्राप्त गरी सके पछि सर्व प्रथम प्रवचन दिनु भएको "धर्मचक्र प्रवर्तन सूत्र" अनुसार बहुजन हिताय बहुजन सुखको लागि' भनेर घोषणा गर्नुभयो । 'सर्वजन हिताय सर्वजन सुखाय' भन्नु भएन । सर्वजन हिताय काम गर्नु सम्भव पनि छैन ।

अर्को अध्ययन हुने विषय बुद्धको मुख्य शिक्षा दुःख र दुःखबाट मुक्त हुने बारे हो । त्यसको लागि दुःखको कारण पत्ता लगाउनु दुःख निवारणको बाटो खोज्नु हो । दुःखको कारण तृष्णा, जति भएपनि सन्तुष्ट नहुने बानिलाई त्याग्नु पर्ने हुन्छ । दुःखबाट मुक्त हुने बाटो बुद्धले देखाउनु भयो । जस्तै– दृष्टि सोभ्रो हुनु, सोचाई ठीक हुनु, कुराकानी शुद्ध हुनु, कामकारवाही निर्दोष हुनु, प्रयत्न ठीक हुनु, होश ठीक हुनु अर्थात् सतर्क र सचेत भईरहनु, चित्त चञ्चल नहुनु साथै कर्तव्य पालन गर्ने बानिको हुनु । अर्को आत्मालोचना गर्न सक्नु । किनभने काम गर्दा र कुरा गर्दा गल्ति हुन सक्छ । भगवान बुद्धले भिक्षुहरूलाई महिनाको दुई चोटि एकत्रित भएर उपोसथ गर्ने आपत्ति देशना (आत्मालोचना) गर्नु पर्ने निर्देशन दिनु भएको थियो । आज भोलि नेपालमा त्यो कार्य लोभ भइसक्यो । संयुक्त निकाय अनुसार स्वयं बुद्धले भिक्षु संघलाई सम्बोधन गर्नु भएर भन्नुभयो– "भिक्षुहरू, मेरो गतिविधिमा केही कमजोरी छ कि जसले गर्दा तिमीहरूलाई अप्ठ्यारो भएको छ ? छ भने भन म सुधार गर्नेछु ।" यो बुद्धको महान चरित्रको लक्षण हो । अर्को, बुद्धले दिनु भएको अपूर्व शिक्षा दुःखबाट मुक्त हुनको लागि सधैं जसो मैत्रीपूर्वक आपसमा कुरा गर्ने, काम गर्दाखेरी पनि मैत्रीपूर्वक गर्ने र चिन्तन गर्ने । यसो गर्न सके कलह र द्वेष भावको सम्भावना कम हुन्छ ।

"बुद्ध जीवनी" अनुसार बुद्ध परम्परावादी जस्तो देखिन्छ । चमत्कार देखाउने, जस्तै– आकाशमा उड्ने, देवलोकमा गएर बस्ने आदि अलौकिक व्यक्ति देखिन्छ । तर पाली पिटक अनुसार बुद्ध परम्परावादी हुनुहुन्न । धर्मचक्र सूत्रमा बुद्धले भन्नु भएको छ– "पुब्बे अननुस्सुतेसु धम्मेसु चक्खुं उदपादि, ञाणं उदपादि ..." अर्थात् पहिले कहिले पनि नसुनेको चार आर्य सत्य बारे प्रज्ञा चक्षु उत्पन्न भयो ... ।

पालि पिटक अनुसार बुद्धको चमत्कार पांच इन्द्रियलाई संयमित गर्न सक्ने शक्ति भएको, मतलब आँखाले रूप हेरेर त्यसमा आशक्त नहुने, कानले शब्द सुनेर, नाकले गन्ध सुँघेर, मुखले मीठो खाना खाएर, शरीरले स्पर्श गरेर महमा भिंगा टासिए भैं आशक्त नहुनु बुद्ध चमत्कार हो। अर्को भाषामा भन्नु हो भने लोकोत्तर चमत्कार हो । मनलाई वशमा राख्नु यो सानो कुरा होइन। साधारण मानिसहरू मनले जे आदेश दिन्छ त्यस अनुसार काम गर्ने र त्यहां त्यहां जाने गर्दछन्। भगवान बुद्धले भिक्षुहरूलाई निर्देशन दिनुभयो– 'भिक्षुहरू चमत्कार देखाउनमा लाग्नु हुँदैन । चमत्कार देखाए भिक्षुहरूलाई अनर्थ हुन्छ । तमाशामा मानिसहरू भुल्नेछन् । आचरण शुद्धि गर्ने धर्मबाट टाढिन्छन् ।"

"बुद्ध जीवनी" अनुसार प्रार्थना र पूजा पाठ गरेर फल प्राप्त हुने कुरा देखिन्छ भने पालि पिटक अनुसार आचरण शुद्ध बिना शुद्धि र सिद्धि प्राप्त हुन सक्दैन। मन शुद्ध हुनु अति आवश्यक विषय हो। पाप नगरे पनि, पुण्य कर्म गरे पनि, चित्त शुद्ध भएन भने आफ्नो इच्छा सफल हुँदैन । दुःखबाट मुक्त निर्वाण सुख प्राप्त गर्न पुण्य र पाप दुबै नाश हुनुपर्छ। पुण्य कर्म गर्दाखेरी निस्वार्थ भावनाले गर्नुपर्छ । फलको आशा गरेर पुण्य गरेको खण्डमा फल भोग्न फेरि जन्म लिनु पर्नेछ। तब कसरी दुःखबाट मुक्ति पाउने ?

यहाँ बुझ्नु पर्ने कुरा के छ भने "बुद्ध जीवनी" रचनाकारले अर्थकथाको अनुसार लेखेको हो । अर्थकथा भनेको मूल पालि त्रिपिटक होइन । बुद्ध परिनिर्वाण भएर ६ सय वर्ष पछि आचार्य भिक्षुहरूले लेखेका हुन् ।

अंगुत्तर निकाय तिकनिपातमा, मज्झिम निकाय अरिय परियेसना (पायासि) बोधि राजकुमार सूत्र र सच्चक सूत्रहरूमा बुद्धले आफ्नो आत्मकथाको रूपमा भन्नु भएको घटना र "बुद्ध जीवनी" मा लेखिएको घटनाहरूमा समानता देखिदैन। बुद्ध जीवनीमा सिद्धार्थ कुमारले गृह त्याग गर्नुभएको मूल कारण बूढा, रोगी, लाश र भिक्षु देख्नु भएको हो भनी उल्लेख छ। तर अंगुत्तर निकाय, तिकनिपातमा बुद्धले स्वयं भन्नु भएको छ– 'म राजदरवारमा छँदा नै बूढा हुनु पर्छ, रोगी र मृत्यु हुनु पर्छ भन्ने थाहा थियो। दरबारको व्यवहार मा असमानता देखेर विरक्तिएर दरबार त्यागेको हुँ ।

बुद्धले भन्नुभयो– 'म त मार्ग प्रदर्शक मात्र । मैले कसैको दुःखबाट मुक्तिको लागि जिम्मा लिएको छैन । दुःखबाट मुक्त हुने बाटो मात्र देखाउँछु। मैले देखाएको बाटोबाट गएको मान्छे दुःखबाट मुक्त हुन सक्छ। मैले दिएको शिक्षा र धर्मलाई अध्ययन गरेर बुद्धिमानले प्रज्ञाले मनन गरेर

महसूस गर्न सके मात्र दु:खबाट मुक्त हुन्छ ।" 'पच्चतं वेदितब्वो विञ्ञूहि' अर्थात् बुद्धिमानले स्वयं आफैले बुझ्नु पर्ने धर्म हो ।

पालि पिटक अनुसार बुद्धले देशना गर्नुभएको धर्म मरे पछि सुख पाउने होइन । सन्दिट्ठिको अकालिको यहाँ आँखाले देख्न सक्ने, धेरै समय नबित्दै फल पाउने धर्म हो ।

बुद्ध शिक्षा अनुसार पहिले अध्ययन, त्यसपछि आचरण राम्रो पार्ने, त्यसपछि फल पाउने अर्थात् मार्ग फल प्राप्त हुने, निर्वाणको बाटोमा पुग्ने ।

बुद्धको विचार अनुसार दु:खबाट मुक्त हुनको लागि दिट्ठे दिट्ठ मत्तं = हेर्दा हेर्नु मात्र, सुते सुत मत्तं सुन्दा सुन्ने मात्र, मुते मुत मत्तं = स्पर्श गर्दा स्पर्श गरेको मात्र गर्ने तर त्यसमा आशक्त नहुने, निमित्तमा न अलमलिने देखेर, सुनेर र स्पर्श गरेर 'चाहियो, चाहियो' भनेर कल्पनाको सागरमा नडुब्ने । यही कुरा नबुझेर वा बुझेर पनि बुझ पचाएर व्यवहारमा उतार्न नसकेकोले अरहन्त जस्ता निर्दोष व्यक्तिहरू पाउन दुर्लभ भएका छन् । यी बुद्धका मन्त्रहरूलाई बुझ्न सके र व्यवहारमा उर्तान सके गृहस्थी पनि अरहन्त हुन सक्छ भनी उदान पालिमा भनिएको छ । तर पालि पिटकमा अरहन्त हुनुलाई भिक्षु नै बन्नु पर्दछ अन्यथा गोरू वा गाईले हानेर मर्छ भनिएको छ ।

बुद्धको उपदेश अनुसार आर्य अष्टाङ्गिक मार्ग अनुसार आचरण राम्रो गर्न सके त्यो सच्चा बुद्धको अनुयायी हो, चाहे उ जुनसुकै सम्प्रदायको होस् ।

बुद्धले अनुभव गरेको कुरा मात्र भन्नुहुन्थ्यो, आफूले अभ्यास नगरेको अनुभव नभएको कुरा भन्नु हुन्नथ्यो ।" बुद्धसँग एकजना ब्राह्मणले– "तपाई को हुनुहुन्छ" भनी सोध्दा बुद्धले भन्नुभयो–

**अभिञ्ञेय्यं अभिञ्ञातं भावेतब्बं च भावितं ।**
**पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मिं ब्राह्मण ॥**

अर्थ- चार आर्य सत्य बारे जान्नु पर्ने ज्ञान जानी सकें र अध्ययन गरी सकें, बुझी सकें । अभ्यास गरेर कुसंस्कार सबै त्यागी सकें, त्यसैले हे ब्राह्मण, म बोध भइसेको व्यक्ति बुद्ध हुँ ।"

यहाँ बुद्धले भन्नुभएको राम्रो कुरा के भने, अध्ययनको साथ साथै अभ्यास पनि गरें । अभ्यास गरेर मात्र पुग्दैन रहेछ, नराम्रा संस्कारहरू बानिहरू पनि त्यागी सकें । हामी र बुद्धमा फरक के रहेछ भने हामी अध्ययन

गर्छौं, धर्म कर्म गर्ने आदि अभ्यास पनि गर्छौं तर आफ्नो गलत धारणा र आचरण छोड्न तयार छैनौं ।

बुद्धले नारी वर्गालाई भिक्षुणी बनाई पुरुष समान अधिकार दिनुभयो । तर सर्व प्रथम भिक्षुणी भएकी प्रजापति गौतमीलाई भिक्षुणी बनाउनु भन्दा पहिला आठवटा गरूं धर्म (गाऱ्हो नियम) बनाउनु भएको उल्लेख छ । यसबारे 'भगवान बुद्ध' नामक पुस्तकको लेखक भिक्षु धर्मानन्द कौशाम्बीले प्रश्न गर्नुभएको छ– 'बुद्धले बिना घटना नघटी कुनै पनि नियम बनाउनु हुन्नथ्यो । सारिपुत्र महास्थविरले बुद्धसँग आग्रह गर्नुभएको थियो– 'भन्ते, भिक्षुहरूको अनुशासनमा कमजोरी देखा पर्दैछ, अहिले नै नियम बनाई दिनुहोस् ।'

बुद्धले भन्नुभयो– 'सारिपुत्र, घाउ हुनुभन्दा अगाडी नै औषधी गर्ने कि घाउ भएपछि औषधि गर्ने, घटना नै नघटिकन नियम बनाउनु हुन्न ।"

तर प्रजापति गौतमी भिक्षुणी हुँदा कुनै पनि घटना घटेको थिएन । एकैचोटी आठवटा गम्भीर नियम कसरी बुद्धले बनाउनु भयो ? यो हुन नै नसक्ने । यो त थेरवादी कट्टर भिक्षुहरूले पूर्वाग्रहले पछि संगायना भएको बेला थपेको हुनुपर्छ ।

बुद्ध दूरदर्शी र प्रजातन्त्रवादी हुनुहुन्छ । भगवान बुद्ध परिनिर्वाण हुने केही दिन अघि भिक्षुहरुलाई सम्बोधन गरेर भन्नु भएको थियो– " भिक्षुहरू, म पछि भिक्षुहरूको सहमति छ भने मैले बनाएको स-साना नियमहरू छाडे पनि हुन्छ ।"

तर दुःखको कुरा के छ भने– बुद्धले स्पष्ट रूपमा भन्नु भए तापनि लोप भएको भिक्षुणी संघ फेरि गठन गर्न तयार छैन । बुद्धले दिनु भएको नारीहरूलाई समान अधिकार दिन कट्टरपन्थी थेरवादी भिक्षुसंघ तयार छैन ।

अन्तमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा धेरैजसो चर्चा हुने विषय हुन्-जीवन जिउँदा अरूलाई अप्ठ्यारो हुने गरी जीविका नगरूँ । अरूले गल्ति गरेको देखेको खण्डमा आफूले त्यसता काम गरेको छ कि छैन भन्ने बुद्धको शिक्षा स्मरण गरूँ ।

धम्मवती (भिक्षुणी) को दीर्घायु र सुस्वास्थ्यको कामना गर्दछु ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# मेरो आँखामा "धम्मवती"

■ **भिक्षु ज्ञाणपूर्णिक**

बुद्ध-वचन अनुसार मनुष्य जीवन सारपूर्ण जीवन हो; दुर्लभ जीवन पनि र साथै अत्यन्त अमूल्य पनि । यस्तो जीवन चाहे पुरूषले प्राप्त गरको होस् या त नारीले; सार्थक तुल्याउन सकेको खण्डमा यस जीवनले प्राप्त गर्न नसकिने नै के छ र ? सर्वदर्शी, सर्वज्ञ, सम्यक सम्बुद्धत्व समेत प्राप्त गर्न सक्ने यो जीवन हो । तर यसलाई, राम्ररी स्याहार-सम्भार गरी समाउन सकिएन भने पूर्णरूपमा नै यो उल्टिन्छ, पल्टिन्छ, जथाभावी यताउता छताछुल्ल हुन जान्छ । नरकको खाल्डोमा खसिन्छ, पुरिन्छ, जाकिन्छ र बरबाद समेत हुन पुग्छ ।

**सारपूर्ण जीवन** :

निश्चय पनि गणेश कुमारी थिइन् सौभाग्यवती जसले मानवीय जीवन, सार जीवन प्राप्त गरिन् । प्राप्त भएको मनुष्य जीवनलाई अझ सारपूर्ण बनाउन कलिलो उमेरदेखि भावी आर्या धम्मवती नारीप्रतिको शोषणयुक्त जंजीर तोड्न तम्सिइन् । उहाँमा १२-१३ वर्षको कलिलो उमेरमै विद्रोहको भावना जागिहाल्यो र निरक्षर भई बस्नुको अभिशापलाई हटाई साक्षर बन्न उनी आफैंभित्र छट्पटाइन् । त्यस छटफटाहटलाई शान्त पार्न मौका पाउना साथ त्यसको सदुपयोग गर्न उनी पछि परिनन् र एक्लै भए तापनि त्यस्तो कलिलो उमेरमा समेत अन्य केटीहरूले बटुल्न नसक्ने शक्ति र अदम्य साहस बटुलीकन घनघोर जंगलको बाटोघाटो पार गरी येनकेन प्रकारेन बौद्ध राष्ट्र बर्मा (म्यान्मार) पुगि छाडिन् । त्यहाँ पुगी सारपूर्ण जीवनलाई चम्काउन उनले १३ वर्षसम्म आफूलाई त्यहाँ घोट्न थालिन् । सारयुक्त बुद्ध शासनमा आफूलाई समर्पित गरी प्रव्रजित भावमा बुद्ध-शिक्षाको भण्डार आफूभित्र भर्न थालिन्; भरिन् पनि ।

**अथक परिश्रमी :**

आ-आफ्नो लक्ष्यमा पुग्न उद्यमी र परिश्रमी नभइकन सम्भव नै हुँदैन । साहसको साथ साथै उद्योग पनि त्यतिकै महत्वपूर्ण पक्ष हो । आर्या धम्मवतीमा त्यो गुण विद्यमान छ, छैन त्यसको लेखा जोखा उहाँको उपलब्धिले नै दर्शाइराखेको छ । परदेशमा गई त्यहाँको वातावरणमा भिजी त्यहिंको परिवेशमा हुर्की-बढी त्यहाँकै भाषामा पोख्त बनी आफ्नो लक्ष्यमा पुग्नु निश्चय पनि सानो तिनो उद्योग र परिश्रमले हुने कुरो होइन । खाई-नखाई, सुख-दुःख झेली हासिल गर्नुभएको सफलताले नै उहाँ कत्तिको उद्यमी र परिश्रमी एवं वीर्यवती हुनुहुन्छे भन्ने कुरा स्पष्ट छ ।

**सक्षम योग्य नेतृ :**

कहिलेकाहिं हामी पाउँछौं शिक्षाको क्षेत्रमा शीर्षस्थ अवस्थामा पुगेर पनि कार्य क्षेत्रमा असक्षम व्यक्तिहरू । सक्षम नेतृ बन्न खुबीको जरूरत पर्दछ । त्यस किसिमको खुबी र दक्षता आर्या धम्मवतीमा प्रशस्त रहेको हामी पाउँछौ । उहाँमा कुशल नेतृ बन्ने क्षमता छ । त्यसैले आज आएर कठिन परिस्थितिमा पनि सयौं नारीहरूलाई आफ्नो कमाण्डमा लिन उहाँ सक्षम भएकी छिन् । सबैको श्रद्धापात्र बनेकी छिन् । प्रिया भएकी छिन् । गौरबनीया बनेकी छिन् । अनुशासन गर्न अपवाद सहन समस्या निराकरण गर्न सिपालु भएकी छिन् । भावनीया बनेकी छिन् ।

**वक्तृत्व शक्ति सम्पन्ना :**

ज-जसले आर्या धम्मवती प्रदत्त उपदेश सुनेका छन्, तिनीहरू सबैले मुक्तकण्ठ देखि उहाँको प्रशंसा गरेका छन् । उनलाई वक्ता-प्रवक्ताको रूपमा कुशल उपदेशिकाको रूपमा मानि आएका छन् । धेरैजसो उहाँको उपदेश उदाहरणमय व्यावहारिक एवं सरल बुझ्न सजिलो भएको देखिन्छ । गम्भीर कुरालाई पनि सम्झाउन-बुझाउन उपमामय भाषाको प्रयोग नितान्त आवश्यक हुन्छ । ग्रन्थमा पनि भनिएको छ "उपमायमिधेकच्चे अत्थं जानन्ति पण्डिता" अर्थात् यहाँ धेरैजसो व्यक्तिहरू अथवा पण्डितजनहरूले उपमाद्धारा गम्भीर अर्थलाई जान्न बुझ्न पाइन्छ, जान्न बुझ्न सक्छन् ।" त्यो भाव राम्ररी बुझेकी आर्या धम्मवतीको उपदेश र भाषणमा त्यसको राम्रो प्रयोग भएको कारणले उहाँको उपदेश र भाषण आकर्षक, रूचिकर एवं कर्णप्रिय भएको स्वीकार्न सकिन्छ ।

**कुशल व्यवस्थापिका :**

शिक्षित हुनु, बोल्न जान्नु आदि मात्रले मानिस सफल हुने होइन; आफ्नो लक्ष्यमा सफलतापूर्वक पुग्न व्यवस्थापनमा पनि निपुणता हुने आवश्यक गुण हो । सुव्यवस्थित रूपमा ब्यवस्था मिलाउन जानेमा नै अरूहरू आफूप्रति आकर्षित हुन्छन्; योग्य व्यक्तिको रूपमा स्थान दिने गर्दछन् ।

आर्या धम्मवतीले भरखर भरखर नेपाल फर्कंदा के कस्ता किसिमका कठिनाईहरू भोग्नु परेकी थिइन्, गाँस बासको व्यवस्था मिलाउन कति मेहनत गरिन्, त्यसलाई नियालेर हेर्दा आजको स्थितिमा पुग्न संघर्षशील अवस्था भएको स्पष्ट छ । तर उहाँको व्यवस्थापन कुशलताले गर्दा उच्च सिंढिमा चढ्न उहाँ समर्थ भएकी हुन् । उहाँले आफूमा भएको शीप र जाँगरणलाई उजागर गर्नुभई एक एक कदमलाई व्यवस्थित ढंगले प्रयोग गर्नु भो । र शनैः शनैः उहाँले जनताको आस्था र विश्वासलाई जित्दै जानु भो । आफ्नो कार्य क्षेत्र विस्तार गर्दै जान उहाँलाई कठिनाई भित्रमा पनि कुनै कठिनाई सहनु परेन । ठाउँ ठाउँमा नयाँ नयाँ केन्द्र खोल्दै जानु भो । र यसरी अन्ततः उहाँ नेपालको मात्र नभई अर्न्तराष्ट्रको आर्या धम्मवती हुने श्रेय पाउनु भयो ।

**भ्रमण प्रेमी :**

ज्ञानोपार्जन गर्न किताबी ज्ञानमा मात्र सीमित भएर पुग्दैन । ठाउँ ठाउँ क्षेत्र क्षेत्रको विभिन्न बहुश्रुत आर्जन गर्नु पर्दछ । अनि मात्र व्यक्ति बाहुश्रुतिक बन्न सकिन्छ । अनुभव ज्ञान प्रशस्त मात्रामा मन-मस्तिष्कमा थुपारेको हुन पुग्दछ। त्यसकारण भ्रमण प्रेमी हुनु जरूरी छ। त्यो स्वभाव आर्या धम्मवतीमा स्वतः प्रस्फुटित भइराखेको पाइन्छ । त्यसैले गर्दा नेपाल अधिराज्यको प्रमुख प्रमुख क्षेत्रहरूमा देश विदेशको थुप्रै ठाउँहरूमा उहाँले भ्रमण गरिसक्नु भएको छ । अनेकौं बहुश्रुतहरू बटुलिसक्नु भएको छ । बुद्ध-पूजा मनाउनुको रूपमा पनि तीर्थ यात्रा आयोजिकाको रूपमा पनि आफ्नो भ्रमण प्रेमी चरित्रलाई उहाँले चरितार्थ पारेकी देखिन्छ ।

**समाज सेविका :**

सामाजिक सेवामा पनि उहाँको हात पछि परेको छैन । बेला बखतमा गरीब गुरूवाहरूलाई, याचकहरूलाई, वृद्ध वृद्धाहरूलाई अस्पतालका रोगीहरूलाई विभिन्न खाद्य पदार्थहरू वितरण गर्ने लुगाफाताहरू बाँडि दिने सक्दो रूपमा आर्थिक सहयोग दिने, समाज सुधारको लागि विभिन्न प्रकारको

प्रदर्शनी आदिको आयोजना गर्ने कुरीति कुप्रथा हटाउन व्यवहारमुखी शिक्षा दीक्षा दिने काममा सतत संलग्न रहिरहेकी छिन् ।

**जस्तो नाम उस्तै काम** :

बुद्धोपदेशले धर्म गर्नुको रूपमा विशेषतः दान शील भावना र शील, समाधि र प्रज्ञाको रूपमा विषय वस्तुहरू क्रमबद्ध तरिकाले दिइराख्नु भएको छ । यी धर्महरू आर्या धम्मवती आफू स्वयं पनि सक्रिय रूपमा अभ्यासरत भई अरूहरूलाई पनि आफू संगसंगै दोऱ्याउँदै लागिरहेकी हुँदा उहाँलाई "जस्तो नाम उस्तै काम" भएकी भनेर भन्न एकदम सुहाएकोमा दुईमत अवश्य हुने छैन । त्यसैले उहाँले आफ्नो धम्मवती नामलाई सार्थक तुल्याउँदै काम पनि त्यही अनुरूप गर्दै आइरहेकीमा हामीले निकै गौरब मानिआएका छौं । र मानेरै रहिरहन पाऊँ भन्ने सदिच्छाका साथ वहाँको गृह त्यागी प्रव्रजित जीवन ५० वर्ष पुगी सुवर्ण जयन्ती मनाउन पाएकोमा आफूलाई धन्य सम्झदैं निम्न शुभकामना व्यक्त गर्न चाहन्छु ।

चिरं जीवतु अय्या धम्मवती !

सुखी होतु अय्या धम्मवती ! !

अरोगा, निद्दुक्खा, निस्सोका, निब्भया होतु

अय्या धम्मवती !!!

साधु ! साधु ! साधु !

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# धम्मवती जिं म्हस्यूथें

■ **अनागारिका माधवी**

धम्मवती जि मचांनिसेंया मिले जूम्ह पासा खः । धम्मवती श्री हर्षमान व हेराथकुं शाक्यपिनि म्ह्याय्मचा खः । वैत वया बाः नं धर्मे वनी, धर्मे वनीपिं पासापिसं भुले यानाः धर्मे यंकी धकाः याकनं पय्नं बिइ न्यायेका तःम्ह "योम्ह म्ह्याय्" खः । वसपोल धम्मवतीया न्हापाया नां खः "गणेश कुमारी" ।

यदि वसपोल गणेश कुमारी विवाहित जूगु जूसा केवल छगू परिवार जक पालन पोषण जुइगु खः । आः वसपोलयात शोभालक्षी, मनोहरादेवी व लक्ष्मीमाया शाक्यपिंसं पय्नं बिई न्यायेका तःम्हेसित बुद्ध धर्म खुयाः ब्वाके हया । वसपोलया जीवन बुद्ध शासने त्यागी जीवन हंगु कारण आपालं मनूतय्‌त उपकारीया लिधंसा जूवन ।

**सूर वीरम्ह धम्मवती** :

वसपोल मचांनिसें अति सूर वीरम्ह खः । वसपोलं मचाबले हे पिने सकल पासापिन्त ख्याना तयेफु । जिपिं स्वम्ह मिले जूपिं पासापिं खः । जिमि बिचे वं धाइगु "भ्ती विदेशे वने मानि । अबले गयोथाय् गथे वने माली । उकिं आः हे अनेक अभ्यास यायेनु ।" थथे धयाः शोभालक्ष्मी (माधवी) पिनिगु अर्थात् जिमिगु छेंय् जस्तापौलिं कःसिं क्वब्वायेगु सेना बीगु । स्वम्हं नापं पलिं क्वब्वायेत बाजि चिनेगु । तर निम्ह पासापिं ग्याः गणेश कुमारी स्वकः तक तिं न्हुयाः क्वे थ्यनी । पासापिं छको तिन्हुइ मफु । छम्ह बल्लं लिपा तिंन्हुल । तर छ्याती तसकं चोट नल । थिकः कायेे मसः । स्वको तिंन्हूम्ह छुं नं मजू । थुलि सूर वीरम्ह खः । सुनानं पासा पुचले मेमेपिं पासापिन्त ख्याना तये फुसां हानं उम्ह हे गणेश कुमारी वल धालकि ग्याः थुलि मचांनिसें शक्तिशालीम्ह खः ।

**सय्के सीकेगुली हिक्मतशालीम्ह धम्मवती :**

वसपोलयाके आखः ब्वनेगु, सय्के सीके धालकि अति क्वातुगु नुगः दु । अथे हे कोशिस नं गाः । उकिं न्ह्यागु पाठ नं तुरून्त वयेके फु । याकनं सः, अले न्ह्याम्ह गुरूपिनि नं यो ।

**दुःख सहः यायेगु शक्ति दु :**

अनेक शारीरिक दुःख नं सहः याये फु । अथे जुयाः कलिलो बैशय् अथे पैदल न्यासि वनाः दुःख सियाः बर्माय् थ्यंकः बिज्यात । उलिमछि सय्के सीके यानाः धम्माचरिय पास याना बिज्यात । धम्माचरिय पास याना वः पिं निम्ह प्यम्ह दत । तर वसपोलति न्ह्याःपिं सुं मखना ।

थौं वसपोल छम्ह मिसाते दर्जा हे थाहां वयेकाच्वंम्ह खः । त्यागीपिनिगु इज्जत थकयाच्वंम्ह खः । मेगुकथं धाये धाःसा त्यागीपिन्त ल्हाः व म्हुतु चूलाका च्वंम्ह नं खः ।

**अतुलनीय धर्मदेशना बीम्ह धम्मवती :**

धर्मदेशना यायेगुली धर्मकथिक धाःसां ज्यू । धर्म देशना यायेगुली अतुलनीय जुयाः सकसियां सिबे च्वन्ह्याये धुंकुम्ह खः । कारण कार्य स्वयाः, मनू स्वयाः, निमित्त स्वयाः, माः थाय् माःगु तालं मनूतय्त दुग्येक, लुधंक, सन्तोष ज्वीक, एकचित्त जुइक बांलाक धर्मदेशना याना बिज्याइम्ह जुल । वसपोलया धर्म देशनाया प्रभावं यक्व उपासक उपासिकापिनि जीवन सुधार जुल । यक्व मनूतय्सं पुण्य याये सयेकाः जीवन सुधार ज्वीगु लँप्वी लाके दत ।

**प्रभावशाली व्यक्तित्व :**

वसपोल धम्मवतीया व्यक्तित्व तसकं प्रभावशाली । न्ह्याम्हेसिया न्ह्योने, न्ह्यागु फौजे, न्ह्यागु तालं, न्ह्यागु विषये कने माःसां ग्याः चिकु पहः जूगु मदु । सिंह थें धस्वानाः माःगु थासय्, माःगु तालं उपदेश माललला, भाषण माललला, प्रश्न उत्तर माललला माःगु तालं क्नेत, न्वँवायेत तयार दु । उपमा गथे धाःसां छगू पसलय् न्ह्यागु वस्तु धाःधाःगु दु धाःसा न्याः वइपिसं न्ह्यागु धाःसां पसल्यां खुरूक्क पिकयाः बी फइगुथें वसपोलयाके नं थुलि ज्ञानया भण्डार दु न्ह्याम्हसियां न्ह्यागु न्यंवोसां बीत तयार दु । थ्व चिचोगु प्रभाव मखु ।

**वाक्सिद्धिया धनी धम्मवती :**

वसपोलया म्हुतुइ वाक्सिद्धि दु । वसपोलं छको धालकि सकसियां

नुगलय् ल्वइगु । न्ह्यागु यायेत नं तयार दु वसपोलया म्हुतुं जक छको चन्दा धाःसा आकाशं आषाढ महिनाय् तःसकं वा वइथें, वस्तु वा ध्यबा न्ह्याम्हस्यां धम्पं क्वलुना बिइमाः थें च्वंक श्रद्धा भय्बिया वो । थ्व छगू तःधंगू भाग्य पिना वोगु खः । मचाबले वसपोलया बाःनं जिमित धाइगु लुमंसे वो - जि म्ह्याय् लक्ष्मीथें ध्यबा वा गाइम्ह म्ह्याय् पसले नं लाभ दु थ्व म्ह्याय् दतकि । उकिं छिमिसं भुलेयानाः यंके मते धाइगु जिपिं शोभा व मनोहरापिन्त । जिपिं पलख बाये मफुपिं । सःतः वंसां नाप हे लाके बी मखु । ग्यानापुगु ख्वाः तयाः बो बिया है ।

वसपोलयागु प्रतापं हालसालय् लुम्बिनी अपाय्मछिधंगु विहार तयार जुल । मेपिसं याये मफुगु ज्या वसपोलं चमत्कार क्यना बिल । वसपोल न्ह्यब्वाना बिज्याःगुलिं गुहालि नं दत । थ्व नं छगू वसपोलया तपस्या खः । थ्व चानचुनगु प्रताप मखु । थुकिं नं सी दत वसपोल छम्ह अतुलनीयम्ह व्यक्ति धैगु । नेपाःया न्हाय् च्वन ।

**अलसी चायेगु व दिक्क चायेगु स्वभाव मदु ।**

न्ह्याम्ह मनूत वोसां नाप लायेत दिक्क चायेगु स्वभाव मदु । फेतुनाः खँ ल्हाना च्वनीबले न्ह्याको फोन वोसां दना वनेत अलसी मचाः । थःहे दनाः फोन ल्ह्वं बिज्याइ । ज्या वायेगु बानि मदु । माःपिं नाप माःगु तालं खँ ल्हानाः ज्याखँ यानाच्वनी । बाँलाःगु स्वभाव पशुतय्के नं कायेगु दु । उकिं बुद्ध थें जाःम्हेसित साचाया मिखाथें, छाती सिंहयाथें धयातःथें भ्मी गुरूमांयाके नं अलसिपना मदु । थ्व उदाहरण जक । धम्मवती गुरूमांनं थःम्हं यायेमाःगु कर्तब्य न्ह्यागु बेला नं याना हे बिज्याइ ।

**आदर** :

बयान यानां सादे मदेक गुणं जाःम्ह भ्मी धम्मवती गुरूमायात फतिं फको पुण्य यानाः दीर्घायु व निरोग्य कामना यानाः फुगु चाःगु सेवा यानाः आदरभाव तये फयेकेनु । ध्वबां काये मदुम्ह गुरूमांया उपदेश न्यनाः भ्मीपिं दुःखं मुक्त ज्वीगु लँपु तप्यंकेनु । वसपोलयात कोटि कोटि वन्दना याना भ्मीगु कर्म भिंकेनु ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

*नोट : थ्व च्वसुया च्वमि गणेश कुमारी नापं छेँय्नं बिस्युंवंपिं निम्ह मिसामस्त मध्ये छम्ह खः । वसपोलपिं वर्तमान संघनायक भिक्षु अश्वघोष महास्थवीरया गृहस्थ जीवनया सचे केहेँपिं नं खः । –सं. ।*

# धम्मवती गुरुमांको प्रेरणा र म

■ भिक्षुणी अनोजा

**धम्मवती गुरुमांको उदय :**

यस धर्तीको प्राकृतिक नियम नै उत्पन्न हुनु, स्थिर हुनु र भंग हुनु हो। त्यस्तै नै कालको नियम अनुसार धर्मको पनि त्यही स्वभाव छ। कहिले कुन धर्मले विशेष रुपमा प्रधानता पाउँछ त कहिले कुन धर्मले। तर विश्वका अन्य धर्महरूभन्दा बुद्धधर्म पृथक छ। मैत्री, करुणा, मुदिता र उपेक्षा भावले ओतप्रोत भएको बुद्धधर्मका अनुयायीहरू सदैव निस्वार्थ भई सत्व कल्याणार्थ तत्पर भई अग्रसर रहन्छ।

जब यस जगतमा अधर्म, अशान्ति र अत्याचारको बृद्धि हुन्छ तब बुद्धधर्म र बौद्ध धर्मावलम्बिहरू समाजको कल्याणार्थ अग्रसर हुन्छ र उद्धार गरी छाड्छ। त्यही प्राकृतिक उथल-पुथलको क्रम नेपालमा पनि नभएको होइन। त्यसै उथल पुथललाई साम्य गर्न र सहि दिशा निर्देश गर्न समयको माग अनुसार प्रकृति र समाजले एउटी बालिकाको रुपमा गणेश कुमारी (धम्मवती गुरुमां) लाई जन्म दिइन्। उहाँले १४ वर्षको कलिलो उमेरमा विभिन्न कठिनाई झेलेर संघर्ष गरी पैदल यात्राले बर्मा देशसम्म पुगी बुद्ध, शिक्षालाई सम्यक रुपमा हासिल गर्नु भई १४ वर्ष बिताएपछि वि.सं. २०२० सालमा स्वदेश फर्कनु भयो। त्यहाँदेखि उहाँले नेपालमा बौद्ध पुनर्जागरणको लागि निरन्तर रुपमा टेवा पुऱ्याउनु भयो। उहाँको परिश्रम र सहयोगको फलस्वरुप आज नेपालमा बुद्धधर्म र बौद्ध धर्मावलम्बीहरूको अभिवृद्धि एवं बौद्ध शिक्षाको व्यापक रुपमा प्रचार, प्रसार र विस्तार एवं अनेकौं बौद्ध विहारहरूको निर्माण भएको सर्वविदित छ।

**धम्मवती गुरुमांको व्यक्तित्व र कार्यकुशलता :**

धम्मवती गुरुमां त्यस्ता व्यक्तित्वका धनी हुनुहुन्छ जसको बारेमा नेपालको बौद्ध क्षेत्रमा कुनै परिचय दिइरहनु आवश्यक छैन। नेपालकी एउटी

सुपुत्री भएर उहाँले आफ्नै देशमा मात्र ठूलो योगदान पुऱ्याउनु भएको होइन बौद्ध देश बर्मामा पनि उहाँको नाम उत्तिकै रोशन भएको छ । जसरी इतिहासमा नेपालकी सुपुत्री भृकुटीको नाम रहेको छ उस्तै गरी वर्तमान समयमा भिक्षुणी धम्मवतीको नाम चम्किएको छ । यसप्रकार उहाँले एउटा नयाँ पुस्ताको लागि समेत अगुवाई गर्नुभएको छ ।

उहाँले भगवान बुद्धको सारयुक्त उपदेशबाट उपासक उपासिकाहरूलाई प्रभावित पार्नुहुन्छ । उहाँले बुद्धधर्म प्रचार प्रसारको लागि ठाउँ ठाउँमा बुद्ध विहारहरूको निर्माण गर्न लगाउनु भएको छ । सर्वप्रथम काठमाडौंमा नःघल टोलमा धर्मकीर्ति विहारको स्थापना गर्नुभयो । त्यसपछि उहाँले (बनेपामा ध्यानकुटी विहार), शंखमोलमा ध्यान केन्द्र, बसुन्धरा डोलमा धर्मकीर्ति विहार को शाखा विहार र अहिले आएर भगवान बुद्धको जन्मस्थल लुम्बिनीमा ठूलो विहारको निर्माण कार्यमा संलग्न हुनुभयो । उहाँ आफ्नो कर्तव्यप्रति मात्र सजग नरही आफ्नो नीति नियम आदर्शलाई समेत कसरी अगाडि बढाउन सकिन्छ र यसलाई दिगो बनाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारेमा ज्यादै नै चिन्तनशील हुनुहुन्छ । जसले उहाँसँग संगत गर्नुहुन्छ उहाँले सबैलाई दया, माया, करुणा र सद्भावका साथ उत्साह र प्रेरणा समेत दिनु हुन्छ ।

**धम्मवती गुरुमां- भिक्षुणीहरूको लागि प्रेरणाको श्रोत** :

धम्मवती गुरुमांको त्याग, तपस्या, इच्छा र आकांक्षा स्वरुप नेपालमा म (अनोजा) जस्तै अन्य धेरै भिक्षुणीहरूको संख्या बढेको छ । धम्मवती गुरुमांले सदैव आफूभन्दा ज्येष्ठ भिक्षुणीहरूलाई आदर गर्नुभएको, आफू सरहकालाई सक्दो सहयोग गर्नुभएको छ भने आफूभन्दा कनिष्क (निम्न पदीय) का भिक्षुणीहरूको लागि माया, ममताका खानी, पथ प्रथर्शक तथा प्रेरणाको मुहान बन्नु भएको छ । उहाँकै प्रेरणा र प्रोत्साहनको फलस्वरुप आज दक्ष, सक्षम र कर्मठ भिक्षुणीहरूको उदय भएको छ । यदि हामीले भविष्यमा पनि उहाँबाट यस्तै प्रकारको प्रेरणा पाउँदै जाने हो भने बुद्धधर्मको विकास र विस्तारमा अझ थप योगदान पुग्ने निश्चित छ ।

उहाँ र म (अनोजा) बीच ज्यादै नै घनिष्ठ र आत्मीय सम्बन्ध छ । मेरो विचारमा उहाँले मलाई विशेष माया दिनु हुन्छ । वास्तवमा मलाई सक्रिय बनाउने उहाँ नै हुनुहुन्छ । आजसम्म मैले जे-जति कार्यहरू सिकें र आँट गरें त्यो सम्पूर्ण कार्य धर्मकीर्ति विहारमा नै बसेर धम्मवती गुरुमांको आदर्श, मान्यता, कार्यकुशलता, हिम्मत, शिक्षा-दिक्षा र प्रोत्साहनबाट प्रेरित भएर नै गरेकी हुँ । हालै मैले कीर्तिपुरको चोभारमा स्थित सुलक्षण कीर्ति

विहारको निर्माण कार्य पुरा गराई विहारको स्थापना गर्न सफल भएको छु। यस सुलक्षण कीर्ति विहार निर्माण गर्न हौसला प्रदान गर्ने व्यक्तित्व पनि उहाँ नै हुनुहुन्छ। आज उहाँकै प्रेरणालाई आत्मसात गरी विहार निर्माण कार्यमा दक्षतापूर्वक आँट गरें, विहार निर्माण भयो। विहारमै नि:शुल्क स्वास्थ्य शिविर सञ्चाल गरें र भविष्यमा पनि विभिन्न सामाजिक कार्य गर्ने लक्ष्य राखेको छु।

उहाँले जहिले पनि मलाई आत्मनिर्भर हुन र बुद्धधर्ममा शिक्षा हासिल गरी बुद्धधर्मको सेवा गर्न अघि बढ्नुपर्छ भनी समय समयमा उपदेश दिइरहनु हुन्छ। धम्मवती गुरुमांले आफैंले पनि सानो उमेरमा बर्मा जानु भई बुद्ध धर्मको विषयमा अध्ययन गर्नुभयो र सासनधज धम्माचरिय पास गर्नुभयो। त्यस समयमा नेपालबाट धम्माचरिय पास गर्नु हुने प्रथम भिक्षुणी उहाँ नै हुनुहुन्छ। उहाँको यही आदर्श र मान्यतालाई साक्षात्कार गर्दै उहाँले देखाउनु भएको बाटोलाई अँगाली मैले पनि बनारसमा दश वर्ष बसेर पि.एच.डी. पास गरें। यदि उहाँको आदर्श र मान्यतालाई नबुझेकी भए आज मैले यति ठूलो सफलता हासिल गर्न सक्ने थिइन होला। म सानैदेखि धम्मवती गुरुमांसँग बसेकी हुनाले उहाँको आदर्श, मूल्य र मान्यताबाट ज्यादै नै प्रभावित भएँ। त्यसैबाट प्रोत्साहित भएर आज यो अवस्थामा पुग्न सफल भएँ। त्यसैकारण उहाँले ममाथि लगाउनु भएको गुणलाई मैले कहिले पनि बिर्सने छुइन। जसले जे भने तापनि उहाँको आदर्श मेरो हृदयमा चिरकालसम्म स्मरणीय रहिरहने छ। मलाई उहाँको आशिर्वादको आवश्यकता सदैव रहिरहने छ। उहाँको आशिर्वाद लिएर म बुद्धधर्म तथा समाज सेवा गर्न अघि बढेकी छु र उहाँकै आशीर्वादको प्रभावले मार, बिघ्नबाधा नआओस्। मैले बर्मा तथा चीन दुईवटा बौद्ध देशहरू भ्रमण गर्ने अवसर पनि पाएँ गुरुमांकै सत्प्रयास स्वरुप। त्यस्तो आदर्शवान्, सहयोगी, मिलनसार गुरुकी चेली भएर बस्न पाएको कारण म आफैलाई गौरवान्वित ठान्दछु र त्यो मेरो अहोभाग्य ठान्दछु। साथै म जस्तै अन्य अनागारिकाहरूको लागि पनि धम्मवती गुरुमां आदर्शवादी गुरु मात्र होइन ममतामयी आमा सरह, पालन पोषण गर्ने बाबु सरह तथा आ-आफ्नो लक्ष्य हासिल गर्न प्रेरणाको मुहान भएर रहनु भएको छ– मा दाबि गरेर भन्दछु।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# धम्मवती गुरुमां: हाम्रो हौसला

**■ वीर्यवती**

बुद्ध शासन चिरस्थायी गरी बहुजन हिताय बहुजन सुखायको लक्ष लिई अगाडि बढिरहनु भएकी हाम्री गुरुआमा भिक्षुणी धम्मवतीले ६५ वर्ष पार गरिसक्नु भएको छ। बुद्ध शिक्षा अध्ययन गर्नको लागि उहाँको दृढ मनोबल शक्तिको विषयमा "स्नेही छोरी" उपन्यास अध्ययन गर्न सकिन्छ। बुद्ध शासन चिरस्थायी गर्न धर्म प्रचार कार्यको लागि उहाँको हालसम्मको योगदानबारेमा मैले यहाँ बताइरहनु पर्ला जस्तो लाग्दैन। उहाँको विराङ्गणा र साहसको बारे मा अपरिचित व्यक्तिहरू कमै होलान्।

जहिले पनि आफ्नो मनलाई राम्रा कार्यहरूमा मात्र अल्झाइराख्नु पर्छ भनी शिक्षा दिनुहुने धम्मवती गुरुमांले आफ्नो शारीरिक रोगलाई त्यति ख्याल र चिन्ता नगरी हरेक क्षण आफूलाई धर्मप्रचार कार्यमा मात्र ब्यस्त राख्नुहुन्छ।

आफ्नो वचनबाट निस्केको संकल्पलाई जसरी भएपनि पूरा गरेर नै छोड्ने उहाँको बानीले गर्दा पनि उहाँले ठूल्ठूला साहसीला कार्यहरू सफलतापूर्वक सुसम्पन्न गर्न सक्नु भएको छ। बुद्ध जन्मभूमि लुम्बिनीमा थुप्रै अन्य विदेशी बुद्ध मन्दिरहरूको माझ "गौतमी विहार" निर्माण गर्नुभई नेपालीहरूको इज्जत राख्न सक्नु यसको प्रमाण हुन गएको छ। उहाँको यस साहसिलो कार्यलाई थुप्रै महानुभावहरूले सराहना गरेका छन्। यस संसारमा ठूलठूला कार्यहरू पुरुषहरूले मात्र होइन एक नारीले पनि गर्न सक्दो रहेछ भन्ने प्रमाण पनि यस कार्यले गरेको देखिन्छ।

त्यति मात्र होइन धेरैजसो पुरुष वर्गको संकीर्ण विचार र अशिक्षित रुढीवादीमा जकडिएका नारीहरूको बाहुल्य रहेको हाम्रो समाजमा नारी जागरण ल्याउनको लागि उहाँको ठूलो योगदान रहेको छ।

उहाँको आदर्श र शिक्षाले हामी जस्ता (बुद्ध शिक्षा अध्ययन गरी धर्म प्रचार कार्यमा लाग्न चाहने) प्रव्रजित नारीहरूलाई अदम्य हौसल प्रदान गरेको छ। हामी सबैले उहाँको आयु आरोग्य र आध्यात्मिक सुखको कामना गर्दछौं।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# बेजोड धर्मकथिक-अनागारिका धम्मवती

■ रत्नसुन्दर शाक्य

नेपालमा स्थविरवाद बुद्धधर्म पुनरूत्थानको इतिहासमा बेजोड धर्मकथिक भई एक विशेष व्यक्तित्व लिएर आएको व्यक्ति हुनुहुन्छ- अनागारिका धम्मवती । अनागारिका धम्मवतीको जीवनी पुस्तकको रूपमा रहेको "यःम्ह म्ह्याय्" वा 'स्नेही छोरी' उपन्यासको अध्ययन पछि हामीलाई स्पष्ट हुन्छ कि अनागारिका धम्मवती बेजोड धर्मकथिक हुनुको पछाडी कारण उनको ठूलो त्याग, साहस, दृढता र अथक परिश्रम नै हो । उनैको प्रादुर्भावले प्रायः सम्पूर्ण अनागारिकाहरूमा स्वाभिमान र प्रेरणा प्राप्त हुँदै आएको छ ।

अनागारिका धम्मवतीको वाकसिद्धिलाई लिएर नेपालभाषा र नेपाली भाषाका एक प्रसिद्ध साहित्यकार श्री सत्यमोहन जोशीकी धर्मपत्नी राधादेवी जोशीले पनि आफ्नो "प्रज्ञा पारमिताया मू लँपुई" नामक पुस्तकमा उनको प्रशंसा गरेको छ ।

साँच्चै नै अनागारिका धम्मवती बर्माबाट अध्ययन समाप्त गरेर फर्केदेखिन् उहाँको तर्फबाट शुरुमा विशेषतः काठमाडौं उपत्यकाका बौद्ध धर्मावलम्बी श्रद्धालुहरूले निकै सन्तोषजक रुपमा बुद्धधर्मको व्याख्यान सुन्न पाए- यस आशयलाई उपन्यासका मूल रचनाकार 'र वे ध्वं' महास्थविरले पनि उल्लेख गर्नुभएको छ ।

"यी मानिपो (नेपाली केटी) उहीले उनका आफ्नै आमा-बुबाको मात्र स्नेही छोरी थिइन् । जब यिनी परियत्ति (सैद्धान्तिक ज्ञान) र प्रतिपति (ज्ञान अनुसारको व्यवहार गर्ने अभ्यास) दुबै क्षेत्रमा परिपक्व भएर आफ्नो जन्मभूमिमा सही तरीकाले थेरवादी बुद्ध शासनको रश्मि फैलाउनमा सफल हुने छिन् तब यिनी, आफ्ना आमा-बुबाको मात्र होइन सिङ्गो नेपाल देशकी र साथै बुद्धशासनको पनि 'स्नेही छोरी' हुने छिन् ।"

अनागारिका धम्मवतीले यसप्रकार बुद्ध-पुत्री भई आफ्नो श्रीमुखबाट

मात्र धर्मप्रचार गर्नु भएको होइन, आफ्नो हातबाट लेखन कार्य पनि गरी बुद्ध-धर्म सम्बन्धी कयौं पुस्तक-पुस्तिकाहरू अद्यावधिसम्म लेखी निरन्तर प्रकाशन गर्दै आउनु भएको छ।

"बुद्धया भिंनिगू विपाक" नामक पुस्तिकाबाट लेखन कार्य शुरु गर्नुभएको उहांले हालसम्ममा ३ दर्जन भन्दा बढी पुस्तकहरू लेखी प्रकाशन गरिसक्नु भएको छ।

पुस्तक प्रकाशन कार्यमा विशेषत: अनागारिका धम्मवतीले विहारमा आउने उपासिकाहरूको दानबाट "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को नामबाट झण्डै २०० जति पुस्तकहरू प्रकाशन गरी गोष्ठीको नाम नेपाल अधिराज्यभर फैलाउनु भएको छ।

अनागारिका धम्मवतीलाई बुद्ध-शासननिक कार्य गर्नमा विशेष टेवा दिनुभएका व्यक्तिहरूमा भिक्षु अश्वघोष, अनागारिका मां गुणवती (बर्मी) लाई प्रमुख रुपमा लिन सकिन्छ। शासनिक कार्यमा उहाँहरू एक आपसमा पूरक हुनुहुन्छ।

अनागारिका मा. गुणवती– जो अनागारिका धम्मवतीका साथ नेपालमा बुद्ध-शासन प्रचार प्रसार गर्नको निमित्त सन् १९६३ मै नेपालमा आउनु भएकी थिइन्, उहाँको नेपाल आगमन वा नेपालमा शासनिक कार्य गर्न आउनु भएको "सुवर्ण रजत उत्सव" बु.सं. २५३१ (वि.सं. २०४४) मनाएको नै एक दशकभन्दा बढी भईसक्यो। "सुवर्ण रजत उत्सव" को बेला उहां स्वयंले नेपालभाषामै मौलिक रुपमा लेख्नु भएको "नेपालय् २५ दँ जिगु लुमन्ति" पुस्तक "धर्मकीर्ति विहार" ले प्रकाशन गरिसकेको हामी सबैलाई थाहा भएकै कुरा हो।

भिक्षु अश्वघोष– वि.सं. २०२८ सालमा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" को स्थापना कालदेखि "आनन्द कुटी विद्यापीठमा प्रशासनिक कार्य छोडी शासनिक कार्यमा साथ लाग्नुभएको उहाँ सन् १९४४ मै प्रवजित हुनु भएको थियो। श्रीलंकामा पूरा ८ वर्ष पाली साहित्य अध्ययन गरी फर्कनु भएका उहाँ विशेषत: बुद्ध-धर्मका ब्यावहारिक पक्षधर हुनुहुन्छ। अत: उहाँको धर्मोपदेशलाई युवाहरू अति मन पराउंछन्। "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" बाट प्रकाशित भएका पुस्तकहरूमा सबभन्दा बढी शायद उहाँकै पुस्तक रहेको छ। गोष्ठीको प्राय: सम्पूर्ण गतिविधिहरूमा उहाँ सरिक हुनुहुन्छ।

अँ, हामीलाई अनागारिका धम्मवती जस्ता प्रतिभा ल्याइदिनुभएका बर्मी भिक्षु धम्मावुधलाई हामी कहिल्यै बिर्सन सक्दैनौं। उहाँले नेपालमा

स्थविरवाद बुद्ध-धर्म व्यापक रुपमा प्रचार-प्रसार गर्न थप टेवा दिलाउने हेतु अनागारिका धम्मवतीलाई बर्मामा पुऱ्याउन अनेक दु:ख कष्ट सहन गरी बर्मा पुऱ्याई मोलमिनको खेमाराम विहारमा विहारधिपति दो. पञ्ञाचारीको छत्रछायाँमा छोडी आफू पुनः संस्कृत साहित्य अध्ययनार्थ भारत फर्कनु भएको थियो ।

अनागारिका धम्मवती विद्याध्ययन गरी नेपाल फर्कनु भएको केही वर्ष पछि उहाँ भिक्षु धम्मावुध पुनः नेपालमा पाल्नु भयो । उहाँ उपत्यका एवं उपत्यका बाहिर आदि ठाउँहरूमा गरी २२ महिना जति रही बर्मा फर्कनु भएको थियो । अफशोच ! यहाँबाट फर्कनु भएको दुई वर्ष पछि सन् १९७२ को नवम्वर महिनामा उहाँले आफ्नो जीवन परित्याग गर्नुभयो ।

आफ्नो गुरुको पुण्यस्मृतिमा अनागारिका धम्मवतीले अनेक दानादि पुण्यकार्य गर्नुको साथै उहाँ द्वारा All India Radio बाट "शाक्यमुनि बुद्ध" को संक्षिप्त जीवन चयर्याको विषयमा दिइएको प्रसारणलाई नेपालभाषामा अनुवाद गरी "शाक्यमुनि बुद्ध" नामबाटै पुस्तक प्रकाशन गर्नुभएको थियो ।

यसप्रकार अनागारिका धम्मवतीको प्रतिभा, हृदयंगम गर्दै जाने बेलामा हामीले उहाँका गुरुवरको पनि याद गर्नुपर्ने आवश्यक ठान्दछु ।

अन्तमा अनागारिका धम्मवती प्रव्रजित हुनुभएको पाँच दशक पूरा भएको उपलक्ष्यमा उहाँको सुस्वास्थ्यको कामनाको साथै उहाँको शासनिक कार्य अन्तर्गत स्थापना भएको 'धर्मकीर्ति विहार' र 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी' को स्वर्ण उत्सव पनि उहाँले हेर्न पाउने आशा राख्दै पुनः एक पटक उहांले धर्मको लागि आत्मसमर्पण गरी दुष्कर, दुर्गम, कान्तार मार्ग पार गरी बर्मा पुग्नु भएको महत्तालाई 'कविकेशरी' चित्तधर 'हृदय' को शब्दमा उल्लेख गरी यस लेख टुंग्याउँछु–

"गुगु अर्थ प्राप्तिया नितिं सिंहसार्थवाहुं ल्हासाया लँय् फःगु दुष्करता स्वयाः म्ह मजू, 'यमि' जुया 'भृकुटी' उपन्यासय् 'थोन्‌मि' लामां नालन्दाया लँय् गुलि दु:ख कष्ट सी माल धका च्वया तल व स्वया नं छुं म्ह मजू । अज्ज धम्मालोक भन्तेनं म्वाःम्ह मञ्जुश्री नाप लाय् धकाः सँय् वसतं पुनाः सँय् हे जुयाः जलमार्ग पेकिङ्ग तक व अन महाचीनया पञ्चशीषं पर्वत तक स्थल मार्ग यात्रा याना विज्यागु दुष्करता स्वयाः नं म्ह मजू ।"

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# धम्मवती गुरुमां र उहाँसँगको धर्मयात्रा

■ **रीना तुलाधर**, धर्मकीर्ति विहार

म पाँच/छः वर्षकी सानै बालिका अवस्थादेखि मेरी आमा तथा मेरी बज्यैले मलाई हात समातेर धर्मदेशना सुन्नको लागि धर्मकीर्ति विहारमा लग्नु हुन्थ्यो । सबै नभए पनि सानो छँदाको केही केही कुरा म अहिले सम्म राम्रै सम्झन्छु । सानै उमेरदेखि धम्मवती गुरुमां (भिक्षुणी धम्मवती) तथा साथै अश्वघोष भन्ते (भिक्षु अश्वघोष) सँग बुद्धधर्मको शिक्षा सिक्न पाएकी म आफैंलाई भाग्यशाली ठान्दछु । मैले धम्मवती गुरुमाँको धार्मिक यात्राको ३६ वर्षमा (बर्मामा बुद्ध धर्म अध्ययन गरेर बि.सं. २०२० सालमा नेपाल फर्कनु भएदेखि हालसम्मको अवधि) कम्तिमा पनि २८ वर्ष (बि.सं. २०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापनाको सालदेखि हालसम्म) निरन्तर रुपमा धम्मवती गुरुमांको सम्पूर्ण धार्मिक क्रियाकलापहरू प्रत्यक्ष देख्दै आएकी छु । अतः पुनः म भन्न चाहन्छु यो मेरो पुण्यको फल हो जुन मैले धम्मवती गुरुमां तथा अश्वघोष भन्तेकी शिष्या भएर निरन्तर रुपमा बुद्धधर्म सिक्ने अवसर पाएँ यस जीवनमा । कृतज्ञ हुनु नै हो भने मैले उहाँहरू दुवै जनाले नेपालमा बुद्धधर्म उत्थानको लागि गर्नुभएको त्याग र तपस्याको धेरै तथ्यहरू सहृदय पोख्न चाहन्छु । तर यस पत्रिकाले मलाई उपलब्ध गराएको ३/४ पेज भित्र अटाउनु पर्ने भएकोले त्यो सीमा भित्र रही मैले केही कुरा सारांशमा मात्र लेख्नु परेको छ । त्यसमाथि पनि यो पत्रिका धम्मवती गुरुमांको ५० औं प्रव्रज्या वर्षको उपलक्ष्यमा विशेषाङ्कको रुपमा प्रकाशित हुन लागेकोमा यसमा म मेरी गुरुआमा धम्मवती गुरुमांकै विषयमा लेख्न आफ्नो कलम चलाउन लागेकी छु । मेरा गुरु अश्वघोष भन्तेको विषयमा लेख्ने अवसर पनि कुनै दिन आउला ।

धम्मवती गुरुमांले ३६ वर्षको लामो अवधिमा दिनु भएको देन सम्बन्धी लेख्ने हो भने शायद मेरो कलम कहिल्यै नरोकिएला । के लेखुँ भनी सम्भँदै जाँदा धम्मवती गुरुमांको नेतृत्वमा हामीले गर्न पाएका धार्मिक यात्राहरू सम्बन्धी किन नलेखुँ भन्ने लाग्यो । धम्मवती गुरुमांले आफ्नो सक्रिय नेतृत्वमा कैयौं धार्मिक यात्राहरू अथवा बौद्ध तीर्थयात्राहरूको आयोजना गरीसक्नु भएको छ । उहाँको अन्य अनेकौं क्रियाकलापहरू मध्ये यो पनि एउटा उल्लेखनीय पक्ष भएकोले अहिलेको विषय यसैमा केन्द्रित गर्न खोजेकी हुँ ।

नेपालमा थेरवादी बुद्ध शासनको पुनर्जागरण भएदेखि बुद्धधर्म प्रचारको कार्यमा योगदान पुऱ्याउने विभिन्न श्रद्धेय भिक्षु, भिक्षुणी तथा अन्य श्रद्धालु बौद्ध विद्वानहरूको क्रममा वर्तमान समयमा आएर भिक्षुणी धम्मवतीले पालो थाप्नु भएको छ, नेपालमा थेरवादी बुद्ध शासनको उत्थान कार्यमा उहाँ आजको युगको अगुवा व्यक्ति भन्नुमा अत्युक्ति नहोला । उहाँको सत्प्रयास स्वरुप आज हामी नेपाली बौद्धहरूले आफ्नो जीवन पद्धति नै परिवर्तन भएको अनुभव गरेका छौं । धर्मदेशना सुन्ने, बुद्धपूजा गर्ने, पञ्चशील, अष्टशील पालना गर्ने, परित्राण पाठ गर्ने दान कार्य गर्ने, समाज सेवामा संलग्न हुने, बौद्ध विहारहरूको निर्माणमा योगदान दिने, बुद्धधर्मको विविध विषयको अध्ययन गर्ने, ध्यान भावना गर्ने जस्ता कतिपय पुण्य कार्यहरू गर्न जानी सक्यौं । यो हाम्रो सौभाग्य हो जुन हामी धम्मवती गुरुमांको उपासक उपासिकाको रुपमा उहाँको समीपमा बसेर तथागत सम्यक सम्बुद्धको धर्म सिक्न पायौं र सोही अनुसार अनुशरण गर्न जान्यौं । यी महत्वपूर्ण पुण्य कार्यहरूको अलावा धम्मवती गुरुमांको देन स्वरुप हामीले हासिल गरेको अर्को एउटा उपलब्धि बिर्सनु हुँदैन– त्यो हो धार्मिक यात्रा । धम्मवती गुरुमांको सक्रिय नेतृत्व तथा रेखदेखमा हामी नेपाली बौद्धहरूले स्वदेश तथा विदेशमा कैयौं बौद्ध तीर्थयात्रा अथवा भनुं धार्मिक यात्राहरू गर्ने सुअवसर पाइसक्यौं । धम्मवती गुरुमांको अध्यक्षतामा सञ्चालित धर्मकीर्ति विहारको विभिन्न क्रियाकलापहरूमा धार्मिक यात्राहरूको आयोजना पनि एक उल्लेखनीय पक्ष हुन आउँछ ।

धार्मिक यात्रा वा तीर्थयात्रा गर्नु पनि एक किसिमको पुण्य कार्य हो । बोधिसत्व सिद्धार्थ जन्म भएको पवित्र स्थल लुम्बिनी, बुद्धले बुद्धत्व प्राप्त गर्नुभएको पवित्र स्थल बुद्धगया, धर्मचक्र प्रवर्तन गर्नुभएको पवित्र स्थल सारनाथ र बुद्ध महापरिनिर्वाण हुनुभएको पवित्र स्थल कुशीनगर– यी चार

पवित्र धार्मिक स्थलहरू दर्शनीय ठाउँ भनी उल्लेख गरिएको छ बौद्ध साहित्यमा। दीघनिकाय अन्तर्गत महापरिनिर्वाण सूत्रमा चार संवेजनीय स्थल भनी स्वयं भगवान बुद्धले भन्नुभएको उल्लेख छ। यी पावन स्थलहरूलाई "बौद्ध चारधाम" भनी हामी भन्दछौं। धम्मवती गुरुमांको तर्फबाट नेपाली बौद्ध धर्मावलम्बीहरूलाई यी चारधाम पुऱ्याउने मङ्गल कार्य सर्वप्रथम वि.सं. २०३० सालमा भयो। नेपालमा यो भन्दा पहिले पनि अन्य क्षेत्रबाट रेलवेबाट बौद्ध तीर्थयात्राहरूको आयोजना भइसकेको थियो। तर सर्वप्रथम बसबाट तीर्थयात्रा जाने यात्रा २०३० सालमा धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारको आयोजनामा भएकोले यो उल्लेखनीय छ।

यसपछि उहाँको सक्रिय नेतृत्व तथा रेखदेखमा धेरैचोटि भारत, बर्मा, थाइलैण्ड, श्रीलंका, मलेशिया, टाइवान इत्यादि बौद्ध देशहरूमा बौद्ध तीर्थयात्राहरूको आयोजना हुँदै गयो। जस्तै २०३२ सालमा बर्मा र थाइलैण्डको भ्रमण, २०३५ सालमा बसबाट भारतमा तीर्थयात्रा, २०४१ सालमा ४३ जनाको टोलिले बर्मा, थाइलैण्ड, मलेशिया र सिंगापुरको भ्रमण, २०४४ सालमा १७ जना यात्रुहरूले बौद्ध देश टाइवानको भ्रमण, २०४८ सालमा ट्रेनबाट भारतको तीर्थयात्रा, २०५१ सालमा ट्रेनबाट भारतको तीर्थयात्रा, २०५५ सालमा ट्रेनबाट भारतमा तीर्थयात्रा इत्यादि। सबै तीर्थयात्राहरूको रिकर्डहरू संकलन गर्न नसकेकोले केही मात्र उल्लेख गरेकी हुँ। स्वयं धम्मवती गुरुमांले सम्झनु भए अनुसार २०२८ सालदेखि हरेक साल कुनै न कुनै रुपमा धार्मिक यात्रा (Outing) हुँदै आएको छ।

यसै प्रसङ्गमा, बुद्धधर्मको व्यापक प्रचार गर्ने उद्देश्यले धम्मवती गुरुमांको नेतृत्व, निर्देशन तथा रेखदेखमा धर्मकीर्ति विहारका सदस्यहरूले विभिन्न समयमा नेपाल भित्रै विभिन्न धार्मिक यात्राहरू गरेको तथा गाउँ गाउँमा गएर धर्म प्रचारको कार्यहरू गरेको पनि उल्लेखनीय देखिन्छ। जस्तै वि.सं. २०२८ सालमा त्रिशूलीमा १ हप्ते धर्म प्रचार कार्यक्रम, बनेपामा २ दिने धर्म प्रचार कार्यक्रम, २०२९ सालमा बनेपामा ३ दिने कार्यक्रम, २०३० सालमा नमोबुद्ध र नालामा धर्म प्रचार कार्यक्रम, २०३१ सालमा टोखा, नागी, बनेपामा, २०३२ सालमा ललितपुरको बुंग, काभ्रे जिल्लाको श्रीखण्डपुर, २०३३ सालमा नाला, त्रिशूली, धर्मस्थली तथा उपत्यका बाहिर 'नेपाल दर्शनको' नाममा विभिन्न जिल्लाहरू, २०३४ सालमा चोभार, चापागाउँ, मत्स्यगाउँ, २०३५ सालमा नमोबुद्ध, त्रिशूली, मणिलिंग मणिचूड, २०३६ सालमा बनेपा, बलम्बु, भक्तपुर, पोखरा, तानसेन, नारायणगढ, धरान

तथा नारायणी, लुम्बिनी, गण्डकी, कोशी अञ्चलका अन्य स्थानहरू, २०३८ सालमा कालिम्पोंग, दार्जिलिङ, चापागाउँ, २०४० सालमा मातातीर्थ, २०४२ सालमा लुभु, विराटनगर, धरान, धनकुटा, हेटौंडा, नारायणगढ, २०४३ सालमा नागार्जुन, पनौती, तातोपानी, खोकना, २०४४ सालमा भक्तपुर, बलम्बु, नारायणगढ, चितवन, विराटनगर, धरान, हेटौंडा, लुम्बिनी, साँखु, बनेपा, २०४५ सालमा नाला, २०४९ सालमा थसी, त्रिशूली, २०५१ सालमा खोकना इत्यादि । यी सम्पूर्ण धार्मिक यात्राहरूमा धम्मवती गुरुमां संलग्न हुनुभयो । रिकर्ड भएका मात्र यहाँ उल्लेख गर्न सकिएको छ । रिकर्ड नभएका अरु पनि छन्, जुन यहाँ उल्लेख गर्न सम्भव भएन । धन्य छ, उहाँको जोश र जाँगर । यसप्रकार पवित्र धार्मिक स्थलहरू भ्रमण गरेर पुण्य सञ्चय गर्नु, स्वदेशी तथा विदेशी बौद्धहरूसँग विचार आदान, प्रदान गर्ने, गाउँ गाउँमा धर्म प्रचार जस्ता क्रियाकलापहरू पनि धम्मवती गुरुमांको देन मध्ये एक महत्वपूर्ण पक्ष हो ।

यस पक्षतिर आफ्नो उपलब्धिमा उहाँ आफैंलाई कतिको सन्तुष्टि छ भन्ने बुझ्न मन लागेर एकदिन म उहाँसँग यही कुरा सोध्न पुगें । उहाँले भन्नुभएको भनाई यहाँ प्रस्तुत गर्दछु : गाउँ गाउँमा धर्म प्रचार गर्नाले व्यापक रुपमा बुद्धधर्मको प्रचार गर्ने उद्देश्य त पुरा भएकै छ । अर्कोतर्फ विदेशी बौद्ध देशहरूमा तीर्थयात्रा गराउँदा पनि विभिन्न किसिमले उपलब्धि हासिल भएको उहाँ बताउनु हुन्छ । जस्तै कोही कोही तीर्थयात्रीहरू कहिल्यै विहारमा नआएका पनि पर्छन् । ती तीर्थयात्रीहरू तीर्थयात्रामा अन्य उपासक उपासिकाहरूसँग हेलमेल गरेपछि विहारमा आउन थाल्छन् । धर्मकीर्ति विहारका हालका उपासक उपासिकाहरू मध्ये कतिपय यस्ता छन् जो पहिले विहारमा आउँदैनथे । धर्मकीर्ति विहारको आयोजनामा भएको कुनै एउटा तीर्थयात्रामा गएपछि अहिले नियमित रुपमा विहारमा आउने गर्छन् । यसरी श्रद्धालुहरूलाई विहारतिर तान्ने एउटा माध्यम पनि बनेको छ तीर्थयात्रा । धम्मवती गुरुमांले दुईचार जना यस्ता उपासक उपासिकाहरू याद गर्नुभयो जो पहिले कुनै किसिमले नराम्रै चाल चलन भएका मानिसहरू थिए । पछि एकचोटि तीर्थयात्रामा सम्मिलित भएपछि बुद्धधर्ममा श्रद्धावान भयो र चरित्र सुधार गरी आज बुद्धधर्म प्रचारको लागि जिऊ ज्यान लगाउनेसम्म भएर निस्के । यो कुनै सानो उपलब्धि ठान्नु हुन्न ।

पुराना उपासक उपासिकाहरूले पनि फाइदा गर्छन् । एकतर्फ पवित्र तीर्थस्थलको दर्शन गर्नाले पुण्य सञ्चयको काम त भइहाल्यो । अर्को, धर्मदेशनाहरूमा बुद्धकालीन महत्वपूर्ण स्थानहरूको बारेमा सुन्ने गरेको स्थलहरू

प्रत्यक्ष दर्शन गर्न पाउँदा उनीहरूको मन श्रद्धाले विभोरित हुन्छ। तीर्थयात्राको दौरानमा कैयौंचोटी श्रद्धा चित्त उत्पन्न भएर उनीहरूको भलो हुन्छ। बहुश्रुत ज्ञान पाउने अवसर प्राप्त हुन्छ। सुनेको कुरा व्यवहारमा भोग्ने अवसर- पाउँदा धेरैको मन परिवर्तन भएको देखिन्छ। जस्तै ठूल-ठूला बौद्ध देशहरूमा बौद्धहरूले आ-आफ्नो ठाउँमा बौद्ध तीर्थ स्थलहरूलाई अनेकौं किसिमले सुरक्षित, सुसज्जित तथा संरक्षित गरेर राखेको देखेपछि आफ्नो देश नेपालको सम्झना गर्छन् र हामी नेपालीले पनि केही गर्नुपर्‍यो भन्ने मनमा उत्साह र जाागर लिन्छन्।

तीर्थयात्राको दौरानमा यात्रुहरूले धेरै किसिमले शारीरिक दुःख भोग्नु पर्ने अवस्था पनि आउँछ। आ-आफ्नो घरमा ऐश आरामले बस्ने गरेका केही धनी व्यक्तिहरूले मानिसको जीवनको कठीनाइलाई अनुभव गर्ने मौका पनि पाउँछन्। अतः मानव जीवन दुःखमय छ भन्ने चाल पाउने अवसर पनि हुन आउँछ तीर्थयात्रामा। धम्मवती गुरुमांले कैयौं पटक गर्नुभएको तीर्थयात्राको अनुभव अनुसार भन्नुहुन्छ- तीर्थयात्रामा जाँदा यात्रुहरूको आ-आफ्नो चरित्र झल्किन्छ। लोभीको लोभीपना, क्रोधिको क्रोधिपना, स्वार्थीको स्वार्थीपना सहजै प्रदर्शित हुन्छ तीर्थयात्राको बेलामा। यदि कोशिश गरेमा आ-आफ्नो कुबानि आफैले चाल पाएर सुधार्ने अवसर पनि दिन्छ तीर्थयात्राले।

तीर्थयात्राकै सम्बन्धमा धर्मकीर्ति विहारका कतिपय उपासक उपासिकाहरूले यसरी भन्ने गरेको सुन्नमा आउँछ- "धम्मवती गुरुमांले व्यवस्था गर्नु भएकोले हामीले यतिका दर्शनीय धार्मिक स्थलहरूमा पुगेर दर्शन गर्न पायौं, भ्रमण गर्न पायौं। नभए ती ठाउँहरूमा पुग्न पनि पाउँथें कि पाउँदैनथें जीवनमा।" हुन पनि हो आ-आफ्नै निजी आयोजनामा सबै ठाउँमा पुग्न गाऱ्है हुन्छ। अतः हामीले गर्न पाएका धर्मयात्राहरू धम्मवती गुरुमांकै सत्प्रयास स्वरुप भन्नुमा अत्युक्ति नहोला।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# धम्मवती गुरूमां र गृहिणीहरू

■ लोचन तारा तुलाधर

धर्मकीर्ति विहारमा हप्तापिच्छे पूर्णिमा, औंशी, अष्टमी संकान्तीका दिनहरूमा हुने गरेको बुद्ध पूजामा अधिकांश रूपमा गृहिणीहरू सामेल हुने गर्दछन् । बुद्धपूजामा सहभागी हुने श्रद्धालुहरू (उपासिकाहरू एवं केही मात्रामा उपासकहरू) शुद्ध मनले बुद्ध पूजा गर्छन् र ध्यानयुक्त चित्तले धम्मवती गुरूमांको उपदेश सुन्ने गर्छन् । आजकल उमेर र स्वास्थको कारण धम्मवती गुरूमांले एक्लैले उपदेश दिनु हुन्न, उहाँको निर्देशनमा अन्य गुरूमांहरूले पनि धर्मदेशना गर्नुहुन्छ । तर धर्मकीर्ति विहारको स्थापनाकाल (वि.सं. २०२२) देखि तीन दशक सम्म त गुरूमाँले निरन्तर रूपमा नै कथा वाचन गर्नु भयो । धम्मवती गुरूमांको विशेष सम्झना शक्ति र उपदेश दिने विशेष शैलीले सबै श्रोताहरू मुग्ध हुन्छन् ।

केवल सरर प्रवचन दिने मात्र गुरूमांको लक्ष्य होइन । श्रोताहरू अर्थात् उपासक उपासिकाहरूले बुद्धको उपदेश भित्री मनले बुझोस् र सबै जना शिक्षाकामी होउन् भन्ने गुरूमां चाहनु हुन्छ । हुन पनि हो एउटा कानले सुनेर अर्को कानले उडाउने भए महापरोपकारी बुद्धको उपदेशबाट कोही लाभान्वित हुन सक्दैन । सुनेको अनुसार व्यवहारमा उतार्न सक्नुपर्छ । समयको सदुपयोग गरी बुद्धको उपदेश सबैले अध्ययन गरून् र सुनेको, पढेको कुरा चिन्तन, मनन गरी व्यवहारमा उतारोस् भन्ने कुरामा गुरूमां ध्यान पुऱ्याउनु हुन्छ । त्यसैले गुरूमांले क्रमबद्धरूपमा उपदेश दिई बेला बखतमा सम्बन्धित विषयमा प्रश्नोत्तर गर्नुहुन्छ । कहिलेकाहिँ जाँच लिनुहुन्छ त कहिलेकाहिँ हाजिर जवाफको कार्यक्रम राख्नु हुन्छ जसले गर्दा सुनेको, पढेको कुरा दिमागमा रहीरहोस्, नबिर्सोस् ।

धर्मकीर्ति विहारको स्थापनाकालतिर धेरैजसो उपासिकाहरू अधवैंसे खालका थिए । 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना (वि.सं. २०२८) पछि मात्र धेरै युवा युवतीहरू विहारतिर लागेका हुन्। ती अधवैंसे उपासिकाहरू धेरैजसो गृहिणीहरू नै थिए। तिनमा कोही एस.एल.सी.पास गरेका या त्यति पनि नपढेका थिए भने कोही त लेखपढ नै गर्न नजानेका थिए। लेखपढ गर्न नजानेका पनि साक्षर होउन् र केही सिकोस् भनी गुरूमांले प्रौढ शिक्षाको आयोजना गर्नुभयो । जसमा विहारका अन्य गुरूमांहरूले पनि ठूलो योगदान पुऱ्याउनु भयो । उक्त प्रौढ कक्षाबाट धेरै महिलाहरू लाभान्वित भए। साक्षर भइकन बुद्धधर्म सम्बन्धी पुस्तकहरू पढ्न सक्षम भए । त्यसताका पुस्तक पढ्न सक्ने तर लेख्न सक्षम नहुनेहरूले मौखिक रूपमा जाँच दिने गर्थे । यसरी भान्छा र घर सफाईमा मात्र अल्भिmरहेका गृहिणीहरूलाई गुरूमांले शिक्षाको नयाँ बाटो देखाउनु भयो । एक-दुईजना गर्दै एउटै परिवारका विभिन्न सदस्यहरु विहारको विभिन्न कृयाकलापमा संलग्न हुनथाले । गृहिणीहरुले घरको काम सकेपछि फुर्सदमा चाहिने नचाहिने फाल्तु कुरा गरी समय खेर फाल्ने बानी छाडी अध्ययनमा समय दिन जाने ।

पहिला पहिला त बुद्धपूजामा कथा भन्न सकिएपछि सम्बन्धित विषयमा ४ या ५ प्रश्न राखिन्थ्यो र अर्को पटक बुद्धपूजामा सो प्रश्नको सही उत्तर भन्न सक्नेलाई प्राइज दिइन्थ्यो। त्यस्तो पुरस्कारमा बुद्धको तस्वीर, किताबहरू आदि हुन्थे । पछि गएर धम्मपद, अभिधम्म, परित्राण सूत्रहरू आदिको पनि पढाइ र जाँचको आयोजना गर्नुभयो । क्लास लिने (पढाउने), जाँच लिने कार्यमा अरू गुरूमाँहरूले पनि सक्रिय काम गरी योगदान पुऱ्याउनु हुन्छ।

गुरूमांको अर्को एउटा विशेषता के छ भने आफूले पढाएको विषयको जाँच लिने अथवा प्रश्नोत्तरमा पास हुनेलाई पुरस्कारको व्यवस्था गर्ने । आफूले पढाएको विषयमा बढी से बढी श्रद्धालुहरूले शिक्षाको उपयोग गरून् भन्ने धारणाले गुरूमांले यसरी प्रोत्साहन दिनु हुन्छ। यसरी गृहिणीहरू घरमा आफ्नो घर-धन्दाबाट फुर्सत निकाली पाठ घोकी-घोकी कण्ठ पारी विहारमा जाँच दिन जान खूब प्रयास गर्छन्। अनि म पास भएँ भनी आफूले पाएको प्राइज घरमा छोरा छोरी तथा श्रीमान्लाई देखाई गर्व गर्दछन्।

पछि प्रौढहरू बीच हाजिरी जवाफको पनि आयोजना हुँदैगयो । हाजिरी जवाफ प्रतियोगितामा चार समूह बनाइन्थ्यो जसमा ३ समूह उपासिकाहरू र १ समूह उपासकहरू हुन्थे । यसमा पनि हाजिरी जवाफमा भाग लिने सबै समूहका व्यक्तिहरूले नै पुरस्कार पाउँथे। यसरी उपासिकाहरूको

समूहमा लुकिराखेको प्रतिभाको प्रदर्शन हुँदैगयो । घरको काम बाहेक अध्ययनमा पनि गृहिणीहरूको दिमाग तेजी छ भन्ने कुरा अगाडि आयो ।

पोहर साल (२०५५ जेष्ठ) मा धम्मवती गुरूमांद्वारा नै सम्पादित नौ वटा कण्ड सहितका अभिधर्म भाग १ र भाग २ पुस्तकको आधारमा एक महिने कक्षा संचालन गर्नु भएको थियो । सो कक्षामा अधिकांश रूपमा गृहिणीहरू नै थिए । एक महिने कक्षा सकिएपछि लिखित रूपमा पहिलो पत्र र द्वितीय पत्र गरी दुई चोटी जाँचको आयोजना भयो । विद्यार्थी मध्ये ३४ जवान परीक्षामा उत्तीर्ण भए । ३४ जवान उत्तीर्ण परीक्षार्थी मध्ये ३ जना पुरूष थिए भने युवतीहरू पनि कमै थिए । यसरी अभिधर्मको अध्यापनमा पनि गृहिणीहरू लाभान्वित भए । अर्को स्मरणीय कुरा यो छ कि गुरूमांले परीक्षामा पास हुने सबै परीक्षार्थीहरूलाई आफ्नो निजी खर्चले समान रूपमा आफ्नै हातले पुरस्कार वितरण गर्नुभयो । पुरस्कारमा कापी, कलम, पुस्तक, साबुन, रूमाल, टूथपेष्ठ-टूथब्रस आदि थिए । यी केही उदाहण मात्र हुन् । गुरूमांद्वारा यस्ता कक्षा संचालन, जाँचको आयोजना र पुरस्कार वितरण त कति भए कति ।

यसरी शिक्षाप्रेमी धम्मवती गुरुमांले घर संसारको चक्रमा घुमिरहेका गृहिणीहरूको दिमागलाई नयाँ मोडमा ल्याएर देखाउनु भयो । स्कूल, कलेजमा गई शिक्षा आर्जन गर्न नपाएका महिलाहरू (उपासिकाहरू) आज गुरूमांप्रति भित्री हृदयदेखि कृतज्ञ छन् । अन्तमा धम्मवती गुरूमांद्वारा लिखित 'लक्ष्मी' पुस्तकबाट गुरुमांकै लेखनको केही वाक्य उतारी स्त्री शिक्षाप्रति गुरूमांको धारणा उद्धृत गर्नु उपयुक्त ठान्दछु–

"पढ्न सकेमा, बुद्धीमती हुन सकेमा स्त्री पनि विद्धान र पण्डित हुन्छ । छोरा छोरीलाई राम्रो शिक्षा दिनैपर्छ । केवल कलम घुमाउनु मात्र शिक्षा होइन । व्यवसाय सिक्नु, बोल्ने तरीका सिक्नु, विहारमा गएर धर्म के हो बुझ्नु, सत्संगत गर्नु, छलफल गर्नु यी सबै सुखमय जीवनको लागि प्रयत्न हो, शिक्षा हो ।"

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# नांनाप ज्या ल्वःम्ह गुरुमां

■ सुवर्ण शाक्य

प्रत्येक मनूतय् नां दु। नां धैगु मनू म्हसीकेत छुइगु खः। मचा ब्वीवं मां-अबुं थः मचायात क्वथीक स्वै। थःगु नुगःया चाहनाकथंया रूप रंग निष्क्ले शम्ह मचाया दुने ल्वीकी। ममताभावं मचायात नां छुइ। मनूया जीवनय् मचा ब्वलनीगु संगति अले विसंगति। पंचस्कन्धं पिदनीगु जीवन व्यवहारय् भ्यलय् पुनाच्वपिं मां-अबुं मचापाखेंया आकांक्षा पिज्वयेकाः तयाब्यूगु नांया अर्थ तःधी ज्वीका छखे लाः वनीगु। सज्जन धकाः छुनातःगु नां दुर्जनकथंया चरित्रय् हिलीगु। लौकिक व्यवहारय् दुर्जनयात नं सज्जन धकाः सःते मालीगु। अधर्मयात धर्म धकाः नां कायेमालीगु। नांकथं अर्थ पिज्वयेक ज्या याइम्ह जुयाः लोकय् म्हसीकेबीपिं तसकं म्हो। थथे ज्वीगुलिं हे मां-अबुं छूगु नांयात वास्ता मतसे थःथिति पासा भाइपिसं थःथःगु तालं नां छुनाबीयः। नांया शिबय् कुनां चलये जूपिं नं यक्व दु।

मनूतय् भिंता नां दःसां छताजक नां हे बांलाक चलये ज्वीगु। ब्वीसाथ न्ह्यागु नां छुनाब्यूसां उकीयात वास्ता मतसे राशिफलया बिचाः यानाः नामकरण संस्कारविधि हनीबलय् पुरोहितं थःगु हे तालं नां छुनाबीगु याः। जातः च्वकः वनेथाय् जातः च्वैम्हसिनं नं थःगु हे पहलं नां छुनाबीयः। आखः ब्वंवनीबलय् गुरूपिसं नं मचाया स्वभावयात ल्वयेक नां छुनाबीयः। अथे हे बरेछुइ माःपिं शाक्य बज्राचार्यतय् बरेछुइबलय् नं न्हूगु छता नां छुनाबी। थुकथं गृहस्थय् च्वंपिसं थेरवाद परंपराया प्रव्रजित जीवन हनेत समर्पित जुल धाःसा प्रवजितपिं उपाध्याय गुरूपिसं बुद्धधर्मानुकूल नां छुनाबीगु याइ। मे बलय्या न्ह्यागु न्ह्याथे नां दःसां प्रव्रजित जूगु बेलाया नां हीकी मखु।

यें देसय् नःघः त्वाःया श्रीघः विहारय् 'धर्मकीर्ति विहार' धकाः थेरवाद बौद्ध परम्पराया छगू विहार दु। उगु विहारयात 'धम्मवती' नांम्ह छम्ह

अनागारिकां नीस्वंगु जुल । २००६ सालपाखे बर्माय् वनाः गृहस्थ जीवन त्वःताः प्रव्रजित जुयाः 'धम्मवती' धैगु नां छुकावःम्हसिनं २०२० सालपाखे नीस्वंगु उगु विहारय् मिसापिं प्रव्रजितपिं जक च्वनाच्वंगु दु । मिजंत हे विदेसय् वने थाकुगु इलय् छम्ह मिसामचा भारतय् प्रव्रजित जुयाः बर्माय् तकं वनाः बुद्धधर्म अध्ययन याःगु खँ न्ह्यथनेबलय् नेपाःमि छम्ह मिसाया बेजोड साहसयात न्ह्यथने थें जू वः ।

नेपाः छगू बुद्ध जन्मय् जूगु देय् खः । बुद्धया अनुयायीतसें बुद्धधर्म ग्रहण यानाः शान्ति कायम ज्वीकाः शान्त जुयाच्वंगु थुगु नेपाः देय् खः । थथे खयां नं बौद्धतसें बुद्ध धर्मानुकूल जीवन हने मदुगु सरकार दैच्वंगु नेपाः देय्या इतिहास नेपाःमितसें लुमंके माःकथं पाना जायाच्वंगु दु । उज्वःगु इतिहास दुगु देसय् बुद्धधर्मयात पाछायाः पछौटे धैतःपिं मिस्तयृत न्ह्यचिकाः नेपाः देसय् हे छगू नांदंगु मिसापिं प्रव्रजितपिं जक च्वनीगु विहार कायम याःम्ह 'धम्मवती' प्रव्रजित जूगु ५० दँ दत धैगु खँ न्यने दुगु छम्ह मिसा 'धम्मवती' प्रव्रजित जूगुया खँ सिबय् नेपाःया बौद्ध जगतय् मिसा नेतृत्व नं दु खनीका धैगु खँ इतिहासया पानाय् छभ्वः थपय् जूगु बुद्धधर्मया ख्यलय् गौरव जुयाब्यूगु खः । व गुम्ह गुरू खः वैत 'धम्मवती' नां छुनाहःम्ह तसकं धन्यम्ह खः, नेपाः देसं हे प्रणाम यायेमाःम्ह ।

बुद्धधर्मया लँपुइ पुजाभः व धकि ज्वनाज्वीपिं जक मिस्त दुगु थासय् गुल्याः ज्वनीपिं छम्हथे छम्ह सःस्यूपिं चीवर पुनीपिं मिस्त उत्पादन यानाः नेपालय् नं उत्साहीपिं धर्म क्वातुपिं प्रव्रजितपिं मिस्त दुगु विहार नं दु धकाः विश्व-बौद्ध जगतय् परिचय बीत ल्वयेक न्ह्यच्यूम्ह 'धम्मवती' गुरुमां धर्मया ज्या याःम्ह नं खनेदत । थौकन्हय् अनागारिकापिंत गुरूमां धाइगु । स्यनेकने यानाः मामंथे हित सुखया कामना यानाः भिंगु बांलाःगु लँपु क्यनाबीपिंत गुरूमां धाइगु । 'धम्मवती' धाथेंया गुरूमां खत । धम्मवती गुरुमांनं यक्वं उपासिकापिंत धार्मिक रूपं थः यानाः कःघाये फुगु नेतृत्वया फलं उपासिकापिनि प्रिय पुत्रीपिं धम्मवती गुरुमांयात लःल्हाःगुया फलस्वरूप नेपाः देसय् गौरवमय नारीजागरण ब्वलंगुया दसु जुयाब्यूगु दु । म्हुतुं जक मिस्तयृत च्वछाइपिंनिगु न्ह्यःने ज्यां हे मिस्त थाहाँ वयाः हे धम्मवती गुरुमांयात सुनानं परिचय बियाबी म्वायेक थःथम्हं परिचितम्ह जुयाबिल ।

नेपाःयापि मिजंपिसं चीवर पुनकि वैत भिक्षु धाइथें मिसापिसं चीवर पुनकि भिक्षुणी धाइगु थुगु नेपाःदेय् । श्रामणेर ज्वीमा बाय् अनागारिका धायेमा चीवरं पुनावयेवं हे वैत बुद्धशासनय् च्वंम्ह, हनेबहःम्ह धैगु थःगु

नुगलय् वायेकाः उज्वःपिनिप्रति श्रद्धा तैगु । चीवर पुनेमात्रं हे विनयशीलम्ह धैगु नेपाःमिया विश्वास । धम्मवती गुरुमां नेपाःमिया विश्वासयात गुगुंकथं पाके मब्युसे 'भिक्षु' धाइगु मनय्च्वंगु श्रद्धायात योग्यम्ह कर्तृकथं 'भिक्षुणी' धायेछिंक व्यवहारय् च्वनाबिल गुगु 'धम्मवती' ज्वीन्त्यःया सपना व कल्पना साकार जूगु खै, नापं गणेद्यःयात भागि यानाः नं भगवान्द्यःयात हे भागि यानाच्वना भाःपीपिं नेपाःमितय्त बुद्धधर्म ध्वाथ्वीके बीगुली यथासंभव सफलता हासिल जुल ।

नेपाः देसय् बुद्धधर्म धकाः सर्वार्थसिद्ध गौतम बुद्धया जीवनीया बाखं कनीपिं पंडित कहलय् ज्वीगु । बुद्धयात पुज्यायेमाः धकाः विधि हंकीपिं गुरू ज्वीगु । नेपाःमितसें बुद्धयात म्हस्यूगु थुलि हे पूजा व भक्तिं । बौद्धतय् श्रद्धां पुज्याये दयेव गाः । महायान, श्रावकयान, प्रत्येकयान धकाः गुर्जुपिंसं सफू स्वयाः कनीगु बाखं न्यनीगु सिबय् गुगु यानया गुज्वःगु धर्मविधि खः मस्यूपिं नेपाःमि बौद्धत सकलें बुद्धभक्त खः । ईश्वर दु मदुया मतलब इमित मदु किन्तु इमि नुगलय् बुद्ध दु । शिक्षा विहीनता व अतिविश्वासं कय्च्याकाः बौद्ध जुयावै च्वंगु इतिहासजक मखु थौंया शिक्षित धायेके धुंकुगु इलय् नं बौद्धसंस्कार धकाः हनाच्वंगु परंपराया खँ सुचुके ज्यूगु खँ मखु । 'धम्मवती' धाथेंया 'धर्मवती' खः थुगु ख्यलय् । धम्मवती गुरुमां दक्व बौद्धत छपं ज्वीकथं कनाः, स्यनाः व्यवहारय् छ्ययेकाः न्ह्यचिलाच्वंगु छता छता ज्याभ्वलं सीदु । बुद्धधर्मया न्ह्यागु 'यान' धा गुथाय्लाक्क तथागत शास्ताया धर्मया सार दु, उपदेशया मू दु उगुपत्तिइ सार संक्षेपया च्वः ज्वनाः उपासिकापिंत ताय्तिति याकीगु धम्मवतीया धर्मव्याख्या । थ्वहे विशेषता धम्मवती गुरुमांयागु खः गुगु उदाहरण स्वरूप सकसिया न्ह्यःने दु ।

सांगाय् ससि ल्ययेगु ज्या धम्मवतीं कःघाःगु मदु । उदारनीतिया नमूना न्ह्याःवँवं लुम्बिनीइ थ्यनाः गौतमी विहार जुयाः धस्वाना ब्यूगु दु । थुकिइ दुने हेरामोति दु बाय् कंभाः दु, बुलुहुँ धकिं उलावःलिसे खनेदैवैगु जूगु दु । उपासक धा बाय् उपासिका मिजं वा मिसा । बुद्धधर्मय् मात्र बौद्धविनय्, शास्ता छम्ह हे, उद्देश्य छगू हे, जाति, लिंग आदिया भेद मदु । धम्मवती गुरुमांया बौद्ध क्रियाकलाप बर्मालिसें नेपाः तक छस्वा, अभ विश्वय् हे नेपाःया बुद्धधर्म व महिला बौद्ध नेतृया नातां छस्वा ज्वीकेगु गुणत विकास जुयावैच्वंगु छगू आशापूर्णगु खँ खः । सकसितं ग्वाहालि बियाः सकसिके ग्वाहालि काये फैगु धैगु चापाः मनूतय्के दैगु गुण मखु । धम्मवती गुरुमांया न्यय्दँया प्रव्रजित जीवनं थेरवादपाखे यक्वं प्रेरणा जुयाब्यूगुया नापं महायानी,

बज्रयानी चाकलय् न विश्वासया पात्र जुयाः नेपाःया बुद्धधर्मय् न्ह्यलुवाः जुयाच्वंगु दु। समन्वयय् च्वनेगु धैगु ख्याः खँ मखु, तसकं अपवाद फये थाकुगु अले समयपूर्वक हने नं थाकुगु खँ खः। थुज्वःगु ज्याखँय् मचायेक ग्वलंतुक अग्रणीया भूमिका म्हितुम्हितुं बुद्धया पलाःख्वाँचय् शुद्ध व स्वच्छकथं नेपाःमितय्त न्ह्यज्याकेत समर्पित जुजुं वनाच्वंगु धम्मवती गुरुमांया जीवन बुद्धया जतिइ लीन जुजुं वनी धैगु खँ कन्हय्या लागी थौंया पलाखँ सीदै च्वंकथंया खँ खः। 'धम्मवती' थौं खनेदुम्ह नांनाप ज्या ल्वःम्ह गुरूमां जुयाः धस्वाना च्वंगु दु।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

Dhamma.Digital

# धर्मकीर्तिं निगूगु जन्म बिल

■ बिमला शाक्य

स्कूल व कलेजय् ब्वनेगु नापनापं "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" स्थापनानिसें विहारय् वयाः अध्ययन गोष्ठीया कक्षाय् अश्वघोष भन्ते व धम्मवती गुरूमांपिनिपाखें "बुद्धया शिक्षा" न्यनाच्वना । स्कूल व कलेजया शिक्षाला थौंकन्हे मदय्‌कं मगाःगु हे जुल । तर जिगु जीवनय् बुद्धया शिक्षां गुलि कल्याणमित्र जुयाः गुहालि यात, आतक छुं शिक्षां, ध्यबां व मनूतय्‌सं याःगु मदुनि ।

मचाबलय् विहारय् वनाः बाखं न्यना । खास उपदेशयात व्यवहारय् छ्यलेनं म्वाः, छ्यलेनं मसः । विवाह लिपा अनेक विचारयापिं, अनेक तालयापिं, पुलांगु कय्‌कुंगु नुगः दुपिं नाप सत्तिक ह्वनेमाल । अनेक समस्या नं वल । **ध्यबा कमाये यानाः स्वथना तयातयागु मालकि लिकयाः खर्च यायेथें समस्या व संकतया इलय् "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" इ वयाः अश्वघोष भन्ते व धम्मवती गुरूमांपिनिपाखें न्यनातयागु "बुद्धया शिक्षा" व्यवहारय् छ्यले दत ।**

अश्वघोष भन्तेनं धया बिज्याइगु न्ह्यावलें लुमना वयाच्वनीगु । "अध्ययन गोष्ठी"इ वयाच्वंपिनिगु व्यवहार "अध्ययन गोष्ठी"इ मवोपिनिगुसिकं भचासां पायेमाल करपिसं अध्ययन गोष्ठीइ वनाच्वंपिनि व्यवहार बांलाः धकाः धायेके फयेके माः ।

थ्व वर्तमान जीवन गय्‌यानाः ताले लाकेगु, गय्‌यानाः याउँक शान्तिपूर्वक जीवन हनेगु धयागु बारे बुद्धया विभिन्न शिक्षात गथेकि गृही विनय पालये यायेगु, वैरभाव मतयेगु, न्ह्याबलें होश तया जुइगु, परिवारपिंनाप मिलेचले जुया च्वनेगु इत्यादि बारे "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"या कक्षाय् च्वनाः न्यना तयागुलिं छुं परेजुइबलय् भ्वात्त लुमंके फत । लुमना वइगुलिं जि संयमी जुइत गुहालि जुल । छें, परिवार, पासापिनि बिचय् वैरभाव मदयेकाः च्वनेफत । अथे हे मेमेगु नं यक्व दु । धात्थें बुद्धया शिक्षा मनूतय्‌त मनू जुयाः म्वायेत खः । भ्मी मनूत निक्वः जन्म जुइ धाःगु धात्थे खः ताया । मांनं ब्वँया रूपय् जन्म बिल । "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"इ लुइकागु बुद्धया व्यवहारीक शिक्षाया जलं जितः ब्वँया दुनें पिकयाः हानं शुद्धम्ह मनूया रूपय् जन्म बिल ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

# न्हापांगु धर्मकीर्ति पत्रिका व थुकिं बियाच्वंगु सन्देश

■ प्रेमहीरा तुलाधर

बुद्धधर्मया प्रचार यायेत बौद्ध शिक्षाया व्यवहारिक ज्ञान बीत व बुद्ध-धर्म सम्बन्धी छुं ज्या याना क्यनेगु तातुनाः छगू संस्था स्वने माःगु वाःचायेकाः धर्मकीर्ति विहारय् वि.सं. २०२८ साल ज्येष्ठ ७ गते "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" धैगु छगू संस्थाया नीस्वनेगु ज्या जुल। थ्व अध्ययन गोष्ठी स्थापना यायेगु नितिं धम्मवती गुरुमांया तःधंगु देन दु। वसपोलं नेपाः देशय् च्वंपिंके बुद्धधर्म सम्बन्धी ज्ञानया अभाव जुयाच्वंगुलिं बुद्धधर्मया प्रचार याये मानिगु खंका बिज्यानाः थःम्हं फुगु ज्या न्ह्याकाच्वना बिज्यात। थ्व हे भ्वलय् सुथय् उपासक उपासिकापिं मुंकाः लच्छिया न्याकः बुद्ध पूजा न्ह्याकाः धर्मउपदेश बियाः मनूतय् नुगलय् धर्मया चेतना थना च्वना बिज्यात। नापं थौंया युगय् छुं यायेफुपिं, धर्म प्रचार यायेगु ज्याय् सनेफुपिं युवक युवतीत हे खः धैगु थ्वीकाः धम्मवती गुरुमांनं धर्मकीर्ति विहारया उपासक उपासिकापिन्त थःपिं जक वयां मगाः थः कायम्ह्यायपिं नं छ्वया हयादिसँ धकाः इनाप याना बिज्याःथें सकस्यां कायम्ह्यायपिन्त विहारय् छ्वया हसेंलिं "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" या नीस्वनेत हेतु जुल। थनंलि थुगु अध्ययन गोष्ठी मार्फत ल्यासे ल्हायम्ह्पिन्त न्हूगु धाचां बौद्ध शिक्षा बीगु सुरु जुल।

नेपाल देसय् बुद्धधर्म प्रचार यायेगु विभिन्न उद्देश्य तयाः नीस्वंगु थ्व संस्थाया स्थापना कालय् मू उद्देश्य थुकथं दु–

१) युवा वर्गयात बुद्धया व्यावहारिक शिक्षा अध्ययन याकेगु

२) गांगामय् वनाः बौद्ध शिक्षा प्रचार याःवनेगु।

३) स्वाँयापुन्ही खुन्हु "धर्मकीर्ति" शिर्षकया बौद्ध पत्रिका पिकायेगु।

४) स्वदेशी तथा विदेशी बौद्ध विद्वानपिन्त स्वागत, सम्मान यायेगु।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नी स्वनेगु ज्या सिधये धुंकाः हप्ताय् छकः शुक्रवार खुन्हु ४ बजे निसें ६ बजे तक २ घण्टा कार्यक्रम न्ह्याकेगु ज्या जुल । आः थौंकन्हय् शनिवार सुथय् कक्षा जुयाच्वंगु दु । थ्व ज्याय् अश्वघोष भन्ते व धम्मवती गुरमांपिनि तःधंगु ल्हाः दु । वसपोलपिसं तःदँ अटुट रुपं पालंपाः कक्षा कया बिज्यानाः अध्ययन गोष्ठीया सदस्यपिन्त बौद्ध शिक्षा बीगु याना बिज्यात । थुलि जक मखु अश्वघोष भन्तेनं उगु ईया अध्ययन गोष्ठीया सदस्यपिन्त छगू कार्यक्रम सञ्चालन यायेत तालिम बिया बिज्यात । छिम्ह छिम्हेस्या छगू छगू पुचः दयेकाः छगू पुचःया छम्ह पुचः नायो वा नकिं नं ल्यया: कक्षा सञ्चालन यानाच्वन । कार्यक्रम सञ्चालन यायेत हरेक हप्ताय् छगू पुचलं ज्याया भाला कायेमाःगु जुल । कार्यक्रमय् उगु पुचलं छम्हेस्यां उद्‌घोषण याइ, छम्ह सभापति जुइ, निम्ह, स्वम्हेस्यां लेख ब्वना न्यंकी, छम्हेस्यां सुभाय् द्यछायेगु ज्या याइ । थ्व छगू अध्ययन गोष्ठीं तसकं हे बाँलागु चलन न्ह्याका थकूगु खः । थज्याःगु कार्यक्रम नकतिनिया किशोर किशोरीपिन्त छगू तालिम खः । थुकथं अध्ययन गोष्ठीइ माइकया न्ह्योने नवायेगु, लेख च्वयेगु बानीं याना थुगु संस्थाया सदस्यपिं न्ह्याथाय् नवाये माःसां तयार जुल, अले लेख च्वइपिं नं आपालं पिदन । फलस्वरुप धर्मकीर्ति पत्रिका पिकायेगु निर्तिं लेखया अभाव मजुल । थबले अध्ययन गोष्ठीया सदस्यपिं मिजंत स्वया मिस्त हे आपाः दु । उकिं थबले बुद्धधर्म सम्बन्धी थीथी विषयलय् च्वसु च्वइपिं मिसा च्वमिपिं नं आपालं खनेदत । थुकथं लेख च्वइपिं नच्चापिं च्वमिपिं जन्म बीगुलिइ अश्वघोष भन्तेया तःधंगु योगदान दु । थिपिं च्वमिपिनि प्रेरणा वसपोल हे खः । थुकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्यपिसं बौद्ध शिक्षाया अध्ययनया नापं सार्वजनिक ख्यलय् नवायेगु, लेख च्वयेगु ज्या याये दुगुलिं सकल सदस्यपिनि लागी तसकं उपयोगी जुल । नापं थुगु अध्ययन गोष्ठीइ विशेष यानाः मिसापिं सदस्यपिनि दथुइ बौद्ध चेतनाया जागृति थना बिल । मिस्त धकाः सुंक च्वनीपिं मजुसें बुद्ध धर्म सम्बन्धी अध्ययन यायेगु, च्वसु च्वयेगुली सक्रिय जुल ।

थुकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया स्थापनां लिपा गोष्ठीया ज्याभ्वः वाःवाः पतिकं बांलाक न्ह्याना वन । थुगु गोष्ठीया नीस्वने धुंकाया लिपाया दँ अथे धयागु (बुद्ध सम्बत् २५१६, ने.सं. १०९२, वि. सं. २०२९) निसें हे “धर्मकीर्ति” पत्रिका स्वाँया पुन्हीया लसताय् पिदन । थ्व पत्रिका दच्छिया छगू पिकाकां ने.सं. ११०३ (वि.सं. २०४०) बैशाख तक पिदन । खला २०४० साल स्वाँया पुन्हीया लसताय् पिदंगु धर्मकीर्ति पत्रिकाया १२ गूगु अंकय् ‘

धर्मकीर्ति विहारया दँपौ' 'धर्मकीर्ति' सकसिगु ग्वाहालि द:सा स्वलापौ जुया पिदने त्यंगु दु" धका: स्वलापौ यायेगु विज्ञापन बिया तल। अथेसां थ्व पत्रिका निलाय् छगू छगू याना: निलापौ जुया: निदँ तक वि.सं. २०४० आषाढं निसें २०४२ वैशाख तक्क वर्ष १३ व १४ य् १२ गू अङ्क पिदन। थ्वयां लिपा २०४२ साल असारं निसें लच्छिया छगू लय्पौया रुपय् थौंतकं निरन्तर रुपं पिदनाच्वंगु दु।

थुगु धर्मकीर्ति पत्रिकाय् बांलाका दुवाला स्वयेबलय् बुद्धधर्म सम्बन्धी च्वसु च्वया: बुद्धधर्मया प्रचारया ज्याय् ग्वाहालि यानादीपिं यक्को मिसा च्वमिपिं पिलूव:गु खनेदु। "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"इ वया: वय्कपिसं गज्या:गु शिक्षा कयादिल अले उकिया लिधंसाय् गजा:गु च्वसु च्वयादिल, धैगु खँ सकसिगुं न्ह्योने तयेगु थ्व जिगु च्वसुया उद्देश्य ख:। धर्मकीर्ति पत्रिकाया वर्ष १, ल्या: १ स मिसा च्वमिपिसं च्वयात:गु च्वसुया चर्चा क्वय् यानागु दु।

धर्मकीर्ति पत्रिकाया न्हापांगु वर्ष व अंकय् जम्मा १९ पु च्वसु व कविता दुगुलिइ मिसा च्वमिपिनि च्वंसु, कविता मुक्कं १५ पु दु। थुकी अमीर कुमारी शाक्यया निपु कविता "भोय्धा:वया" व "अय्लायात" नं दुथ्या:गु दु। "भोय्धा: वया" कविताय् बौद्ध शिक्षाया सवा: थुइकेत व थुइका बीत नुग:रूपी स्वाँ ह्वयेका: समाज सेवा याये सयेकेत सकसितं भोय् वा धका: आह्वान यानादीगु दुसा अय्ला:यात कविताय् मनूतय्सं थ:गु जीवन म्हसीकेत, थ:गु जीवनय् छ्यले सयेकेत जोस बिया: होस लाका कायेयोगु अय्ला तोतेमा:गु खँ कना दीगु दु।

अथेहे थुगु पत्रिकाया "मिखा" धैगु लेखय् च्वमि धम्मवती गुरूमांनं धात्थें जीवन सुखमय यायेत बौद्ध शिक्षा मा:गु खँय् जोड बिया बिज्यासें सकस्यां थ: काय् म्ह्याय्पिन्त बौद्ध शिक्षा ग्रहण याका: मस्तय्गु मिखा चायेके मा:गु खँ कुला बिज्या:गु दु।

मेम्ह मिसा च्वमि सुश्री सुमन कमल तुलाधरजुं "मार्ग प्रदर्शक बुद्ध" धैगु च्वसुइ भगवान बुद्ध हे छम्ह जक प्राणी मात्रया कल्याण मार्गया पथ प्रदर्शक ख: धैगु खँ स्पष्ट याना दीगु दु।

अथे हे सुश्री प्रफुल्ल कमल तुलाधरजुं "बौद्ध शिक्षा" धैगु थ:गु च्वसुइ भ्री स: स्यूथें मेपिन्त सहयोग यायेगु थ:गु दोष थ:म्हं खंकेगु, कर्पिनिगु म्वा: मदुगु निन्दा, चर्चा, च्यूता मकायेगु, कर्पिनि जियावोगु खना: लय्तायेगु, कुविचार व कुसंस्कार मदयेका छ्वयेगु आदि फुक्क बौद्ध शिक्षाया दुने ला:गु

खँ खः धका च्वया दिसें थज्याःगु नैतिक शिक्षा स्कूल, कलेजया पाठ्यक्रमय् नं दुथ्याके माःगु सल्लाह बियादिल ।

मयजु अमीर कुमारीजुं थःगु "बौद्ध अध्ययन" धैगु च्वसुइ भ्रीगु जीवन न्ह्याकेत व्यावहारिक बौद्ध शिक्षाया अध्ययन तसकं आवश्यक जूगु खँ न्ह्यथसें थज्याःगु बौद्ध शिक्षाया अध्ययन यायेत नेपालय् धर्मोदय युवक बौद्ध मण्डल, युवक बौद्ध परिषद, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी आदि निगू प्यंगू संस्था जक दुगुलिं थज्याःगु संस्थात नेपाःया थासंथासय् स्वनेमाःगु आवश्यकतायात न्ह्यब्वया दीगु दु ।

"विशाखाया महत्व" धैगु च्वसुइ मय्जु दिलतारा तुलाधरजुं बुद्धधर्म प्रचार यायेगुली गाक्क ग्वाहालि याना वंम्ह बुद्धकालीन छम्ह मिसा विशाखाया जीवनी न्ह्यब्वयाः भ्री मिस्तय्सं विशाखायाकेथें जाःगु साहस व विवेक बुद्धि दयेकेमाः धका धयादिल ।

अथे हे मय्जु समा बनियाजुं भगवान बुद्धया नीजि सचिव आनन्दयाबारे उल्लेख याना दिसें भगवान बुद्ध परिनिर्वाण जुइ धुंका न्हापांगु संगायनाय् आनन्द मुख्यम्ह पात्र जुया बिज्याःगु खँ नं वय्कलं च्वयादीगु "आनन्द" धैगु च्वसुइ प्रस्तुत यानादीगु दु ।

"बैशाख पूर्णिमा र लुम्बिनी" धैगु लेख च्वया बिज्यानाः मां गुणवती गुरूमांनं बैशाख पुन्ही नापं बुद्धया घनिष्ट सम्बन्ध दुगुलिं बुद्धथें जाःम्ह महापुरूष नेपाःया लुम्बिनी वनय् जन्म जूम्ह जूगुलिं नं स्वाँया पुन्ही भव्यरूपं माने यायेमाःगु खँ न्ह्यथना बिज्यात । वसपोल न्हापां नेपाः बिज्यानाः बुद्धगया, सारनाथ, कुशीनगर बिज्याःबले तसकं न्ह्यइपु ताल । थनं लुम्बिनी थ्यंबले अनया उजाड अवस्था खनाः वसपोलयात तसकं म्हाइपुल । उकिं वसपोलं थुगु च्वसुइ बुद्ध जयन्ती माने यायेगु खःसा न्हापां लुम्बिनीया विकास निं यायेमाःगु थःगु बिचाः प्वंका बिज्यात ।

थथेहे मय्जु कान्ति कंसाकारजुं "यशोधरा राहुलमाता" धैगु च्वसुइ यशो धराया जीवनी न्ह्यथसें दण्डपाणी जुजुया म्ह्याय् शुद्धोदन महाराजाया भौ जुयाःनं सिद्धार्थ कुमार बुद्ध जुयाः लिहां बिज्याये धुंकाः प्रजापती गौतमीया लिपा भिक्षुणी जुयाः शील पालन यानाः ज्ञान प्राप्त याःगु खँ प्रस्तुत याना दिल ।

मेम्ह मय्जु रत्नकमल स्थापितजुं "बोधिचित्त" धैगु लेखय् बोधिचित्तया परिभाषा बिसें भिंगु ज्ञान उत्पन्न यायेगु, मभिंगु त्वःताः भिंगु लँपु ज्वनेगु, नुगः चकंकाः च्वनेगु, थः छम्हसिगु जक हित मस्वसें सकसित कल्याण जुइगु स्वयेगु हे बोधिचित खः धैगु खँ च्वयादीगु दु ।

"माकः बोधिसत्व" धैगु शिर्षकया लेखय् मय्जु नीलशोभा स्थापितजुं यदि सुनानं छुं कारण मदयेकं भीत अन्याय, अत्याचार याःवल धाःसा न्ह्याथासं सहःयाना च्वनेमाः धयागु मदु, थःगु विवेक बुद्धिं ज्या कायेमाः धैगु खँ थुइकेत माकः बोधिसत्व व गोंजुया बाखँ छपु नं न्ह्यब्वया दिल ।

अथे हे "एकताया महत्व" धैगु च्वसुइ मय्जु मीना स्थापितजुं परिवार समाज व देश उन्नति यायेत एकता मदयेक मगाःगु खँ कना दिल । नापं बोधिसत्व बताइँ जुयाः जन्म जूबलेया बाखँ न्ह्यथसें एकता दुबले बताइँत सकलें व्याधायापाखें बचये जुल, लिपा एकता मदुबले पतन जुल धैगु खँ कना दिल । अथे हे नेपाः थकायेत भी फुक्क नेपालीत मिले जुया च्वने माःगु आवश्यकता खंका दिल ।

मेम्ह मिसा च्वमि मय्जु कमल तारा स्थापितजुं "खिचा बोधिसत्व" धैगु शिर्षकया च्वसुइ यक्को पारमिता पुरे याये धुंकूपिं लिपा बुद्ध जुइपिन्त बोधिसत्व धाइ धका बोधिसत्वया परिचय बिया दिल । बोधिसत्व खिचा जूबलय् आपालं खिचातय्गु जिन्दगी बचेयाना ब्यूगु बाखँ छपु नं न्ह्यथना दिल ।

दकले लिपाया च्वसु "धर्मकीर्ति विहार व अध्ययन गोष्ठी" धैगु शिर्षकतयाः मय्जु धर्मदेवी शाक्यजुं धर्मकीर्ति विहार व अध्ययन गोष्ठीया बारे च्वया दिल । थुकिइ वय्कलं वय्कः थः अध्ययन गोष्ठीइ वयाः बौद्ध शिक्षा अध्ययन यायेखंगु तसकं उपयोगी जुल धैगु खँ न्ह्यथना दीगु दु ।

थुकथं धर्मकीर्ति पत्रिकाया ल्याः १ व अंक १ य् समस्त च्वमिपिं मध्यय् प्यब्वय् स्वब्व मिसा च्वमिपिं खनेदःवःगु दु । थन थ्व च्वमिपिसं अध्ययन गोष्ठीइ अध्ययन यानागु विषयकथं लेख च्वःगु खः, गुकियात प्रेरणा बियाबिज्याःपिं श्रद्धेय अश्वघोष भन्ते व श्रद्धेय धम्मवती गुरुमां खः । "धर्मकीर्ति विहार व अध्ययन गोष्ठी"इ थुकथं हे शिक्षा दिक्षा बीगु खः । थन थ्व च्वसुया तातुना श्रद्धेय अश्वघोष भन्ते व श्रद्धेय धम्मवती गुरुमांपिसं गुकथं युवा युवतीपिनित बुद्ध शिक्षा बियाः तालिम बीगु शुरु याना बिज्यात धकाः न्ह्यब्वये गु खः ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

*धम्मवती गुरुमांनं अवम्य साहस व मेहनतं दयेका बिज्याःगु लुम्बिनीस्थित गौतमी विहारनाप सम्बन्धित खँ दुथ्याःगु खँ तयाः 'सम्पादकया नामं च्वसु' धर्मकीर्ति पत्रिकायात वःगु च्वसु खः थ्व –सं.)*

**श्री सम्पादकजु**

धम्मवती गुरुमां प्रव्रजित जुया बिज्यागु ५० वर्ष दुगु लसताय् स्मारिका पिहाँवइगु न्यना। लुम्बिनीस बनये जूगु प्रजापति गौतमी विहार सिधःगु निमित्त कयाः महापरित्राण जूथाय् पूज्य अश्वघोष भन्तेयापाखें धर्मदेशना याना बिज्याःगु खँ आः पिहाँवइगु स्मारिकाय् तये बहःथें च्वनाः तेप न्यनाः सारे याना हया। छाय्धाःसा लुम्बिनीइ बनये जूगु विहार व धर्मशाला धम्मवती गुरुमांया तःधंगु कीर्ति खः। सारांश च्वया हयाच्वना।

श्रद्धालु उपासक उपासिकापिं

थौं थन लुम्बिनीस थ्व महापरित्राण पाठ जुइ त्यंगुया कारण छिकपिं सकसिनं सिहे स्यू जुइ। भगवान बुद्धया मूर्ति, महामायादेवीया मूर्ति, प्रजापति गौतमी अले सिद्धार्थ कुमार थुपिं मूर्ति पलिस्था यायेगु लसताय् खः। नकतिनि भिक्षुसंघं "अनेक जाति संसारं" धकाः पाठ यानाः पलिस्था याना बिज्याये धुंकल।

आः लुमंके माःगु खँ छु धाःबलय् लुम्बिनीइ आपालं बौद्ध देशयापिंसं बुद्ध मन्दिर, धर्मशाला चैत्य आदि दयेकाच्वंगु दु। नेपाःयापाखें छुं दयेका तःगु मदु। धर्मोदय सभां स्वयम्भू चैत्य जग जक तया तःगु दु। सिधयेके मफुनि। थन धम्मवती गुरुमांनं मेथाय् गनं दयेका मतःगु तालं थन लुम्बिनीइ विहार दयेका बिज्यात। नेपाःया चिं तयाः न्हापां धर्मशाला दयेके धुंकाः विहार दयेकाः नेपाःया न्हाय् तया बिज्यात। भगवान बुद्ध, महामायादेवी, प्रजापति गौतमी व सिद्धार्थ कुमारनापं तयाः गनं नं विहार बनये मजूनि।

महापरित्राण जुइन्ह्यो थनंनिसें महामायादेवी मन्दिर तक बुद्धयात स्वागत सम्मान याःपिं ब्रह्मा, कुवेर, महादेव, लक्ष्मी आदि अनेक देव देवतापिं बांलागु भाँकि सहित जुलूस न्ह्यागु साप बांला ताल। फुक्क मनूतहे द्यो जुया च्वंगु खनिका। धात्थें नागत निम्ह नं लँस्वः वयाच्वंगु खना यक्वसिया आश्चर्य चाः।

चाहिला वये धुंका: त्यानुसे च्वना: छक: आरामकाये माल धका: क्वथाय् आराम कयाच्वना । आनाहां ह्यो व:थें च्वंबलय् महामायादेवी म्हंक: बल महामायां धाल जित:ला साप हे लय्ता वल । केहें प्रजापति गौतमी, उबले जन्म जूम्ह सिद्धार्थ कुमार काय्, भगवान बुद्ध नाप स्वयेदत न्ह्याइपुसे च्वं । थन यक्व दर्शन या:व:पिं दु ।

थन लुम्बिनीइ नं जित: मानये याना तइत:गु ख: । वंगलसिमा क्वय् सिच्चुक तइत:गु ख: । बांला:गु छेँ दयेका मानये याये धका: वंगलसिमा नं पाला: बिल । उकिया पलेसा चिकिचाखागु छेँ छखाय् तया तइतल । जित:ला दु:ख जुयाच्वन । आ: थन छम्ह साहसीम्ह भिक्षुणी छम्हसिनं जिपिं निम्ह त:हकेहेंपिन्त सम्मान याना: थपाय्धंगु विहार दयेका: तयाबिल । थज्यो गुकथं मानये यायेगु ज्या मिजंतसें याइला ?

जित: मायादेवीं म्हंक:व:गु खँ कना । य:सा पत्या:याना दिसँ मय:सा पत्या: यायेम्वा: खँ छु धायेबलय् ज्या यायेबलय् साहस धइगु मा: खनि । थन थ्व विहार व अपाय्धंगु धर्मशाला दयेकात:गु खना: दक्वसिनं धयाच्वं धम्मवती गुरुमां धात्थें हे साहस दुम्ह मिसा खनी । थपाय्धंगु विहार दयेका: स्वयम्भू चैत्य तया: नेपा:यागु न्हाय् तयाबिल । उत्साह नं मा:, श्रद्धा नं मा: । तर लापा थायेबले छपा ल्हातिं थाये मफु । निपा ल्हातिं लापा थायेमा:गु गुरुमांयाके यक्व साहस नं गा: । मानसिक बल नं दु । वया नापनापं हस्ते धा:थें हैस्ते धा:पिं मदुसा साहसं जक ज्या वइ मखुथें च्वं । यक्वसिनं गुहाली बिल । थुगु निर्माण कार्ययात भन्तेपिसं नं गुहाली बिया तइत:गु दु । थ्व खँ शिलालिपिस च्वयात:गु दु । म्हासु वस: पुनात:पिं गुरुमांपिसं नं यक्व गुहाली बियात:गु दु । थज्योगु बांला:गु ज्याय् सकसिगुं सहयोग मा: ।

थौं थन महापरित्राण पाठ भिक्षुसंघपाखें जुइत्यंगु दु । परित्राणया बारे कने मा:गु खँ बर्मायाम्ह ध्यानगुरु पण्डिताभिवंश भन्तेनं कना बिज्यात । लुमं जुइमा: । वसपोलं धया बिज्यात परित्राण धयागु नाना प्रकारया पिनें वइगु बिघ्न बाधा हटये जुइ फुगु थ्व महापरित्राण ख: । तर पिनें वइगु बिघ्नला भूत प्रेत बोक्सी आदि जक ख: । थ्व न्ह्याबलें मखु । भ्रीत बिघ्न बाधा वइगु भ्रीगु मनया दुनें ख: । भगवान बुद्ध नं धया बिज्या:गु दु दुनें व मोह इर्ष्या ख: । थुपिं ग्यानापुपिं शत्रुत ख: । उकिं दुने वइपिं शत्रुतय्त क्वत्यले फयेके मा: । परित्राण जक पाठ याना च्वनां भ्रीगु बिघ्न बाधा हटये जुइ मखु ।

थौं हे वसपोलया ध्यान केन्द्रया नं शिलान्यास (जग तयेगु) ज्या जुल । अन नं वसपोल पण्डिताभिवंश भन्तेनं बांला:गु खँ कना बिज्यात । थन

लुम्बिनीस त:गु मछि बौद्ध देशयापिसं चैत्य व बुद्धमूर्ति तयाः विहार निर्माण यानाच्वंगु सकसिनं खन हे जुइ। मूर्ति दुथाय् पूजापाजा याइपिं यक्व दु हं। अले बरदान फ्वनीपिं नं दु हं। वसपोलं धयाबिज्यात भगवान बुद्धं बरदान बिया बिमज्याः। बरदान कायेगु आशां यदि पूजापाजा यात धाःसा लोभ सहगतगु चित्त जुल। शुद्धगु नुगलं पूजायाःगु जुइ मखु हं। अय्‌जूगुलिं चित्त शुद्ध जुइगु लँपु क्यनीगु ध्यान केन्द्र दयेके त्यना। ध्यान भावना बांलाक याये बले चित्त शुद्ध यायेगु उपाय लुया वः। थःत थम्हं म्हसीके फइ। थःगु गल्ति थःम्हं खंका काये फइ। थ्व आध्यात्मिक गुण दइगु लँपु खः। थुकिया लागी यक्व हे अभ्यास यायेमाःगु जुयाच्वन। भगवान बुद्धं परिनिर्वाण जुइ न्ह्योनं कना बिज्याःगु दु। बुद्धं देह त्याग याना बिज्याइन धयागु न्यनाः यक्व मनूत भ्वभ्व सुसुं ख्वयाः पूजा याःवल हं। जितः थुकथं पूजा यानाः जि लय्‌मताः। छिपिं दुःखं मुक्त जुइ मखु थुकथं पूजा जक याना च्वनां। यदि धात्थें नं जितः मानये यानागु व पूजा यायेगु खःसा जिं कनागु धर्म व शिक्षाकथं आचरण याना यंकूसा छिमि थःथःपिसं मनं तुनागु इच्छा पुरये जुइ। भगवान बुद्धं बरदान बिया बिमज्याः। वसपोल बुद्धं धयाबिज्याइ जिं गुगु धर्मया खँ कनागु खः उगुकथं चाला बाला पहःचहः बांलाकेगु अभ्यास याना यंकल कि दुःखं पार तरये जुइ।

आः परित्राणया अर्थ व परित्राण पाठ गुबलेंनिसें शुरु जुल थुगु खँ छकः सीकेनु। परित्राणया अर्थ छचाःखेरं वइगु बिघ्न बाधा तापाना वनीगु थ्व मन्त्रथें धाःसां ज्यू, सकसिनं थूकथं। तर थ्व धात्थें मन्त्र मखु। थ्व भगवान बुद्धया मैत्री व सत्यया उपदेश जक खः। भगवान बुद्धया मैत्री व सत्यया आधार कयाः थ्व परित्राण पाठ दयावःगु खः। बैशालीइ तस्सकं अनिकाल जुल। वा मवल ल्वय् फैलये जुल। मनूतय् साप ग्याना वल। ग्याना वल धायेवं मनूतसें धर्मकर्म याइगु खनि। पूजापाजा याःसा बिघ्नबाधा मदया वनीला धैगु विश्वासं सिमायात नं, पहाडयात नं, अनेकथं पूजा याइगु। ल्वय् जुइबलय्, बिघ्न बाधा जुइबलय् मन बःमलाना वः। उकिं मनूतसें तन्त्र मन्त्रया विश्वास यानाः अनेक द्योदि नां कयाः पूजा यात। अबलय् बुद्धया शरणय् वनाच्वंपिं नं यक्व दु। इमिसं तन्त्रमन्त्र आदि विश्वास मयाः। अथे खःसां मन बःमलागुलिं न्ह्यागुसां यायेमाली। मखुसा मेपिं धर्मयापिंसं गिजे याका च्वने माली धकाः मतिइ तयाः भगवान बुद्धयाथाय् वनाः बिन्ति यानाः थःथःगु मनया खँ कन। भो शास्ता न्ह्यागुसां जिमिगु मन शान्त जुइगु उपाय याना बिज्याहुँ। जिमिगु मन ग्याना वल।

अले भगवान बुद्धं अधिस्थान याना बिज्यात– जिं राजदरवार त्व:ता वसेंनिसें आ:तक खँ ल्हानाच्वनागु, ज्या यानाच्वनागु आपा:सित हित जुइगु ख: । थुगु सत्य वचनया प्रभावं मनूतय्‌गु भय बिघ्नबाधा मदया वनेमा । सत्य व मैत्रीयात साक्षि तया: ल्वय् आदि भय मदयेमा धका: आशिर्वाद बिया बिज्यात । रत्नसूत्र पाठ याना: ल: हा: यानाब्यु धका: भिक्षु आनन्दयात आज्ञा जुया बिज्यात । थुलि जुइवं बुद्धया शरणय् वनाच्वंपिनि मन याउँल । धर्म चेतना दया वसेंलि बिघ्नबाधा मदया वन धैगु खँ पालि सफुतिइ च्वइत:गु जुल । उकिं परित्राण पाठ याना: छपु सूत्र क्वचाय्‌वं भिक्षुपिसं ब्वनीगु दु:–

**एतेन सच्च वज्जेन सोत्थिते होतु सब्बदा**<br>
**एतेन सच्च वज्जेन सब्बरोगो विनस्सतु,**<br>
**एतेन सच्च वज्जेन होतु ते जय मंगलं ।**

थुगु सत्य वचनया प्रभावं शान्ति जुइमा, थुगु सत्य वचनया प्रभावं ल्वय् मदया वनेमा, थुगु सत्य वचनया प्रभावं जय मंगल जुइमा ।

बुद्धया सत्य व मैत्री च्वखा जू । उकिं परित्राणया फल प्रत्यक्ष खनेदु । भीसं धर्म यानाच्वंसां भीके शुद्धगु सत्य मदु । मैत्री क्वातु मजू । भीसं थ:यो पिनित जक माया व मैत्री याइ । भीसं सत्यता खँ ल्हाना च्वंसां स्वार्थ भावनाय् लानाच्वंपिं जुया: धर्म या:सा नं फल प्राप्त मजू । भिंगु शुद्धगु मनं धर्म यायेबले जक भीत आशिर्वाद पावये जू । भिक्षुपिंसं परित्राण पाठ याइबलय् मैत्रीपूर्वक पाठ यायेमा: ।

भीपिं लुम्बिनी थ्यंक वया: परित्राण न्यं वयाच्वनागु शुद्धगु श्रद्धां ख: । मेमेथाय् काठमाण्डुइ परित्राण न्यनेगुसिकं थन आ: लुम्बिनीइ वया: न्यनाच्वना बलय् मन गाक्कं याउसें च्वनी । छाय् धायेबलय् थन लुम्बिनीस सिद्धार्थ गौतम (भगवान बुद्ध) जन्म जुया बिज्यागु ख: । थ्व छगू पुण्य स्थल ख: । भगवान बुद्ध परिनिर्वाण जुइ न्ह्यो कना बिज्यागु दु– जि मदये धुंका: श्रद्धावानपिंसं दर्शन याना संवेग उत्पन्न जुइगु, नुग: मछिनीगु प्यंगू थाय् दु: – बुद्ध जन्म जूगु थाय् लुम्बिनी, बुद्धत्व लाभ जूगु थाय् बुद्धगया, न्हापां धर्मचक्र प्रवर्तन याना बिज्या:गु थाय् सारनाथ, महापरिनिर्वाण (प्राण त्याग याना बिज्यागु) जुया बिज्यागु थाय् कुशीनगर थ्व प्यंगू थासय् श्रद्धालुपिं थ्यनीबलय् मनय् गाक्कं स्वां ह्वः । नुग: नं मछिंका च्वनी । थ्व खँ कुशीनगरं बिज्या:म्ह भिक्षु ज्ञानेश्वर महास्थविरं धया बिज्या:गु ख: ।

व प्यंगू नं थासय् चा:हिला स्व:वनेबलय् गुलि बांला ता: । दकसिबे लिपा लुम्बिनी वयेबलय् म्हाइपुसे च्वंगु । आ: थन लुम्बिनीइ नं न्ह्याइपुसे च्वना वल । बर्मा सरकारं, चीन सरकारं, थाइल्याण्ड सरकारं, भियतनाम व जापानं, कोरिया नं विहार चैत्य दयेकाच्वन । भ्रीगु लागी गौरव व न्ह्याइपुसे च्वंगु खँ छु धा:सा महामायादेवी व प्रजापति गौतमी, सिद्धार्थ कुमार व भगवान बुद्ध नापं छगू हे थासय् दुथ्याका: गनं देशय् मदुतालं मन्दिर विहार बनये जूगु दु । थुगु विहार दयेकेत गुहालि ब्यूपिं व बांला: धका: समर्थन याना: लयता:पिं सकलें पुण्यवान्‌पिं ख: । थज्योगु त:धंगु ज्या याये फुम्ह धम्मवती गुरुमांया आयु ताहाक: जुया: ल्वय् छुं मदयेमा धका: सकसिनं नं भिंतुना बीनु ।

**प्रस्तुती- भिक्षु उपतिस्स**, श्रीलंका

*(साभार- 'धर्मकीर्ति' वर्ष-१७, अङ्क-७, बु.सं. २५४३, ने.सं. १११९, कतिं पुन्हि, २०५६)*

Dhamma.Digital

# धर्मया कीर्ति धम्मवती गुरुमां

**■ प्रेमहिरा तुलाधर**

मचाबलय्‌निसें हे बुद्धधर्मय् मन क्वसाःम्ह नेपालय् बुद्धधर्मयात पुनर्जागरण यायेगु लक्ष्य ज्वनाः भिंप्यदँया वैंशय् बुद्धधर्म अध्ययन यायेगु नितिं नेपाः त्वःता बर्माय् बिज्याःम्ह धम्मवती गुरुमांया जन्म वि.सं. १९९१ या असार पुन्हि कुन्हु जूगु खः । मां हेराथकूं व बौ हर्षमान शाक्यया क्वखं जन्म जूम्हं वसपोलया प्रव्रजित जुइ न्हयःया नां गणेश कुमारी शाक्य खः । मचांनिसें हे साहस व धैर्य दुम्ह, तीक्ष्ण बुद्धि दुम्ह, जीवनय् छुं याना क्यने धइगु संकल्प दुम्ह गणेश कुमारी भन्तेपिनिगु प्रेरणा व सहयोगं वि.सं. २००७ साल जेष्ठ ३ गते भिंप्यदँया नच्चागु वैंशय् नं वनेमते धकाः छेँयाः जःपिंसं पनी धकाः सिद्धार्थ कुमारं थें चान्हय् गृहत्याग याना बिज्याःम्ह वसपोल सुरवीरम्ह नेपाःया म्ह्यायम्‌चा खः । थुलि जक मखु बर्मा वनाः बुद्धधर्म अध्ययन यानाः नेपालय् बुद्ध धर्मया प्रचार व अशिक्षित अन्धविश्वासया लँय् वनाच्वंपिं नेपाःया मिसातय्‌त जागरण, उत्थान व चेतना थनेगु तातुनाः कुशीनगरय् प्रव्रजित जुया बिज्यानाः तसकं ग्यानापुगु आसामया जंगलया लंलं बर्मा थ्यंका बिज्यात । न्यासि वनाः हे बर्माया मोलमिन धइगु थासय् थ्यंकाः सन् १९५२ या सेप्टेम्बर १३ तारिख अर्थात वि.सं. २००९ साल भाद्र २९ गते खेमाराम विहारय् प्रवेश जुयाबिज्यात । अन हे च्वनाः बिज्याना न्हापां बर्मीज भाय् व लिपि सयेका विज्यात । अनं लिपा तसकं मेहनत यानाः भिंप्यदँ तक अध्ययन याना बिज्यानाः 'धम्माचरिय' कोर्स पुरा याना बिज्याना सन् १९६२ सेप्टेम्बर २ तारिख कुन्हु (वि.सं.२०१९ भाद्र १७ गते) वसपोलं 'सासनधज धम्माचरिय' परिक्षा पास यानाबिज्यात । वसपोलयात थुगु 'सासनधज धम्माचारिय उपाधि रंगूनया महापासाण गुफाय् जूगु दिक्षान्त समारोहय् लःल्हागु खः । वसपोल विदेशीपिं मध्ये न्हापांम्ह धम्माचरिय पास जुयाबिज्याम्ह खः । थुकथं अति हे दुःख कष्ट सिया बुद्धधर्म अध्ययन यायेगु ज्या पूवनेधुकाः बर्माया हे म

गुणवती गुरुमां व नेपाःया रत्न मञ्जरी गुरुमांपि नापं धम्मवती गुरुमां वि.सं. २०२० साल आश्विन ३ गते नेपाः लिहां बिज्यात । थन वसपालेपिं च्वना बिज्यायेत छुं बन्दोवस्त मदुगुलिं अन थन उपासक उपासिकापिनि छेँय् च्वना बिज्यानाः वि.सं.२०२२ साल वैशाख २६ गते धर्मकीर्ति विहारया निर्माण यायेगु ज्या क्वचायेवं अन हे च्वनाबिज्यात । थुगु विहारय् च्वना बिज्याना बुद्धधर्मया कीर्ति संसारया कुंकुलामय् तकं न्यकेगु उद्देश्य ज्वनाः बुद्धधर्म सम्बन्धी प्रवचन बिइगु व मेमेगु आपालं ज्याभ्वःत थौ तकं न्ह्याका च्वनाबिज्याःगु दु ।

वसपोल छम्ह भ्रीगु समाजय् बांलाःगु ज्या यायेत हःपाः, तिबः व प्रोत्साहन बिया बिज्यानाच्वम्हं प्रेरणाया श्रोत खः । नापं थज्याःगु ज्याय् थः हे न्ह्यब्वानाः ज्याभ्वःत न्ह्याका च्वनाबिज्याःम्ह खः । भ्रीगु देश समाजय् बुद्धधर्म थकायेगु ज्या न्ह्याकेगुलिइ गबलें सुंक च्वना बिज्याःगु मदु । वसपोलं यानाबिज्यागु ज्याखँय् स्वया यंकेगु खःसा वसपोलं छुं ज्या यानाबिमज्या धइगु मदु । आखः ग्वः हे म्हमस्यूपिं मस्त, बुराबुरीपिंत, ब्वंकेगु निसें कयाः गुकथं बुद्ध पूजा यायेगु धइगु स्यनेकने यायेगु, मथूपिंत ध्वाथुइक धर्मया खँ, बाखँत उपमा बियाः कनेगु समाज सुधारया खँ, अन्धविश्वासय् लगेजुइ मज्यू धइगु खँ आदि आपालं धार्मिक व व्यवहारिक प्रवचन बिया थनया आपालं मनूतय्‌त न्ह्यलं चायेका बिज्याःगु दु । मेमेपिं विद्वानपिनिगु न्ह्याक्व खँ न्यंसां वसपोलया प्रवचन मन्यंतले पूमवं थें जुइगु खँ ला सकस्यां अनुभव हे यानाच्वंगु दु । नापं वसपोलया छक्वः जक प्रवचन न्यने धुंकल कि न्ह्याबलें न्यने मास्ती वइगु, अले सकसिगुं नुगलय् न्ह्याब्लें लुमनि कथंया छाप लाका बी फुगु दु, गुगु वसपोलया तःधंगु हे वाकसिद्धिया गुण खः । थज्याःगु गुण भ्री सर्वसाधारण मनूत सकसिके दइगु गुण मखु ।

अले वसपोलं छुं खँ धया बिज्याइबलय् व छु खँ कना बिज्याइबलय् बुद्धिमानपूर्वक सु मनूयात गुकथं खँ ल्हायेमाःगु खः उकथं खँ ल्हानाः सकसिगुं नुगः त्याका बिज्यायेफुगु दु । फलस्वरूप वसपोलं छुं खँ धया बिज्याइबलय् वा भ्री थथे थथे यायेमाल, विहार दयेकेमाल, सफू पिथने माल, गनं चन्दा तयेमाल, विहारय् द्यः तयेमाल आदि न्हयाथें ज्याःगु खँ इनाप यानाः बिज्याइबलय् नं यथार्थ व वास्तविकतायात न्ह्यःने तयाः नाइक धया बिज्याइबलय् सुनानं नाइ नास्ती यायेफुगु मदु । थः थपिं सकस्यां आत्मबोध याना खः खः गुरुमांनं धयाबिज्याःगु पाय्‌छि जू धकाः हे सकसिगुं नुगलय् थाना बिज्याये फुगु दु । उकिं हे यानाः वसपोलं ततःधंगु आपालं ज्या पूवंके फुगु

दु । थुकथं गुरुमां व उपासक उपासिकापिनिगु ग्वाहालिं याना: विहारय् मा:गु बन्दोवस्त यायेगु ज्याया नापनापं थासंथासय् विहार निर्माण यायेगु ज्या न्ह्याकुन्ह्याकुं बिज्यानाच्वंगु दु । थ्व हे भ्वलय् वसपोल वि.सं. २०३० साल कार्तिक 'ध्यानकुटी विहार' दयेकेत आपालं ग्वाहालि बियाबिज्यागु दु । अथेहे 'अन्तर्राष्ट्रिय भावना केन्द्र' शंखमूलय् विहार निर्माण यायेगु ज्याय् नं आपालं योगदान बियाबिज्या:गु दु । नापं बसुन्धराद्वय् विहार दयेकेगु ज्या वि.सं. २०३९ सालय् पूवंका बिज्या:गु दु । अले वसपोलं हे भारतया सारनाथय् 'धर्मकीर्ति नेपाली विहार' नं दयेकाबिज्या:गु दु । अथेहे नेपा:या लुम्बिनी भिक्षुणी संघ अन्तर्गत 'गौतमी विहार' निर्माण यायेगु ज्या वि.सं. २०५१ सालंनिसें शुरू याना: मेमेपिं विदेशीपिनिगु विहारया नापनापं थुगु विहार नं क्वचायेका बिज्या:गु दु । थुकथं थज्या:गु भिंगु बुद्धधर्म संसारय् न्यंका वनेगु ज्याय् वसपोलं गब्लें ल्युने ला:गु मदु । वसपोल छगू आँट याना: ज्या थिया बिज्याये धुंकल कि व पूवंका तुं त्व:ता बिज्याइगु खँ ला: भ्मीसं खनाच्वंनागु हें दु ।

थुलि जक मखु वसपोल बर्मां नेपा: लिहाँ बिज्या:बलय् थौं थें बुद्धधर्म थहां वनाच्वंगु मदुगुलिं थनया मनूतय्त धार्मिक चेतना थना:, तसकं मूवंक व भ्मीगु जीवन सुथांलाक्क न्ह्याकेत मदयेक मगा:गु व्यवहारिक धर्म, बुद्धधर्म, थकायेगु दृढ संकल्प याना: थ्व सम्बन्धी मा:गु तक यायेगु ज्याय् म्हा:, मफु, मत्य:, त्यानु धइगु छुकिंयात वास्ता मतसे ल्हा: न्ह्याकायंका बिज्यात । ब्वने क्वचायेका: बर्मा नेपा: लिहां बिज्या:पिं धम्मवती गुरुमांपिंत थन च्वनेगु विहार मदुगुलिं अनंअनं हितुहिला थौंया धर्मकीर्ति विहार दयेके सिमध:तले स्वथाय् तक च्वना बिज्यायेमाल । थुगु इलय् नं लगमय् मस्तय्त ब्वंकेगु नापं बुद्ध पूजा व बाखं कनेगु ज्या शुरू यानाबिज्याये धुंकल । अनं वि.सं.२०२२ सालं धर्मकीर्ति विहारय् च्वं बिज्यायेवं भतीचा जक उपासक उपासिकापिंत लच्छिया न्याक्व:, गुंला लच्छि बुद्धपूजा व धर्म देशना याना वयाच्वना बिज्या:म्ह वसपोल गुरुमां नं जिक्व: विहारया विस्तार याना बिज्या:सा नं च्वनां च्वनेथाय् मदयेक पिनेपिने च्वना तकं न्यनेमा:गु अवस्था वयेधुंका: नं थुगु ज्याभ्व: थौंतक निरन्तर रूपं न्ह्याका च्वने फुगु धइगु वसपोलया त:धंगु योगदान व बुद्धधर्मया समर्पित जुया बिज्या:गुया चिं ख: ।

नापं न्हापांनिसें थौंतक स:तूथाय् तक छैंय् छैंय् वना परित्राण पाठ, बाखँ कनेगु आदि ज्या यानाहे च्वनाबिज्या:गु दु । न्हापा जूसा न्हिच्छिया हे च्याथाय् भ्मिथाय् बाखँ कंवनेफु तर थौंकन्हय् उलि याये मफुत: अले थौंकन्हय् तत:जा:गु छैं दना: क्वय् क्वय् बालं तया थ:पिं न्यातय् खुतय् च्वंच्वनीगुलिं

स्वाहाने गये हे थाकुया वल धका वसपोलं हे धयाबिज्याःगु दु। थुकथं सुरूसुरूइ थनया मनूतय्त बाखँ कनाः बोध यायेमाःगु इलय् थः न्हयाक्व हे लिमलाक्क व थाकुक्क जुइमाःसां वसपोल च्यूताः तया बिज्याःगु मदु। तर आः वसपोलं बाखं कने सःपिं अनागारिका गुरुमांपिं आपालं तयार याना बिज्याये धुंकूगुलिं थः बिज्याये मलाःथाय् थः शिष्यपिंत बाखं कने छ्वयेगु याना बिज्याःगु दु।

ध्व हे भ्वलय् नेपालय् बुद्ध धर्म दक्वभनं, न्यंका यंकेत थौंया युवकत न्ह्यज्यायेमाःगु वाः चायेकाः बुद्ध पूजाय् वइपिं उपासक उपासिकापिन्त काय् म्हाय्पिं छ्वयाहयते इनाप याःकथं छ्वया हयेगु यासेंलि तीर्थयात्रा ज्याभ्वःत न्ह्याका यंकेगु नितिं ल्यासे ल्याय्म्हतयगु छगू पुचः 'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी या नामं नीस्वनेगु ज्या जुल। गुगु गोष्ठी वि.सं २०२८ साल जेष्ठ ७ गते धम्मवती गुरुमांया अध्यक्षताय् संस्थापन जूगु खः। थुगु गोष्ठी अब्ले निसें थौंतक थःगु उद्देश्य अनुसार मदिक्क ज्याभ्वःत न्ह्याकेफुगुलिइ वसपोल धम्मवती गुरुमांया तःधंगु देन दु। थुगु गोष्ठीया उद्देश्य अनुरूप व्यवहारिक बौद्ध शिक्षाया अध्ययन यायेगु व याकेगु, सफू, पत्रपत्रिका पिकायेगु, स्वदेशी व विदेशी बौद्ध विद्वानपिंत हनेगु, गांगामय् वनाः बुद्ध धर्मया प्रचारया ज्याभ्वः न्ह्याकेगु आदि ज्याभ्वःत न्ह्याकेत भन्ते, गुरुमांपिं उपासक उपासिकापिं व अध्ययन गोष्ठीया सदस्यपिनिगु आपालं ग्वाहालि जुया न्ह्यज्याना च्वंगु खःसा थुकिया मू श्रेय धम्मवती गुरुमांयात हे वनी। गुम्हेस्यां थौंतक मदिक्क थुगु गोष्ठीयात माःगु तक ग्वाहालि, संरक्षणयानाः थुगु गोष्ठी थकायेगुलिइ च्यूता कया सक्रिय रूपं ज्या याना च्वनाबिज्याःगु दु।

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया उद्देश्य कथं ज्या न्ह्याका यंकेत हप्ताय् छक्वः बौद्ध शिक्षाया कक्षा सञ्चालन यानाः अध्ययन गोष्ठीया सदस्यपिंत व्यवहारिक बौद्ध ज्ञान अध्ययन याकेगु निंतिं थौंतक थीथी बौद्ध विद्वानपिनिपाखें व थःम्हं कक्षा संचालन याना वया च्वनाबिज्यागु दु। थथेहे मेगु उद्देश्य कथं स्वदेशी व विदेशी बौद्ध विद्वानपिंत स्वागत, सत्कार यायेगु ज्याभ्वःत आःतक इलयव्यलय् याना वयाच्वंगु दु। थुगु ज्याया नितिं नं धम्मवती गुरुमांपाखें माःगु ग्वाहालि बिया वया च्वनाबिज्याःगु दु।

अथेहे थुगु गोष्ठी नीस्वने धुंकाः लिपाया दँ निसें धर्मकीर्ति नांया पत्रिका वि.सं. २०२९ सालनिसें वि.सं २०४० बैशाख तक दँपौ जुयाः, अनं लिपा २०४२ बैशाख तक निलापौ, जुयाः अन लिपा २०४२ सालया असारं निसें थौंतक लय्पौ जुयाः पिदनाच्वंगु थुगु पत्रिकाय् वसपोल धम्मवती गुरुमां प्रकाशक व विशेष सल्लाहकार जुया बिज्यानाच्वंगु दु।

थथेहे वसपोल बुद्ध धर्म सम्बन्धी आपालं हे सफूत च्वया बिज्यानाः नेपाःया बौद्ध साहित्यया धुकू जायेका बिज्याःगु दु। वसपोलया गुलि नं सफुत पिदन व फुक्कं हे नेपालभाषां च्वयाबिज्याःगु खः। नेपाली पिदंगु सफुत फुक्क अनुवाद जुयाः पिदंगु खः। थुकथं आपालं हे बुद्धधर्म सम्बन्धी नेपालभाषाया सफू च्वया बिज्याये धुकुगुलिं वसपोल नेपालभाषा साहित्यया छम्ह धर्म दर्शन सम्बन्धी सफू च्वया बिज्याइम्ह च्वमिकथं नां तये धुकूगु दु। वसपोल गुरुमां छम्ह साहित्यकार मखुसे बुद्धधर्म थकायेगु लक्ष्य ज्वनाः थःम्ह स्यूगु च्वयेगु ज्या यानाबिज्याःम्ह खःसां नं वसपोल नेपालभाषाया साहित्यक व्यक्तित्व जुयाबिज्याःगु दु। नेपालभाषा आःतक न्ययछगू (५१) व नेपाली अनुवाद जुया भिंच्यागु (१८) वसपोलया सफूत पिदनेधुकूगु दु। बुद्धधर्मया खँ दुथ्याःगु हे सफू जूसां थुलिमछि सफू च्वया बिज्याःम्ह वसपोल गुरुमां नेपालभाषा साहित्यया मिसापिं च्वमिपिं मध्यय् सफू च्वयेगुलिं दकलय् च्वय्या भ्वलय् लाःगु दु। उकिं नेपालभाषा साहित्यया इतिहासय् नां जायेधुंकूम्ह वसपोल गुरुमां छम्ह भ्री सकस्यां ल्वःमंके मफइम्ह अमरम्ह च्वमि खः। अभ्क नं वसपोल गुरुमांपाखे नेपालभाषा साहित्यया ख्यः तःमि यायेगु निंतिं बुद्धधर्म सम्बन्धी स्यस्यलाःगु सफू पिकया बिज्याइ धइगु विश्वास कायेफु।

नेपालभाषा साहित्यय् थज्याःगु हे उल्लेखनीय ज्या याना बिज्यानाच्वंम्ह धम्मवती गुरुमांयात हनेकथं नेपालभाषा ख्यःया नांजाःगु छगूं संस्था नेपालभाषा परिषद्पाखें ने.सं. ११११ या भाषा थुवाः उपाधी छायेपीगु खँ ने.सं. १११९ ञलाथ्व ५ या सन्ध्या टाइम्स न्हिपौया बुखँय् पिदंगु दु। वसपोलं नेपालभाषा क्षेत्रय् सफू, च्वसु च्वयेगु बाखँ कनेगु व नेपालभाषा बाखँ कनेफुपिं तःम्ह मछि अनागारिकापिं तयार याना बिज्याःगु अले १३५ गू मछि नेपालभाषाया सफू प्रकाशन याना बिज्याये धुंकुगुलिं वसपोलं यानाबिज्याःगु थपाय्मछि धंगु ज्याया कदर यानाः थुगु उपाधि लःल्हायेगु क्वःछिउगु खः।

थथेहे गांगामय् वनाः धर्म प्रचार याःवनेगु ज्या नं वसपोल तःधंगु जिम्मेवारी कयाः वनीपिं सकसितं बस, नये, त्वने, च्वनेगु व्यवस्थाया भाला कया बिज्यानाः स्थानीय मनूतय्त बुद्धधर्म सम्बन्धी प्रवचन बिया वनाथाय् तक्क अनया मनूतय्गु मन त्याके फुगु वसपोल गुरुमां बुद्ध धर्मय् दुग्यंक ज्ञान दुमह छम्ह योग्यम्ह बाखं कनेगुलिइ सक्षमम्ह धइसगु खँ छर्लंग सीदु। थुकथं नेपाःया गांगामय् वनाः बुद्ध धर्मया प्रचार अले बौद्ध शिक्षाया निंतिं ज्याभ्वःत जक न्ह्याका बिज्याःगु मखु इलय व्यलय बौद्ध तिर्थस्थलया भ्रमण याकेगु निंनिं तिर्थयात्रा आयोजना यायेगुली नं धम्मवती गुरुमांया तःधंगु ल्हाः दु। छक्वः

छक्व: यका बिज्याइबलय् हे सलस: तिर्थयात्रीत यंकेत थ:म्ह फुक्क जिम्मेवारी कया: न्हयाथेंज्या:गु समस्या व:सां थ:गु ज्या पूवंका बिज्याइ । आ:तक वसपोलया नेतृत्वय् भारत, बर्मा, श्रीलंका, थाइल्याण्ड, मलेसिया, सिंगापुर, ताइवान आदि थासय् तिर्थयात्राया आयोजना यानाबिज्याये धुंकूगु दु ।

नापं ध्यान च्वनेगु धइगु छु, गथे, छाय् धका: मस्यूपिं थनया मनूतय्त थ्व ध्यान च्वनेगु बारे आपालं स्यनेकने याना: ध्यानया अभ्यास नं याका बिज्या:गु दु । अले मिसामस्तय् भिंनिन्हु तक क्वथाय् कुना बाह्रा तयेगु चलनयात उकिया सट्टा वसपोलं विहारय भिंनिन्हु च्वनेगु ऋषिणी प्रवज्याया: ज्याभ्व:त न्हयाका बिज्या:गु दु । थ्व ऋषिणी प्रव्रजित जुया च्वनेबलय् गुरूवस्त्र तीका: भिंनिन्हु तक बौद्ध शिक्षा, अध्ययन याका: अष्टशलि नं पालन याकी । थथे ऋषिणी जुया च्वनीबलय् छेँय् बाह्रातयेबलय् मिसा मस्तयत वइगु थीथी समस्या जक ज्यनीगु मखंसें बौद्ध शिक्षा नं अध्ययन यायेगु अवसर नं चूलाइगुलिं इपिं अनं त्व:ता: वना: लिपा थ्यंकं बुद्धधर्म प्रति मन क्वसा:गु खने दु । अले थौकन्हय्या लिमला:गु इलय् थाय्या समस्या जुइपिंत व ह्व: हे मदुगु क्वथाय् कुना: मस्तय्त स्वास्थ्यय् असर लाइगु आदि समस्यात मदइगु व न्ह्यागु इलय् नं च्वंवने ज्यूगुलिं याना: थजा:गु ज्याभ्व: आपा:सिनं ययेका हयाच्वंगु दु । वसपोलं थुगु ज्याभ्व: दकलय् न्हापां वि.सं. २०२३ साल निसें न्ह्यका बिज्या:गु ख: । थौंतक दुने वसपोलं द्वलंद्वलं मल्याक मिसा मस्तय्त ऋषिणी प्रवजित याना बिज्याये धुंकूगु दु ।

थुकथं प्रव्रजित जुया: न्यय्दँ दुने नेपा:या बौद्ध ख्यलय् थुलिमछि उल्लेखनीय ज्या यानाबिज्याये धुंकूम्ह वसपोल गुरुमां भ्भीगु देय्या हे थीगु व्यक्तित्व दुम्ह छम्ह नेवा: मिसा ख: वसपोल भ्भीगु नेपा: देशय् क्वहां वनाच्वंगु बुद्धधर्मयात च्वन्ह्याका यंकेत बुद्धधर्म सम्बन्धी थी थी ज्याय् थ: हे सक्रिय जुया: आपालं मनूतय्त नं संलग्न याकाबिज्या:गु दु । थुकथं थेरवाद बुद्धधर्म थकायेगु नितिं विभिन्न ज्याखँ न्ह्याका यंकेत उत्साह कया न्ह्यज्याना बिज्यानांच्वंम्ह छम्ह न्ह्यलुवा: मिसा ख:। वसपोल थ:गु ज्याय् तसकं मेहनतीम्ह, लगनशीलम्ह सकसितं ययेक न्ववाना बिज्याइम्ह, मस: मस्युपिंत थ्वाथुइक कनाबिज्याइम्ह शास्त्रार्थ या:व:पिं नापं सामना यायेफुम्ह, सुभ्भाव व सल्लाह बिया: छगू निर्णयलय् थ्यंकेफुम्ह न्ह्यागु ज्या थिइ धुनकि पूवंका बिज्याइम्ह वसपोल राष्ट्रिय व अन्तर्राष्ट्रिय क्षेत्रय् तकं नां जायेधुंकम्ह व्यक्तित्व ख: ।

वसपोल थीथी राष्ट्रिय व अन्तराष्ट्रिय बौद्ध सम्मेलनय् भाग कया:

बिज्याना: अमेरिका,जापान, क्यानाडा, कम्बोडिया, ताइवान, थाइल्याण्ड, हंगकंग, सिंगापुर, मलेशिया, भारत, श्रीलंका आदि विभिन्न देशय् भ्रमण याना बिज्याये धुंकूगु दु । थुगु संसारय् जन्म काये धुसेलिं भीसं थ:के दुगु ज्ञान मेपिंत इना थकेमा धइगु धारणा दुम्ह अले अल्सी मचासे न्हयज्यां वन धा:सा मिस्तयूसं नं न्ह्यागुं ज्या यायेफु, मिजंतयूस याये मफुगु ज्या यायेफु, धइगु खँ प्रमाणित याना: क्यनाबिज्या:म्ह छम्ह नेपा:या अग्रज मिसा ख: ।

नेपालय् बुद्धधर्म थकायेत व संसारय् हे बुद्धधर्म न्यंकेत वसपोलं याना वया च्वनाबिज्या:गु ज्याखँयात ध्व छपु च्वसु व्यक्त याये फइगु मखु । अथेसां थौंतक वसपोलं बिया वयाच्वना बिज्या:गु योगदानया आधारय धायेगु ख:सा वसपोलया आदर्शयात भी सकस्यां अनुसरण याये बह:जू । नापं बर्माय् अध्ययन याना बिज्याना: नेपालय् बुद्धधर्म प्रचार याना बिज्या:गुलिं बर्मी सरकारपाखें सन् १९९२ या जनवरी ४ तारिखकुन्हु वसपोलयात 'अग्गमहागन्थवाचक पण्डित धइगु पदवीं छायेपिल । अथेहे नेपा:या बुद्धधर्मया क्षेत्रय् उल्लेखनीय योगदान बिया बिज्या:गुलि स्वयम्भू ज्ञानमाला भजन खल: पाखें वि.सं. २०५२ साल पौष २३ गते 'रत्नव्रत सिरपा:' ल:ल्हा:गु दु ।

थुकथं छु माध्यमं, गुगु लँपु लिना वंसा बुद्धधर्म सकभनं न्यनावनीगु ख: धर्मया कीर्ति फैले यायेफइगु ख: उकथंया फुक्क धैथे ज्याय् उत्साहित जुया: वसपोलं न्ह्यज्याना बिज्यानाच्वंगु दु । छगू धार्मिक क्रान्ति हया बिज्या:गु दु । वसपोलया मनंतु थे बुद्धधर्म प्रचार जुया वनीगु आ: स्वयां नं तीव्र गतिं न्ह्याना वनेमा: अले भी सकस्या वसपोलयात मा:बलय् मा:कथं न्ह्याब्लें ग्वाहालि बिया वने फयेमा । गुरुमां व शिष्यपिं धाये वा न्ह्यलुवा: व ल्यूल्यू वइपिं धाये वा भिक्षुणी व उपासक उपासिकापिं धाये न्हयागु धा:सां याये मफइगु छुं मदु । न्हापा स्वया धम्मवती गुरुमां बिज्यायेधुंका, नेपा:या बुद्धधर्मय् गुलि हयूपा: व:गु ख: अभ ध्व स्वया नं बुद्ध बूगु देय् नेपा:या देशय् बुद्धधर्म च्याका यंकेत वसपोलया पला:दी मखु धइगु भीस विश्वास कायेफु । थुलिमछि गुणया धनी, ग्यसुग्यंम्ह व धिसिला:म्ह बहुप्रतिभाशाली धम्मवती गुरुमांया नापं च्वनेदुगु भी सकसिगु भाग्य ख: । थज्या:म्ह गुरुमां प्रवज्या जुया बिज्या:गु न्ययदँ (५०) पूवंगु लसताय् दीर्घायुया कामना यासें भिंतुना देछाया च्वना ।

*(साभार: सन्ध्या टाइम्स:, बु.सं. ११११९ कौलागा १, २०५६ कार्तिक ८)*

# स्नेही छोरी बनिन् सबैकी गुरुमां

पवित्र बौद्ध ग्रन्थ 'त्रिपिटक' अध्ययनका लागि म्यान्मार (बर्मा) जान जिद्दि गरिरहेकी आफ्नी छोरीलाई आमा हेराथकूँ शाक्यले अनागारिकाराम (भिक्षुणीको आवास) मा बसेर अध्ययन गर्नका लागि घर त्याग गरी कपाल काटी पहेंलो चीवर लगाएर अनागारिका बन्न पर्ने बताइन् ।

कपाल काटेर अनागारिका बन्ने प्रसंग आउँनासाथ गणेशकुमारीका हात अनायासै आफ्ना कालो, लामो र राम्ररी कोरेर चुल्ठो पारेको कपालमा चिप्लिन पुगे । सौन्दर्यका अभिन्न अंग बनिसकेको त्यो चुल्ठो काट्नुपर्ने कुरा सम्झनासाथ उनी एकपल्ट अकमकाइन् । केही छिनमै आफ्नो मनको कमजोरीलाई लत्याउँदै दृढ स्वरमा आमासँग भनिन्, बुद्धधर्म पढ्न पाइन्छ भने म अनागारिका पनि हुन सक्छु । बच्चा-बच्ची पाएर घर-जञ्जालमा फस्नुभन्दा धर्मकर्ममा लाग्नु नै कल्याण छ भनेर तपाईले नै भन्नु भएको हो इन र ? म अनागारिका नै हुन्छु, आमा !"

म्यान्मारका भिक्षु तिलोकञाण महास्थविर 'र वे थ्वं' द्वारा लिखित, मो तीकाजी शाक्यबाट अनुवादित भिक्षुणी धम्मवतीको वास्तविक जीवनमा आधारित 'स्नेही छोरी' उपन्यासको यो एउटा प्रसंग हो । 'स्नेही छोरी'की नायिका अहिले राजधानीको मुटु नःघल टोलस्थित धर्मकीर्ति विहारमा ' धम्मवती गुरुमां'का रूपमा बुद्ध शासनको ध्वजा फहराउन निरन्तर क्रियाशील छिन् ।

चौध वर्षको कलिलो उमेरमा आफ्नो सुन्दर चुल्ठो काटेर चीवर पहिरिन तयार ती बालिका अहिले चौसठ्ठी पुगिन् । पवित्र चीवरमा शान्त एवं ज्ञान र ध्यानले धपक्क बलेकी ती भिक्षुणीलाई देखेर जोसुकै पनि नतमस्तक हुन्छन् । उनीबाट प्रवाहित स्नेहका किरणबाट आफूलाई शीतल बनाउँदै धर्म-कथा सुन्नका लागि उपासकहरूको भीड लाग्छ । जन्मदेखि

मृत्युसम्मका आम मानवीय क्रियामा उनी धार्मिक उपदेश दिएर उपासकहरूको यो लोक र परलोक दुबै सुधार्न कोशिश गर्छिन् ।

बुद्धधर्म शास्त्रकी पण्डित भिक्षुणी धम्मवतीले म्यान्मारमा कठिन परिश्रमपूर्वक 'शासनध्वज धम्माचरिय' उपाधि हासिल गरेकी छिन् । यो उपाधिको अर्थ हो, बुद्ध शासनको ध्वजा फहराउन सक्षम । उनी भिक्षुणी भएकै ५० वर्ष पुगिसकेको छ । यसै उपलक्ष्यमा चार दर्जनजति बुद्ध धर्मावलम्बी संस्थाहरूले उनलाई हालै धर्मकीर्ति विहारमा सम्मानित गरेका छन् ।

सफलताको यो शिखरमा आइपुगेर हेर्दा उनले बौद्ध शास्त्रको अध्ययनका लागि गरेको संघर्ष कुनै काल्पनिक कथाजस्तै लाग्छ । छोरी मान्छेले बाहिरी दुनियाँ हेर्नका लागि 'तिकिझ्याः' (आँखीझ्याल) बनाइने राणाकालीन उपत्यकाको नेवार समाजबाट एउटी महिला सयौं डाँडा काटेर म्यानमारमा पुग्नु कम साहसको कुरा थिएन ।

पाटनको रूद्रवर्ण महाविहार, ओकुवहालमा वि.सं.१९९१ साल असार पूर्णिमाका दिन जन्मेकी गणेशकुमारी शाक्यले घरमै बुद्ध शिक्षाको प्रारम्भिक अध्ययन भिक्षु बुद्धघोष महास्थविर र म्यान्मारका भिक्षु धम्मावुधबाट लिएकी थिइन् । त्यतिबेला विदेशी भिक्षु धेरै दिनका लागि आउँदैनथे । शिवरात्रिका बेलामा आएका भिक्षु र योगीहरूले केही दिनमै फर्कनु पर्थ्यो ।

म्यानमारका भिक्षु धम्मावुधले केही दिन रूद्रवर्ण विहारमा रहेको बेलामा धार्मिक प्रवचन गरेका थिए । केही दिनको प्रवचनपछि धम्मावुधले सोधेका थिए, 'यो देशमा सबैभन्दा दुःखको कुरा के छ र सबैभन्दा ठूलो सुखको कुरा के छ ?' उनको प्रश्नको जवाफ दिन कसैले हिम्मत गरेन । तर, श्रोताहरूको छेउबाट एउटा मधुरो स्वर निस्कियो, 'भन्ते ! देशको सन्दर्भमा भन्ने हो भने जहाँसम्म मलाई लागेको छ, हाम्रो देशमा त्यस्तो अत्यधिक दुःखको कुरा केही पनि छैन । तर मेरो आफ्नो व्यक्तिगत सन्दर्भमा भन्ने हो भने, मैले आफूले चाहेजस्ता बौद्ध ग्रन्थहरू अध्ययन गर्ने अवसर हाम्रो देशमा छैन । यही नै सबैभन्दा ठूलो दुःख छ ।'

यो जवाफ दिने अरू कोही थिएन, तिनै १४ वर्षीया गणेशकुमारी थिइन् । उनले ती बालिकालाई आफू नजिक बोलाएर सबै कुरा सुनिसकेपछि म्यानमारमा यस्तो अध्ययन गर्न सकिने बताएका थिए । बर्मी भिक्षुबाट यति थाहा पाएपछि उनले त्यहाँ गएर बौद्ध ग्रन्थको अध्ययन गर्ने आफ्नो इच्छा तीव्र पारेकी थिइन् । थेरवादी बुद्धधर्ममा लागेकी उनकी आमालाई उनलाई म्यानमारमा पठाउने इच्छा भए पनि उनका बाबु हर्षमान शाक्य आफ्नी

एकलौटी छोरीलाई पठाउन चाहेको थिएन । काठमाडौंबाट कुशिनगर, अनि त्यहांबाट बर्माको मोलमिनमा ठूलो संघर्ष गरी पुगेकी थिइन् । घरबाट हिंडेदेखि त्यहाँ पुगुञ्जेलमा एक वर्ष बितिसकेको थियो।

म्यानमारमा एकजना नेपाली केटी बर्मी भिक्षुले भगाएर ल्याएका छन् भन्ने हल्ला चल्यो । उनले जेलमा समेट थुनिनु परेको थियो । यावत हण्डर खाएपछि अन्ततः २००९ साल आश्विन 'खेमाराम नन्स स्टडी सेन्टर' मा उनी अध्ययनका लागि भर्ना हुन पाइन् । पैदल भ्रमण गरी म्यानमार पुगेकी उनले अध्ययन पूरा गरेपछि जहाज चढेर २०२० साल असोज ७ गते नेपाल फर्कन पाएकी थिइन् । त्यसको दुई वर्षपछि उनले धर्मकीर्ति विहार स्थापना गराएकी थिइन् ।

नेपालमा पुरूष भिक्षुको परम्परा अलि पुरानो भए पनि महिला भिक्षुणीको इतिहास त्यति लामो छैन । केटाकेटी अवस्थादेखि नै समर्पित भई शीलवती भिक्षुणी बन्ने धम्मवती नै प्रथम हुन् । 'पहिले वृद्ध भएपछि, श्रीमान्को मृत्यु भएपछि र घर परिवारबाट दिक्क भएपछि मात्र भिक्षुणी हुने गरेका थिए' उनी भन्छिन् । अहिलेसम्म नेपालमा करिब तीन सय महिला भिक्षुणी रहेका छन् ।

बुद्धधर्मको विशेषता नै के छ भने जति अधिकार पुरूषलाई प्राप्त छ त्यति नै अधिकार महिलालाई पनि छ । 'क्रिश्चियन धर्ममा नारीले विसपको पद हासिल गर्न सकेका छैनन् । बुद्ध धर्ममा सारिपुत्र र मौदगल्यायन पुरूषको पंक्तिमा बुद्धको नजिक रहनु भएको थियो भने नारीतर्फ खेमा र उप्पलवण्णा पनि उत्तिकै अग्रसर हुनु भएको थियो', श्रीलंकाका ओके गुणशेखरले एक ठाउँमा लेखेका छन् ।

अचेल महिला भिक्षुणी बन्न चाहनेको संख्या निकै ठूलो छ । तर चाहना हुँदैमा सबैले यो मौका पाउँदैनन् । 'भिक्षुणी बनाएर मात्र हुँदैन उनीहरूका लागि पढाइको व्यवस्था गर्नु र विदेश पठाउनु पर्ने हुन्छ, धेरैलाई यो व्यवस्था गर्न सकिन्न' उनी भन्छिन् । जसकसैले यो कठोर साधना गर्न पनि सक्दैनन् । उनका अनुसार भिक्षुणी बन्न आउनेहरूलाई छ महिनासम्म खैरो पहिरहनमा विहारमा राखिन्छ । साधकको आचरण लगनशीलताको परीक्षा लिएर उतीर्ण हुनपर्दछ ।

*(साभार: कान्तिपुर कोसेली, वि.सं. २०५६, कार्तिक)*

# भिक्षुणी धम्मवती म्हसीके

■ लोचन तारा तुलाधर

थौकन्हय् वसपोल ६४ दँ क्यनाच्वंगु दु अले वसपोल गृहत्याग या:गु थनिं न्ययद्‌ँ न्ह्य: ख: । आ: हे ला भ्रीथाय् देशय् शिक्षाया विकास च्वमन्ह्या:नि धासेंलि न्ययद्‌ँ न्ह्य:या अवस्था गज्या:गु जुइ भ्रीसं याउँक हे अनुमान यायेफु । ख: स्कूल कलेज धयागु स्वयेमनंनिगु ई ख: । तर अज्या:गु इलय् बौद्ध धर्म सम्बन्धी उच्च शिक्षा कायेत गृहत्याग या:म्ह भिंप्यदँया क्यातुम्ह किशोरी सु ख: ले ? यौवनावस्थायागु नयेगु, तीगु रहर यायेगु ब्याक्कं इच्छा वांछ्वया: सँ पाचुक खाना: प्रवज्या ग्रहण या:म्ह सु ले ? वसपोलयात म्हसीकेगु धयागु हे नं छगू त:धंगु उपलब्धी ख: । वसपोल ख: – भिक्षुणी धम्मवती । आ: स्वयेनु भिक्षुणी धम्मवतीया जीवनी –

बौं हर्षमान शाक्य व मां हेराथकुं शाक्यया कोखय् बि.सं. १९९१ य् गणेशकुमारीया जन्म यलय् जूगु ख: । राणा शासनकालय् मिसातय्‌सं आख: ब्वने मजिउगु इलय् बाल्यकाल बिते या:म्ह गणेशकुमारी सदां ज्ञानया ज: मालेत जक कुत: याइम्ह जुयाच्वन । छेँय् नं उस्त ब्वनेगु वातावरण मदु, अय्नं यलय् सुमंगल विहारय् बर्मायाम्ह भन्ते व बुद्धघोष भन्ते नं न्ययम्ह ख्वीम्ह मस्तय्‌त आख: ब्वंकेगु यानाच्वंगु जुयाच्वन । गणेशकुमारी आख:ग्व: म्हसीकेगुनिसें विद्यारम्भ थन बुद्धघोष भन्ते व प्रज्ञानन्द भन्तेपाखें यानाकाल । लिपा बुद्ध पूजा लोकनीति, अभिधर्म, परित्राण आदि नं अर्थ सहित सयेका काल । थुकथं थन वं पाली भाय् व बुद्धधर्मया प्रारम्भिक ज्ञान सयेका काल । विहारय् वनाच्वँच्वं हे थन धम्माबुध नांम्ह बर्मी भन्तेनं गणेशकुमारी सहित मे पिन्त स्वला तक बुद्धधर्म सम्बन्धी शिक्षा बिल । उलि जक मखु, बुद्धधर्म सम्बन्धी उच्च शिक्षा कायेगु ख:सा अनागारीका जुया बर्माय् अनागारीकारामय् वना: ब्वंवने जिउ धयागु खँ धम्माबुध भन्तेपाखें सिल । थ:गु

देशय् प्रशस्त शिक्षा काये मखंगुलिं हीमी चायाच्वंम्ह गणेशकुमारी बर्मा वनाः अनागारीका जुयाः बुद्धधर्म सम्बन्धी उच्च शिक्षा कायेगु दृढ संकल्प यात । तर मिसा जुयाः उगु बखतय् छैं त्वःताः विदेशय् ब्वंवनेगु धयागु ख्याः खँ मखु । न उबले यात्राया बालाःगु व्यवस्था दु न देश विदेश प्रति संचार माध्यम हे बालाः । उकिसनं प्यम्ह काय्मस्तय् दथुइ याकःम्ह्याय् जुयाच्वंम्ह गणेश कुमारीया लागि पारिवारीक बन्धन अलग हे तिनि । अन्तय् विभिन्न संघर्ष यानाः थः अबुं मसीक बिसिउँ वनाः गृहत्याग यात । तर गणेशकुमारीया थ्व अभिनिष्क्रमणय् वयाः मां हेराथकुया ल्हाः दु । हेराथकुं थः स्वयं बुद्धधर्मय् तःधंगु आस्था दुम्ह अले विहारय् वनाः ज्ञानया खँ न्यना जुइम्ह खः । वय्कलं गणेशकुमारीया निर्णययात पाय्छि भाःपियाः यलयापिं हे थः पासाया म्ह्याय्पिं निम्ह मनोहरादेवी शाक्य व शुभलक्ष्मी शाक्य सहित कुशिनगरय् अनागारिका जुइगु खँ स्वीकार याःगु खः । खय्तला अबु हर्षमान नं बुद्धधर्मय् आस्था दुम्ह हे खः । अय्नं अबुया क्वातुगु स्नेहं त्याग याये मफयाः जक पनाच्वंगु खः ।

बि.सं. २००६ असार (१६ मे, १९५०) कुन्हु छैं त्वःताः कार्त्तिकपाखे ऊ चन्द्रमणि महास्थविरपाखें प्रव्रजित जुयाः 'धम्मवती' जुल । थनं लच्छि यात्रा आरम्भ यात । भिसा व पासपोर्ट मिलय् मजूगुलिं यात्राया विकल्प साधन मदयाः वसपोलपिं आसाम नागाल्याण्डया जङ्गलं दथुदथुं न्यासि हे वनाः यात्रा शुरु याःगु खः । वसपोलया गृहत्यागनिसें बर्मायात्रा तकया विस्तृत खँ वसपोलया जीवनी सम्बन्धी उपन्यास सन् १९६३ य् "तमी छेत"य् दु, गुकिया च्वमि बर्मी महास्थविर "र वे थ्वं" खः । थ्व सफू नेपालभाषा "योम्ह म्ह्याय्" नामं २०२७ बि.सं.सालय् पिदंगु दु । थुकिया अनुवादक भिक्षु ज्ञाणपुण्णिक खः । थ्व अनुवाद सफूया लागि भन्ते वसपोलयात "श्रेष्ठ सिरपा" लं छायेपिउगु खः । थ्व सफू हाकनं नेपाली भासं "स्नेही छोरी" नामं बि.सं. २०४७ सालय् मोतीकाजी शाक्यपाखें अनुदित जुयाः पिदंगु खः । अथे हे हानं बि.सं. २०४९ सालय् "अनागारिका धम्मवती" सफू पिहांवःगु दु । थुकिया च्वमि रत्न सुन्दर शाक्य खः । बर्माय् उच्च शिक्षा कायेगु विहारय् भर्ना मजूतलेयात दुने वसपोल रंगुनया उ साल्वीं धाःम्हेसिगु भाषा व लिपिइ दक्षता प्राप्त यात । अनंलि धम्मावुध भन्तेया सिफारीसय् मोलमिन शहरया अतिकं नांजाःगु 'खेमाराम' विहारय् प्रवेश जुइ दत । खेमाराम विहारय् प्रवेश जुयाः सेप्टेम्बर, १९५२ या न्हापांगु दँय् हे प्रथम श्रेणीइ प्रथम जुयाः अन विहारय् बयबय् जुल । थुकथं सन् १९५८ तक विभिन्न तहःया जाँचय् बांलाक पास जुयाः छम्ह नेपाली छात्राया बिस्कं प्रशंसा जुल । अय्नं थुलिमछि परीक्षाय् पास जुलं नं

वसपोलयात लुमदं । वसपोलया दक्कलय् तःधंगु पाली तक्षशिला परीक्षाया जाँच "शासनध्वज धम्माचरीय" पास यायेगु तःधंगु अभिलाषा दनि । थ्व 'धम्माचरीय' उपाधि अःपुक काये दइगु पत्ति मखु । आपाः थें विदेशीतय्सं पास याये हे मफु । अयनं तसकं मेहनत व लगनशीलताया सिरपाःकथं सन् १९६२ इ वसपोल "सासनधज धम्माचरीय" पास याःम्ह न्हापांम्ह नेपाःमि (उगु उपाधि दुम्ह) जुयाबिज्यात । रंगूनया महापाषाण गुफाय् विशाल जन समूहया न्ह्यःने सन् १९६२ दिसेम्वर २ कुन्हु "शासनध्वज धम्माचरीय" या तःजिगु उपाधि ग्रहण यानाबिज्यात । "शासनध्वज धम्माचरीय"या अर्थ बुद्ध शासनया ध्वाँय् ब्वयेकेफुम्ह धाःगु खः ।

बर्माय् अध्ययन याये गाकाः थः सहयोगीपिं बर्मी गुरुमां मां गुणवती व रत्नमञ्जरी गुरुमां सहित थःगु मातृ भूमि नेपालय् धर्म प्रचार यायेगु उद्देश्य ज्वनाः लिहांबिज्यात । थ्व सन् १९६३ (बि.सं. २०२०) सालया खँ खः । नेपाः थ्यनेवं गुरुमांपिन्त च्वनेगु थाय्बाय् मिले मजूतले थः गृहस्थबलय् यागु छेँय् हे च्वनाबिज्यात । लिपा उखे थुखे बासं च्वँच्वं थः मांअबु व श्रद्धालु उपासक उपासिकापिनिगु ग्वाहालि श्रीघः बहालय् धर्मकीर्ति विहार स्थापना याना बिज्यात । बि.सं. २०२२ साल बैसाख २६ गते शनिवाःकुन्हु थ्व विहार या उद्घाटन जूगु खः । थ्व विहारया माध्यम हे धम्मवती गुरुमांमं थःगु कार्यक्षेत्र शुरु यानायंकल । आ स्वयेनु गुरुमामं नेतृत्व यानाबिज्याःगु विभिन्न कार्यक्रम –

**धार्मिक क्षेत्र** :

धार्मिक क्षेत्रय् न्हापांगु पलाः बुद्ध पूजा यायेगु स्यनाबिउगु खः । धर्मकीर्ति विहारया स्थापना निसें आतक नं संल्हु, पुन्हि, औंसी व अष्टमी निकः नियमित रुपं बुद्ध पूजा जुयाच्वंगु दु । बुद्ध पूजा धुंकाः जुइगु धर्मदेशनाय् न्हापा न्हापा ला धम्मवती गुरुमां याकःचां जक बाखं कनीगु खः । आः वयाः गुरुमांया निर्देशनय् मेमेपिं गुरुमांपिं नं धर्मदेशना यायेगुलिइ सक्षम जुयावल । मस्तय्त बुद्धया शिक्षा बीगु अनिवार्यतायात बिचाः यानाः मस्तय्त बौद्ध शिक्षा बीगु क्लास तयाः मेमेपिं गुरुमांपिंन्त ज्या बियाबिज्यात । बौद्ध शिक्षा अध्ययनया नाप नापं अभ्यास नं यायेमाःगु लक्ष्य तयाः इलय् ब्यलय् बर्माया नांजाःपिं ध्यान गुरुपिं निमन्त्रणा यानाः ध्यान शिविरया कार्यक्रम आतक इलय् ब्यलय् न्ह्याका वयाच्वंगु दु ।

भगवान बुद्धं प्रशंसा याना बिज्याःगु प्यंगू संवेजनीय थाय् (लुम्बिनी, बोधगया, सारनाथ व कुशिनगर) य् तीर्थयात्रा वनेगु क्रम नं धम्मवती

गुरुमामं याना बिज्यात । थुकिया शुरुवात बि.सं. २०३० सालं जूगु खः । उकी मध्ये चारधाम जक मखसें बर्मा, थाइल्याण्ड, श्रीलंका, मलेशिया, ताइवान आदि विभिन्न बौद्ध देशय् नं तीर्थयात्राया आयोजना जुयावं वनाच्वंगु दु । बि.सं. २०२८ सालय् धम्मवती गुरुमांया अध्यक्षताय् युवातय्गु लागि "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" या स्थापना जुल । भिक्षु अश्वघोष महास्थविरया सक्रियताय् थ्व अध्ययन गोष्ठीया सदस्यतय्सं आतकं हप्ताय् छक्वः कार्यक्रम तयाः सञ्चालन यानाच्वंगु दु । थ्व गोष्ठीया स्थापना जुइ धुंकाः येँ पिने नेपाःया विभिन्न थासय् धर्म प्रचार, धर्मदेशनाया कार्यक्रम न्ह्याकाच्वंगु दु । गथे किः बनेपा, त्रिशुली, नमोबुद्ध, बुंगमती, खोकना, श्रीखण्डपुर, नाला, धर्मस्थली, चोभार, चापागाउँ, मत्स्यगाउँ, मणिलिङ, मणिचूड, ख्वप, खोकना, पोखरा, तानसेन, धरान, नारायणगढ, धनकुटा, हेटौंडा, लुम्बिनी आदि । थुपिं फुक्क थासय् वनेबलय् गुरुमां स्वयं संलग्न जुयाच्वंगु दु ।

**सामाजिक क्षेत्र :**

सामाजिक क्षेत्रय् वसपोलया योगदान विषय थुकथं खँ न्ह्यथने – मिसा मस्तय्त भ्रिनिन्हु तक कोथाय् कुनाः बाःन्हाः तयेगु ज्याया बिकल्प कथं ऋषिनी प्रबज्याया ज्याभ्वः न्ह्याकाबिज्यात । ऋषिनी प्रवज्या धयागु गेरु वसः पुनाः अष्टशीलय् च्वना विहारय् च्वनाः पुण्य सञ्चय यायेगु खः । न्यान्हु न्हय्न्हु वा भ्रिंनिन्हु तक च्वंने जिउ । थथे यायेबलय् म्हिजक म्हिताः भ्रिनिन्हु फुकीपिं मस्तय्त छुं भचासां बुद्धधर्म सम्बन्धी शिक्षा कायेगु अवसर चुलात । थ्वया लिसें म्वाःमदुगु विधि व्यवहार नं यानाच्वने म्वाःल । थ्व ज्या गुरुमांपाखें बि.सं. २०२३ सालनिसें न्ह्याकाबिज्याःगु खः ।

बुद्ध पूजाय् वइपिं आपालं बाभ्रःवंपिं ब्वने च्वये मसःपिनिगु लागीं गुरुमांमं बाखं जक कनाः थुइके ब्युगु मखसें मेमेपि गुरुमांपिनिगु ग्वाहालि कयाः प्रौढ कक्षा समेत सञ्चालन यानाः क ख ग घ निसें ब्वने च्वयेगु स्यनाः सफू ब्वनेगु सक्षम दयेका बिया बिज्यात ।

बुद्धया ब्यावहारिक पक्ष स्वावलम्बि जुइगु शिक्षाकथं विहारय् बुद्ध पूजा वइपिनि पुचः पुचःपाखें लच्छिया छक्वः विहार व श्रीघः चैत्यया जःखः बाहाः छगुलिं सफा यायेगु बँ पुइगु अभियान न्ह्याकाच्वंगु दु । गुगु कि थौंया इलय् तसकं हे नाले बहःगु ज्या खः । अथे हे रोगी सेवा यायेगु हे धर्म खः धयागु बुद्धया धारणाया अनुरुप धर्मकीर्ति विहारपाखें निःशुल्क स्वास्थ्य सेवा बि.सं. २०३० सालं निसें हे शुरु याःगु खः । विभिन्न डाक्टरतपाखें निःशुल्क स्वास्थ्य

शिविर, रक्तदान कार्यक्रम, नेत्रदान कार्यक्रम न्ह्याका वयाच्वंगु दु । थ्व बाहेक बैसाख पुन्हि पतिकं वीर अस्पताल व मेमेगु अस्पतालय् फलफूल बिस्कुट इनेगु ज्या नं जुयाच्वंगु दु । गुरुमांया आह्वानय् देशय् इलय् ब्यलय् जुइगु प्राकृतिक प्रकोप पीडिततय्त वस्त्र व नसा त्वँसा बीगु नं यानाच्वंगु दु। थ्व दक्व हे कार्यक्रम गुरुमांया नेतृत्व अले श्रद्धालु उपासक उपासिकापिनिगु चन्दा व सहयोग सफल जुयाच्वंगु खः ।

थ्व निगुलिं पक्ष बाहेक धर्म प्रचारया माध्यमकथं गुरुमां थम्हं हे ५० गुलिं मल्याक सफू च्वयाबिज्याःगु दु । ग्वःगू मछि वसपोलया सफू आः नेपाली नं अनुदित जुइधुंकूगु दु । बरु थौंकन्हय् ब्यस्तता व उमेरया कारणं गुरुमांया सफू च्वयेगु ल्हाः भचा दिनाच्वंगु दु । गुरुमानं बिया बिज्याःगु प्रोत्साहनकथं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीं विविध ज्याझ्वः मदिक्क न्ह्याकाच्वंगु नं उपलब्धि खः ।

गोष्ठी आतक थ्यंमथ्यं निसः (२००) सफू प्रकाशन याये धुंकूगु दु ।

थ्व ब्याक्कं ज्या त्वःताः धम्मवती गुरुमामं यानाविज्याःगु प्रमुख ज्या मध्ये दकलय् थाकुगु ज्या विहार निर्माणया ज्या खः । धर्मकीर्ति विहार दयेकाः आपालं अनागारीकापिंत च्वनेगु थाय्या बन्दोवस्त याना ब्यूगु खँ छखे हे तयाः हाकनं मेमेगु विहार नं दयेकेगुलिइ गुरुमां सकृय जुया - बिज्याःगु दु । गथे कि वि.सं. २०३९ सालय् बनेपाय् स्थापना जूगु ध्यानकुटी विहार निर्माणय् गुरुमांया तःधंगु भूमिका दु । अथे वि. सं. २०३५ सालय् ध्यानकुटी विहारया ल्यूने गुरुमांया थःत दान स्वरुप वःगु ध्यबां अनागारिकाराम धकाः नितँजाः दुगु विहार दयेकूगु खः । बरु आः उकियात पूरा हे थुनाः 'बौद्ध वृद्धाश्रम' या लागी लः ल्हानाबिल । वि. सं. २०३८ सालय् बसुन्धरा द्वंय् 'विश्वशान्ति धर्मकीर्ति विहार, बसुन्धरा' नामं विहार निर्माण यानाबिज्यात । अन आः तृतिया पतिकं बुद्ध पूजा जुइगु याः । वि. सं. २०३५ पाखे निर्माण जूगु अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोलया निर्माण गुरुमांया प्रयासं हे शुरु जूगु खः । थौंकन्हय् लुम्बिनीइ निर्माण जुयाच्वंगु 'अन्तर्राष्ट्रिय भिक्षुणी संघ' या 'गौतमी विहार धम्मवती गुरुमांया हे सत्प्रयासं तयार जूगु खः । लुम्बिनीइ मेमेगु देशयापिनिगु आपालं विहार व आवास गृह दु, तर झी नेपाःमिपिनिपाखें निर्माण जुयाच्वंगु विहार मन्दीर अथें पूमवंगु अवस्थाय् लानाच्वंगु दु । थ्व खँ वाः चायेकाः गुरुमामं नं झी नेपाःमिपाखें हे चन्दा संकलन यानाः थुगु विहार धस्वाका बिल । सन् १९९५ मार्च शुरु जूगु थ्व विहार आः सिधये हे धुंकल धाःसां ज्यू ।

धम्मवती गुरुमामं थःगु देशय् याःगु धर्मप्रचार व विशेष योगदानयात कदर यानाः जनवरी ४, १९९२ स म्यानमार सरकारं 'अग्ग महागन्थवाचक पण्डित' उपाधिं विभूषित याना ब्यूगु दु । वसपोल थज्याःगु उपाधि कया बिज्याःम्ह न्हापांम्ह अले छम्हयां छम्ह जक नेपाःमि खः । अथे हे ज्ञानमाला भजन खलः स्वयम्भूपाखें वि. सं. २०५२ य् 'ज्ञानमाला रत्नवत सिरपा' लं छाय्पिया ब्यूगु दुसा हालसालय् नेपालभाषा परिषदं 'भाषा थुवाः' उपाधि लः ल्हायेगु क्वःछ्यूगु दु ।

धर्मकीर्ति विहारया संस्थापक, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया अध्यक्ष धम्मवती गुरुमां थौंकन्हय् शाक्यधिता अन्तर्राष्ट्रिय संघया सदस्य, सिलाइ टेम्पल अमेरिकाया सदस्य, बौद्ध वृद्धाश्रमया अध्यक्ष, अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालया उपाध्यक्ष शंखमोल अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया निर्देशक, धर्मोदय सभाया आजीवन सदस्य न खः ।

*(साभारः सन्ध्या टाइम्स, बु.सं.२५४३,ने.सं.१११९ कौलाथ्व,पुन्ही, वि.सं.२०५६, कार्तिक ७, ११९४,अक्टोबर, २४)*

Dhamma.Digital

# गणेशकुमारी शाक्यः
# धम्मवती गुरुमां बन्नुभयो

■ **मोहन दुवाल**, बनेपा

गणेशकुमारी शाक्यले वि.सं. २००६ सालमा १४ वर्षकी छँदा गृहस्थी जीवनी त्याग गरी बर्माका भन्ते ऊ धम्मावुधसँग प्रेरणा प्राप्त गरी कुशीनगर आसाम, नागालैण्ड हुँदै ६ दिन २ रात जंगलको बाटो हुँदै, बर्माको खेमाराम विहारमा धर्मको अध्ययन गर्न पुगिन् । उनी सानैछँदादेखि नै आमासँग विहारमा गइरहने र आमाको इच्छा पनि भिक्षुणी बनाउने भएकाले यस बाटोमा लाग्न उनलाई थप उर्जा प्राप्त भयो । देशमा प्रजातन्त्र हुनभन्दा अघि बर्मा पुगेकी यिनी वि.सं. २०२० सालमा मात्र नेपाल भित्रिएको देखिन्छ ।

वि.सं. १९९१ असार पूर्णिमा पिता स्व. हर्षमान शाक्य र माता स्व. हेराथकु शाक्यको कोखबाट पाटन, मंगलबजार हौगलमा जन्मेकी गणेशमाया सानै छँदादेखि नै महिलाहरूमाथि हुने शोषण, दमन र भेदभावबाट आफूलाई मुक्त राख्न चाहन्थिन् । जब उनी किशोरी हुँदै आइन् महिला वर्गमाथि देखिने यसप्रकारको पीडाबाट झन् झन् आक्रान्त हुँदै मुक्त हुने बाटोको खोजीमा लाग्दा लाग्दै प्रव्रजित भएर पनि यसखालको पीडाबाट मुक्त हुन सकिन्छ भनी क्रान्तिकारी कदम चालेर घर छोडेर बर्मा पुगेको सन्दर्भ उहां सुनाउने गर्नुहुन्छ । नेपालमा जस्तो नारीमाथि थिचोमिचो र शोषण बर्मामा नभएको पाएर उहां बर्मासँग निकै प्रभावित हुनुहुन्छ । नारीको चेतना विकास भएपछि घरको प्रगति खुल्छ । महिलाहरूप्रति राम्रो व्यवहार र सम्मान भएपछि मात्र देशको कायापलट हुन्छ भन्न रूचाउने गणेशकुमारी शाक्य आज 'धम्मवती गुरुमां' कै रूपमा ज्यादै चर्चित र प्रतिष्ठित हुनुभएको छ । आज पनि महिलाहरूको पीडा व्यथा देखेर उहां भन्ने गर्नुहुन्छ महिलाहरूमाथि हुने

शोषण, भेदभाव हेरेर मलाई सहन गाह्रो हुन्छ । नेपालमा पुरूष र नारीमा देखिने असमानता देखेर रून मन लाग्छ । प्रजातन्त्रप्राप्तिपछि पनि यस्तै स्थिति छ, यस खालको स्थितिलाई परिवर्तन गर्न नसकेसम्म देशको प्रगतिको ढोका खुलाउन गाह्रो छ उहाँ आफ्नो मनको कुरा बताउनुहुन्छ । जीवन भनेको नित्य होइन, अनित्य संसारमा जन्मेर केही न केही राम्रो काम गरेर जानुपर्छ भन्ने मेरो जीवनप्रतिको दृष्टि हो यस्तै दृष्टि-चेत बोकेर बहाल-बहाल, चोक-चोकमा धर्मदेशना गरेर प्रभाव छोड्न सफल 'धम्मवती' गुरुमां बुद्धका अनुयायीहरू सबैका लागि गुरुआमाका रूपमा परिचित हुनुहुन्छ ।

नेपालभाषामा कथा भन्न सिपालु, शीलवान धम्मवती गुरुमांलाई आफूले गर्न चाहेपछि कुनै पनि काम दिइसकेपछि गरी छोड्ने बानी परेको हुनाले जस्तो अप्ठ्यारो स्थितिमा पनि अघि बढिरहने स्वभावजस्तो बनिसके को देखिन्छ । बुद्धधर्मप्रति विश्वास राखेर निरन्तर मानव धर्मकै लागि जुट्नु भएकी धम्मवती गुरुमांले आफूलाई प्राप्त दान दातव्यबाट प्राप्त रकम जम्मा गरेर सामाजिक  सेवामा, साहित्यिक संघ संस्थामा र निःसहा वर्गको हितमा सहयोग गर्नुहुन्छ । उहाँलाई यस सेवामा रम्न पाएपछि सुखानुभूति प्राप्त हुने कुरो पनि बताउनु हुन्छ । नम्रताकी धनी, व्यवहारपरक व्यक्तित्व र समाजपरक चिन्तनका लागि सक्षम उदार मनकी बुद्धकी चेली धम्मवती गुरुमांको इच्छा महिलाहरूलाई समान अधिकार प्राप्त गराइदिने र चेतनशील बनाउने रहेको देखिन्छ । बर्माका गुरु दो पञ्ञाचारीबाट विशेष प्रभावित र बुद्ध नै मनपर्ने महापुरूष हुन् भनी बताउन उहांलाई मनमा एउटा कुरा मुखबाट अर्को कुरा गर्ने छलीहरू मन पर्दैन, प्रष्ट बोल्नेहरूमात्र मन पर्छ भन्नुहुन्छ ।

काठमाडौं नःघलस्थित धर्मकीर्ति विहारमा बसोबास गर्दै आउनु भएकी उहां धर्मशील, चरित्र प्रदान गर्न विहानैदेखि सक्रिय रहनु हुन्छ । ध्यान गर्ने, कथा वाचन गर्ने क्रमलाई नै जीवनचर्याजस्तै बनाउनु भएकी उहांलाई डायविटिज रोगले अलिकति च्यापेकोले मात्र केही खानेकुरा खान नहुने बताउनु हुन्छ, नत्र त आफूलाई सबै किसिमका खानेकुरा मन परेको बताउनुहुन्छ । १०:० बजे बेलुकितिर सुत्ने र विहान ४:०० बजेतिर उठ्ने धम्मवती गुरुमांका प्रेरणा श्रोत आफ्नै आमा र बुबा हुन् । आफू बसेको विहार बनाउन बुबामार्फत जग्गा प्राप्त भएको र आफ्नै आमाले केही कोठाहरू बनाइदिएको सेवाभाव र प्रेरणा, बर्मामा बस्दा रहँदा प्राप्त भएको मानवीय व्यवहार र सद्भाव र बुद्धबाट प्राप्त ज्ञान चेतनाले आफूलाई मान्छेजस्तै मान्छे बनाइदिएको हुन् यस्तै कथा व्यथा सुनाउनु हुन्छ । उहां भन्नुहुन्छ–

भगवान बुद्धको त्यागको महिमा गाउन सकिंदैन, मानव वर्गकै मुक्तिका लागि उहांले सम्पूर्ण आफ्नो भन्ने कुरा त्याग्नु भयो । त्यसैबाट प्रभावित भएर बुद्धकै त्याग मनमा राखेर गुरुमांले पनि गृहत्याग गरेको देखिन्छ ।

धर्मको नाममा, सामाजिक सेवाको भावनामा, साहित्य सिर्जनाकै समर्पणमा, शिक्षा दानकै कार्यभूमिमा लागेर मान्छेकै हितखातिर आफूलाई समर्पित गर्नेहरू महान् छन् । धर्मका नाममा शोषण-चक्र चलाउनेहरू, सामाजिक सेवाका नाममा व्यापार गर्न रूचाउनेहरू, साहित्य सिर्जना र सेवाको भावनामा कलुषितता हुर्काउन खोज्नेहरू, शिक्षा दानकै नाममा ठग प्रवृति अँगाल्नेहरू मान्छेका नाममा कलङकहरू हुन् । यस खालका कलुषित वृत्तिलाई त्याग्न नसकेसम्म कोही पनि महान् र राम्रा मान्छेहरू हुन सक्दैनन् । मलाई त लाग्छ, जोसुकै होऊन् जहाँसुकै रहून, जुनसुकै क्षेत्रबाट क्रियाशील भइरहून, तर यिनीहरू मान्छेकै भावनामा सद्भावना हुर्काउन, मान्छेलाई सुन्दर मान्छे बनाउन क्रियाशील छन् भने महान व्यक्तिहरू हुन् । यही महानताकै खोजीमा मान्छेकै उन्मुक्तिमा लागि लागिपरिरहेका एकजना महिला प्रतिभा हुन्-धम्मवती गुरुमां अर्थात् भिक्षुणी धम्मवती । उहांको सेवा र समर्पणलाई बुझेर उहांको सक्रियता र प्रभावकारिता देखेर उहांलाई बर्मेली सरकारबाट अग्ग महाग्रन्थवाचक पण्डित' उपाधिले सम्मान प्रदान गरिएको छ । यस्तै आननदकुटी दायक सभा, नेपाः बर्मा विहार, नेवाः महागुठी, ज्यापु महागुठी, अन्तर्राष्ट्रिय भिक्षुणी संघ, ४० जनजातिबाट अभिनन्दन समेत प्राप्त गरिसकेकी धम्मवती गरुमांलाई ज्ञानमाला भजन खलः ले 'ज्ञानमाला रत्नबत सिरपाः र नेपालभाषा परिषद्बाट 'भाषा थुवाः' को उपाधि प्रदान गरिसकेका छन् ।

संसारका धेरै ठाउँ पुग्नुभएकी उहांलाई मनपर्ने ठाउँ नेपाल नै हो । त्यसपछि बर्मा मनपरेको कारणमा उहां भन्नुहुन्छ– मान्छेमा भेदभाव कम छ । पुरूष र महिलाबीचमा समानता छ, धेरै दृष्टिले सम्यक ठाउँ छ । करिव ४५ वटा जति बुद्धधर्मका पुस्तकहरू निकालिसकेकी उहां हाल 'धर्मकीर्ति' बौद्ध धर्मको मासिक पत्रिकाका सल्लाहकार र प्रकाशिका पनि हुनुहुन्छ । त्यस्तै धर्मकीर्ति विहार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, धर्मकीर्ति बसुन्धरा विहार, सुलक्षण कीर्ति विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय भावना केन्द्र, बृद्धाश्रम, अन्तराष्ट्रिय बौद्ध भिक्षुणी संघ, धर्मोदय सभा केन्द्रीय सल्लाहकार सभा आदि संघ संस्थामा सभापति, संस्थापक, निर्देशक, उप-सभापति सहयोगी सदस्य आदि रहेर सेवा पुऱ्याइरहनु भएको छ । उहाँको मुख्य भाषा नेपालभाषा र

दोस्रो भाषा बर्मीज भाषा हुन् । पाली भाषामा पनि उहां पोख्त हुनुहुन्छ ।

गणेशकुमारी शाक्यले धम्मवती गुरुमांका रूपमा प्रतिस्थापित हुन धेरै कुराको त्याग देखाउनु भयो । यौवनको उन्मादमा पनि यौवनलाई त्याग गरेर, सम्पन्नताकै गर्भमा लुकेकी छोरी भएर पनि सम्पन्नताकै मोहलाई तिलाञ्जली दिएर, राणाकालीन अवस्थामा लुकेको अँध्यारो स्थितिमा पनि क्रान्तिकारी कदम चालेर, महिलाहरू पनि पुरूषसरह प्रगति गर्न सक्छ भनी कठिन बाटो देखेर लोभ लालच होइन सेवा नै मानवीय धर्म हो भन्ने चरित्रकै मूलमन्त्र आत्मसात् गरेर लागिपरिरहेको कारणले उनी गणेशकुमारी शाक्य आजकी चर्चित भिक्षुणी अर्थात् गुरुमां धम्मवती बन्नुभयो । थुप्रै खालका जीवन चक्रहरू भोगेर पनि सुवासनका प्रतिमूर्ति सुन्दर फूलकै रूपमा प्रफुल्लित धम्मवती गुरुमांले अझ समाज, देश र मानव समुदायका लागि सेवा पुऱ्याइरहन सकुन् बिना रुकावतले– शुभेच्छा व्यक्त गर्न सकिन्छ ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२०, अङ्क-४, बु.सं.२५४८,ने.सं. ११२२, गुपुन्ही, २०५९)*

Dhamma.Digital

# धम्मवती गुरुमां र उहाँको मार्गदर्शन

■ विजय लक्ष्मी शाक्य

भिक्षुणी धम्मवती (गुरुमां) को गृहस्थ जीवनको आफ्नै भाई श्री मोती काजि शाक्यले नेपालीमा रूपान्तरण गर्नु भएको पुस्तक स्नेही छोरी पढिसके पछि यस्तो चतुब्रह्म विहार गुणले युक्त नारी हाम्रो जस्तो समाजमा विरलै जन्मन्छन् होलान् जस्तो लाग्यो । यसरी बुद्धधर्मप्रति, श्रद्धा, भक्ति र विश्वासले ओतप्रोत नारी हृदय भएकी छोरी त्यस परिवारको मात्र स्नेही छोरी नभई समाज अनि सिंगो नेपालकी स्नेही बन्ने हुन्छन् भन्दा केही अतिशयोक्ति नहोला ।

हुन त समाजमा विभिन्न संस्कृति, भेषभूषा, भाषा, संस्कार, धर्ममा आधारित मान्छे हुन्छन् भने त्यसलाई अनुसरण गर्ने मानिस पनि आ-आफ्नो संस्कार अनुसार नै विभाजित हुने गर्दछ । बुद्धले प्रतिपादन गर्नु भएको चतुरार्य सत्यलाई सरसर्ती हेर्दा दु:ख सत्य अन्तर्गतको-दु:ख, विपरिणाम धर्मबाट हुने दु:ख र साँस्कारिक दु:खलाई सजिलै बुझ्न सक्ने क्षमता हामी साधारण मानिसको मस्तिष्कमा नहुन पनि सक्छ । तर पनि धम्मवती गुरुमांको सन्दर्भमा भन्नुपर्दा उहाँले बच्चै बेलादेखि यसलाई बुझिसक्नु भई गृह त्याग्ने अठोट गर्नु भयो ।

'एकं एव चरे धम्म' लाई अनुसरण गरी गहन बुद्ध शिक्षा प्राप्तिको लागि बर्मा जानु भई आज त्यही त्याग, तपस्या र धर्मप्रतिको बलिदानले नारी समाजमा उहाँको प्रभाव कम बेसी धेरैमा पाइन्छ । उहाँले बुद्धधर्म फैलाउने प्रयासमा शुरू देखि नै कति समस्या झेल्नु पर्‍यो होला, मार रूपी भनाइ कति सहनु भयो होलान् यो त आफ्नै ठाउँमा छ । उहाँ एक जनाले आचरण गर्नु भएको यस धर्मले हाम्रो घर समाजलाई प्रभावित पार्दै लगेको हामी देखिरहेको छौं ।

यसै सन्दर्भमा उहाँले विभिन्न संस्कार भएका मानिसहरू नारी होस वा पुरूष, उपासक होस् वा उपासिकाहरूलाई विभिन्न कार्यक्रमहरू शिक्षाको क्षेत्रमा, स्वास्थ्यको क्षेत्रमा, सामाजिक सुधारमा टेवा दिन ऋषिणी, अस्थायी प्रवजित प्रथाहरूको संचालन गर्नु भई धर्मलाई फैलाउने जुन कोशिश गर्नुभयो त्यसमा बिस्तारै हैंसे गर्नेहरू धेरै छन्। एक हातले तालि नबज्ने यसको श्रेय भिक्षु, भिक्षुणी, उपासक, उपासिकाहरूमा जान्छन्।

उहाँको गृह त्यागको बेला आफ्नै परिवारको सदस्यहरू मध्येबाट कसैले रोक्न खोज्ने, कसैले प्रोत्साहन दिएको सन्दर्भमा हामीले बुझ्न सक्छौं कि एउटै घरमा त विभिन्न संस्कारवाला व्यक्तिहरू हुन्छन् भने यो समाजमा मानिस पिच्छे संस्कारित व्यक्तिहरु फरक हुन सक्छन्। उही आफ्नो आफ्नो संस्कार अनुसार नै धम्मवती गुरुमांलाई पनि उहाँ भिक्षुणीको रूपमा चिर परिचित भए पनि विभिन्न रूपले चिन्ने गर्दछन् होलान्। त्यसमा सकारात्मक, नकारात्मक वा तटस्थ पनि हुन सक्छन् हुन त कुनै पनि राष्ट्रको बनावट र यसको उन्नति अवन्नति त्यस देशको अनेक पक्षमा आधारित हुने हुन्छन्। जुनसुकै क्षेत्रमा पनि ब्यक्ति नै प्रमुख हुने भएकोले क्रियाशील ब्यक्तिले यसलाई कुशल, अकुशल, सकारात्मक वा नकारात्मक पक्षमा मोड्न सक्ने हुन्छन् भने समाजको कुनै पनि पक्षमा ब्यक्तिकै ठूलो भूमिका हुने गर्दछ। त्यसैले यसको प्रभाव अरू क्षेत्रहरूमा पनि पर्ने हुन्छन्।

धम्मवती गुरुमांको प्रयासमा स्थापना भएको लुम्बिनीको गौतमी विहारमा केही दिन रहँदाको एक घटना वा दृष्यको सम्झना आउँदछ। गौतमी विहारको नामाकरण महारानी प्रजापती गौतमी, भगवान बुद्धकी आमाको स्मरणमा भएको हो। जसले सिद्धार्थ गौतमलाई गौतम बुद्धको नाममा संसारलाई चिनाइ दिनु भयो, जसले आजको इच्छुक नारीहरूलाई पनि आफ्नो अथक प्रयासले प्रव्रजित जीवन बिताउन सक्ने बाटो खुलाइदिनु भयो, जसले नारीहरू पनि पुरूष सरह निर्वाण पद पाउन सक्षम छन् भन्ने ज्वलन्त उदाहरण भई देखाउनु भयो। यदि प्रजापति गौतमीले त्यस्तो अथक प्रयास नगर्नु भएको भए घर गृहस्थी सम्हाल्ने नारीहरू यस क्षेत्रमा जानु, यस धर्मलाई बुझ्नु र अनुसरण गर्न पाउनेबाट वन्चित नै रहनु पर्थ्यो होला। गृहस्थ नामकी गणेश कुमारी शाक्य पनि आज भिक्षुणी धम्मवतीको रूपमा चिनिने थिएन, त्यस अधिकारबाट वन्चित नै हुने थियो होलान्।

गौतमी विहारमा केही दिन ऋषिणी भई बस्दा अरूहरू पनि थिए। त्यसमा बच्चा बच्चीहरू पनि बोकेर आएका उपासिकाहरू पनि संलग्न

थिए । एकदिन एउटी बच्चीले विहारको कोठा बाहिर नै आचि गरि दिएछ । आमा चाहिंले पिशाव त होनी भनी ठानी धोई पुछ्ने काम पनि गरेनन् । त्यस्तैमा गुरुमांले देख्नु भयो र बाध्यतावस सफा गर भन्नुपर्‍यो। जसबाट बच्चाको आमाले टर्रो वा नमिठो अनुभव गरिन् ।

अनि एकजना साथीले सोधे के गुरुमांहरू यसरी कडा हुन्छन् ? के यो गुरुमांकै मात्र विहार हो ? आदि मलाई लाग्यो यस्तो घटना गुरुमांको जीवनमा कति आयो र गयो पनि होलान् । कुन उद्देस्यले हामीहरू त्यहाँ गएको थियौं, त्यो त आफ्नै ठाउँमा थियो । त्यहाँ पनि एक हातले तालि बजेन । त्यत्रो ठूलो ठाउँमा आमा चाहिंले कतै एक ठाउँमा वा चर्पीमा लगेको भए त्यस्तो वातावरण पनि सृजना हुने थिएन । त्यस सम्बन्धमा आफ्नो आफ्नो संस्कार अनुसार अनुभव गर्ने र बुझ्नु पर्ने वातावरणको सृजना भइदियो । यो त मात्र सानो घटनाको रूपमा लिन सकिन्छ ।

२५४५ वर्ष अगाडीदेखि दूरदर्शी भगवान गौतम बुद्धले उपदेशित पंचशील, चतुर्राय सत्य, आर्य आष्टङ्गिक मार्ग रूपी दर्शनहरू वा उपदेशहरू बुद्धको शिक्षा, धर्मका रूपमा, संघको रूपमा प्रतिपालन हुँदै आए होलान् जुन एकातिर आजको २१ औं शताब्दीका झन महत्वपूर्ण भएको देखिन्छ भने अर्कोतिर यसलाई ब्यावहारिक रूप दिन यो आधुनिक, वैज्ञानिक, विकसित संसारमा प्रायः कठिन परिस्थितिको समय पनि भएको देखिन्छ ।

तर पनि यस पथमा जान चाहनेहरूलाई भगवान् बुद्धले आफूलाई मार्ग दर्शकको रूपमा सिमित राखि उपदेश दिनु भएको थियो–

**"तुम्हेहि किच्चं आतप्पं अक्खातारो तथागता ।"**

अर्थात धर्म अनुसरण गर्ने ब्यक्तिकै हातमा छ, तप गर्ने ब्यक्तिकै हातको कुरो हो । तथागतले त आख्यान मात्र गर्नु हुन्छ ।

त्यस्तै तथागत भगवान बुद्धले अमृत वचन रूपी उपदेश दिई प्रेरित पार्नु भएको छ –

**"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा सचित परियोदपनं एतं बुद्धानु सासनं ।"**

अर्थात् सबै पापकर्म नगर्नु, कुशल कार्यजति गर्नु, चित्त शुद्ध गर्नु , यही बुद्धको अनुशासन हो ।

भूत भविष्यलाई छोडी वर्तमान समयमा शुद्ध चित्तले कुशल कार्य गर्नमा नै बुद्धको शासन लक्षित छ । धम्मवती गुरुमांले दिनु भएको मार्ग

निर्देशन पनि यही हो । हुन त धम्मवती गुरुमां जस्तो धर्मप्रति समर्पित भई कुशल कार्यमा संलग्न व्यक्तिको सामुन्ने बाधा अवरोध, विरोध वाद विवाद आउँदैन भन्न सकिन्दैन । तर पनि बुद्ध, धर्म र संघलाई बुझ्न सक्ने संस्कार वाला व्यक्तिहरू उत्पन्न भएमा साँचैको 'सच्चा शान्ति ब्याप्त विहार, परिवार, समाज अनि राष्ट्रको परिकल्पना गर्न सकिने हुन्छ ।

यस्तो उच्च तथा पवित्र उद्देष्य लिई, अठोट लिई प्रयत्नरत करूणाकी मूर्ति धम्मवती गुरुमांले गुरु पूर्णिमा जस्तो पवित्र समयको अवसर पारी अभिधर्म जस्तो दुर्लभ ग्रन्थ श्रवण, गर्न लगाई, सबैको कल्याणको कामना गर्ने गराउनमा सदा सक्रिय रहने गुरुमांको ६८ औं जन्म दिनको उपलक्षमा उहाँको निरोगी तथा दिर्घायुको कामना गर्दछु ।

भवतु सब्ब मंगलं ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२०, अङ्क-५, बु.सं.२५४८,ने.सं. ११२२, गुपुन्ही, २०५९)*

Dhamma.Digital

# धम्मवती गुरुमां र धर्मकीर्ति विहार

■ वीर्यवती

हरेक व्यक्तिको व्यक्तित्व उसको अदम्य साहस, समाज र देशप्रति उसको योगदान र निस्वार्थ भावनाले प्रष्टाइरहेको हुन्छ । यसरी नै हरेक व्यक्तिको महत्व उसको व्यक्तित्वमा भर परेको हुन्छ । आज हाम्रो सामु त्यस्तै विशेष गुणहरूले सम्पन्न व्यक्तित्व धम्मवती गुरुमां रहनु भएको छ । जुन व्यक्तित्वले हामीलाई आदर्शको पाठ सिकाइरहेको छ । सामाजिक, धार्मिक, स्वास्थ्य, साहित्यिक, शैक्षिक र बौद्धिक आदि विभिन्न क्षेत्रहरूको उत्थान कार्यमा जुटिरहनु भएकी गुरुमांले सर्वप्रथम त आफ्नो जीवन धार्मिक क्षेत्रमा समर्पण गर्नुभएको छ ।

राणाकालीन शासनमा १४ वर्षिय बाल्यकालमा घर परिवार त्यागी बुद्ध शिक्षा अध्ययनार्थ संघर्ष गर्दै भारतदेखि बर्मा सम्म पैदल यात्रा गरी बर्मा पुग्नुभयो । आखिर आफ्नो लक्ष्य पूरा गरी विजयी बनी वि.सं. २०२० सालमा नेपाल फर्कनुभयो । आफूले सिकेर आएको बुद्ध शिक्षालाई नेपालका अबोध जनताले पनि सिकेर उनीहरूले आफ्नो जीवन सफल पार्न सकुन् भन्ने उद्देश्यले वि.सं. २०२२ सालमा धर्मकीर्ति विहार स्थापना गर्नुभयो । यसरी त्यसबेला देखि धर्मकीर्ति विहार धर्मप्रचार गर्ने एक मन्दिरको रूपमा रहेको छ ।

नारी जातीलाई शिक्षा सिकाउन हुँदैन भने अन्धविश्वासी धारणा छाइरहेको त्यसबेलाको कुभावनालाई परिवर्तन गर्न धम्मवती गुरुमांले धर्मकीर्ति विहारमा नारी जागरण सम्बन्धि शिक्षा दिन थाल्नुभयो । महिनाको ५ पटक (पूर्णिमा, औंसी, अष्तमी २ पटक र संक्रान्ति) बुद्धपूजा कार्यक्रम संचालन गरी त्यस कार्यक्रममा नारी जागरणको साथसाथै समाजमा फैलिएका अन्य कुरीति र अन्धविश्वास हटाउने खालका विभिन्न नैतिक

शिक्षाहरू देशना गर्नुभयो । उहाँको वाकसिद्धि सरल र स्पष्ट वाक्यले थुप्रै धर्मप्रेमीहरूलाई सन्तुष्टी प्राप्त हुन थाल्यो । एउटी शिक्षित नारीले परिवारका सबै सदस्यहरूलाई शिक्षित पार्न सक्छे भन्ने धारणा लिनुहुने धम्मवती गुरुमांले नारी शिक्षालाई प्राथमिकता दिनुहुँदै नारी शोषण विरूद्ध कदम चाल्नुभयो र प्रौढ कक्षा संचालन गरी थुप्रै महिलाहरूलाई शिक्षा सिक्ने मौका दिनुभयो ।

समाजमा पहिलादेखि चल्दै आएका कर्मकाण्डहरूले हाम्रो समाजमा फजुल खर्चमा बृद्धि गराइरहेको छ । साना किशोरीहरूलाई १२ दिन सम्म अँध्यारो कोठामा थुनी गुफा राख्ने चलन र थुप्रै नाता कुटुम्बहरू बोलाई भोज खुवाउनु पर्ने प्रथा स्वास्थ्यको दुष्टिकोणले पनि फलदायी नभएको र नचाहिंदो फजुल खर्च बढिरहेको कुप्रथा हटाउन धम्मवती गुरुमांले ऋषिनी प्रव्रज्या कार्यक्रम संचालन गर्नुभयो । यस कार्यक्रमले १२ दिनसम्म अँध्यारो कोठामा थुनिन बाध्य भएका बालिकाहरूले उज्यालो कोठामा बसी बुद्ध शिक्षा र नैतिक शिक्षाहरू सिक्ने मौका पाए र नचाहिँदो भोज भटेर गर्नै पर्ने बाध्यताबाट पनि छुटकारापाई समाज सुधार कार्य हुन पुगेको छ ।

धर्मकीर्ति विहारमा आउने थुप्रै बृद्ध महिलाहरूको स्वास्थ्य विषयमा ध्यान पुऱ्याउनु हुने धम्मवती गुरुमांको सक्रियतामा धर्मकीर्ति स्वास्थ्य क्लिनिकको व्यवस्था संचालन गरेको छ । त्यतिमात्र होइन पहिला समय समयमा काठमाडौं बसेर गाउँ गाउँमा धर्मकीर्ति विहारको आयोजनामा थुप्रै निःशुल्क स्वास्थ्य शिविरहरू संचालन गरी स्वस्थ्य सेवाहरू पुऱ्याउदैं आएको छ ।

आजका युवाहरू उचित शिक्षा पाएमा भोलि कर्णधार बन्न सक्ने भएकाले सर्वप्रथम उनीहरूको आचरण सुधार ल्याउन आवश्यक भएकोले धम्मवती गुरुमां सकियतामा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको स्थापना गरियो । यस गोष्ठीले तालिम दिएका थुप्रै युवाहरूको सक्रियतामा काठमाडौं बाहिरका थुप्रै गाउँहरूमा धर्मप्रचार कार्यक्रमहरू संचालन भइसकेका छन् । तर यस्ता कार्यक्रम देशको असुरक्षित परिस्थितिले गर्दा पहिला भन्दा आजभोली सिथिल भएको महशूस गरिएको छ ।

आफ्ना उपासक उपासिकाहरूलाई भारत, बर्मा, थाइलैण्ड, श्रीलंका, मलेसिया, ताइवान आदि विभिन्न देशहरूमा तीर्थयात्रा गराई धर्म शिक्षा सिकाउने लक्ष्य अनुरुप गुरुमांले थुप्रै पटक तीर्थयात्रा कार्यक्रम थालनी गरिसक्नु भयो । फलस्वरूप थुप्रै धर्मप्रेमीहरूले यस कार्यक्रमबाट सकारात्मक नतीजा प्राप्त गर्न सकेका छन् ।

धम्मवती गुरुमांको सकृयतामा धर्मकीर्ति विहारका शाखाहरू बढ्दै गएका देखिन्छन् । ती मध्ये सुलक्षणकीर्ति विहार चोभार, पद्मकीर्ति विहार कमलपोखरी, धर्मकीर्ति बसुन्धरा विहार बसुन्धरा डोल, गौतमी विहार लुम्बिनी आदि हुन् । पुस्तक र पत्रिकाको माध्यमबाट पनि धर्म प्रचार हुन सके अझ जिल्लावासी धर्मप्रेमीहरूले पनि बुद्ध शिक्षा सिक्ने मौका प्राप्त गर्नेछन् भन्ने कुरालाई दृष्टिगत गरी धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी प्रकाशनको नेपाली, नेपालभाषा, अंग्रेजी भाषा गरी जम्मा २१४ थान धार्मिक पुस्तकहरू धर्मकीर्ति विहारबाट प्रकाशित भइसकेका छन् । यसरी धर्मकीर्ति मासिक पत्रिका हाल वर्ष २० को ४ औं अंकमा प्रकाशित भएको छ ।

धम्मवती गुरुमांको समाजसेवा कार्यक्रमको उद्देश्य अनुसार धर्मकीर्ति विहारका उपासक उपासिकाहरूलाई प्रत्येक पूर्णिमाको एकदिन अगाडि श्रीघः चैत्य वरिपरि सरसफाई गर्ने कार्य हालसम्म पनि निरन्तर रूपमा संचालित छन् । यसरी आदर्शमयी गुणले भरिएकी धम्मवती गुरुमांको छत्रछाँयामा रही धर्मकीर्ति विहारले आफ्नो धार्मिक यात्रा सुचारूपले चलाइरहेको छ । धम्मवती गुरुमांको ६८ औं जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति पत्रिकाको वर्ष २० को औं अङ्क प्रकाशनको लागि गुरुमां स्वयंले आर्थिक व्ययब्यहोर्नु भएको छ । यसर्थ धम्मवती गुरुमांप्रति धर्मकीर्ति पत्रिकाले साधुवाद दिदै उहाँको निरोगी र आध्यात्मिक सुखको कामना गर्दछ ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२०, अङ्क-४, बु.सं २५४६,ने.सं. ११२३ होलि पुन्ही, २०५९)*

*नोटः यो लेखन धर्मकीर्ति पत्रिकाको सम्पादकीयको रुपमा छापिएको हो । -सं.*

# धम्मवती गुरुमांः छोटो चिनारी

■ राम कुमारी मानन्धर

धम्मवती गुरुमांको पहिलेको नाम गणेश कुमारी शाक्य थियो । उहाँको जन्म वि.सं १९९१ साल गुरु पूर्णिमाको दिन ललितपुरको हौगलमा आमा स्व. हेराथकुं शाक्य र बाबु स्व. हर्षमान शाक्यको कोखबाट भएको थियो । त्यसबेला नेपालमा राणाशासन चलिरहेको थियो । जुन समयमा मानव अधिकारलाई मनन गर्नुको सट्टा हनन भइरहेको थियो । मानव अधिकारमा शिक्षा हासिल गर्नु पनि एक किसिमको अधिकार हो । त्यो अधिकार जनताले पाउनुको सट्टा वन्चित भएको थियो । त्यस्तो बेलामा धम्मवती गुरुमां जन्मनु भयो, जोसंग पढेर ठूलो मान्छे बन्ने इच्छा थियो । त्यस समयमा नारीहरूलाई त के पुरूषहरूलाई शिक्षा हासिल गर्नको लागि स्कूलहरूको कमी थियो । स्कूलहरू थोरै मात्र थियो जसका ठूला बडाका सन्तानले मात्र पढ्न पाउँथ्यो । त्यो समयमा नारीले पढ्यो भने नराम्रो दृष्टिले हेर्थ्यो र चरित्रहीन बनिन्छ भन्ने गलत विचार राखिन्थ्यो । त्यसैले उहाँले बालक कालमा पढ्न पाउनु भएन ।

**शिक्षा दिक्षा** :

धम्मवती गुरुमां सानै उमेरमा आफ्नी आमासंग विहार जानुहुन्थ्यो । त्यहाँ धर्मदेशना सुन्नुको साथै लेखपढ पनि हुन्थ्यो । १३।१४ वर्ष भएको बेलामा एक जना भिक्षु बर्माबाट काठमाडौं आउनु भएको थियो र उहाँले बुद्धधर्म सम्बन्धि धर्मदेशना गर्नु भयो । उहाँको धर्मदेशनाले उहाँ बुद्ध धर्मप्रति प्रभावित हुनु भयो । आफू पढेर ठूलो व्यक्ति बन्ने र बुद्धधर्म प्रचार गर्ने प्रतिज्ञा गर्नुभयो । यस्तो इच्छा लिएर १४ वर्षको कलिलो उमेरमा उहाँ घर परिवार त्यागी बुद्ध शिक्षा अध्ययनको लागि काठमाडौंबाट बर्मामा जानुभयो ।

दु:ख कष्ट गरी १४ वर्षसम्म बडो मेहनतका साथ बर्मामा अध्ययन गर्नुभयो । मेहनतको फल मिठो हुन्छ भने झैं बर्मी सरकारले उहाँलाई शासनध्वज धर्माचार्य पद प्रदान गऱ्यो ।

बर्मामा बुद्धधर्म शिक्षा हासिल गरिसके पछि गुरुमां आफ्नो जन्मभूमी नेपालमा फर्कनु भयो । गुरुमांलाई बर्मामै बस्ने अनुमति पनि भएको थियो । आफ्नो देश नेपालमा फर्केर बुद्धधर्म प्रचार गर्ने, नैतिक शिक्षा दिने ठूलो

धोको भएकोले त्यो धोको पूरा गर्न आफ्नो देशमा फर्केर विभिन्न ठाउँमा बुद्धधर्म देशना गर्दै धर्म प्रचार गर्न लाग्नु भयो । धर्म प्रचारको अलावा सामाजिक सुधारका शिक्षा दिने कार्यहरू पनि गर्नुभयो। काठमाडौंको धर्मकीर्ति विहारमा महिनाको ५ पटक प्रत्येक पूर्णिमा, औंशी र अष्टमी (२ पटक), र संक्रान्तिका दिनहरूमा बुद्ध पूजा हुन्छ। यस पूजामा धेरै नर नारीहरू सामेल हुने गर्दछन्। बुद्ध पूजामा सहभागी भएकाहरूले बुद्ध, धर्म र संघको गुणलाई मनमा राखी पूजा गर्दछन् र धम्मवती गुरुमांको उपदेश एक चित्त भई सुन्ने गर्छन्। आजकाल उहाँको निर्देशन अनुसार अरू गुरुमांहरूले पनि बुद्ध पूजा गर्ने र उपदेश दिने गर्नुहुन्छ।

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी** :

धर्मको साथसाथै नैतिक शिक्षा दिन युवाहरूको लागि वि.सं. २०२८ साल जेष्ठ ७ गते शुक्रवारका दिन धर्मकीर्ति बौद्ध अध्ययनि गोष्ठीको नाममा संस्था स्थापना भयो जुन एक युवावर्गको लागि अध्ययन गर्ने थलो हो। यसले समय समयमा आफ्ना सदस्यहरूलाई लेख लेखन तालीम दिने व्यवस्था गऱ्यो। यसको प्रभाव स्वरूप बुद्धधर्म सम्वन्धि लेखहरू आउन थाल्यो। त्यसले गर्दा धर्मकीर्ति पत्रिकाको प्रकाशन भयो । यो प्रत्येक महिनाको पूर्णिमामा प्रकाशन हुन्छ। अध्ययन गोष्ठी र यस पत्रिकाले बुद्धधर्म प्रचार गर्न सजिलो भएको छ। धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी संचालन गर्न र धर्मकीर्ति मासिक पत्रिका नियमित गर्न गुरुमांको ठूलो देन छ।

**विहारहरूको निर्माण कार्य** :

धम्मवती गुरुमांको सक्रियता, निर्देशनमा र दाताहरूको सहयोगमा थुप्रै विहारहरू निर्माण भइसकेका छन्। ती यसरी रहेका छन्। काठमाडौंको धर्मकीर्ति विहार, लुम्बिनीको गौतमी विहार, धर्मकीर्ति बसुन्धरा विहार बसुन्धरा, र ठाउँ ठाउँमा बनेका अन्य थुप्रै विहारहरू हुन्। उहाँको सक्रियता नहुँदो हो त यी विहारहरू बन्ने थिएनन् होला । उहाँको हस्तेलाई हैंसे गर्ने थुप्रै उपासक उपासिकाहरू छन्।

**पुस्तक र कृति** :

पुस्तक र पत्रिकाको माध्यमबाट पनि बुद्धधर्म प्रचार गर्न सकिन्छ र देशका विभिन्न ठाउँमा बस्ने धर्म प्रेमीहरूले पनि बुद्धधर्म सिक्ने मौका प्राप्त गर्नेछन् भन्ने कुरालाई ध्यान राखी उहाँले पुस्तकहरू लेख्नु भयो। यसरी नै धर्मकीर्ति मासिक पत्रिकाको पनि प्रकाशन भयो। यस पत्रिकाको प्रकाशक र सल्लाहकार धम्मवती गुरुमां नै हुनुहुन्छ।

**समाज सेवा :**

बहुनज हिताय बहुजन सुखायको लक्ष्य लिई धम्मवती गुरुमांले समाज सेवा गर्नमा तल्लिन भइरहनु हुन्छ। उहाँले समाज सेवामा ठूलो योगदान गर्नु भएको छ । एउटा काम सकिना साथ अर्को काम गर्न उहाँ उत्सुक हुनुहुन्छ। समाज सेवालाई कसरी निरन्तरता दिन सकिन्छ भन्ने बारेमा ज्यादै ने चिन्तनशील हुनुहुन्छ। उहाँले कुनै काम गर्न संकल्प गर्नुभयो भने जसरी भएपनि सफलतापूर्वक सम्पन्न गर्न तत्पर रहनु हुन्छ । सबैलाई अवगत नै होला समय समयमा स्वास्थ्य सेवा शिविर, सफाई कार्यक्रम, प्रौढ तथा बाल कक्षा संचालन, विदेश भ्रमण, साथै २०६० सालदेखि बुहारी चेलीबेटी प्रशिक्षण कार्यक्रम संचालन गर्नुभयो। बुहारी चेलिवेटी प्रशिक्षण कार्यक्रम जुन सुन्नमा नै अनौठो छ, यसले गृहिणीहरूको आफ्नो घर परिवारमा व्यवहार कसरी राम्रो पार्ने कसरी मेलमिलाप वातावरण संचालन गर्न सकिन्छ भन्ने विषयमा शिक्षा दिने गरेकोले यसबाट गृहिणीहरू लाभान्वित भएका छन् ।

**नारी जागरण :**

राणाकालीन समयमा जन्मेकी धम्मवती गुरुमां जसले नारी जातिलाई शिक्षा दिनु हुँदैन भन्ने अन्धविश्वासको जरा हटाउन ठूलो प्रयास गर्नुभयो, विभिन्न कार्यक्रमहरूमा नारी जागरण सम्बन्धि शिक्षा दिनुहुन्छ । नेपालमा महिलाहरूलाई गरिने शोषण, दमन र भेदभावलाई उहाँले हेर्न सक्नु हुन्न । महिला शिक्षित, चेतनशील भए घरको स्थिति राम्रो र शान्ति हुन्छ भन्ने कुरामा विश्वास गर्नु हुन्छ ।

**सम्मान विभूषण :**

उहाँको मेहनत, सक्रियता र सेवाको भावनालाई दृष्टिगत गरी बर्मी सरकारले उहाँलाई अग्ग महाग्रन्थवाचक पण्डित उपाधिले सम्मान गर्‍यो । यस्तै अन्तरराष्ट्रिय भिक्षुणी संघ, आनन्दकुटी विहार, नेवाः महागुठी, ज्यापु महागुठी आदिले अभिनन्दन गऱ्यो । ज्ञानमाला भजन खलःले ज्ञानमाला रत्नबत सिरपाः र नेपालभाषा परिषद्‌ले भाषा थुवाः को उपाधि धम्मवतीलाई प्रदान गरिसकेका छन् ।

अन्तमा, धम्मवती गुरुमांको दीर्घायु र सुस्वास्थ्य लाभ होस भन्दै उहाँलाई शुभकामना प्रकट गर्दछु ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२२, अङ्क-४, ने.सं. ११२४, अनला पुन्हि, २०६१)*

# छगू संघर्षया नां धम्मवती गुरुमां

■ अमिता धाख्वा

नेपालय् बुद्धशासन अभिवृद्धिया निर्तिं थःगु जीवन समर्पण यानाबिज्याःम्ह कुशलम्ह धर्मकथिक, बौद्ध जागरण हयेगु ज्याय् अग्रसरम्ह व विशेषतः मिसापिंत उत्थान यायेगुली प्रेरणाया श्रोत जुयाबिज्याःम्ह खः श्रद्धेय धम्मवती गुरुमां। वसपोलं थःगु दुनुगःनिसेंया आँट, साहस, दूरदर्शी, वाकसिद्धि दुम्ह, अग्गमहागन्थवाचक पण्डित खः।

वसपोल यलया रूद्रवर्ण महाविहार ओकुबहाय् अबु हर्षमान शाक्य व मां हेराथकु शाक्यया सुपत्री जुयाः वि.सं. १९९१ असार पुन्हि खुन्हु जन्म जुयाबिज्याःगु खः। वसपोलया गृहस्थी नां गणेश कुमारी शाक्य खः। वसपोल १४ दँ दुबलय् कुशीनगरय् प्रव्रजित जुयाबिज्याःगु खः।

राणाकालय् मिस्तय्सं विद्या अध्ययन यायेगु तसकं थाकु। तर अज्याःगु इलय् नं सयेके सीकेगुली तसकं नुगः क्वसाःम्ह गणेशकुमारी ज्ञान हासिल यायेगु दृढ प्रतिज्ञा यात। त्यागी जीवन हनाः बुद्धया शिक्षा प्रचार यायेगु लक्ष्य ज्वनाः १४ दँया कम उमेरय् हे वसपोल गुकथं गृहत्याग यानाबिज्यात व छगू स्वयम् हे साहसपूर्ण बाखं खः। वसपोलया उगु साहसपूर्ण बाखंयात कथाः बर्माया विद्वान प्राध्यापक भिक्षु सूर्याभिवंशं 'निपो मे' अर्थात 'नेपाल पुत्री' धइगु नामं छगू जीवनी सफू हे च्वयाबिज्याःगु ख। लिपा उकिया हे लिधंसाय् बर्माया नांजाःम्ह साहित्यकार उ तिलोकत्राण महास्थविर र वे थ्वं नं 'तमी छेत' अर्थात 'यःम्ह म्ह्याय्' धइगु उपन्यास च्वयाबिज्यात। उगु उपन्यासयात श्रद्धेय ज्ञानपूर्णिक भन्तें नेपालभाषां 'यःम्ह म्ह्याय्' नामं व भाजु मोतीकाजी शाक्यं नेपाली भाषं 'स्नेही छोरी' नामं अनुवाद यानाः पिकाःगु दु।

उगु 'यःम्ह म्हयाय्'अर्थात 'स्नेही छोरी' उपन्यास अध्ययनं सीदइ वसपोलं धार्मिक सारपूर्णगु जीवन प्राप्त यायेया नितिं गुलि त्याग, दृढता व अथक परिश्रम यायेमाल । कम उमेरय् थः पासापिं मनोहरा देवी(अनागारिका मागधी) व शुभलक्ष्मी (अनागारिका माधवी), थः दाजु मानकाजी व निनि लक्ष्मीमाया नापं सुथ न्हापा छ्येँय् सुनां हे मसीक पिहां वनाः चन्दागिरी पर्वत पुलाः वसपोलपिं भारत थ्यंकाबिज्यात । अनं बर्मा वनेगु पासपोर्ट मदयाः आसामया जंगलं न्यासिवनाः बर्मा थ्यंकल । बर्माय् मोलमिनय् अति प्रसिद्धगु गुरुमांपिं अध्ययन याइगु खेमाराम विहारय् दो पञ्ञाचारी गुरुमांया छत्रछाँयाय् च्वनाः १४ दँ तक बुद्ध धर्मया अध्ययन यायां 'सासनधज धम्माचरिय' धइगु सर्वोच्च उपाधि प्राप्त यानाबिज्यात ।

वसपोल वि.सं. २०२० सालय् नेपाः लिहांवयाः धर्मप्रचार यानाबिज्यात । वसपोलया धर्मदेशनापाखें प्रभावित जूपिंसं २०२२ सालय् यैँया नःघः त्वालय् धर्मकीर्ति विहार दयेकल । २०२८ सालय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी नीस्वनाः युवा वर्गयात बुद्ध धर्मपाखे आकर्षित यानाबिज्यात ।

वसपोलं नेपालभाषा व नेपाली भाषं यानाः बुद्धधर्मया ४० गुलिं मल्याक सफू च्वयाबिज्याःगु दु । धर्मकीर्ति प्रकाशन संस्थापाखें निसलं मयाक सफूत पिकायेधुंकल । वसपोल 'धर्मकीर्ति' लय्पौया विशेष सल्लाहकार नं खः ।

सन् १९९४ वि.सं. २०५० स वसपोलं बनेपाय् अनागारिका विहार निर्माण यानाबिज्यात गुगु लिपा बृद्धाश्रमयात दान यात । अथे हे बसुन्धरा दोंय् धर्मकीर्ति बसुन्धरा विहार निर्माण यानाबिज्यात, सन् १९९१ वि.सं. २०४७ स भारतया सारनाथय् नेपाली बुद्ध विहार स्थापना यानाबिज्यात । सन् १९९५ स लुम्बिनीइ अन्तर्राष्ट्रिय भिक्षुणी गौतमी विहार निर्माण यानाबिज्यात । अथे हे बनेपाय् ध्यानकुटी विहार, बृद्धाश्रम, शंखमूलय् अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, चोभारय् सुलक्षण कीर्ति विहार निर्माणय् नं ग्वाहालि यानाबिज्याःगु दु । सामाजिक सेवापाखे वसपोलं धर्मकीर्ति विहारय् निःशुल्क स्वास्थ्य क्लिनिक चायेकाबिज्याःगु दुसा, दँय्दसं हिदान, मिखादानया ज्याभ्वः, अस्पतालय् बिरामीतय्त नये त्वनेगु दान व प्राकृतिक प्रकोपं कःपिंत वस्त्र दान आदि ज्याभ्वःत न्ह्याकाच्वंगु दु । वसपोल धर्मकीर्ति विहारया अध्यक्ष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया अध्यक्ष, अन्तर्राराष्ट्रिय बौद्ध भावना केन्द्रया उपाध्यक्ष, Sakyadhita International Nun Association या दुजः, लुम्बिनी विकास कोषया नं दुजः खः ।

नेपालय् बुद्ध शासन अभिवृद्धिया निर्तिं बियाबिज्या:गु योगदानया कदर याना: बर्मीज सरकारपाखे सन् १९९२ स वसपोलयात 'अग्गमहागन्थवाचक पण्डित' पदवीं विभूषित या:गु ख: । अथे हे नेपालभाषाया सेवा यानाबिज्या:गुलिं नेपालभाषा परिषद्पाखें ने.सं. ११११९य् 'भाषाथुवा:' उपाधि नं ब्यूगु ख: । वसपोल प्रव्रजित जुयाबिज्या:गु ५० दँय् क्यंगु लसताय् २०५६ सालय् थीथी संघ संस्था वसपोलयात अभिनन्दन या:गु ख: ।

*(साभार: सन्ध्या टाइम्स् बु.सं.२५४७, ने.सं. ११२४ अनलाथ्व ८, वि.सं.२०६१ श्रावण १०)*

*थ्व च्वसुया च्वमि 'परियत्ति सद्धम्म कोविद उपाधि'धारी नेपालय् थेरवादी बुद्ध धर्मया ख्यलय् सदां निरन्तर सेवा यानाच्वंम्ह बौद्ध विदूषि उपासिका ख: -सं.*

Dhamma.Digital

# योम्ह म्हयाय् या लिधंसा

■ रीना तुलाधर

*'परियत्ति सद्धम्म कोविद'*

वंगु २०६१ माघ १६ गते शनिबारखुन्हु धर्मकीर्ति विहारया आयोजनाय् बर्मी नागरिक मां गुण गुरुमांया ८० दँ बुदिं तःजिक न्यायेकल । वखुन्हु, न्वचु बीगु भ्ववलय् धम्मवती गुरुमांनं धया बिज्यात "४२ दँ न्ह्यो बर्माय् अध्ययन यानाः नेपालय् लिहां वयाबलय् मां गुण गुरुमांया साथ मदुगु जूसा जितः धर्म प्रचार यायेगु आंत मदु । थौं नेपालय् धर्म प्रचार याये फुगु मां गुण गुरुमांया साथ दुगुलिं खः । वसपोल जिगु साथय् मदुगु जूसा अबलेयागु परिस्थितिं जितः लथ्याना छ्वये धुंकूगु खइ । नेपालय् तुति ज्वनाः सालीपिं यको दु ।" स्वयं धम्मवती गुरुमांयागु वाक्यत खः । 'योम्ह म्हयाय्' या नामं नेपालय् जक मखु बर्माय् तकं स्वर्ण अक्षरं लिखितम्ह व्यक्तित्व धम्मवती गुरुमां खःसा वसपोलया दुगःक्वें सरहम्ह लिधंसा मां गुण गुरुमां जुयाच्वन ।

व हे न्वचुइ धम्मवती गुरुमांनं धया बिज्यागु मेगु खँ खः "तसकं हे मैत्री करूणा व सहनशीलता गुण दुम्ह जुयाः हे आखः ब्वनाच्वनागु इलंनिसें नेपालय् धर्म प्रचार यायेत जितः साथ बिया बिज्याहुँ न्हिं धकाः अनुरोध यानाच्वनागु । मां गुण गुरुमां तसकं सहः यायेफुम्ह जूगुलिं वसपोलयात ल्ययागु खः । मखुसा बर्मी पासापिंला मेपिं यकों दु ।" व हे न्वचुइ धम्मवती गुरुमांनं कना बिज्याःगु कथं मां गुण गुरुमां धम्माचरिय पास जूगु धम्मवती गुरुमां सिकं दच्छि लिपा खः । मां गुण गुरुमांयात नापं हे ब्वना हये धकाः दच्छि तक धम्मवती गुरुमां पियाच्वना बिज्याःगु खः । थ्व दच्छि पिया च्वना बिज्याःगुया दुने हे धम्मवती गुरुमांया अबुजुया देहान्त जूगु जुयाच्वन । अथे जुयाः धम्मवती गुरुमांनं थ अबुजुया अन्तिम दर्शन याये मखंगु जुयाच्वन ।

"योम्ह म्हयाय्" या जीवनी न्यने दु कथं, ब्वने दु कथं तःधंगु साहस व उत्साह ज्वनाः १४ दँया उमेरय् छेँय् सुनानं मसीक गृहत्याग यानाः

कुशिनगरय् प्रव्रजित जुयाःलि ह्मानं पासपोर्ट मदुगु कारणं घोर दुःख सियाः आसामया जंगलं बर्मा थ्यंकः वंम्ह अदम्य साहसीम्ह धम्मवती गुरुमां खः । थुलि साहसीम्ह धम्मवती गुरुमानं १४ दँ तक बर्माय् बुद्धधर्म अध्ययन यायेधुंकाः जब बुद्धधर्म प्रचार यायेत नेपालय् लिहाँ बिज्याये त्यन अबले थःके आंत मगाःगु तथ्य न्ह्यब्वया बिज्यात । थःके आंत थकायेत मांगुण गुरुमांयागु साथ फ्वनागु खँ व्यक्त याना बिज्यात । ४२ दँ न्ह्योया रूढीवादी, अन्धविश्वासी परम्पराय् दुनाच्वंपि नेपाःमिपिन्त बुद्धधर्म सहीकथं स्यनेगु गुलि चुनौतीपुर्ण खइ । अले थजाःगु कठिन अभियान न्ह्याकेत धम्मवती गुरुमानं ल्ययाबिज्याःम्ह मां गुण गुरुमां गजाःम्ह व्यक्तित्व खइ ध्व खँ विचारणीय ।

नेपालय् न्हापां बिज्याःबलय् मां गुण गुरुमांयात भाषा, संस्कृति मिले मजूगुलिं तसकं थाकुगु जुयाच्वन । उलि जक मखु व इलय् भन्ते, गुरुमांपिन्त दान बी सःपिं आपाः मदुगु जुयाच्वन । छ्साः बांलाक नये तकं मखंगु जुयाच्वन । धम्मवती गुरुमानं न्वचुइ कना बिज्याःकथं चिप्वाःचागु मिइ चच्छि बिक गुरगुरू दायेकाः 'यागू' बुका तयेगु थलय् पुसा तयेगु थल मदुगुलिं बिलि कुतु वनाच्वनीगु । बिलि कुतुं वनाच्वंगु 'यागू' नये घच्चाइ । तर मां गुण गुरुमानं म्वायेत नयेमाः धकाः घमच्चासे नया बिज्याइगु । सुख सुविधा दुगु देसय् च्वंसां ला विदेशय् च्वने धयागु अःपु मजू । आःसिकं नं आर्थिक रूपं सम्पन्नगु बर्मा देसय्, सुख, सुविधा व सरसफाइयागु वातावरणय् च्वना बिज्याःम्ह मां गुण गुरुमानं नेपाःयागु दरिद्र आर्थिक अवस्थाय् न्हिलाः न्हिलाः च्वंना बिज्यात । थःपिं च्वनेगु बास तकं ठेकाना मदुगु परिस्थितिइ नं दृढ चित्तं धर्म प्रचारया ज्याय् न्ह्यचिला बिज्यात । थौंकन्हे मनूतयके सुख सुविधाया खोजिइ विदेशय् वनेगु प्रवृत्ति वयाच्वंगु दु । मां गुण गुरुमानं धर्म प्रचारया निंति सुख सुविधा त्याग याना बिज्यात ।

"नेपालय् २५ दँ जिगु लुमन्ति" नांगु मां गुण गुरुमानं च्वया बिज्याःगु सफुतिइ धमावती गुरुमांपाखें उल्लेख जुयाच्वंगु न्ह्यैपुगु छगू प्रसंग– "अबले जातपात नं तसकं कट्टर तिनि । भिक्षु, अनागारिका धयापिं वयागु-थ्वयागु ल्हातं नइपिं धकाः गृहस्थीपिनिगु भुतुलिइ दुत मकाः । जिमिसं नयागु चिप कांवये छ्वाःपिंनं यको कम तिनि । क्वेया जाःतयापिन्त सःताः चिप काये कीगु । उकेसनं बर्माय् ला चिप निप धयागु हे मदु । थन वयाबलय् चिप धयागु हे मस्यू । चिप-निप धाइबलय् मां गुण गुरुमानं मथू । उकिं तसकं मछिना वइगु । गथे यानाः मां गुण गुरुमांयात चिप धयागु थ्वीकेगु धयाथें छकः निकः दिक्क नं ज्वीगु । चिप धयागु थ्वीकेत प्यला-न्याला बित ।"

ध्व हे सफुतिइ धम्मवती गुरुमांनं प्वंका बिज्यागु खँग्व:त थथे दु- "बर्माय् आखः ब्वना च्वनाबले नेपाःया विषयय् खँ ज्वी-जिमिथाय् नेपालय् मिसातय्त साप हे कोथुना तःगु दु । सती छोया धकाः म्वाःपिं मिसातय्त सीम्ह भाःतनापं उना छोइगु आदि खँ कनेबलय् अन च्वंपिं साप आश्चर्य चाइगु । गुलिसिनं गिजे याइगु मिथ्यादृष्टि का छिपिं धकाः । गुलिसिनं साप दया भाव तयाः खँ ल्हाइगु आम बानि मदेका छोयेमाल । उमित उपदेश बियाः मिथ्यादृष्टि हटे याये मालका धकाः खँ ज्वी । अबले जिं धाये–उकिं जि नं थन च्वनाः बुद्धया सम्यक ज्ञान सयेका वने । छलपोलपिं नं छम्ह निम्ह जिमिथाय् नेपाः बिज्यानाः दुःखसियाः सां अजापिन्त मिथ्यादृष्टि हते ज्वीगु बाखं कना बिज्याहुँ ।

गुलिं पासापिसं ज्यूनि जिपिं नं वया बाखं कनाः इमिगु मिथ्यादृष्टि हटे याना बी मालका धकाः अःपुक मात्र खँ ल्हाइ । तर धात्थें मन मब्यू । तर मां गुण गुरुमां छम्हेसिनं नेपाःयागु खँ कनेबले ध्यान तयाः नं न्यों धात्थें मन नं बियाः नेपाः वये धकाः वचन बिया बिज्याइ ।वसपोल सलंसः बर्मी अनागारिकापिं मध्ये तसकं दया माया दुम्ह व सहः यायेफुम्ह खः । उकिं जिं अपो याना वसपोलयात हे नेपालय् सत्य धर्म मथुयाः पञ्चबलि समेत नं धर्म भाःपाः हिंसा यानाच्वंगु व मिसातय्त ला आपालं अज्ञानं यानाः म्वाः मदुगुलिइ हे भुले यानातःगु खँ फुक्कं कनेगु । अले वसपोलया नुगः दुनेथ्यंक हे नेपाःमिनि उपरे दया वनीगु जुयाच्वन । उकिं नेपालय् न्हयागु हे दुःख जूसां वये धकाः वचन नं बिया बिज्यात । धात्थें नेपाः बिज्याना नेपालय् अनेक नयेगु च्वनेगु थाय् व्यवस्था मजूनिबलय् गुलि दुःख सीमाःगु व फुक्कं सहः याना बिज्यात । नेपाःमिपिनि उपरय् वसपोलया माया दया दुगुलिं हे मामं मचाया उपरे दया तयाः न्ह्यागुं सहः याइ थें वसपोलं सहः याना बिज्यात ।"

थौ ४२ दँ न्ह्यो नेपाः वया ३५ दँ तक सेवा यानाः मां गुण गुरुमां थःगु देसय् लिहां नं बिज्याये धुंकुगु खः । थौंया इलय् ४२ दँ न्ह्यो सिकंला न्ह्याक्व हे काउले पलाखं न्ह्यानाच्वंगु जूसां नेपाः या आर्थिक विकास जूगु दु । न्हापासिंकं भौतिक रूपं सम्पन्न जूगु दु । बर्मायागु खँ ल्हायेगुसा आःसिकं नं उगु इलय् एशियाया हे छगू सम्पन्न देश खः बर्मा । उलि जक मखु बुद्ध धर्मया तिब्र गतिं प्रचार जुइधुंकूगु, बौद्ध भिक्षु, अनागारिकापिन्त प्रव्रज्या बीबलय् छम्ह नं छम्ह दाता चूलाकाः तिनि प्रव्रजित याइगु थाय् । थःगु देशय् दुगु थजाःगु सुविधा व सुरक्षा फुकं हाकुतिनाः थःगु मां देय् त्वःताः नेपालया कठिन परिस्थितिइ उकीसनं विशेषं मिसापिनिगु संघर्षशील जीवनया खँ सीक

सीकं नेपालय् वयाः बुद्ध धर्म प्रचार यायेधकाः दृढ प्रतिज्ञा ज्वनाः बिज्याःम्ह मां गुण गुरुमां थौया युगया संघमित्ता जुया बिज्याःम्ह धाये बहः जू । गन च्वंसा अपो मनूतय्गु सेवा याये फइ धकाः बिचा यायेगु आलस्य बिना न्ह्यागु ज्याखँय् नं दक्ष जुयाः मेपिन्त स्यना कना बीगु धर्मदूतपिनिगु, विशेषता खः । थजाःगु हे बिशेषता युक्तम्ह मां गुण गुरुमां संघमित्ताया आदर्श कया बिज्याःम्ह धर्मदूत खः ।

मैत्री, करूणा, मुदिता व उपेक्षाया प्रतीककथं सकसिनं म्हस्यूम्ह मां गुण गुरुमां करूणामय हे खः छाय्कि सकसितं करूणा तइम्ह द्योयात 'करूणामय' धाइगु । महायानी बुद्धधर्मकथं धायेगुसा वसपोलयाके बोधिसत्वयागु चरित्र दु ।

मनूत न्ह्याम्हेसिया थःगःगु बानि व सोंख दयाच्वनी । अले मां गुण गुरुमांया सम्बन्धय् करपिनिगु सेवा यायेगु वसपोलया बानि जुयाच्वन । अले पाहुना सत्कार यायेगु वसपोलया सोंख जुयाच्वन । न्यने दुकथं बर्माय् विद्यार्थी जीवनया इलय् नं पासापिन्त गुहालि यायेगु व गुरूपिन्त सेवा यायेगुलिइ ब्यस्त जुयाच्वनीगुलिं वसपोलया थः ब्वनेत ई मगानाः पढाईलय् कमजोर जुइगु जुया च्वन । विदेशी पाहुनापिन्त सेवा यायेगु जुलकि ला वसपोलं मिखां छुं खनी मखुत धकाः मेपिसं धायेगु याः । बर्मायापिं ततःधंपिं भन्तेपिं बिज्याइबलय् वसपोलपिं गन गन बिज्यात अन अन हे च्वंवनाः सेवा याः बिज्याइ ।

सःस्यूया हिसाबं वसपोल 'धम्माचरिय' उपाधि हासिल याना तया बिज्याःम्ह खः । तर विद्वता ब्वयाः धर्म प्रचार यायेगु सिकं व्यवहार क्यनाः धर्म प्रचार यायेगुलिइ विश्वास याना बिज्याइम्ह वसपोलं चिचिहाकेक धर्म उपदेश बिया बिज्याइ, तर सारगु ।

सिद्धान्तयात सिकं ब्यवहारयात अपो महत्व बिया बिज्याःम्ह मां गुण गुरुमांनं धर्मकीर्ति विहार व धम्मवती गुरुमांया मूम्ह लिधंसा जुयाः ३५ दँ तिबः बिया बिज्यात । धम्मवती गुरुमांया लिधंसा मां गुण गुरुमां हानं धर्मकीर्ति विहारया मेमेपिं गुरुमांपिनि निंति मां जुया बिज्यात । स्वयं धम्मवती गुरुमांनं पद्मकीर्ति विहारय् छको धर्मदेशनाया भ्वलय् धया बिज्याःगु जिं न्यनागु दु– "जिंला ज्ञानीपिन्त जक माया यायेफु हारांपिन्त माया याये मफु । मां गुण गुरुमांनं ला न्ह्याको हारांपिन्त नं उलि हे माया याना च्वनेफु । वसपोलया मन गजाःगु जुइ । भीगु मन मां गुण गुरुमांया ति जो मजूनि ।

वसपोलया छगू मेगु विशेषता । वसपोलया तं पिहां वोगु सुनां मस्यू ।

सुयातं ब्वः ब्यूगु नं मस्यू । सुनानं गल्ती याःसा तसलं ब्वःबिया बिज्याइ मखु । विस्तारं थःगु हे तालं सुधार यायेगु स्यना बिज्याइ । सुनानं चिधंगु जक बांलागु ज्या यातधाःसा हानं आपालं साधुबाद बिया बिज्याइ । उकिं वसपोलं जिपिं मचाबलय् न्ह्यान्हं मचायात गपाय्सकं ज्ञानीम्ह मचा धकाः तारिफ जक याना च्वना बिज्याइ । अले जिमिसं ख्याः याना थथे धया च्वनेगु मांगुण गुरुमांनं जक ज्ञानी धायेकां मज्यू धम्मवती गुरुमांनं ज्ञानी धायेके फयेके माः अलेतिनि धाथेंम्ह ज्ञानी साबित जुइ । मां गुण गुरुमां सकसिंगु नुगः त्याकेत सफलम्ह छम्ह बिस्कंगु चरित्रम्ह व्यक्ति खः । "सुनानं फुकेसिगुं मन चित्त बुझे याये फइमखु' धयागु खँ मां गुण गुरुमांयागु खँय् लागु मजू ।

अंगुत्तर निकायलय् धयातःकथं निताजि दुर्लभ मनू मध्ये मेपिन्त उपकार याइम्ह व उपकार म्हसीका तइम्ह खः। मेपिन्त उपकार याइम्ह छताजिम्ह दुर्लभम्ह मां गुण गुरुमां खःसा उपकार म्हसीका तइम्ह मेताजिम्ह दुर्लभम्ह भी जुये माःगु दु ।

*३५ दँ तक नेपालय् च्वनाः धर्म प्रचार याना बिज्याःम्ह बर्मी नागरिक मां गुण गुरुमांया ८० दँ बुदिंया सन्दर्भय् -सं. ।*

*(साभारः धर्मकीर्ति, वर्ष २२, अंक ११, बु.सं २५४८, ने.सं.११२५, सिपुन्ही, वि.सं.२०६१)*

Dhamma.Digital

# ममतामयी आमा धम्मवती गुरुमां

■ प्रेमलक्ष्मी तुलाधर

धर्मकीर्ति विहारकी संस्थापिका पूजनीय श्रद्धेय धम्मवती गुरुमां अहिलेको युगमा शान्तिको बाटो देखाउनु हुने एक आदर्श नारी एवं आदरणीय व्यक्तित्वको साथै अनन्त गुणले पूर्ण भएको गुरुमां हुनुहुन्छ। आफ्ना आमा-बुबाको मात्र होइन, सिंगै नेपाल आमाको अति नै मन पर्ने एक्ली छोरी (योम्ह म्ह्याय्) हुनुहुन्छ भने, हाम्रो लागि अति मन पर्ने ममतामयी आमा हुनुहुन्छ पूजनीय, श्रद्धेय भिक्षुणी धम्मवती गुरुमां।

नेपालमा भिक्षुणी मध्ये अग्रस्थान ओगट्न सफल हुनुभएकी, बुद्ध शासनमा बलियो खम्बाको रूपमा खडा भई, प्राणी सबैलाई ज्ञानका चक्षु दिनुभई धर्मदेशना गर्नुहुने उहाँ महान व्यक्तित्व, अतुलनिय देन भएकी, आफूले बोकेको लक्ष्यलाई हासिल गरेरै छाड्छु भन्ने अठोट लिएकी र निःस्वार्थ भावना भएको हुनाले नै हो, उहाँ सबैको श्रद्धेय पूजनीय गुरुमां बन्नुभयो। उहाँको जस्तै निःस्वार्थ भावना हामीमा पनि कायम गर्न सक्यौं भने हामी पनि यो देश, समाज, परिवार आदिमा उहाँ जस्तै बन्न सक्नेछौं भनीकन प्रेरणा लिऔं।

पहिले-पहिले काठमाडौंका मानिसहरू एकदम कठिनाई सहेर जङ्गली, पहाडको बाटो हिंडेर ल्हासा (तिब्बत) मा गएर धेरै धन कमाउने गर्दथे। अहिले पनि विदेशमा गएर पढ्ने, धन कमाउने, बंगला बनाउने, गाडी किन्ने आदि आ-आफ्नो इच्छा पुरा गर्न देश छोडी हिँड्ने मानिस थुप्रै छन्। तर, १४ वर्षकी गणेश कुमारी अदम्य साहस, निडर, अठोट, दृढ धारणा, निस्वार्थ भावना भएकी कारणले धनको लागि होइन, बौद्ध धर्म अध्ययन गरेर सबैलाई बुद्धको ज्ञानद्वारा उद्धार गर्न बर्मा जाने इच्छा राख्नुभयो। सानो बेला देखि नै महत्वाकांक्षी भएकी हुनाले "बुद्धको शासन भार सम्हाल्न सकुँ" भनेर आशिका

गर्नुभयो । १४ वर्षको कलिलो उमेरमा यति उच्च विचार शायद नै कसैले राख्नसक्छ ।

बर्मा जाँदा पासपोर्ट नभएको कारण जेलमा कठिन समय सम्म बिताउन परेको थियो । "यस्तो सानो बालिका भन्तेको पछि-पछि किन आएको नेपाल फर्केर जाउ" भन्ने जस्ता नानाथरी कुरा पनि उहाँले सुन्नु परेको थियो । यसको जवाफमा उहाँले "बुद्धधर्म सम्बन्धी शिक्षा प्राप्त गर्ने आफ्नो लक्ष्य पूरा गरेर सो शिक्षाबाट नेपालमा नारीहरूको उत्थान गर्नुका साथै प्राणीलाई उद्धार गर्नमात्र नेपाल फर्कि जान्छु " भन्ने भावना र विश्वास व्यक्त गर्नुभयो । नेपालकी छोरीको दृढ भावना देखी बर्मी नागरिकहरू अचम्म हुनुको साथै उहाँप्रति धेरैको मनमा आदर र श्रद्धा भाव उर्लेको थियो ।

उहाँकी आमाले एक्ली छोरीप्रति आफ्नो मायालाई धर्मको डोरीले बाँधेर बुद्धधर्म प्रति कतिको आस्था छ भन्ने कुरा हामीहरूलाई देखाउनु भएको छ । उहाँको यति विश्वास छ कि आफ्नी छोरीले एकदिन अवश्य पनि बुद्ध शासनकी छोरी भएर नेपाल देशको नाम चन्द्र सूर्य जस्तो चम्किलो पार्नेछ । यस्तो दृढता उहाँकी आमामा थियो ।

उहाँलाई बर्मासम्म पुऱ्याएर सहयोग गर्नु हुने व्यक्तिमा गुरु भन्ते धम्मावुध पनि एक हुनुहुन्थ्यो । आफ्नी शिष्या धम्मवतीको सानो बेलादेखि बुद्धधर्म प्रति दृढ प्रतिज्ञा देखेर उहाँले पहाडको उकालो ओरालो चढी पइतलामा रगत आए पनि परवाह नगरी शिष्याको इच्छा पुरा गरेर नै छाड्नु भयो ।

बर्मा देशमा नेपालकी छोरी भनेर धेरै मान-मर्यादाका साथ आदर गौरव गरियो । किनभने बर्मा देशमा सबभन्दा पहिले "सासनधज धम्माचरिय" उपाधि प्राप्त गर्ने विदेशी नेपालकी छोरी पूजनीय धम्मवती गुरुमां नै हुनुहुन्थ्यो ।

बर्मा देशका केटाहरूले नै प्राप्त गर्न गाऱ्हो पदवी बाहिरी देशका केटीले प्राप्त गरेको देखेर कवि हृदय भएका बर्मी भिक्षुहरूले लेख्नु भएको कविता धेरै छन् । ती मध्ये एक बर्मी भिक्षु धम्मिकले लेख्नु भएको कविता यसप्रकार छ–

"प्रकाश शासनमा भएको छ
धम्मवतीले देखाई दियो केटा जस्तै,
छ पण्डित केटी पनि
बर्मा देशका केटाहरूले समेत गाऱ्हो प्राप्त गर्न

नेपालकी केटी जातिलाई

धन्य किन नभनौं प्राप्त गरेकोले ।"

बर्मी भिक्षु धम्मिकले लेख्नु भएको कविता देखेर मेरो मनमा पनि एउटा कविता आयो । यो मेरो पहिलो कविता मलाई मनपर्ने गुरुआमा धम्मवती गुरुमांलाई समर्पण गर्दै नेपाल भाषामा लेखेकी हुँ–

"बर्मायापिं जनता हे प्रभावित जुल

छम्ह नेपाःयाम्ह मिसायागु साहस खनाः,

बुद्ध बूगु नेपाः देया योम्ह म्ह्याय् खनाः

झीपिं छाय् मजुइ गौरवान्वित

शीरं वन्दना याना धम्मवती गुरुमां खनाः ।"

अदम्य साहस, निःस्वार्थ भावना, आफ्नो लक्ष्यप्रति अदिग आत्मविश्वास नै उहाँको मुख्य चारित्रिक विशेषता हुन् । यिनै गुणहरूको साथै सानो बेलादेखि उच्च बौद्धिक क्षमता भएको हुनाले केटीलाई पढ्न नदिने समाजलाई चुनौति दिएर केटीहरूको निम्ति उदाहरण भएर देखाउनु नै उहाँको ठूलो योगदान हो । महिलाहरूले पढ्नुको सट्टा घरको काम मात्र गरे पुग्छ वा सिके पुग्छ भन्ने संकुचित भाव भएको समाजलाई उहाँले चुनौति दिनु भयो । त्यस्तो समाजलाई पन्छाएर नारीहरूको कसरी उद्धार गर्ने भन्ने मैत्रीभाव चित्त भएको नै उहाँको सबभन्दा उच्च गुण हो ।

त्यस्तै उहाँको अर्को ठूलो योगदान भनेको मिथ्यादृष्टिमा परेका सबै नेपालीहरूलाई बुद्धधर्म अध्ययन गराएर, बुद्धको ज्ञानद्वारा सही बाटोमा लगेर धर्मको माध्यमले उद्धार गर्ने । सगरमाथाले नेपाललाई संसारमा चिनाउँछ भने जस्तै बुद्धधर्मलाई नेपालीहरू माझ चिनाउन पूज्य धम्मवती गुरुमांले ठूलो भूमिका खेल्नु भएको छ ।

वि.सं. २०२२ साल बैशाख २२ गते, शनिवारका दिन धर्मकीर्ति विहार को स्थापना भएदेखि धम्मवती गुरुमांको पूण्य र धर्मदेशनाको प्रभाव, रत्नमञ्जरी गुरुमांको ध्यानको प्रभाव, र दोगुणवती गुरुमांको शिल्प विद्या सिकाउने गुणको प्रभावबाट धर्मकीर्ति विहार नेपालको विहारहरू मध्ये भिक्षुणीहरू बस्नु हुने विहारको रूपमा प्रभावशाली भएर अगाडि बढेको छ । उहाँ गुरुमांहरूको बौद्धिकताको कारणले नै धर्मकीर्ति विहारको विस्तार भयो । यो प्रगतिको प्रमुख श्रेय त पूज्य धम्मवती गुरुमांमै जान्छ । उहाँको

बौद्धिकताको कारणले नै सफल भएको हो । त्यसैले धर्मकीर्ति विहारकी संस्थापिका धम्मवती गुरुमांलाई हृदय देखि वन्दना गर्दछु ।

धम्मवती गुरुमांले सञ्चो विसञ्चोको ख्याल नराखि धेरै मिहिनेत, कोशिस, गरेर लुम्बिनीमा नेपालको एक मात्र विहार गौतमी विहार बनाउनु भयो । त्यो विहार बनाउनको लागि हरेक ठाउँमा भिक्षा जानु भयो । सहयोग स्वरूप उपासक उपासिकाहरूबाट चन्दा उठाउनु भयो र आफुलाई दानमा आएको पैसा पनि राखेर लुम्बिनी गौतमी विहार बनाउनु भयो । सरकारको सहयोग बिना १ करोड ६० लाखको लागतमा त्यत्रो ठूलो विहार बनाउनु भनेको सानो कुरा होइन । कसैले गर्न नसकेको काम एक जना प्रभावशाली भिक्षुणी धम्मवती गुरुमांले गर्नु नै थेरवाद बुद्धधर्ममा धेरै सन्हाहनिय, गौरवपूर्ण देन हो । चन्दा त दिए सबैले, तर बनाउने काम कम गान्हो छैन । मिहिनेत, कोशिस, विश्वास विना कुनै पनि काम सम्भव हुन्दैन । त्यो सबै गुण गुरुमांमा देख्न सकिन्छ । वण्डरा नाइके, मदर टरेसा, इन्दिरा गान्धी आदिले भौतिक, राजनैतिक, आर्थिक रूपमा समाजको, देशको सेवा गरेका छन् भने धम्मवती गुरुमांले आध्यात्मिक रूपमा समाजको, देशको हरेक क्षेत्रमा पनि उत्तिकै सहयोग गर्नु भएको छ । यो पनि उहाँको ठूलो देन हो ।

आफू एक आदरणीय भिक्षुणी भएर पनि ठूलोपना नदेखाई गुरुजु, लामा भन्तेहरूलाई समान व्यवहार गरेर धर्म पूजा गर्नु भयो । आशिर्वाद लिनु भयो । दान पनि दिनु भयो । बुद्ध शिक्षा अनुसार मान्नु पर्ने व्यक्तिहरूलाई मान्नु पर्छ भनेर आफू नै उदाहरण भएर देखाउनु भयो ।

अभिधर्मको पाठको सिलसिलामा पूजनीय महास्थविर कुमार भन्तेले आफूले जस्तो भन्यो उस्तै काम गर्नु हुने धम्मवती गुरुमां भएको हुनाले बौद्ध स्कूल एउटा खोल्न गुरुमांको प्रेरणा पायो भने हुन सक्छ कि भन्ने उद्गार व्यक्त गर्नु नै गुरुमांप्रति कतिको विश्वास छ भन्ने कुरा छर्ल्लङ्ग हुन आउँछ ।

करूणाले भरिएको मन, सिद्धियुक्त बोलि, मान्छेहरूलाई तह लगाउन सक्ने बानी व्यवहार भएकी धम्मवती गुरुमांले २५-३० जना गुरुमांहरूलाई धर्मकीर्ति विहारमा संरक्षण दिनु भएको छ । धम्मवती गुरुमांको नेतृत्वमा धर्मकीर्ति विहारका शाखा विहारको रुपमा धर्मकीर्ति बसुन्धरा विहार, सुलक्षण कीर्ति विहार चोभार, गौतमी विहार, पद्मकीर्ति विहार, निर्वाणमूर्ति विहारी आदि संचालित छन् । चमेली गुरुमां, कमला गुरुमां, डा.अनोजा गुरुमां, डा. धम्मविजया गुरुमां, कुसुम गुरुमां, वीर्यवती गुरुमां आदिले धर्मदेशना गर्नु

हुँदा धेरै राम्रो स्पष्ट बुझ्न सजिलो छ । त्यो सबै श्रेय पूज्य धम्मवती गुरुमांलाई नै जान्छ । किनकि उहाँहरू धम्मवती गुरुमांकै चेला हुनुहुन्छ ।

असंख्य उपासक उपासिका हुनु पनि गुरुमांको व्यक्तित्व हैन र ? उहाँ नेपालमा बौद्ध मार्गी सबैका हृदयको ढुकढुकी बन्नुभएको छ । देश विदेशले समेत सम्मान गरेको प्रभावशाली महान व्यक्तित्वले पूर्ण गुण भएको गुरुमां हुनुहुन्छ । गुरुमांको हरेक बोली, स्वर, शब्दमा पनि दृढताले भरिएको महानवाणी झल्केको आभास हुन्छ । दृढतायुक्त स्वभाव, बुद्धधर्मप्रति पूर्ण प्रतिज्ञायुक्त संकल्प गुण गुरुमांमा देख्न सकिन्छ ।

पूज्य गुरुमांको गुण, प्रभावशाली व्यक्तित्व अभिवृद्धि हुँदै बुद्ध शासनको झण्डा जस्तै संधै फर्रफर्र उडिरहोस् र त्यसको शान्त, शीतल, मैत्रीपूर्ण सुवास संसारभर फैलिएर सबै प्राणीमा धर्म चित्त उत्पत्ति गराएर दया, माया, करूणा, सुख, शान्ति रहोस् भन्ने कामनाका साथै गुरुमांले हामीहरू सबैलाई संधै अनन्त धर्मदेशना दिन सकुन् भनेर आशिका गर्दछु ।

*साभार- 'धर्मकीर्ति' वर्ष-२३, अङ्क-८,९,१०, बु.सं.२५४९,ने.सं. ११२६, सकिमना पुन्हि, योमरि पुन्ही, मिलापुन्ही, २०६२)*

Dhamma.Digital

# गुरुमां धम्मवतीया जन्मदिं

■ आनन्दमानसिं तुलाधर

गुरुमां धम्मवतीया बुदिं खः थौं
गुरु पुन्ही नं खः असारया ।

विक्रम सम्बत झीगुसः व गुँइछि
महा भूकम्पया दच्छि लिपा ।

जननी मां खः हीराथकुं वया
बौ जुल शाक्य कुलया हर्षमान ।

न्ह्यःल्यू दाजुकिजापिं जक जूसां
जन्मं हे खः व ला याकः म्ह्याय् ।

गुलियः जुइ मां बौ पिनि व
स्याःगु घालय् च्वास्स ध्वइथें ।

गृहस्थी जीवनय् नां जुल वैगु
गणेश कुमारी हे "यःम्ह म्ह्याय्"

झिंस्वदँया जक मचा उमेरय्
ब्वलंगु संस्कार बुद्ध शिक्षां प्याःगु ।

नये त्वने तिइगु म्हितेगु उमेरय्
मन मतः छुकीसं सितिकं फुइगु ।

मनेदु वयाला केवल छगू हे
बुद्धधर्मया चीर स्वायेगु ।

उमेर वैगु क्यातुसे च्वंसां
उलिहे नुगः क्वातु छाःगु पाषाणथें ।

Dhamma.Digital

मने ब्वलंगु आकांक्षा पूवंकेत
त्याग यात गृहस्थी मां देय् तकनं ।

निर्णय यात स्वम्हेस्यां लक्ष छगूहे
मनोहरा, गणेश, शोभालक्ष्मीं तकनं ।

धैर्यता गुलि दु आँत नं उलिहे
धायेगु गथे खः यायेफु अथेहे ।

थःमां व भन्ते धम्मावुधया कुतलं
थ्यंकः वन मोलमिन खेमारामय् ।

बुद्धधर्मया हेतु सिइकेत
अध्ययन जुल अन धम्माचरिय ।

अल्सी मचासे याःगु कुतलं
थुइकल बुद्ध वाणी त्रिपिटकनं ।

यानां मज्वीगु मदुन्हां छुं हे
कुतलं अर्हत जू हं धाःगु ।

साकार याना क्यने बुद्ध बचं
धन्यया पात्र खः गुरुमां छःपिं ।

च्यादँया भित्रय् सयेकाः सकतां
सासनधज धम्माचरिय

Dhamma.Digital

अग्गमहागन्थ वाचक पण्डित
धम्मवतीया नामं म्हसिल छःपिं ।

वन्दना दु नुगलं जिमिगु
सकल उपासक, उपासिकापिनिगु ।

पदविं बिभूषित जूम्ह गुरुमांयात
लिसा काये हाकनं, वन्दना ।

चिरं तिट्ठतु सद्धम्मो !
भवतु सब्ब मंगलं !!!

*(साभार- 'धर्मकीर्ति' वर्ष-२३, अङ्क-६, बु.सं.२५४९, ने.सं. ११२५, यँया पुन्हि, २०६२)*

# संघया कीर्ति च्वनेमा थीरं

■ आनन्दमानसिं तुलाधर

मां बौया योम्ह म्ह्याय् छःपिं गणेश कुमारी
भिंप्यदँया बैसय् का:म्ह प्रबज्या भारी

हाकुगुँ पुले मनंम्ह धर्म सिखलं
सायेका: थ्यन बर्मा देश पुला: जंगल

मिहेनतं क्वचायेकल "धम्माचरिय"
धर्मकीर्तिइ इनेत चाकुमरि थें

बुद्ध शिक्षाया ज: ह्वला: द्यँपिन्त थँ थं
थ्यन धम्मवतीयागु जंकु हनेदँ नं

धर्मकीर्ति श्रीघ:लय् थें निर्वाण-मूर्तिइ
लुम्बिनीस भिक्षुणीया विहारय् फूर्ति

जीवन अनित्य जूसां सम्पदा धर्तिइ
धस्वातले ह्वया च्वनी छःपिनि कीर्ति

अनागारिकाया देशय् भिक्षुणी दत
नांल्वयूक चख्यना: च्यायेमा संघया मत

जुइमा गुरुमां छःपिन्त निरोगी याकनं सललं
आरोग्यं छिगु वाणी न्यने दयेमा हाकनं

चीरं तिठ्ठतु सद्धम्मो
लोको होतु सुखी सदा

# जन्मदिं थौं गुरुमां धम्मवतीया

■ आनन्दमानसिं तुलाधर

बुद्धं कनातःगु सुइच्यागू मंगल
उकि मध्यय् छगू मंगल थ्व नं खः
पूजायाये योग्यपिन्त पूजा यायेगु

थ्व हे सूत्रया आधारय् लुमंसे वःगु बुद्धया वाणी
छकू बकू च्वयाच्वना मनय् वःथें छसिं कथं

थौंया दिं खः योग चूलाःवःगु बोधिसत्वया पालंनिसें
उगु हे बखतय् बुद्ध जुइगु आशं ल्यःगु दिनं थौं हे

श्वेतरूपि गजया गर्भ प्रवेश जूगु दिनं थौं हे
मांयात बाखं कनेत तुषिता भूवने बिज्यागु दिननं थौं हे

सापहे लक्षनं युक्तगु दिंखः गुरु पुन्हि थौं असारया
अथेहे पुज्य गुरुमां धम्मवतीया बूदिं न्हयनिद्ँ क्यंगु नं थौं हे

सम्वत विक्रम भ्रीगुसः गुँइछि सालया,
महा भूकम्प जुया दँच्छि लिपा

माँ हिराथकुंया गर्भं बूम्ह व खःसा
बौ धायेका च्वंम्ह शाक्य कुलया हर्षमान

धन्य खः वसपोलपिं ललितपुरबासि
थुजोम्ह योग्य सुपुत्री बुइकूपिं

Dhamma.Digital

याकःम्ह्याय् खः व कायृपिनि पुचलय्
गणेश कुमारी धायेगु सकसियां यो

भिंप्यदँया जक मच्चागु उमेरय्
चुक, ननि, बहालय् म्हितः जुइगु बखतय्

मन मतः छुकीसं सितिकं फुइगु
ब्वलंगु संस्कार हे बुद्धशिक्षां प्याःगु ।

यथार्थ सत्य छु खः सिइकेत न्ह्यब्वाःगु
आर्य अष्टाङ्गिक मार्ग थुइकेत स्वःगु

मचा जूसानं आकांक्षा तः जि
बुद्ध धर्मया कुतुम्ब स्वनेगु

न्ह्याक्वो हे कस्त सहः याये माःसां
थ्यंकः वन मोलमिन खेमारामय्

भिंप्यदँया भित्रय् थुइकाः बुद्ध ग्रन्थ व पिटक सकतां
मां देय् लुमंकाः ल्याहाँ बिज्याःम्ह गुरुमां

धायेकाः सासनधज धम्माचरिय
अग्गमहागन्थ वाचक पण्डितया पदबिं

बिभूषित छःपिं पूज्य गुरुमां धम्मवती
आरोग्य परमोलाभ जुइमा गुरुमां छःपिं

त्वःमफिक जिमिनं न्यना च्वने दयेमा
बुद्ध, धर्म व संघया अनन्त गुण

अन्तय् मार्ग फलय् मथ्योंतले सकलें
न्ह्याःवना च्वनागु पलाः दिके म्वाःलेमा

चिरं तिटठतु सद्धम्मो
भवतु सब्व मंगलं

*(२०६३ असार २७ गते मंगलवाः)*

# मानव धर्मया मर्म छु खः ?

■ आनन्दमानसिं तुलाधर

मानवया धर्म छु खः म्हसीकेगु मर्मया
हेतु कना बिज्याइ पुज्य गुरुमां धम्मवतीं

मथूतले उपमा ब्युब्यूं थुइकेगु कुतलं
ध्वाथुइका बिइ ब्याख्यां छलंङ्ग

वसपोल हे खः छम्ह प्रज्ञारुपि क्रान्तिया न्ह्यलुवाः
बौद्धया जगतय् निभाया जः बीम्ह

बुद्धं कनावंगु समस्त पिटक ग्रन्थया
प्रसिद्ध ज्ञाता खः छःपिं अग्गमहागन्थवाचक पण्डित नं

रुपक, नाटक एकांकि मखु ध्व
सत्य घटना खः ध्व बुद्धं क्यनावंगु

मदु छुं विश्वय् असम्भव धैगु
यानाः मक्यंला बुद्धं सुनां मयाःगु

थौंया लागी छगू नजीर मजूला भीत
प्याहाँ मवःनि सु हे बुद्ध ति ज्वःपिं

न्ह्याग्गु इलय् नं सजग जुया च्वनेत
तयार दु छःपिं जिमि न्ह्योने

न्ह्याक्को नयां छुयाये प्वाः मजाइगु जूसा
ख्यलय् मदुसा नयां छुयाये ।

न्ह्यलं ब्वाब्वाँ न्यनेगु जूसा
जिं मताः गुरुमां धयां छुयाये

मनुष्य छक्व जन्म कयानं
ब्यर्थ जीवन हनां छुयाये

निन्हु जक म्वानाः सिनावने माःसां
संस्कार भिंगु पिनाः वनेका

भवतु सब्ब मंगलं ।

✽

# एउटी नारीको संघर्ष अनि सफलता

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

पूर्वेली पैतृक समाजमा मात्र होइन पश्चिमी मुलुकहरूमा पनि नारी जातीले सफलता हासिल गर्न अनेकौं थरिका संघर्षमा उत्रिनु पर्दछ । उसो त आ-आफ्नो कार्य क्षेत्रमा सफलता हासिल गर्न संघर्ष र समस्या सामना गर्नुपर्ने नै हुन्छ महिलाले मात्र होइन, पुरुषले पनि । तर साझा खाले समस्या, संघर्षको अलावा महिलाले बेग्लै समस्या, संघर्ष भोग्नु पर्ने हुन्छ । केवल उनी एउटी महिला भएकै कारण । विश्वकै कुरा गर्‍यौं भने तल्लो निम्नस्तरको कार्यक्षेत्रमा प्रशस्त महिला सहभागीता भईसक्यो एकाइसौं शताब्दीमा । तर उच्च ओहदामा पुगुन्जेल महिला पिछडीन्छन् । संसारमै अहिले सम्म कतिजना महिला राष्ट्रपति, कतिजना महिला प्रधानमन्त्री भई सके र ? पुरूषको तुलनामा ज्यादै न्यून ।

आर्थिक, सामाजिक, राजनैतिक, कानूनी, सांस्कृतिक इत्यादि क्षेत्रका अलावा धार्मिक क्षेत्रमा पनि एउटी नारीले नारी भएकै कारण थप समस्या संघर्ष झेल्नु पर्दोरहेछ । आज नेपालमा थेरवादी बुद्धधर्म प्रचार गर्नमा एक अद्वितीय व्यक्तित्व भिक्षुणी धम्मवतीले पनि बुद्धधर्म प्रचार जस्तो पवित्र कार्य गर्नको लागि पनि निकै लैगिक संघर्ष गर्नु परेको रहेछ । केही उदाहरण : बर्मामा १४ वर्ष अध्ययन काल पूरा गरेपछि धम्मवती गुरुमां नेपालमा बुद्धधर्म प्रचार गर्ने महान उद्देश्य लिई अन्य दुईजना गुरुमांहरू मां गुणवती र रत्न मञ्जरीका साथ स्वदेश फर्कनु भएको थियो । केही महिना धर्म देशना गर्न थाल्नु भएपछि धम्मवती गुरुमांको देशनाबाट सयौं मानिस प्रभावित भए । गुरुमांहरू बस्नको लागि एउटा विहार बनाउनु पर्ने आवश्यकता महशूस गरी धम्मवती गुरुमांकै घर परिवारबाट प्राप्त रकमबाट काठमाडौंको श्रीघः टोलमा एउटा जग्गा पनि किनियो । त्यसपछि विहार बनाउन उपासक उपासिकाबाट

सश्रद्धा चन्दा उठाउने तरखर हुँदा नेपालमा केही भिक्षुहरूबाट त्यसको विरोध भयो र रोक लगाइयो । हिम्मत नहारी धम्मवती गुरुमांले जसोतसो गरी आफ्नै स्तरले वि.सं.२०२२ सालमा धर्मकीर्ति विहार स्थापना गरी छाड्नु भयो ।

त्यहीताका श्रीघःस्थित अर्को थेरवादी विहारमा धम्मवती गुरुमांको धार्मिक प्रवचनबाट उपासक उपासिकाहरू प्रेरित भएर तिनको घुईंचो लाग्यो । प्रवचन चल्दै थियो । बिचमै अबदेखि तिमीले प्रवचन दिनु पर्दैन भनी रोक लगाइएको थियो किनकि पुरूषको दाँजोमा महिलाको धर्म देशना लोकप्रिय हुन थालेको थियो । तिनैताका एउटी उपासिकाले आफ्नो पतिको देहावसान हुँदा पुण्य स्मृतिमा ७ दिनसम्म भिक्षुहरू तथा धम्मवती गुरुमांबाट धर्मदेशनाको कार्यक्रम राखेको थियो । सातौं दिनमा ठूलो भोजन तथा दानको कार्यक्रम पनि राखिएको थियो । भिक्षुहरूको दैनिक धर्मदेशनाको बिचमा एउटी महिला गुरुमांको धर्मदेशना राखेमा हामी कोही भोजन खान आउने छैनौं, भनीकन ती उपासिकालाई धम्की दिँदा धम्मवती गुरुमांको धर्मदेशनालाई हटाइएको थियो ।

अर्को एउटा खल्लो घटना धर्मकीर्ति विहार स्थापना भएर यस विहार बाट निक्कै धर्म प्रचार भईसकेपछि पनि अनागारिका गुरुमांहरू मात्र बस्ने बसोबासलाई "विहार" भन्न मिल्दैन भनी विवाद उठेको थियो र 'विहार' शब्द हटाउन खोजिएको थियो ।

धम्मवती गुरुमांकै सत्प्रयास तथा सक्रिय नेतृत्वको फलस्वरूप निर्मित लुम्बिनीस्थित नेपाली विहारको नाम हाल "अन्तर्राष्ट्रिय भिक्षुणी केन्द्र" हटाई "गौतमी विहार" राखियो ।

शील सदाचारको दृष्टिकोणले एउटा "भिक्षु" सरह "भिक्षुणी" हुन सक्छ भन्ने कुरोको मान्यता अहिलेसम्म दिइएको छैन । भिक्षुणी शब्दको अपमान भएको छ ।

तथागतको सद्धर्म प्रचार गर्ने एउटै पवित्र उद्देष्य लिएर आफ्नो जीवन समर्पण गर्नु भएका अदम्य साहसी धम्मवती गुरुमां यस्ता ठूला साना कुनै पनि बाधा अड्चनबाट पछि हट्नु भएन । धर्मप्रचारको उहाँको यात्राले ४१ वर्ष पुरा गरीसक्यो आज उहाँ राष्ट्रिय स्तरमा मात्र होइन अन्तर्राष्ट्रिय स्तरमै सम्मानित व्यक्तित्व भइसक्नु भएको छ । स्वदेशी स्तरमा उहाँलाई ज्ञानमाला रत्नवत सिरपाः, भाषाथुवाः उपाधि दिइएको छ भने पचासभन्दा बढी राष्ट्रिय धार्मिक तथा सामाजिक संघ संस्थाहरूले अभिनन्दन गरेको छ । बर्मा

सरकारबाट अति उच्चस्तरीय पदवी सासनधज धम्माचरिय' र 'अग्गमहागन्थवाचक पण्डित' उपाधिबाट बिभूषित उहाँ आज नेपाली बौद्धहरूको पूज्यनीय व्यक्तित्व हुनुहुन्छ । उहाँ अझै रोक्नु भएको छैन । ७२ वर्षको वृद्धावस्थामा पनि उहाँको यात्रा तिब्र गतिले नै अगाडि बढिरहेकै छ ।

अन्तमा यहाँ एउटी नारीको सफलता यो महत्वपूर्ण कुरा होइन । महत्वपूर्ण कुरा यो हो कि एउटी नारीको संघर्षशील सत्प्रयासको फलस्वरूप नेपालमा तथागतको सद्धर्म व्यापक प्रचार भयो । सद्धर्म सुनी, पढी, लेखी, हजारौंको जीवन सुधियो, जीवन सहज भयो । नैतिक बन्यो, धर्मको सही पहिचान भयो ।

*(साभार: धर्मकीर्ति, वर्ष २४, अंक ३, बु.स.२५५०,ने.सं.११२६, गुरुपुन्ही, वि.सं. २०६३)*
*(सन्दर्भ : धर्मकीर्ति विहारको ४१ औं जन्म जयन्ती)*

Dhamma.Digital

# धर्मकीर्ति विहार स्थापनाको पृष्ठभूमि - केही सत्य तथ्य

■ रीना तुलाधर

गत बैशाख २६ गते धर्मकीर्ति विहार स्थापना भएको ४१ वर्ष पुरा भई ४२ औं वर्षमा प्रवेश गऱ्यो । यसै सन्दर्भमा धर्मकीर्ति विहार स्थापना हुनु अगाडिको पृष्ठभूमि यहाँ प्रस्तुत गर्न लागिएको छ । वि.सं. २०२० साल आश्विन ७ गते बर्मी मां गुणवती गुरुमां र रत्न मञ्जरी गुरुमांको साथमा धम्मवती गुरुमांको नेपाल आगमन भयो । नेपालमा बुद्धधर्म प्रचार गर्ने महान उद्देश्य लिएर पाल्नु भएका ती प्रव्रजित गुरुमांहरूले त्यतिबेला भोग्नु भएको संघर्षमय जीवनको कुराको उल्लेख पनि यही सन्दर्भमा जोडिन आउँछ । १४ वर्ष बर्मामा अध्ययनकाल पुरा गरेर नेपाल फर्किने बित्तिकै धम्मवती गुरुमां आफ्ना सहकर्मी मां गुण गुरुमां र रत्न मञ्जरी गुरुमांसँगै आफ्नै जन्मथलो पाटनको घरमा २ महिना सम्म बसोबास गर्नु भयो । त्यतिबेला धम्मवती गुरुमांको पिता दिवंगत भइसक्नु भएको थियो । तर गुरुमांकी आमा हेराथकुले राम्रैसँग हेर विचार गर्नु भएकोले २ महिनासम्म त उहाँहरूको जीवन सजिलैसँग बित्यो भन्नु हुन्छ धम्मवती गुरुमां ।

त्यसताका भिक्षु सुमंगलद्वारा काठमाडौंस्थित गणमहाविहारमा स-साना बाल बालिकाहरूलाई बौद्ध शिक्षा अध्यापनको कक्षाहरू संचालन गरीराख्नु भएको थियो । संचालक भिक्षु सुमंगल जापानको यात्रामा जानुपर्ने भएकोले उहाँले धम्मवती गुरुमांसँग ती कक्षा संचालन गर्न आग्रह गर्नु भयो । साथै सुमंगल भन्तेले प्रव्रजित भइसकेपछि आफ्नै घरमा बस्दा राम्रैसंग धर्म प्रचार गर्न सकिंदैन भनी सल्लाह पनि दिनु भएको थियो । सुमंगल भन्तेको सल्लाह र आग्रहलाई शिरोपर गरी धम्मवती गुरुमां आफ्नो जन्म घरमा बस्न छोड्नु भयो ।

गणविहार भिक्षुहरूको विहार भएकोले उहाँले त्यहाँ बस्न मन गर्नु भएन । उहाँहरू बस्नको लागि कुनै निश्चित ठाउँ थिएन । काठमाडौंको ज्याःबहालस्थित भाजुरत्न (भाजुदाई) को घरमा बस्ने बन्दोबस्त गरियो । भाजुदाई सम्यक पूजामा मुख्य आचार्य पनि हुनुहुन्छ । उहाँको घर पनि ठूलो थियो । उहाँकै घरमा बसी धम्मवती गुरुमांले ५०/६० जना जति बालबालिकाहरूलाई बुद्धधर्म सिकाउने कार्य गर्नु भयो । उल्लेखनीय छ ती नै बालबालिका मध्ये एकजना वर्तमानका एक अति सक्षम, विद्वान भिक्षु सुगन्ध पनि हुनुहुन्थ्यो । भिक्षु सुगन्ध हाल  थाइलैण्डमा संघराजाका सचिव पदमा बसी अति उच्चस्तरको जिम्मेवारी बहन गर्ने काम गर्नुहुन्छ ।

त्यतिबेला उपासक उपासिकाहरू आज जस्तो दानको महत्ता बुझेर दान कार्यमा अग्रसर थिएन । अतः उहाँ गुरुमांहरूको जीवन कठिनमय थियो । उपमाको लागि भाजुदाईको घरमा उहाँहरूलाई खान च्यूरा र चाकुको टुक्रा दिइन्थ्यो । बेलुकीतिर सानो आगोमा चामल बसालेर यागू पकाइन्थ्यो । भोलिपल्ट बल्ल यागू पाक्दा त्यसमा साङ्लो पनि खसीराखेको हुन्थ्यो । धम्मवती गुरुमां र रत्नमञ्जरी गुरुमांले घीन लागेर यागू नखाई च्यूरा र चाकु खानु हुन्थ्यो भने बर्मी गुरुमां मां गुण गुरुमांले च्यूरा र चाकु खान सक्दैनथ्यो । अतः उहाँले साङ्लो झिकेर फ्याँकी त्यही यागू खानु हुन्थ्यो । त्यस घरमा पुरानो किसिमको टिनमा मल थाप्ने खालको चर्पी हुँदा दिसा पिसाब गर्न पनि ज्यादै कठिन हुन्थ्यो । यहाँनिर बर्मी गुरुमां मां गुण गुरुमांको गुण स्मरणीय हुन्छ । उहाँले आफ्नो देशको सुख सुविधा जम्मै त्यागी नेपालमा बुद्धधर्म प्रचार गर्ने हेतु दुःख कष्ट जम्मै हाँसी हाँसी झेल्नु भयो ।

त्यसैताका धम्मवती गुरुमांले काठमाडौं, ललितपुर र भक्तपुरको टोल टोलमा धार्मिक प्रवचन दिँदै बुद्धधर्म प्रचारमा तिव्रता ल्याई आफ्नो कदम अगाडि बढाइसक्नु भएको थियो । उपासक उपासिकाहरूको संख्या बढ्दै थियो । अनि गुरुमांहरूको बसोबासको लागि एउटा जग्गा खोज्नु पर्‍यो भन्ने कुरा उठ्यो । धम्मवती गुरुमांका दाजु भाईहरूले सकेसम्म उहाँलाई आफ्नो जन्मस्थान पाटनतिरै राख्ने मनशायले पाटनतिर जग्गा खोज्न बेजोड मेहनत गर्नु भएको थियो । तर धम्मवती गुरुमांले आफन्तहरूको बिचमा आफूलाई प्रव्रजित भावना कम हुन सक्छ भन्ने विचारले काठमाडौंमैं बस्ने मन गर्नु भएको थियो । साथै सुमंगल भन्तेले पनि पाटनमा केही केही बुद्ध धर्म प्रचारको जग बसीसक्यो, काठमाडौंबासीलाई नै बुद्धधर्म सिकाउनतिर ध्यान जानुपर्छ भनी उहाँलाई सुझाव दिएर जानुभएको थियो ।

जग्गा खोज्ने क्रममा काठमाडौंको श्रीघःस्थित रत्न बहादुर मालीको जग्गा उपयुक्त देखियो र त्यही जग्गा किन्ने निर्णय भयो । ६० फिट लम्बाई र ३१ फिट चौडाईको जग्गा रु. ३०००।- मा उपलब्ध भयो । त्यो रु. ३,०००।- रकम कहाँबाट उपलब्ध भयो सो को पछाडि केही कुरा उल्लेखनीय छ । धम्मवती गुरुमां बर्मामा १४ वर्षको लागि अध्ययनमा जानु हुँदाखेरि बिचमा एक पल्ट नेपालमा आउनु भएको थियो । त्यतिबेला उहाँका पिता हर्षमान शाक्यले छोरीलाई केही सम्पत्ति दिने मनले पाटनमा एउटा पुर्ख्यौली घर र ३ रोपनी जग्गा दिन खोज्नु भएको थियो । तब धम्मवती गुरुमांले– "मलाई घर के कामको ? त्यस्तै जग्गा लिएर पनि के गर्नु ? मोहीसँग बाली उठाउने झंझट गर्ने अब म छुइन । प्रव्रजित भइसकेको नाताले म अब पैतृक सम्पत्ति घर र जग्गा लिने छुइन । बरु मलाई धर्म प्रचार गर्न सहयोगार्थ केही रकम दिनोस्" भनेर माग्नु भएको थियो । तब उहाँका पिताले रु. ३,०००।- दिने वचन दिनु भएको थियो । तर वियोगान्त कथा भयो । धम्मवती गुरुमां १४ वर्ष अध्ययन पुरा गरेर फर्केर आउनु हुँदा उहाँका पिता दिवंगत भइसक्नु भएको थियो । आफ्ना पिताको वचन अनुसार धम्मवती गुरुमांको लागि भनी छुट्याइएको रु. ३,०००।- उहाँका दाजुभाईले उहाँलाई दिनु भयो ।

यसप्रकार उहाँहरू बर्माबाट फर्केको ६ महिनापछि एउटा जग्गा किनियो । त्यसपछि विहार बनाउन पैसा नभएकोले ६ महिना सम्म त्यसै र हिरह्यो पछिबाट जग्गामा सानै भएपनि घर बनाउनु पर्‍यो भनी शुरुवाट गरियो । श्रीघलमा काम गराउनु परेकोले ज्याःबहाल सम्म बस्न टाढा भयो भनी गुरुमांहरूलाई काठमाडौंको तःखाछेँ स्थित उपासिका दानलक्ष्मी कंसाकारले आफ्नो घरमा राख्नु भयो ।

धम्मवती गुरुमांले दानलक्ष्मी कंसाकारको ठूलो गुण रहेको बताउनु हुन्छ । उहाँको घरमा बस्दा राम्रोसँग खानपिन गराएर सुख सुविधा पुर्‍याएको सम्झी त्यतिबेला गुरुमांहरूलाई सबैभन्दा धेरै सहयोग गर्ने दानलक्ष्मी उपासिका नै हुनुहुन्छ भनी कृतज्ञता भाव व्यक्त गर्नुहुन्छ । दान लक्ष्मीको पतिको देहावसान भएकोले जीवन बिमाबाट रु. ५०००।- भारतीय रुपैयाँ आएको थियो । सो रकम दानलक्ष्मीले विहार बनाउन सहयोगार्थ दान दिन चाहेको तर पारिवारिक कारणले दिन नसकेको कुरा पनि उल्लेख गर्नुहुन्छ । गुरुमां भन्नुहुन्छ जे होस् दानलक्ष्मीले कसरी मिलाए कुन्नी विहार बनाउनलाई काठ जति किन्नको लागि रकमको व्यवस्था गरीदिइन् ।

त्यतिबेला काठमाडौंको फसिकेव भन्ने ठाउँमा धम्मवती गुरुमांले सात

दिनसम्म प्रवचन दिंदा सयौं मानिस जम्मा भएको थियो । विहार बनाउन पैसाको अभाव भइराखेको भएर त्यतिबेला एउटी उपासिका बद्रीमाया मानन्धरले उपासक उपासिका समूहबाट नै चन्दा उठाउँ भनी सल्लाह दिएर चन्दा उठाउने तरखरमा लागेको थियो । यस कुरामा भिक्षु संघले विरोध गरेको थियो । व्यक्तिगत नामको जग्गामा घर निर्माण गर्न चन्दा उठाउन मिल्दैन, पहिले जग्गा भिक्षु संघलाई दान दिनुपर्छ भनेका थिए । तर उत्साही, महत्वाकांक्षी नारी धम्मवती गुरुमांले बरु एउटा बल्चा (छाप्रो) बनाएर बस्छु भन्दै चन्दा पनि उठाउनु भएन, भिक्षु संघलाई पनि दिनु भएन ।

तर उहाँबाट प्रभावित उपासक उपासिकाहरू उहाँलाई सहयोग गर्न तत्पर थिए । जस्तै कि जग्गा खरीदको बेला पास गर्ने क्रममा लाग्ने खर्च तार्न काठमाडौंका ज्या:बहाल स्थित चतुरत्न शाक्यले रु. ५००।- उपलब्ध गराइसकेको थियो । लक्ष्मीप्रभा उपासिका जसले पहिलो पल्ट एउटा जग्गा किन्नोस् भनेर सुझाव दिएको थियो तिनले घर बनाउन ऐना, सिसा जति जम्मै किनी दिएको थियो । दानलक्ष्मी उपासिकाले काठ जति जम्मै किनी दिएको थियो । केशरी लक्ष्मी उपासिकाले जस्तापाता जति जम्मै किनीदिएको थियो । त्यसबेला एउटा ज्यामिको ज्याला रु. ३।- दकर्मिको ज्याला रु. ५।- सिमेन्ट १ बोराको रु. ८।- थियो । माटो त जग्गाबाटै प्रशस्त पुगेको थियो । स्वयं धम्मवती गुरुमांले ज्यामि कार्य गर्नुहुन्थ्यो ।

जग्गा किन्दाखेरि त्यहाँ ककीचा स्वांमा (एक प्रकारको काठ भएको रुख) तन्न थियो । धम्मवती गुरमांले त्यो रुख काटेर काठ धलिं (दलिन) बनाउन हुन्छ भनेर सोचेको तर जग्गा विक्रेताले नै पहिल्यै सबै काटेर लगेको बताउनु हुन्छ ।

केही अन्य उपासक उपासिकाले पनि सहयोग गऱ्यो । यस प्रकार श्रद्धालु उपासक उपासिकाको सहयोगबाट जसोतसो गरी एउटा हल, एउटा सुत्ने कोठा र एउटा भान्छा कोठा भएको ४२ फिट लम्बाई र २१ फिट चौडाई भएको एकतले विहार निर्माण भयो ।

यो विहार निर्माण भइरहेको दिनहरूमा महाप्रज्ञा भन्तेले गुरुमांहरूलाई संगै भिक्षा लगी अन्न पानीको व्यवस्था गरेर गुण लगाउनु भएको कुरा धम्मवती गुरुमां स्मरण गर्नुहुन्छ ।

यो विहारको नामाकरण गर्नेबेला महाप्रज्ञा भन्तेले 'धम्मवती विहार' राख्ने सुझाव दिनु भएको थियो । तर कसैले एउटा व्यक्तिको नाम राख्नुमा

असहमति जनाएका थिए । हेरालानी नामकी एउटी उपासिकाले धर्मवती गुरुमांको कीर्ति भएकोले 'धर्मकीर्ति' नाम राखे राम्रो होला भनी विचार दिएका थिए । यही मनाशिव लागी 'धर्मकीर्ति विहार'को नाउँमा वि.सं. २०२२ बैशाख २६ गते शनिवारका दिन विहारको समुद्घाटन गरियो ।

२०२२ सालमा धर्मकीर्ति विहार स्थापना भएदेखि विहारको जन्मदिन कार्यक्रममा हेराकाजी राजकर्णिकार परिवारले जलपान तथा केशरीलक्ष्मी परिवारबाट भोजन दानको प्रबन्ध आजसम्म पनि भइरहेको कुरा उल्लेखनीय छ ।

स्थापना भएदेखि विस्तारै विभिन्न उपासक उपासिकाहरूको श्रद्धा स्वरूप धर्मकीर्ति विहार भवन विस्तार हुँदै गयो । विभिन्न श्रद्धालु दाताहरुको तर्फबाट तल्ला, कोठाहरु, हल थपिदै गयो । २०५९ सालमा श्रद्धालु उपासक भाइराजा तुलाधर तथा उपासिका बसुन्धरा तुलाधरको सहयोगमा हाल पुरानो भवन पुरै भत्काएर नयाँ भवन निर्माण भएको छ । (हेर्नुस् "चिरं तिट्ठतु सद्धम्मो" - रीना तुलाधर) धर्मकीर्ति विहार हालको अवस्थामा निर्माण भएपछि धम्मवती गुरुमांले आफ्नो नाममा रहेको यो जग्गा तथा भवन 'धर्मकीर्ति विहार संरक्षण कोष' को नाममा नामसारी गरी, सम्पूर्ण अद्दाको काम रीतपूर्वक पुऱ्याई धर्मकीर्ति विहारलाई संस्थागत बनाउनु भएको छ । यो विहार बुद्ध शासन चिरस्थायी गर्नको लागि एउटा आधारशिला भएर रहीरहने विश्वास छ ।

***(नोट: यो लेख धम्मवती गुरुमासंगको प्रत्यक्ष मौखिक अन्तर्वार्ताको आधारमा लेखिएको हो - लेखिका)***

Dhamma.Digital

*(साभार- 'धर्मकीर्ति' वर्ष-२४, अङ्क-३,बु.सं. २५५०, ने.सं. ११२६, गुरु पुन्हि, २०६३)*

# पूज्य गुरुमां धम्मवतीप्रति उपहार

■ लक्ष्मी हीरा तुलाधर

पूर्णिमाको दिन किण्डोल निर्वाण मूर्ति विहारमा पूज्य गुरुमां धम्मवतीको अध्यक्षतामा अन्य गुरुमांहरूद्वारा महासमय सूत्र पाठ गर्ने कार्यक्रममा भाग लिन मलाई मोलिनी गुरुमां तथा धम्मविजया गुरुमांहरूले निमन्त्रणा गर्नुभयो । बुद्धको समयमा कपिलवस्तु र कोलियाको बिचमा रहेको रोहीणी नदीको विषयमा दुई समुह दाजुभाईहरूको बिचमा लडाइ हुन लागेको बेलामा पानीको भन्दा रगतको मोल ठूलो भन्ने कुरालाई राम्ररी बोध गराएर लडाई रोक्न लगाउनु भयो । बुद्धको उपदेशबाट बोध भई पाँच सय दाजुभाईहरू भिक्षु भई भगवान बुद्धसंगै पछि लागेर महावनमा पुगेर वहाँ स्वयम्ले पाठ गर्नु भएको सूत्र यो हो ।

म मेरी छोरीको साथ निर्वाणमूर्ति विहार पुगें । नयाँ निर्वाण मूर्ति विहारको दृश्य देखेर मेरो मन हर्षले गड्गड् भयो । मलाई यो विहारको बनावट एकदम राम्रो र सन्तोषजनक लाग्यो । किनभने म यो विहारमा नपुगेको अलि धेरै समय भइसकेको थियो । यही दृश्यमा तल्लीन भएर विहार हेरिरहेकी थिएँ । धम्मवती गुरुमांले उहाँको जन्मदिनको उपलक्ष्यमा धर्मकीर्ति विहारमा अभिधर्म पाठ गर्ने कार्यक्रममा भाग लिनको लागि निमन्त्रणा दिनुभयो । निमन्त्रणा पाएर म अति खुसि भएँ । अनि मैले गुरुमांको जन्मदिनको उपलक्ष्यमा के उपहार चढाउँ भनी बिचार गर्न थालें । त्यही दिन राती गुरुमांलाई चढाउन यही उपहार लेख्न कलम चलाएं । आशा छ उहांले यो मेरो सानो मैत्रीपूर्ण उपहार जरुर पनि ग्रहण गर्नुहुनेछ ।

यो किण्डोल निर्वाणमूर्ति विहारको आफ्नै मौलिकता छ । विशेष प्रकारको सौन्दर्य र तेज यहाँ छ जस्तो मलाई लाग्छ । जस्तो शीलवान व्यक्ति एक साधारण बिना श्रृंगार र बिना गहनामा पनि अति सुन्दर तेजिलो

देखिन्छ । त्यस्तै यो विहार पनि । यद्यपि यो पूर्ण रूपमा तयार भएको छैन । यसमा आफ्नै विशेषता छ ।

धेरै बर्ष पहिलेदेखि हामी यो विहारमा बर्षको एक चोटि हाम्री स्वर्गीय आमाको सम्झनामा भोजन दान गर्न जाने गर्थ्यौं । त्यसवेला यो विहार नाजुक अवस्थामा थियो । साथै विहारमा अवस्थित गुरुमांहरू पनि धेरैजसो वृद्धा अवस्थामा पुगिसकेका थिए । कोहि कोहि त बिरामि भइ शैय्यामा पर्नु भएको हुन्थ्यो । हामी त्यहाँ भोजन दान गर्न जाँदा उहाँहरू अति खुशी हुने गर्थे किनकी वृद्धाहरू बाहिर भोजन जान असमर्थ हुनुहुन्थ्यो ।

हरेक वर्ष हामी त्यहाँ पुग्दा एक न एक गुरुमां यो संसारबाट विदा लिएर गइसकेको हुन्थ्यो । क्रमशः एक एक गरी गुरुमांहरूको संख्या धमाधम कम हुँदै गयो । हाल त्यहाँ पहिलेका वृद्धा गुरुमांहरू एक दुई जना मात्रै बाँकि हुनुहुन्छ । यो देखेर हामी पनि यस्तै वृद्धा भई एक दिन यो अनित्य संसारबाट अलग्गिएर जानु पर्छ भन्ने कुराको चेतनाले संकेत गराइदिन्छ ।

विहारको अवस्था धेरै नै जीर्ण भइसकेको साथै विहारमा बस्नु भएका गुरुमांहरू पनि शक्तिहीन भइसकेको मौकामा चौका हानी कोही स्वार्थीले विहार बिक्रि गर्न खोजेको थियो । अति दुःख र लाज मर्नु कुरा, विहार विक्रि कस्तो आश्चर्यको कुरा ? सुन्दा मात्रै पनि पाप लाग्दो ।

यो विहारको ऐतिहासिक पन्ना पल्टाएर हेर्दा यसको स्थापना २००८ साल कार्तिक २८ गतेका दिन धम्मचारी गुरुमांले गर्नु भएकी थिइन् । धम्मचारी गुरुमां एक साधारण नेवार परिवारमा हुर्किएकी महिला थिइन् । पछि ठूली भएपछि वहाँ एक सफल गृहिणी पनि बनिन् । उहाँको घर काठमाडौंको ईटुँबहालमा थियो । आफ्ना श्रीमान् र केटाकेटीहरूको निधनबाट विरक्तिई यो संसार नित्य होइन रहेछ भन्ने कुरालाई राम्ररी थाहा पाई उहाँले गृहत्याग गरेर एक त्यागी गुरुमां बन्न पुगिन् ।

धम्मचारी गुरुमांमा शिक्षाको कमि नै थियो । किनकि त्यसबेला स्त्रीहरूलाई शिक्षा दिने चलन थिएन । स्त्रीहरूले पढ्यो भने स्त्रीहरू बिग्रिन्छन् भनिन्थ्यो । यसकारण स्त्रीहरूलाई पढने मौका नै थिएन । बुद्धिमानीहरूलाई धेरै पढ्नु पर्दैन् । सानो एउटा मुख्य सार भनी दिए पछि उसले छिट्टै त्यस पछाडिका अर्थहरू बुझिसकेको हुन्छ भने जस्तै धम्मचारीमा पनि बुद्धधर्म प्रति ठूलो श्रद्धा भएको कारणले उहाँमा शिक्षाको कमी भएता पनि सिक्नमा उहाँ अलि सिपालु हुनुहुन्थ्यो । उहाँले अहिले जस्तो ठूल्ठुला भन्तेहरूबाट प्रवचन सुन्ने मौका पनि त्यत्तिको पाएको थिएन । किनभने अलि अलि यहाँ भएका

भिक्षुहरू तथा बौद्ध धर्मावलम्बीहरू सबैलाई सरकारले देश निकाला गरिएको थियो । धर्मोदय सभा भन्ने बुद्धधर्म सम्बन्धी एक संस्था थियो । त्यसमा पनि बन्देज लगाइदिएको कारणले यो संस्था भारतमा गएर चलाउनु परेको थियो ।

त्यस बखत त्यागी गुरुमांहरू बस्नको लागि कुनै विहार थिएन । किण्डोल विहार थियो जुन अहिले पनि विद्यमान छ । तर त्यहाँ गुरुमांहरू बस्नको लागि त्यतिको व्यवस्था मिलेको थिएन । यसकारण आफू त्यागी गुरुमां भइसकेपछि गुरुमांहरूका लागि छुट्टै एउटा विहार निर्माण गर्ने साहस गर्नुभयो । उहाँ अत्ति साहसी नारी हुनुहुन्थ्यो । खाने मान्छेलाई जुङ्गाले छेक्दैन भन्ने उखान जस्तै आन्तरीक ह्रदयदेखि गरीहाल्छु भनी साहस गरिसकेकी धम्मचारी गुरुमांलाई केहीले पनि छुन सकेन । उहाँ धमाधम अगाडि बढी काम गर्दै गई विहार निर्माण गर्न सफल हुनुभयो ।

उहाँमा बुद्धधर्म प्रति ठूलो आस्था तथा श्रद्धा थियो । त्यसबेला नेपालमा राणा शासन थियो । बुद्धधर्म प्रचार प्रसार गर्नेहरूलाई रोक लगाइ राखेको थियो । सजायँ दिने गर्दथ्यो । यस्तो बेलामा पनि उहाँ कत्ति पनि नडराई निर्धक्क भई अत्ति दु:ख कष्ट सही आफ्नै निजी सम्पत्ति समेत लगाई २००८ साल कार्तिक २८ गतेका दिन यो निर्वाणमूर्ती किण्डोल विहारको स्थापना गर्नुभयो । स्त्री जातिले पनि केहि न केहि गर्न सक्दछन् भन्ने कुरा उहाँले किण्डोल निर्वाणमूर्ति विहार स्थापना गरि प्रमाणित गरि दिनु भयो ।

भाग्यकै कुरा भन्नुपर्‍यो, त्यसबेला पछि राणाशासनको अन्त्य भएर नेपालमा प्रजातन्त्र आयो । यसकारण विभिन्न प्रकारका अप्ठ्यारा समस्याहरू टाढिदै गएको थियो । काठमाडौंमा त्यसबेला कहिँ पनि नभएको अति आकर्षक निर्वाणमूर्ती बनाउने मनमा आउनु पनि उहाँको बुद्धधर्म प्रति आस्था र श्रद्धाको प्रतिविम्व हो । यति ठूलो मूर्ती बनाउनको लागि उहाँलाई कति व्यवस्था मिलाउनु पर्‍यो होला । कति दु:ख भयो होला । कति अप्ठ्यारा समस्याहरू आए होलान् । जुनबेला अहिलेको जस्तो मेसिनबाट बनाउने औजार थिएनन् । यातायातको कुनै सुविधा थिएन । सबै कुरा हातले बनाउनु पर्दथ्यो । जे चीज पनि मानिसहरूले बोकेर लानु पर्दथ्यो । जानलाई पनि हिंडेरै जानु पर्दथ्यो । यस्तो सबै किसिमका तीता, मीठा अप्ठ्यारा समस्याहरूबाट पनि कत्ति नडराई धैर्य गरी उहाँ अगाडि बढ्दै जानु भयो र सफलता हासिल गरी ठूलो पुण्य कमाएर जानुभयो । धर्मको साथसाथै उहाँ एक आदर्श गुरुमांको द्योतक पनि बनेर जानुभयो । गुरुमां बनी ठूलो पुण्य कार्यहरु गरेर जानुभयो ।

आश्चर्य ! अति आश्चर्यको कुरा यस्तो एक गुरुमांले आफ्नो जीउ, धन समर्पित गरेर स्थापना गरेर जानु भएको विहार आज बिक्रिमा रे, कस्तो लाज लाग्दो कुरा ? कस्तो सुन्नमा पनि पाप लाग्दो कुरा ? विहार बिक्रिको कुरा सुनेर धम्मवती गुरुमां छटपटाउन थाल्नुभयो । धम्मवती गुरुमां एक बौद्ध नारी भएको नाताले उहाँको ह्रदयमा ठूलो चोट लाग्नु स्वाभाविक हो । यो काम त म कुनै हालतमा पनि हुन दिने छैन भनी उहां तम्सिनु भयो । यो बुद्धप्रति ठूलो अपमान हो भनी छिट्टै उपासक उपासिकाहरूलाई बोलाई विहार रक्षा गर्नको लागि आव्हान गर्नुभयो । उपासक उपासिकाहरूले पनि उहाँको वचनलाई शिरोपर गरि सक्नेले सक्दो मिहेनत गरी विहारलाई निर्वाण मूर्ती विहारको नाममा अड्डाको काम पास गराइयो । यस कार्यको लागि विहारका उपासक पूर्णरत्न बज्राचार्यको ठूलो हात छ भने उहांसँगै अन्य श्रद्धालु दाताहरूको पनि देन रहेको छ । धम्मवती गुरुमांले धर्मको जीत पाउनु भयो । यो भगवान बुद्धको सत्यधर्मको फल हो । भगवान बुद्ध स्वयंले भन्नु भएको छ– **धम्मं हवे रक्खति धम्मचारी** अर्थात् धर्मचारीलाई धर्मले नै रक्षा गर्दछ । यो बुद्ध वचन प्रमाणित भएको हामीले थाहा पायौं ।

साधु ! साधु !! साधु !!!

अब फेरि धम्मवती गुरुमांलाई निर्वाणमूर्ति किन्डोल विहार संरक्षण गर्ने समस्या उत्पन्न हुन थाल्यो किनकी उहाँ स्वयं धर्मकीर्ति विहारमा बस्नुहुन्छ । त्यस समय किण्डोलमा बस्नुभएका गुरुमांहरू केहि संख्या मा त थिए तर उहाँहरू शक्तिहीन अथवा वृद्धा भइसकेका थिए । कोहि भने ज्ञानको कमीको कारणले उनीहरू नाम मात्रका गुरुमां भएर बसेका थिए । यसकारण यी विहारबासी गुरुमांहरूबाट विहारको संरक्षण कहिल्यै हुन सक्दैन, बदनाम मात्रै हुनेछ भन्ने कुराको राम्रो ज्ञान धम्मवती गुरुमांमा थियो । अतः यो विषयमा उहाँ चिन्तित हुनुहुन्थ्यो । अनि उहाँले म्यानमार (बर्मा) बाट आउनु भएका मोलीनी गुरुमां र आफ्ना चेली धम्मविजया गुरुमांहरूलाई यो विहारको संरक्षणको लागि सुम्पिने निश्चय गर्नुभयो ।

त्यसबेला यी गुरुमांहरू बुद्धगयाको मगध विश्वविद्यालयमा बुद्धधर्ममा उच्च शिक्षा Ph.D. डिग्रि हाँसिल गर्न अध्ययनरत थिए । धम्मविजया मेरी बहिनी भएको कारणले धम्मवती गुरुमांले बराबर मलाई बहिनी कहिले फर्किन्छीन् त, कति पढन बाँकि छ ? भनी सोधिरहनुहुन्थ्यो । मैले पनि अलि समय बाँकि छ भनी जवाफ दिन्थें ।

समय बित्दै गयो । भगवान बुद्धको सत्य र धम्मवती गुरुमांको

आशिर्वादले मोलिनी गुरुमां र धम्मविजया गुरुमांहहरूले बुद्धधर्मको उच्च शिक्षा (Ph.D.) पास गर्न सफल हुनुभयो ।

साधु ! साधु !! साधु !!!

म अति खुसि भएँ । धम्मवती गुरुमां पनि धेरै नै खुसि हुनु भयो । धर्मकीर्ति विहारको अध्ययन गोष्ठि परिवारबाट धम्मविजया गुरुमांलाई बौद्ध शिक्षाको उच्च शिक्षा पदवी (Ph.D.) पाउन सफल भएको उपलक्ष्यमा सम्मान पत्र प्रदान गर्ने कार्यक्रम पनि सुसम्पन्न भयो । अति गौरव लाग्दो कुरा ।

धम्मवती गुरुमांबाट निर्वाणमूर्ती किण्डोल विहार संरक्षण गर्ने अभिभारा मोलिनी गुरुमां तथा आफ्ना चेली धम्मविजया गुरुमांहरूलाई सुम्पिनु भयो । त्यसबेला मोलिनी गुरुमां आफ्नो लामो पढाई सिध्याएर म्यानमारमा गएकी थिइन् । आफ्ना गुरुआमाको अमूल्य वचन शिरोपर गरी आफूलाई जिम्मा दिएको कामको अभिभारा बोकी यो पुण्य कार्यमा म अवश्य प्रगति गर्दै जान सक्नेछु भनी श्री भगवान बुद्धसंग प्रार्थना गरी धम्मविजया गुरुमां निर्वाणमूर्ती किण्डोल विहार पसिन् ।

त्यसबेला विहारमा थोरै गुरुमांहरूको उपस्थिति थियो । विहार जीर्ण अवस्थामा थियो । अत्ति फोहर थियो । ढोकामा खापा थिएन । धमिराले काठका दलिनहरू जीर्ण पारिसकेको थियो । हिंड्नलाई नै डरलाग्दो हल्लिने गर्थ्यो । सबैभन्दा पहिले धम्मविजया गुरुमांले विहार सफा गर्न थालिन् । रंग रोगन लगाउन लगाईन् । मूल ढोकामा खापा राख्न लगाइन् । निर्वाणमूर्तीमा दिनदिनै आफ्नो हातले कुचो लगाई सफा गर्न थालिन् । ठूलो श्रद्धाका साथ निर्वाणमूर्तीलाई सेवा गर्न थालिन् ।

मलाई घरमा बस्दा किण्डोल विहारको स्थिति सम्झेर आउँदा कहिले काहिं आफ्नी बहिनी (धम्मविजया) को चिन्ता लागेर आँखाबाट आँसु झर्दथ्यो । किनकी म एक गृहिणी भएको हुनाले उनीलाई आफ्नी बहिनीको नाताले हेर्न पुग्दछु । तर वास्तवमा उनको मन दिदीमा भन्दा बढि बुद्ध शासनमा छ भन्ने कुरा म कहिलेकाहिं बिर्सन पुग्दछु । त्यसकारण मैले उनीलाई केहि गर्न सक्दिन । उनीलाई रक्षा गर्ने श्री बुद्ध भगवान हो भन्ने कुरा सम्झेर आउँदा मलाई मनमा लागेका पीर सबै सेलाएर जान्छ । अनि म आफ्नो मनलाई दरिलो पारेर निर्धक्क भई धीरज गरी बस्छुँ ।

मोलिनी गुरुमां तथा धम्मविजया गुरुमां पनि दिन रात विहार प्रगति

कार्यमा तन मन धन दिई काम गर्न थाले । भगवान बुद्धको प्रार्थना गर्नु, बुद्धधर्म सम्बन्धि प्रवचन गर्नु, बुद्ध पुजा गर्नु, इत्यादि काम गर्दै त्यहाँका बासिन्दाहरूमा सेलाएर बसेको भगवान बुद्ध प्रतिको आस्थाको दियो फेरी बिस्तारै बाल्दै ल्याउन सफल भइन् । धेरै उपासक उपासिकाहरू आज ठूलो श्रद्धाका साथ विहारमा आई ध्यान बस्ने बुद्ध पूजामा भाग लिने, गुरुमांहरूको प्रवचन सुन्ने, भोजन दान गर्ने गर्न थाले ।

यसकारण यदि हामी सबैले आन्तरिक ह्रदय देखि भगवान बुद्धको सत्य वचनलाई विश्वास गर्दै अगाडि बढ्दै गयौं भने पक्कै पनि भविष्यमा यहाँ त्यागी गुरुमांहरूको एक प्रख्यात र गौरवपूर्ण स्कूलको परिकल्पना गर्न सक्छौं । यी सबै प्रशंसनीय कामहरू धम्मवती गुरुमांको दूरदर्शी सोच, शुद्ध र प्रवल इच्छा तथा मोलीनी गुरुमां र धम्मविजया गुरुमांहरूको कठिन मेहनतको फल हो ।

यस्ता दूरदर्शी धम्मवती गुरुमांको आफ्नै जीवनीमा नियालौं । धम्मवती गुरुमां सानै कलिलो उमेर देखि बुद्धधर्म अध्ययन गर्न र त्यसैमा उच्च शिक्षा हासिल गर्न अति उत्सुक भएकी थिइन् ।आमा बाबुको अति ममतामयि एक्ली छोरी भएर पनि आफ्ना आमाबाबुलाई छोडी कठोर परिश्रम गरी, दु:ख कष्ट सहि भागी भागी म्यानमार पुगिन् भनेको कुरा त हामीले "योम्ह म्ह्याय्" पुस्तकको अध्ययनबाट थाहा पाउन सक्दछौं ।

म्यानमारमा बस्दा त्यहाँका मानिसहरूमा बुद्धधर्म प्रति श्रद्धा, विश्वास र आस्था देखि उहाँ जहिले पनि आफ्नो दिल दु:खाउनु हुन्थ्यो । नेपालका बौद्ध भनाउँदाहरूमा धर्म भनेको के हो भनी नबुझी धर्म भनेको नै मूर्ती पुजा, अन्धविश्वासमा लागि आफ्नो मतलव स्वार्थको लागि निर्दोष पशुपंक्षीलाई बलिदिई पूजा गरी हिंड्नेहरूसँग तुलना भइरहन्थ्यो । उहाँ जहिले पनि कहिले नेपाल फर्केर यी मानिसहरूलाई बुद्ध को हो र कसरी उनीहरूको कानमा बुद्ध वचन सुनाई बुझाउँ भइरहन्थ्यो । त्यसैले उहाँ ठूलो धैर्यको साथ यी दिनहरूलाई पर्खिपर्खि आफ्नो अध्ययनको समय बिताउनु भएको थियो ।

नेपालमा फर्केर उहाँले श्रीघलमा आफ्ना पिताले किनिदिनु भएको जग्गामा एउटा विहार बनाएर बस्न थाल्नुभयो । त्यहाँ बसी उहाँले उपासक उपासिकाहरू र साना साना विद्यार्थीहरूलाई पंचशील प्रार्थना गर्ने र त्यसको अर्थ बुझाउने, मानव जीवनमा पंचशीलको महत्व के हो भन्ने बुझाउने, बुद्ध पुजा गर्ने, बुद्धधर्म सम्बन्धी अनेक उपमा दिई कथा भन्ने, पठन पाठन गराउने ईत्यादि कामहरू गर्न थाल्नु भयो । उहाँले परित्राण भनेको के हो

यसले मानव जीवनमा मानिसहरूलाई आइपरेको आपत विपतबाट कसरी बचाउँदछ भन्ने कुरालाई राम्ररी विश्लेषण गरेर बुझाउनु भयो ।

विस्तार विस्तारै उहाँको प्रवचनबाट मानिसहरु प्रभावित हुन थाल्यो । थोरै समयमा धेरै उपासक उपासिकाहरू विहारमा जान थाल्यो । उहां सबैको विश्वासको पात्र बन्न सफल हुनुभयो । उहाँलाई सबैले ठूलो श्रद्धाको दृष्टीले हेर्न थाल्यो । यसैले आज उहाँ धम्मवती गुरुमांको नामले प्रख्यात हुनुहुन्छ । हुँदा-हुँदा अहिले धम्मवती गुरुमांको प्रवचन भने पछि सबैले ह्रदय देखि विश्वास र श्रद्धाका साथ सुन्न मन पराएर सुन्नेको घुइँचो लाग्ने दस्तुरै भइसक्यो ।

साँचै भनुं भने नेपालमा बुद्धधर्म प्रचार प्रसारमा उहाँको ठूलो देन छ। बुद्धधर्मको नाममा मानिसहरूको मनमा छाइराखेको अन्धविश्वास विस्तारै हटाउन सफल हुनुभयो । पञ्चशील पालन गराएर मानिसहरूको जीवनमा धेरै सुधार ल्याइदिनुभयो। निर्दोष पशु पंक्षीको बलि दिई पुजा गर्ने बौद्ध अहिले छैनन् उहांको उपासक उपासिका बिच । यस्तो प्राणी हिंसा गऱ्यो भने धर्मको नाममा पाप संकलन गर्नु हो भन्ने विचार मनमा जागरण गराइदिनु भयो । आफ्ना उपासिकाको रुपमा विहारमा आउने गृहिणीहरूमा हुने गृहयुद्ध पनि धेरै नै कम गराउनमा उहां अति सिपालु हुनुहुन्छ। यसरी धर्मको नाममा समाज सुधार गर्ने काम पनि धेरै गर्नुभयो ।

यस्तै गरी विहारहरु बनाउने, जीर्ण चैत्यहरूलाई जिर्णोद्धार गर्ने, विहारमा स्वास्थ्य परीक्षण, रक्तदान गर्ने कार्यक्रम, समय समयमा विभिन्न स्कूलहरूको बिच बुद्धधर्म संम्बन्धी हाजिरी जवाफ कार्यक्रम आदि पनि गराउनु हुन्छ । विभिन्न देश विदेशमा जस्तो भारत, सिंगापुर, थाइलैण्ड, मलेसिया, बर्मा, श्रीलंका, ताइवान र अमेरीका आदि देशहरूमा बौद्ध तीर्थयात्राको कार्यक्रम चलाएर उपासक उपासिकाहरूलाई बौद्ध तीर्थ, विदेशी विहार र त्यहाँका बुद्धधर्म पालन गर्ने प्रथा पनि सबै अबलोकन गर्ने मौका पनि दिइरहनु हुन्छ ।

बुद्धधर्म भनेको के हो नबुझ्ने मानिसहरू यहाँ धेरै-धेरै छन् । यस्ता मानिसहरूलाई पनि हेरी कस्ता किसिमको मानिस हो उस्तै प्रकारले, उसको मन जितेर लिन सक्ने कथा भनेर उसको मन जित्नु हुन्छ । उहाँ समय समयमा TV बाट पनि प्रवचन दिई सबै मानिसहरूलाई बुद्धधर्म चिनाउनु हुन्छ। साँच्चैनै भनुँ भने यो उहाँको पूर्वजन्मबाट पाउनु भएको संस्कार हो । बुद्ध वचनबाट प्राप्त खुबी हो ।

आजको युग पहिले पहिलेको जस्तो आँखा चिम्लीकन अन्ध विश्वासमा लाग्ने युग होइन । एउटा सानो बालकले पनि यो के ? कहाँ ? कस्तो ? कहिले ? कसरी ? भन्ने सवाल गर्ने युग छ । यसकारण विना प्रमाणको कुरा गर्नु वेकार छ । यस्तो बेला उहाँले धर्मको फल के हुन्छ ? पापको फल के हुन्छ ? भन्ने कुरालाई उपमा दिइदिईकन सम्झाई बुझाई प्रमाण सहित प्रवचन दिनु हुन्छ । बुद्धधर्म भनेको अन्धविश्वासमा आधारित छैन । यस कारण को बौद्ध, को अबौद्ध भेदभाव यहाँ छैन । सबै धर्मावलम्बीहरू विहारमा प्रवचन सुन्न आउँदछन् । प्रवचन सुन्न सबै उत्सुक छन् । यस्तो किसिमको सबैको मनमा बुद्धधर्म प्रति विश्वास आस्था र श्रद्धा विकास गर्न सकेकोमा हामी सबै उहाँप्रति कृतज्ञ छौं । यति मात्र होइन प्रशंशनीय कुरा यो छ कि उहाँले पुरुषहरूले साहस गर्न नसक्ने काम, विश्व धर्मावलम्बीहरूको अगाडि नाक देखाउन सक्ने नेपाली पनि हामीलाई बनाइदिनु भएको छ ।

अन्तमा उहाँको ७२ औं जन्म दिवसको उपलक्ष्यमा उहाँको दीर्घायु र सुस्वास्थ्यको कामना गर्दै उहाँले देखाएको बाटोमा नबिराईकन हामी जान सकौं ! साथै धम्मवती गुरुमांको छत्रछाँयामा, उहांको आज्ञा अनुसार किण्डोल निर्वाणमूर्ति विहारको संरक्षण तथा सम्वर्धनमा लाग्नु भएका मोलिनी गुरुमां र धम्मविजया गुरुमांहरूले पनि कहिं केहि विघ्न बाधा बिना अगाडि लम्किई बुद्धधर्मको प्रचार अझ राम्रो गर्न सकुन् भनी श्री भगवान बुद्धसंग प्रार्थना गर्दै उहाँमा यो सानो उपहार चढाउछुँ ।

साधु ! साधु !! साधु !!!

*(साभार- 'धर्मकीर्ति' वर्ष-२४, अङ्क-४, बु.सं. २५५०, ने.सं. ११२६, गुं पुन्हि, २०६३)*

# जिन्दगीको यात्रामा भेट भयो धम्मवती गुरुमां

**■ भिक्षु गौतम**

**"दुःख सुख सजिएका हुन्छन् प्राणमा**
**दुई शब्द चढाएँ पाठकहरूको चरणमा"**

मानिस जन्म हुनु नै दुःख हो । आमाको गर्भमा दश महिना बसेर जन्म भएपछि रुने कराउने गर्छौं । त्यो एउटा सूचना हो । म दुःखको भवसागरमा आइपुगेँ भनेर च्याँ च्याँ रुँदै मानिसले मानिसप्रति प्रभावित पारेका हुन्छन् । म आफैले आफूलाई नै सम्झेर ल्याउँदा कता कता दुःखमा डुबुल्की मार्दै गरेको भान हुन्छ । निम्न वर्ग बुबा आमाको कोखमा जन्म लिएपछि पढ्न लेख्न आर्थिक कमजोरीको कारण पढ्न मन हुँदाहुँदै पनि बिचमै छोडी दिन रात मेला-पात, घाँस-दाउरा, स्याउला, गोठाले जिन्दगी अनि उकाली ओराली लेख बेशी, पहाड, पाखापखेरासँग मितेरी गाँस्दै जिन्दगी जसोतसो गुजार्दै थिएँ । एकदिन एकान्तमा बसेर कल्पनामा विशाल विशाल सपना कल्पेर म घरमा कोही नभएको मौकापारी घरबाट निस्केर हिँडें । जिउमा एकसरो लुगा सिवाय केहि थिएन । त्यो घरदेखि माथिको उकाली चढरे थकाई मार्दै हिँडेर घुम्ती र कुइनेटाहरू पारगरेपछि चित्रे भन्ने ठाउँ आइपुग्यो । त्यहाँबाट मिनिबसमा चढें र अनगिन्ती कुइनेट्टाहरू र पहाड च्यापी अनि चौतारी भन्ज्याङ पार गरेपछि धनकुटा आइपुग्यो, धनकुटादेखि तल मूल घाट हुँदै पहाडको फेदी शिशिर जाडो मधु बतास चराचुरुङ्गी चिरविन्याई र मौनता प्रकृतिसंग लुकामारी खेल्दै गरेको दृश्य छोडेपछि भेडेटार आइपुग्यो । अनि भेडेँटारदेखि ओरालो कङ्गल्याण बाटो ढिस्का पहाड कटेपछि धरान आइपुग्यो ।

मनसँग म कल्पनामा डुबेर परदेशी भएको एक्लैको हिँडाइ र नुनिलो आँशु मन रोएको बेला मुखमा पसाई म दुःखी दुःखसँग मितेरी गाँस्दै ३/४ दिनको भोकले पेटमा जुका चलेको लालकलुलुक हातखुट्टा भएको क्षणमा पनि खोलाको चिसो पानी खाँदै रोएको मनलाई बुझाउँदै हिम्मत कसेर हिँडेका दिनहरू झल्झली सम्झेर ल्याउँदा मनमा अटाई राख्न सकिन । त्यसैले पाठकवृन्दहरूलाई हृदय भित्रको हाँसोको होइन रोदन र दुःखको आँशुको वेदना बिसाउन चाहन्छु । हुलबाट छुट्टिएको चरी विचल्ली भएर सहारा खोज्दै धरानको शहर आइपुगें । त्यहाँबाट म एक यात्री घुम्दै जाँदा मेचीदेखि लुम्बिनी अञ्चलसम्म । बुद्ध जन्म भएको ठाउँ हुँदै काठमाडौं शहरको भिडमा आइपुगें ।

बुढाबुढीको उखाँन भाग्य छ डोकोमा दूध अडिदैनन्, दूध दुनलाई ढुङ्ग्रो नै चाहिन्छ । र घरमा भाग्य आउदैनन् खोज्नुपर्छ भनेको सुनेर खोजी गर्दै जाँदा पाउन सकिन खै । त्यसैको फलस्वरूप म मेरा भविष्य बनाउने कलम कापी समाउने कलिला हातले मेरा क, ख लेख्ने हात र म जस्तै उमेरका बच्चासँग रमाउने ८/९ बर्षको उमेरदेखि एउटा साहूको होटलमा विहान ३ बजेदेखि उठेर बेलुकी १२/१ बजे रातीसम्म डेक्ची, थाल, भाँडा माझ्थें । म भन्दा ठूला ठूला २००/३०० जनालाई पकाउने भाँडाहरू अवश्य साना हुँदैनन् । त्यो भाँडा धुँदा धुँदै दिन बित्थ्यो । कस्तो मौसम भयो आज भनेर पनि थाहा नपाउने, भित्र अँध्यारो कुनामा बिजुली बत्तिको देखाई र म भन्दा ठूला ठूला जुठो भाडो मस्काउँदैमा व्यस्त हुन्थें । काम ढिलो भयो भने पनि त्यहाँको ठूला बडा कुट्न आउँथ्यो । त्यो हप्काई र कुटाई सहनु बाहेक अर्को कुनै विकल्प थिएन मसँग । यस्तो गाह्रो काम गर्नुपर्दा आँशु भकानिएर झर्थ्यो । यति कलिलो उमेरमा कसैले पनि विचरा भनेन्, बरु बाछ्लालाई साँडेको मिचाई सहँदै आँखामा आँशु छछलकाउँदै हाँसे ।

त्यहाँबाट पनि हिँडे आफ्ना लुगा फाटा बोकेर । कामको खोजीमा एताउता भौंतारिहेको थिएँ । संयोगले एकजना साहू-साहूनीसँग भेट भयो । म पढाई दिन्छु बिहान बेलुकी काम गर्नु भनेर घरमा लगे । म पनि फुरौला जस्तै फूरुङ्ग खुसी भएँ । पढ्न पाउने भो अब, पढेर गाउँको मालिक होइन समाज सेवी बन्ने सपना बोकेर पढ्न पाउने भो भन्दै आशाको भूमरीमा दिन रात भविष्य बनाउने सपना बुनेर लुगा धुने, जुठो भाडा माझिदिने । साहूलाई मालिस गर्दै तेल लगाई दिने काम गर्दा गर्दै आज भोली भन्दा भन्दै नमिठा बोली बचन चुट्टाई सहँदै बस्दै भोली पर्सी अर्को साल गर्दै मलाई बजारमा बेच्न राखेको गुडिया झैं खेलाई रह्यो ।

आलेताले गर्दा गर्दै ५ वर्ष बित्यो थाहा नै नपाईकन दुःखी गरिब हुन सारै नमज्जा रहेछन् किन कि, काम गर्ने नोकरले चाहीँ भोक लागेको बेला पनि खान नपाउने, खान पाएपनि बासी, सडेगलेको नै पाउनेरहेछन् । नखाउँ पनि भोकले के खाउँ के खाउँ भइरहेको बेला खान्थेँ बाध्य भएर । त्यो साहूको महल जत्तिनै बाहिरबाट हेर्दा आकर्षक थियो तर भित्र त त्यत्तिनै घिनलाग्दो व्यवहार थियो । सम्झेर ल्याउँदा आज पनि रुन्छन् मेरा मन के गर्ने र भाग्यले ठगेपछि रहर गरेर पनि नपाउँदा रहेछन् । आखिर मैले जे कल्पना गरी सोचेको थिइन त्यस्तै हुँदै गयो । पढ्ने लेख्ने विद्वान हुने दिन सपना अलग हुँदै गयो मेरा अभावको जिन्दगीले ।

त्यहाँबाट पनि हिँडेर म फेरि एउटा साहूकोमा काम गर्दै थिएँ, एक दिन संयोगले भगवान् बुद्धको जन्मस्थल लुम्बिनी पुऱ्यायो मलाई । त्यहाँ लुम्बिनीमा नै भिक्षुणी धम्मवती गुरुमांसँग चिनजान हुने मौका पाएँ । अनि उहाँकै मैत्री करुणाले मलाई २०६०/७/२५ गते मंगलबार श्रद्धेय भिक्षु अश्वघोष महास्थविर लाई श्रामणेर गौतमको रूपमा प्रव्रज्या गर्ने प्रबन्ध मिलाई सुम्पिदिनु भयो । भन्नु भयो मेरो नाक राखिदिनु । मेरो जुनी बदलियो । भाग्यले फट्को माऱ्यो । नभन्दै बौद्ध धर्ममा शान्तिको बाटोमा आइपुगेको छु । अतः भन्न चाहन्छु यो मेरो पुण्यको फल हो, जुन भाग्यले मलाई धम्मवती गुरुमांसँग भेटायो । जुन मैले भिक्षुणी धम्मवती गुरुमां तथा श्रद्धेय भिक्षु अश्वघोष महास्थविरहरूको संगतले धेरै थोरै जति भए पनि निरन्तर रूपमा बुद्धधर्म सिक्ने अवसर पाइरहेको छु । शान्तिको बाटो देखाउने गुरुआमा धम्मवती प्रेरणाको मुहान भइहेकाछन् । म जस्तो दुःखी मान्छेलाई कतिले आलोचना र बोलीको गोलीले घायल भएको पंक्षी जस्तो बनायो पनि । धेरैको बोलीको चोट सहेँ । व्यग्याङ्गात्मक कुटील हाँसो, गिल्ला घृणा दवाव हेरेँ किन्तु नैराश्यता त्यो दुःख लाग्दो दिनसम्म म भित्र विद्यमान थिएन । म त एक अशिक्षित निम्न वर्गीय परिवारको बालबच्चा मध्ये एक, शिक्षाको उज्यालोबाट वञ्चित । आधा शताब्दी अगाडि शिक्षाको किरण नपुगेको गाउँमा जन्मेको थिएँ र सहाराको भिख माग्दै शहरको भिडमा पसेको थिएँ । हरेक दुःख सुखको उकाली ओरालीमा, हरेक अभावमा कुस्ती खेल्दै आएको थिएँ । मान्छे यहाँ धेरै स्वार्थी रहेछन् ।

आज भिक्षुणी धम्मवती गुरुमांको प्रेरणाले मलाई यसरी कवि, लेखक सम्म बनाइयो । म त्यति शिक्षित नभए पनि तीन चार वर्ष भित्र ६ वटा पुस्तकहरू लेखेर प्रकाशित गर्न पाएको गर्वको कुरा ठान्दछु ।

*साभार- 'धर्मकीर्ति' वर्ष-२५, अङ्क-४, बु.सं. २५५१, ने.सं. ११२७, गुरु पुन्हि, २०६४)*

# नेपालय् धर्म सेनापतिः धम्मवती गुरुमां

■ अमृतमान शाक्य भिक्षु

बुद्ध शासनया लँपुइ धर्मकीर्ति विहारया योगदान धैगु भिक्षुणी धम्मवती गुरुमांनं नेपाःदेय् प्रति यायेमाःगु थःगु जिम्मेवारी यानाबिज्याःगु खः । सुं नं नागरीकं जन्मसिद्ध अधिकारकथं थम्हं थःगु देय्प्रति याये माःगु दायित्व मचायेकं यानाच्वनी । धम्मवती गुरुमांनं नं छम्ह धर्म सेनापति थें जुयाः थःगु देय्प्रतिया दायित्व पूवंका बिज्याःगु दु ।

खयत्तला स्वनिगः दुने बौद्धत पुजाय्जक सिमित जुया च्वनीपिं खः । बुद्धधर्म भक्ति मार्ग मखु, ज्ञानमार्ग खः । थज्याःगु खँय् वाःचायेके माःगु जुयाः धम्मवती गुरुमांनं व्यावहारिक बौद्ध शिक्षा बीगु यानायंकल । थुकिइ दकलय् न्हापां मस्तसें याकनं लानाकाये फैगु जुयाः हे मस्तय्त बौद्ध शिक्षा ब्वंकेगु कक्षा स्थापना यात । थुकिइ ल्याय्म्ह ल्यासेतसेनं ब्वति काःगु जुल । इमिगु मन तयेगु लागि, हौसला बढये यायेगु लागि जाँचय् पास जूपिन्त सिरपाःया नं व्यवस्था याइगु जुयाः दँय्दसं परियत्ति शिक्षा ब्वनीपिं व विहारय् वइपिनिगु ल्याः बरे जुयावल । थुकिइ बर्मानिसें धम्मवती गुरुमां नापं बिज्याःम्ह मां गुणवती गुरुमांनं थःथःगु थासं यायेमाःगु धर्म ग्वाहाली यानाच्वंगु जुल । वयां अलावा रत्नमञ्जरी गुरुमां, चमेली गुरुमां, कमला गुरुमांपिन्सं नं ग्वाहाली याये माःथाय् यानाच्वन । उगु बखतय् इमिसं हे सुथ-सुथ न्हिथं बौद्ध परियत्ति ब्वंकीगु, रत्न मञ्जरी गुरुमानं ध्यान भावना स्यनीगु, सफा सुघर यानाक्यनीगु । थुकथं न्हिथं धम्मवती गुरुमांपाखें नं विहारय् जुइगु व्यवहारीक ज्याखँय् स्वःजुइगु व विहारय् वाः पतिकं बुद्ध पूजा धर्मदेशनाया अलावा छैँय् छैँय् वनाः बुद्धधर्म व व्यवहारीक धर्मदेशना बीगु ज्या याइगु जुयाच्वन । थुकथं न्याम्ह गुरुमांपिन्सं बुद्धशासन थीर यायेगु ज्याय् मदिक्क पलाः न्ह्याकाच्वन ।

धर्मकीर्ति विहारया दैनिक बुद्ध पुजा व व्यवहारीक शिक्षाया लोक प्रियता बढे जुयावंगु जुयाः अन वइपिं उपासिकापिनि दथुइ सु धनी, सु गरीब धैगु भेदभाव मदयेकेगु लागी ड्रेसया व्यवस्था यात । थःगुहे देय्या नेवाः थाना

कापःया पतासिं सकसिनं सिनावयेमाःगु व्यवस्था जुसेंलि भेदभाव मन्त । धर्मकीर्ति विहारया प्रगतिया लागि विहारय् वइपिं उपासक उपासिकापिनिगु लगनशिलतां विहार चकना वन । थुकथं बुद्धधर्मया प्रभावय् लानाः धर्मकीर्ति विहारय् भिक्षुणी गुरुमांपिनिगु ल्याः नं बढे जुयावन । थुकथं हे विहार प्रगतिया लँपुइ न्ह्याकेगु लागी बुद्धधर्मया शिक्षा प्रचार प्रसार यायेगु, मिसापिन्त थीथी व्यावहारीक ज्याखँय् न्ह्यचिकेगु, ल्याय्म्ह ल्यासेपिन्त बुद्धधर्मया मू ज्ञान म्हसीका बीगु व व्यावहारिक ज्याखँय् मन क्वसायेकेगु ज्ञान व ध्यानय् लगे यायेगु लागी लंपु केनेगु, इलय्व्यलय् तीर्थयात्राया ग्वसाःग्वयाः चाःहिकेगु, थुकथं यानावया च्वंगु हुनिं धर्मकीर्ति विहार प्रगति लंपुइ न्ह्यानाच्वंगु जुल । थ्व धैगु नेपालय् शुद्ध बुद्धधर्म प्रचार प्रसार यायेगु लक्ष्य ज्वना च्वंम्ह भिक्षुणी धम्मवती गुरुमांया लगनशिलताया दसु खः ।

धर्मकीर्ति विहारया उद्देश्य नाप ज्वःलाःगु ज्यात गोष्ठीयागु, मध्ये व्यावहारिक बौद्ध शिक्षाया अध्ययन यायेगु, गांगामय् बुद्धधर्म प्रचार प्रसार यायेगु, बुद्धधर्म सम्बन्धी पत्रिका पिकया च्वनेगु, देश विदेशं वःपिं बौद्ध विद्वानपिन्त लसकुस व न्वचु बीकेगु व हाजिरी जवाफ व मेमेगु गतिविधि ब्वति काःवनेगु भ्वलय् आपलंहे ताःलानावःगु हुनिं अध्ययन गोष्ठीया सकल परिवार लयताःगु न्यनेदु । सुरसुरूइ हरेक शुक्रबाः सन्ध्याया प्यताःइलय् अध्ययन गोष्ठीइ थी थी गतिविधि जुइगु । लिपा वनाः वाःया सनिवाःपतिंक सुथसिया ८:०० इलेय् निसें १०:०० बजे तक्क न्हयाकूगु जुल । थ्व निरन्तर न्ह्याकावया च्वंगु धैगु ३५ दँय् क्यन ।

खय्तला स्थापना जूबलय् मां गुणवती गुरुमां व धम्मवती गुरुमांपाखें पालि भाषा व अभिधर्म या ब्वंकेज्या जुगू थुथाय् लुमंके बहःजू । अध्ययन गोष्ठी पाखें दच्छी छकः धर्मकीर्ति पत्रिका पिकायेगु यानाच्वंगुयात लिपा वनाः निलाय् छकः जुल, वयां लिपा लय्पौकथं पिकया वयाच्वंगु जुल । थुकथं हे धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीपाखें बौद्ध साहित्यत नेपाल भाषा, नेपाली भाषा व अंग्रेजी भाषां पिकया वयाच्वंगु लुमंके बहःजू । इलय्व्यलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीपाखें सफू ब्वज्या, थी थी देशं वःपिं बौद्ध विद्वानपिन्त लसकुस हना ज्याभ्वः, इलय् व्यलय् स्वास्थ्य सेवाया ग्वसाः यानाव, नापं वाःपतिकं थी थी रोगया विषेशज्ञ, डाक्टर तथा स्वास्थ्य सेवा याना वयाच्वंगु, मिसापिनिगु लागि थी थी तालिम बीगु, नाटक प्रदर्शन, अस्थायी प्रव्रज्या, एस.एल.सी. कोचिङ्ग कक्षा, ग्वाहालीमि ज्याभ्वः, दान प्रदान, इलय् व्यलय् देश परदेशया भ्रमण इत्यादि ज्याभ्वः जूगु लुमंके बहःजू ।

लुम्बिनीइ गौतमी विहार, बसुन्धरा दोलय् धर्मकीर्ति बसुन्धरा विहार व सारनाथय् नं विहार स्थापनाया ज्या लुमंके बहःजू । अथेहे वसपोलया नेतृत्त्वय् विहारया शाखा विहारकथं पद्मकीर्ति विहार, कमल पोखरी, सुलक्षणकीर्ति विहार, चोभार; निर्वाणमूर्ति विहार किण्डोल नं संचालन जुयाच्वंगु प्रशंसनिय खँ खः ।

धर्मकीर्ति विहार व धम्मवती गुरुमांया क्वातुगु मैत्री करूणाया प्रभावं दातापिनिगु नं उत्साह बरे जुल । धर्मकीर्ति विहारया तःम्ह दातापिं मध्ये भाइराजा तुलाधरजुया चकंगु नुगः क्वसाःगु जुयाःहे आपालं उपासक उपासिका न्ह्यनीगुकथं तःधंक विहार दयेकाबिल । विहारया स्वरूप आपालं बांलात । विहारया स्वरूप बांलाःगु हुनिं धम्मवती गुरुमांया क्वातुगु धर्मदेशनां प्रभावित जुयाः स्वनिगः दुनेया आपालं बौद्ध उपासक उपासिकापिं इलय् ब्यलय् मुनेगु थाय् जुयावन ।

थुकथं थुगु विहारय् बौद्ध देशया राजदूतपिनिगु वयेवनेगु थाय् नं जुयावन । धम्मवती गुरुमां प्रव्रजित जूगु न्ययेदँ क्यंगु लसताय् प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला वयाः भिन्तुनाया नापं मन्तुना बिइगु भ्वलय् धम्मवती गुरुमांया योगदान न्यनाः प्रभावित जूगु थुथाय् लुमंकेबहः जू । फुफुपिन्सं फुथें चाथें बुद्धधर्म प्रचार याना वयाच्वंपिं मध्ये भिक्षुणी धम्मवती गुरुमांया थःगु हे पहलं धर्मप्रचार व ज्याखँ यायेगु पहः दु । नेपाः अधिराज्यया थासं थासय् वनाः जक मखु विदेशयृतकं धर्म प्रचार याना बिज्याइम्ह खः ।

वसपोलयात धर्मया ख्यलय् धर्म सेनापती मधासे मगाः । न्ह्याथाय् वंसां-च्वंसां वसपोल न्ह्यो-न्ह्यो हे । ज्याखँय् न्ह्योने, धर्म उपदेश क्वातुक बीगुलि नं न्ह्योने, सफू पिथनेगुलिइ न्ह्योने, विहार निर्माण यायेगुलिइ न्ह्योने, गांगामय् धर्म प्रचार यायेगुलिइ न्ह्योने, न्ह्यागुलीसं न्ह्योने लाःगु जुयाः हे धम्मवती गुरुमां धर्म सेनापती गथे मजुइ । नेपाःयापिन्त बुद्धधर्म प्रचार प्रसार यायेगुली वसपोलया तःधंगु योगदान व लक्ष्य न्ह्याःगु पलाःयात सकलसिनं च्वमछ्यासे मगाः । उकिं वसपोलयात बर्मा सरकारं अग्गमहागन्थवाचक पण्डितया पदं विभूषित याःगु हुनिं भ्री नेपाःमि बौद्धतसें गर्व यायेथाय् दु । थुकथं वसपोलं थःगु जीवनय् भिक्षुणी जुयाः बुद्धशासन थीर यायेगुली धर्म सेनापती हे जुयाः योगदान याःगु सदा सर्वदा लुमंकेबहःजू ।

*साभार- 'धर्मकीर्ति' वर्ष-२५, अङ्क-१, बु.सं. २५५१,ने.सं. ११२६, बैशाख पुन्हि, २०६४)*

# अनन्त गुणं पूर्णम्ह: धम्मवती गुरुमां

■ **प्रेम लक्ष्मी तुलाधर**

आदरयाये बह:म्ह, गौरबतये ल्व:म्ह
पूजायाये छिंम्ह, अनन्त गुणं पूर्णम्ह
गुरुमां छ:पिं धाथें महान

बि.सं. १९९१ असार गुरु पुन्हि खुन्हु
अबु हर्ष मान शाक्य मां हिरा थकुं शाक्यया
कोखं यल देशय् जन्म जुया बिज्या:म्ह
गणेश कुमारी धैगु नां ज्वना बिज्या:म्ह
गुरुमां छ:पिं धाथें महान ।

प्यम्ह दाजुकिजा मध्ये याकः म्हयाय् जुया:,
योम्ह म्हयाय् धका: प्रख्यात जुया:
नेपाल मांया अतिकं योम्ह
गुरुमां छ:पिं धाथें महान ।

१४ दँ यागु इलय् बुद्धघोषया उपदेश न्यना:
थ:गु तुतियात साधनया रूपय् छ्यला:
बर्माय् धर्म अध्ययन यायेत धम्मावुधया
ल्यूल्यू बिज्या:म्ह
गुरुमां छ:पिं धाथें महान ।

नच्चागु उमेरनिसें महत्वाकांक्षी भावनां
ग्या:चिकु पह: भ्या:भचाहे मदुम्ह
अदम्य साहस, निडर, निस्वार्थ भावनां
धन स्वया विद्या धर्म त:धं तायेका बिज्या:म्ह
गुरुमां छ:पिं धाथें महान ।

बर्मा बिज्या:गु इलय् पासपोर्ट मदया खोरे
तकं च्वना बिज्याना नं अनुशासन,
जेहेन्दारया रूपे १४ दँ तक बौद्ध शास्त्र
अध्ययन याना: बुद्ध शासनया योम्ह म्ह्याय् जुया:
दकले न्हापा "सासनधज धम्माचरिया"
धैगु उपाधि कया बिज्या:म्ह
गुरुमां छःपिं धाथें महान ।

जन्मभूमिस ल्याहाँ बिज्याना:
धर्मकीर्ति नीस्वना:
मस:मस्यूपिंत बुद्ध ज्ञानं ध्वाथ्विका:
ज्ञानया मत खयेका बिज्या:म्ह
गुरुमां छःपिं धाथें महान ।

रूढिवादी, अन्धविश्वासयागु इलय्,
मिसापिंसं आख: ब्वने मज्यू धैगु बखतय्
नारी जागृतियागु अभियान ज्वना: थ:हे
न्ह्यलुवा: जुया बिज्या:म्ह
गुरुमां छःपिं धाथें महान ।

थ:गु लक्ष्यप्रति पूर्णतया आत्मविश्वास दुम्ह
आध्यात्मिक रूपं समाज देशया हरेक
धार्मिक क्षेत्रे नं उलिहे गुहाली याना बिज्या:म्ह
"अग्गमहागन्थवाचक पण्डित" धैगु उपाधि
तकं कया बिज्या:म्ह
गुरुमां छःपिं धाथें महान ।

धर्मय् समानता दयेमा धका भिक्षुणी
जुया नं तधंछु मजुसे, थ:गु जन्म दिनस
भन्ते, गुरुमां, गुरुजु, लामा भन्तेपिंत आमन्त्रणा
यासे थम्हं नं दान बिया: फुकेसितं दान
बीका बिज्याना: पुण्य संचय याका बिज्याम्ह:
गुरुमां छःपिं धाथें महान ।

हिमालथें उच्च विचार, पहाडथें विशाल
धर्मया छाती दुम्ह समुद्रयागु थें गहन निस्वार्थ
चतुर्ब्रह्म विहारयागु गुण धर्म दुम्ह
अतुलनिय देन बहुमुखी प्रतिभा दुम्ह
गुरुमां छःपिं धाथें महान ।

बौद्ध जगतय् प्रख्यात जुया ममतामय मां
धम्मवती गुरुमां धायेका बिज्याःम्ह
यइपुक, न्ह्यइपुक, ध्वाथ्विक धर्म खँ कनाबिज्याइम्ह
धर्मया यक्को सफूत पिथना बिज्याःम्ह
गुरुमां छःपिं धाथें महान ।

गौतमी विहार स्थापना याना बिज्याःम्ह
लुम्बिनी क्षेत्रय् तिमिला थें थीम्ह
बौद्ध मार्गितय् ह्वदयया ढुकढुकी जुया बिज्याःम्ह
देश विदेशय् सम्मान याका बिज्याःम्ह
प्रभावशालि व्यक्तित्वं पूर्णम्ह
गुरुमां छःपिं धाथें महान ।

बुद्ध धर्मया ध्वाँय् ब्वयेका बिज्याःम्ह
बुद्ध शासनया धिसिलाःगु थां जुया बिज्याःम्ह
बुद्ध क्षेत्रे नगुथें थिनाः न्ह्याबलें स्वस्थ दिर्घायु
जुयाः बुद्ध धर्म न्ह्याबलें च्वन्ह्याकाबिज्याये फयेमा
धकाः आशिका यासे थौंया भिंगु जन्म
दिनस भिन्तुना गुरुमां छःपिं धाथें महान धका ।

*पूज्यनिय धम्मवती गुरुमांया ७३ दँ बुन्हिया लसताय् वसपोलयागु दीर्घायु, निरोगी, सुस्वास्थ व बुद्ध शासनया अग्रम्ह भिक्षुणी जुयाः न्ह्याबलें बुद्ध धर्मयात च्वन्ह्याका बिज्याये फयेमा धकाः कामना यासें भिन्तुना कविताया रूपे देछाना च्वना–*

*(साभार- 'धर्मकीर्ति' वर्ष-२५, अङ्क-५, बु.सं.२५५१,ने.सं. ११२७, गुं पुन्हि, २०६४)*

# परियत्ति शिक्षा र धम्मवती गुरुमां

■ विजय लक्ष्मी शाक्य

परियत्ति शिक्षा भन्नासाथ थेरवाद बुद्ध धर्मानुसारले त्रिपिटक ग्रन्थको स्मरण हुने हुन्छ । भगवान् बुद्धले ४५ वर्ष सम्म गाउँ, नगर, शहर, देश विदेशमा चारिका गर्दै दिनु भएको उपदेश अनेक संगायन पछि लिपिवद्ध गरिएको हामी पाउँदछौ । यही लिपिवद्ध ग्रन्थहरू सुत्तपिटक, विनय पिटक र अभिधर्म पिटक गरी जम्मा तीन खण्डमा विभाजन गरिएको छ ।

बुद्धधर्ममा परियत्ति, पतिपत्ति र पतिवेध गरी जम्मा तीन तह गरी अध्ययन अध्यापन गर्ने गरिन्छ। त्यसमध्ये परियत्ति शिक्षा सुत्तपिटक अन्तर्गतको बौद्ध शिक्षामा अध्ययन अध्यापन गरिन्छ । परियत्ति शिक्षाबारे बुद्धधर्ममा उल्लेख भए अनुसार "सुत्र रहेन र विनय नष्ट भयो भने लोक त्यस्तै प्रकारले अन्धकारमय हुनेछ जस्तो सूर्य अस्ताउँदा हुन्छ । सुत्र आदि रक्षा भएमा प्रतिपत्ति रक्षा हुन्छ, परियत्तिमा स्थिर भइरहने धीरपण्डित योगक्षेम निर्वाण प्राप्त गर्नबाट विमुख हुँदैन ।" भनेर अंगुत्तर निकायको एउटा गाथामा भनिएको छ । यो परियत्ति शिक्षाले आफ्नो नाथ (मालिक) आफै बन्ने शिक्षा दिन्छ भन्नेमा केही अत्युक्ति नहोला । जस्तो धम्मपद (१६०) औं अत्तवग्गमा उल्लेख गरिएको छ । **"अत्ताहि अत्तनो नाथो - कोहि नाथो परो सिया ।"**

परियत्ति पढेर पटिपत्ति वा शिक्षालाई आचरण गरेर आफैलाई प्रशिक्षित गर्नेले दुर्लभको नाथ प्राप्त गर्दछ । धम्मपदमा भनिन्छ **"अत्तना व सुदन्तेन - नाथं लभति दुल्लभं ।"** जुन बुद्धको शिक्षाले अन्धकार नाश गरी आफ्नो भित्री मनको मालिक आफै बनाउन सक्षम छन् र त्यही अन्धकारलाई पन्छाउँदै प्रकाश छर्ने वा दिने उद्देष्य बोकी बौद्ध परियत्ति शिक्षा हाम्रो सामु विद्यमान छ ।

नेपालको बौद्ध इतिहासको सन्दर्भमा कोत्याउँदा अखिल नेपाल भिक्षु महासंघका थेरवाद आदरणीय भिक्षुहरूबाट अनेक वाधाको वावजुद २०२० साल देखि यो शिक्षाको व्यवस्था गरिएको थियो ।

श्रद्धेय सुदर्शन भन्तेको लेख "नेपाल बौद्ध परियत्ति शिक्षा एक झलक" (परियत्ति बुलेटीन, वि.सं २०६५ बैशाख) मा यस शिक्षाको महत्वपूर्ण उद्देश्यहरूको वर्णन यसरी गरिएको पाइन्छ ।

यसको विभिन्न उद्देश्यहरू–

१) बुद्धधर्मको शिक्षा आफू र अरूले कतिको बुझेको छ भन्ने कुरा थाहा पाउनको लागि हो ।

२) यसको अन्तिम लक्ष्य सम्पूर्ण त्रिपिटक वाङ्मय थाहा पाउनको लागि हो ।

३) विहारका उपासक उपासिकाहरू परिधिभित्र मात्र नभई सर्वसाधारण जनताहरूले पनि यसको अध्ययन व्यवस्थामा भाग लिन लगाउनु हो ।

माथि उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्नको लागि पाठ्यक्रम विकास गर्दै आएको छ । मुख्यतया निम्न कुराहरू हामीले गर्नु पर्ने देखिन्छ । *(प. बुलेटीन)*

१) उपयुक्त पाठ्यक्रम बनाई पाठ्यक्रमका पाठ्यांश पाठ्यक्रमका पाठ्यपुस्तक प्रकाशित गर्दै जाने ।

२) यसका लागि निर्वाण कामना गरि धर्मका पुस्तक प्रकाशित गर्न इच्छुक दाताहरूबाट बौद्ध परियत्ति शिक्षाका पाठ्यपुस्तकहरू प्रकाशित गराउने प्रवृतिको विकास गर्दै जाने ।

३) बौद्ध लेख, पुस्तकहरू परियत्ति शिक्षाको पाठ्यक्रम सुहाउँदो विषयवस्तु र भाषास्तरले युक्त गरि प्रकाशित गर्दै जाने ।

४) पाठ्यक्रम विकास, पाठ्य पुस्तक निर्माण, पाठ्यपुस्तक प्रकाशन र पाठ्यपुस्तक बिक्रि वितरणको व्यवस्था योजनावद्ध ढंगले गर्दै जाने ।

बौद्ध परियत्ति शिक्षाको प्रचार प्रसार गर्ने उद्देश्यले यसलाई विभिन्न दशवटा स्तर वा कक्षामा विभाजन गरिएको छ । ती हुन्–

१) परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रथम वर्ष (कक्षा १)

२) परियत्ति सद्धम्म पालकको प्रारम्भिक द्वितीय वर्ष (कक्षा २)

३) परियत्ति सद्धम्म पालकको प्रारम्भिक तृतीय वर्ष (कक्षा ३)

४) परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश प्रथम वर्ष (कक्षा ४)

५) परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश द्वितीय वर्ष (कक्षा ५)
६) परियत्ति सद्धम्म पालकको प्रारम्भिक प्रवेश तृतीय वर्ष (कक्षा ६)
७) परियत्ति सद्धम्म पालकको प्रारम्भिक उपाधि वर्ष (कक्षा ७)
८) परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद प्रथम वर्ष (कक्षा ८)
९) परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद मध्यम वर्ष (कक्षा ९)
१०) परियत्ति सद्धम्म पालकको प्रारम्भिक कोविद अन्तिम वर्ष (कक्षा १०)

कक्षा १ देखिका पाठ्यपुस्तकमा शील पालना गर्ने, शीलाचरणको गृही विनय, कर्म र कर्मफलको विषय, चित्तको विषयसँग सम्बन्धित अभिधर्म इत्यादि विषयको अध्ययन अध्यापन गरिन्छ । जुन आजको नयाँ नेपाल निर्माणको लागि सहयोगी सिद्ध हुने हुन्छ । नयाँ नेपालको निर्माणको प्रकृया भित्र संधै नै हत्या, हिंसा, झगडा, लुटपाट भए । यस्ता कहालिलाग्दो वातावरणले नेपाली जनता पूर्ण सुरक्षित र मुक्त छैन ।

धम्मवती गुरुमां संधै यही भनीरहनु हुन्छ कि "परियत्ति शिक्षा पढेर जाँच पनि दिनु ।" उहाँ गुरुमांकै प्रोत्साहनबाट यो शिक्षाबाट मैले पनि ज्ञान हासिल गर्दै आएँ ।

बुद्ध सम्वत (२५५१ - वि.सं. २०६४) सालमा धर्मकीर्ति विहारका ८५ जना विद्यार्थी र लुम्बिनीको गौतमी विहारबाट १०० भन्दा बढी विद्यार्थीलाई पुरस्कार वितरण कार्यक्रम गरिएको थियो । त्यस अवसरमा धम्मवती गुरुमाले भन्नुभयो– लुम्बिनीको बासिन्दाले यो शिक्षा पाएमा शान्तिको सन्देश, उपदेशको महत्व बुझ्दछन् । दुर्लभ मनुष्य जीवन, दुर्लभ धर्म श्रवण, दुर्लभ श्रमण जीवन, दुर्लभ बुद्धको जन्मको महत्वहरू बुझ्दछन् । यसरी यो शिक्षा फैलँदै गयो भने तथागत बुद्धको जन्म स्थल को महत्व पनि बुझ्दछन् । यस शिक्षाको उद्देश्य अनुरूप सर्वसाधारण जनतामाझ यो शिक्षा प्रचार भएमा शान्तिको बातावरण बनाउन टेवा पुग्दछ । आउँदो नयाँ नेपालका देशवासीले काम गरी माम पाउनेछन् । आफूले नै गाँस, बास, कपास, स्वास्थ्य आदि मानिसको अत्यावश्यक चाहनाहरू पूरा गर्ने छन् । हत्या, हिंसा, चोरी डकैतीबाट मुक्त भई मजदुर, कर्मचारी, व्यापारी, विद्यार्थीले मेहनत गरी सरलतापूर्वक सफल जीवन जीउन पाउने हुन्छ । देशका दुःशील, कुटिल भ्रष्टाचारी उन्मूलन भएमा देश, समाज, परिवार सप्रिने छन् भन्ने विश्वास हामीले पनि लिन सक्ने हुन्छौं । यसको लागि सरकारी स्तरमा बौद्ध परियत्ति शिक्षाको संचालन गर्न गराउन अखिल नेपाल भिक्षु महासंघ प्रयत्नशील हुनुपर्दछ ।

श्रद्धेय धम्मवती गुरुमांले भन्दै जानुभयो– यस्तो समयमा परियत्ति शिक्षा हासिल गर्न सके बाहिरको अग्निमय वातावरणबाट शीतलता पाउन सक्ने हुन्छ। बुद्धको शिक्षाले मनलाई शान्त पार्ने काम गर्दछ जस्तो बाहिरको घामले पोलेको व्यक्ति घरमा आएर पंखा चलेको ठाउँमा बस्न पाए आनन्द र शीतलता शान्तिको महसूस गर्दछ।

उहाँ गुरुमांको सदिच्छा त विहारमा आउने सबैजसोले यो शिक्षा प्राप्त गर्न सकोस्।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२६, अङ्क-४, बु.सं. २५५२, ने.सं. ११२८, गुरु पुन्हि, २०६५)*

Dhamma.Digital

# धर्मकीर्ति विहारका एक चिरस्मरणीय दाता: उपासिका दानलक्ष्मी कंसाकारको स्मृतिमा

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

वि.सं. २०२२ सालमा स्थापना भएको धर्मकीर्ति विहार ४४ वर्ष पुरा भएको छ । आज ९ वटा इकाइमा विभाजित भएर व्यापक रूपमा बुद्धधर्म प्रचार गरिरहेको यो बलियो धार्मिक संस्था प्रव्रजित तथा गृहस्थ व्यक्तिहरूको श्रद्धाकै फलस्वरूप सफलपूर्वक संचालन भइरहेको छ । समयको दौरानमा यस विहारको सद्धर्म प्रचार गर्ने उद्देष्य परिपूर्ति गर्न प्रव्रजित व्यक्तिहरूको अलावा श्रद्धालु उपासक उपासिकाहरूको पनि धेरै योगदान रहेको तथ्य कुरा हो । आर्थिक, बौद्धिक वा श्रमिक थरी थरी किसिमले श्रद्धालुहरूको योगदान रहेको उल्लेखनीय छ ।

यही सन्दर्भमा गत २०६६ फागुन २० गते ८३ वर्षको उमेरमा निधन हुनु भएकी धर्मकीर्ति विहारका पूर्व दाता उपासिका दानलक्ष्मी कंसाकारको बुद्ध शासनिक योगदानलाई लिएर एकपल्ट कृतज्ञ भाव पोखौं ।

धर्मकीर्ति विहार स्थापना नै नभएको बेला धम्मवती गुरुमां प्रमुख मां गुण गुरुमां र रत्न मञ्जरी गुरुमांलाई आफ्नै घरमा भोजन तथा आवासको सम्पूर्ण व्यवस्था गरी त्यति बेलाको गुरुमांहरूको संघर्षपूर्ण जीवनको दौरानमा उहाँहरू प्रति ठूलो गुण लगाउनु भएकी दानलक्ष्मी कंसाकार उपासिकालाई पहिला चिनेका बाहेक वर्तमानमा नचिन्ने पनि धेरै हुनसक्छ । भगवान बुद्धले बताउनु भएको ३८ वटा मंगल मध्ये कतञ्ञुता अर्थात कृतज्ञता भाव बनाउनु पनि एउटा मंगल हो भनिएको अनुशरण गरी हामी पनि धर्मकीर्ति विहारका पूर्व दाता दानलक्ष्मी कंसाकारको गुण अनुस्मरण गरी कृतज्ञ बनौं ।

१४ वर्ष बर्मामा बसी वि.सं. २०२० सालमा नेपाल फर्केपछि धम्मवती गुरुमांसँगै आउनु भएकी बर्मी गुरुमां मां गुण गुरुमां र अर्कि गुरुमां रत्न मञ्जरी गुरुमांको नेपालमा बुद्धधर्म प्रचारको अभियानको शुरूबाट उपासिका दानलक्ष्मी कंसाकारको नाम जोडिएर आउँछ ।

उतिबेला गुरुमांहरूको जीवन सहज थिएन । नेपाल पुगेपछि शुरुमा धम्मवती गुरुमांकै घरमा २ महिना बस्नु भयो । गुरुमांकी आमा हेराथकुंले राम्रैसँग हेरचाह गर्नु भएकोले सजिलो थियो । तर प्रव्रजित भएपछि आफ्नै घरमा सँधै बसीरहन नमिल्ने प्रव्रजित नियमलाई पालना गरी घर छोडेर अन्त बस्न थाल्नु भयो । कहिले यता, कहिले उता बसेर गुजारा गर्नुभयो । खानपिनको पनि राम्रो व्यवस्था हुँदैनथ्यो । तर धर्म प्रचार भने धम्मवती गुरुमांको प्रभावकारी धर्मदेशनाबाट बेजोडसँग भइसकेको थियो । गुरुमांहरूलाई बस्ने एउटा स्थायी बसोबासको आवश्यकता उपासक उपासिकाहरूले महशूस गरे । जग्गा खोज्ने कार्य भयो । ६ महिना पछि काठमाडौंको श्रीघः टोलमा जग्गा मिलेपछि विहार बनाउने कुरा भयो । जसोतसों पैसा जम्मा गरि विहार बनाउने कार्य शुरू भयो । त्यति नै बेला थियो दानलक्ष्मीले गुरुमांहरुलाई श्रद्धाभावयुक्त उपकार गरेको ।

गुरुमांहरू ज्याःबहालस्थित भाजुरत्न (भाजुदाई) को घरमा बसीराख्नु भएको थियो । श्रीघः सम्म आउन जान गाह्रो भएकोले काठमाडौंको केलटोल तःखाछेँमा दानलक्ष्मीले गुरुमांहरूलाई आफ्नै घरमा राख्नुभयो । उहाँको घरमा बस्नु भएदेखि गुरुमांहरूलाई सुविधा भयो । जलपान, भोजनको राम्रोसंग व्यवस्था हुन्थ्यो, बस्ने पनि सुबिस्ता हुन्थ्यो । धम्मवती गुरुमां स्वयंले दानलक्ष्मी उपासिकाले लगाउनु भएको गुण सम्झी त्यतिबेला गुरुमांहरूलाई सबैभन्दा धेरै सहयोग गर्ने दान लक्ष्मी उपासिका नै हुनुहुन्छ भनी धम्मवती गुरुमां स्वयं कृतज्ञता व्यक्त गर्नुहुन्छ ।

धर्मकीर्ति विहार बनिरहेको समयमा सहयोग गर्ने तीनजना उपासिकाको नाम धम्मवती गुरुमांले उल्लेख गर्नुभएको छ । लक्ष्मीप्रभा तुलाधर उपासिकाले ऐना, सिसा जति जम्मै किनीदिएको, केशरीलक्ष्मी कंसाकार उपासिकाले जस्तापाता जति जम्मै किनीदिएको तथा दानलक्ष्मी कंसाकार उपासिकाले काठ जति जम्मै किनीदिएको तथ्य कुरा धम्मवती गुरुमां बताउनुहुन्छ ।

त्यतिबेला दानलक्ष्मीको पतिको देहावसान भइसकेको थियो । जीवन बीमाबाट रू. ५०००।- भारतीय रूपैयाँ दानलक्ष्मीले पाउने कुरा थियो । दानलक्ष्मीले सोही रकम धर्मकीर्ति विहारलाई दिन चाहेको कुरा धम्मवती

गुरुमां सम्झनु हुन्छ । पछिबाट केही कानूनी कारणले नमिलेकोले दानलक्ष्मीले त्यो रकम प्राप्त गर्न नसकेको कुरा धम्मवती गुरुमां र परिवार सूत्रले पनि बताएको छ । यस सम्बन्धमा धम्मवती गुरुमांले भन्नु भएको छ– “पछिबाट कहाँ कसरी रकम जुताउनु भयो थाहा छैन, दानलक्ष्मी उपासिकाले विहारको लागि काठ जति जम्मैको प्रबन्ध गर्नुभयो ।” यही कुरामा परिवार सूत्रको भनाई अनुसार दानलक्ष्मीले आफ्ना सुनको दुईवटा चुरा बेचेर रकम जुताउनु भएको रहेछ । दानलक्ष्मीको छोरी गंगा यस्तो भन्नुहुन्छ– “आमाले सुनको चुरा बेच्नु भएको थियो । कति तोला थाहा छैन । तोलाको रू. ४००।- पर्ने बेला थियो । आमाले छोरीहरूलाई भनेको थियो । तिमीहरुलाई पछि फेरि गहना बनाइदिन्छु । अहिलेलाई यो चुरा बेचेर धर्ममा लगाउने मेरो मन भयो । यो ठूलो पुण्यको काम हो ।”

धम्मवती गुरुमां, मां गुण गुरुमां तथा रत्न मञ्जरी गुरुमां डेढ वर्षसम्म त:खाछेँ दानलक्ष्मीको घरमा बसोबास गर्नुहुँदाको केही महत्वपूर्ण प्रसंग उनका परिवार सूत्रबाट थाहा भएको अनुसार यहाँ उल्लेख गरिएको छ–

धर्मकीर्ति विहार बनाउन काठचाहिँ दानलक्ष्मीले आफ्ना भाई पन्नारत्न तुलाधरको काठ गोदामबाट लग्नुभएको रहेछ । धम्मवती गुरुमांले पन्नारत्न तुलाधर (पन्नादाई) सँग निर्माण सम्बन्धि सल्लाह पनि लिनेरहेछ । विहार निर्माणको बेला भन्तेहरू तथा गुरूजुहरूबाट विरोध गरी अवरोध ल्याउन खोजिएको थियो । त्यतिबेला दानलक्ष्मी, लक्ष्मीप्रभा, हेराकाजी राजकर्णिकार हरूले यसमा डराउनु हुन्न, विहार बनाइ छोड्नुपर्छ भनी डटेका थिए । गुरुमांसँग यसबारे छलफल दानलक्ष्मीको घर त:खाछेँमै बसी गरिन्थ्यो ।

रत्नमञ्जरी गुरुमांले यस घर परिवारलाई धेरै दु:ख दिएर बस्न शंकोच लाग्न थालेको कुरा उठाउनु हुन्थ्यो । तर बर्मी गुरुमां मां गुण गुरुमांलाई मिल्दो खानपिनको व्यवस्था अन्यन्त्र नहुने भएकोले त्यहिं बस्नु पर्ने अवस्था थियो । बिहान दिनहुँ जलपानमा यागू र रोटी दुईवटा पकाइन्थ्यो । भोजन पनि राम्रै पकाइन्थ्यो । यागू मां गुण गुरुमांले नै पकाउनु हुन्थ्यो । मोति अजि र लक्ष्मी नानी त:मा भन्नेले भोजन पकाउन मद्दत गर्थ्यो । रत्न मञ्जरी गुरुमांलाई आलु असाध्य मन पर्थ्यो । गुरुमांहरू परिवार जस्तै बस्नु हुन्थ्यो ।

त:खाछेँमा दिनहुँ विहान बुद्धपूजा र धर्मदेशना भएपछि धम्मवती गुरुमांको प्रभावकारी धर्म देशनाले प्रभावित भएर एक महिना नबित्दै त:खाछेँको कोठाभरि मान्छेहरू जम्मा हुन थालेको थियो । एउटा मान्छे

धम्मवती गुरुमांको धर्मदेशनादेखि प्रसन्न भएर दिनहुँ थुप्रो रंगीचंगी फूल ल्याएर दिन्थ्यो। एउटी बूढी बज्यै जो अबौद्ध तथा गैरनेवार थिए, नेपालभाषामा कुरा केही नबुझे पनि धम्मवती गुरुमांको वाकसिद्धि युक्त वाणी मात्र सुनेर मात्र लट्ट हुने गर्थ्यो ।

मां गुण गुरुमांले पनि त्यस घरका केटाकेटीलाई **जयन्तो बोधिया मूले** गाथा सिकाउनु हुन्थ्यो । रत्न मञ्जरी गुरुमांले बिहान दानलक्ष्मीलाई ध्यान सिकाउनु हुन्थ्यो । गुरुमांहरुले पढाउनु भए अनुसार मेहनत गरी पढेर दानलक्ष्मीलाई अभिधर्म कण्ठस्थ पढ्न आयो । उनको विश्वास यस्तो थियो रे "मैले गुरुमांहरूलाई दान दिएको कारण म अर्को जन्ममा पनि बौद्ध परिवारमै जन्मनेछु भन्थ्यो रे" धम्मवती गुरुमांसँग धर्म सिक्दै दानलक्ष्मीले धेरै जानीसकेकी थिइन्। उनका एक आफन्त विजयरत्न तुलाधरसँग धर्मको बारे छलफल गरीरहन्थिन्। धर्मकीर्ति विहार बनाउँदा दिउँसोतिर बच्चाहरू स्कूल जाने समयमा दानलक्ष्मी दिनहुँ विहारमा जान्थिन् । अनि उहाँकी सासू रिसाउँथ्यो । विहार बनाउने ठाउँमा बालुवा चाल्ने, इँटा ओसार्ने काम गरिरहन्थिन्।

धम्मवती गुरुमां दिनभरि धर्मदेशना गरेर फर्केपछि थकित भएर सिरानी पनि नराखी भुइँमा त्यतिकै लेट्नु हुन्थ्यो। दान लक्ष्मीले सिरानी र ओढ्ने लगाइदिन्थ्यो। धम्मवती गुरुमां कम उमेरको भएको र विदेशमा धेरै बसेको कारणले हो कि कहिलेकाहिं भाषा नमिल्ने गरी बोल्नुहुन्थ्यो, अनि दानलक्ष्मीले सुधार्न सिकाउनु हुन्थ्यो। धम्मवती गुरुमांलाई छोरी जस्तै माया गर्थ्यो ।

दानलक्ष्मी उपासिकाले भिक्षुहरु महानाम, सुद्धर्शन, अमृतानन्द, अनिरूद्ध भन्तेहरुलाई पनि जलपान, भोजन दान दिन्थ्यो। श्रीघः विहारमा बस्नु भएका भन्तेहरूलाई भोजन लिन एउटा केटा हेरालाल (अहिलेको ज्ञानपूर्णिक भन्ते) आउनु हुन्थ्यो। हेरालाल चकचके गरी छिटो भोजन राख्नु भनेर कराउँथ्यो। दानलक्ष्मीले धेरै नकराउनु न फुच्चे, मेरो काम भ्याए छैन भन्थ्यो।" परिवार सूत्रले यसरी रमाइलो प्रसंग पनि बताउँछ ।

उहिलेको जमाना, समाजको प्रभावस्वरूप दानलक्ष्मी लोग्ने मानिस भन्दा स्वास्नी मानिस तल्लो स्तरमा हुन्छ भन्ने मान्यता स्वीकारेर बस्ने वर्गकै एक महिला थिइन्। धम्मवती गुरुमांको उपदेश र प्रेरणाले स्वास्नी मानिस पनि धेरै जान्ने बुझ्ने हुँदा रहेछन् भनी बुझ्न थालिन् दानलक्ष्मीले। दानलक्ष्मी बिरामी पर्दा मां गुण गुरुमांले बिरामी भनि माया गर्थ्यो भने धम्मवनी गुरुमांले

उत्साह दिई दिईकन बिरामीलाई उठाइ हाल्थ्यो । धम्मवती गुरुमांको धर्मदेशना र दानलक्ष्मीको दान चेतना खूब जोडी मिल्थ्यो ।

वर्तमानमा धर्मकीर्ति विहारको डायरा धेरै ठूलो भइसकेको छ । धम्मवती गुरुमां नेपालकै ऐतिहासिक बौद्ध महिला बन्नु भएको छ भने धम्मवती गुरुमांले स्थापना गर्नु भएको धर्मकीर्ति विहारमा आज उपासक उपासिकाको संख्या, दाताहरूको संख्यामा निकै वृद्धि भई यसका गतिविधि सबै ठूलो स्तरमा सफलपूर्वक स्थापित भइसकेको छ । धम्मवती गुरुमांको धार्मिक अभियानको शुरूवाटमा सहयोग गर्ने दानलक्ष्मी उपासिका पनि सँधै भरि यसकै हितकारी उपासिका बनी धर्मकीर्ति विहारसँग सम्बन्धित एउटा चिरस्मरणीय नाम बन्नु भएको छ ।

*(साभार: धर्मकीर्ति, वर्ष २७, अंक १२, बु.सं २५५३, ने.सं. ११३०, ल्हुतिपुन्ही, वि.सं.२०६६)*

Dhamma.Digital

# धम्मवती गुरुमांको
# ७६ औं वर्षिय जन्मोत्सवको शुभकामना

**■ भिक्षु गौतम**

नेपालमा थेरवाद बुद्धधर्मको शासनिक कार्यमा प्रव्रजित गुरुमांहरू सक्रिय रहँदै आउनु भएका छन् । यस क्षेत्रमा भिक्षुणी धम्मवती सबै प्रव्रजित गुरुमांहरूका गुरु आमा हुनुभई बुद्ध शासनिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिंदै आउनुभएको छ । जीवन एउटा यात्रा हो । यस यात्राका विभिन्न विसौनीहरू छन् । धम्मवती गुरुमांको धम्मयात्राको सेरोफेरो घुम्दै फिर्दै उकाली ओराली, दु:ख-सुखको अनुभव बटुल्दै ७६ औं वर्षिय जन्मोत्सवको शुभ-उपलक्ष्यमा भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ र धर्मदेशना गत श्रावण ५ देखि १२ सम्म सञ्चालन भइरहेको छ । यो कार्यक्रम धम्मवती गुरुमांको जन्मदिन मनाउन वर्षेनी सञ्चालन भइरहेको छ । थुप्रै प्रव्रजित गुरुमांहरूका संरक्षक हुनुभई उहाँहरूलाई राम्रो आश्रय दिन सफल हुनुभएकी गुरुमां धम्मवती नारी जातीका लागि आधार स्तम्भ हुन सफल हुनुभएको छ । नेपालमा बुद्धधर्म जनमानसमा फिजाउनका लागि धम्मवती गुरुमांले पुऱ्याउनु भएको योगदान र उहाँको दृढ मनोबल शक्ति विषयमा जान्नको लागि “स्नेही छोरी” उपन्यास अध्ययन गर्न सकिन्छ ।

धम्मवती गुरुमांको विवेकपूर्ण लगनशीलताले उहाँको मानविय गुण दर्शाइरहेको छ । जुनदिन मलाई धम्मवती गुरुमांले शान्तिको बाटोमा हिंड्न सिकाउनुभयो, त्यो दिन देखि उहाँले मलाई कर्म बनाइदिनु भयो । त्यसैले मैले उहाँलाई कर्म बनाइदिनुहुने गुरुमां भन्छु । गुरुमांको अपार मायालाई कदर गरेर नै म दिनहुँ धर्मकीर्ति विहारमा बिहान ५:३० बजे जलपान खान जाने गर्छु । मलाई श्रामणेर बन्नका लागि उर्जा प्रेरणा प्रदान गर्नुहुने उहाँ गुरुमांको योगदानले गर्दा आजको यस परिवेशमा मैले उभिने मौका पाएको

छु । गुरुमांको यस कदमलाई कृतज्ञतापूर्वक स्मरण गर्दछु । यही कदमको कारणले मैले उप संघनायक श्रद्धेय अश्वघोष महास्थविर गुरुवर भन्तेको छत्रछाँयामा रहने सौभाग्य पाएको छु। नेपाल आमाकी सुपुत्री धम्मवती गुरुमां धर्मप्रेमी नारी समाजको उत्कृष्ट सफल एवं सार्थक नारीको रूपमा उभिनु भएकी छिन् । अन्य प्रतिभाशाली ऐतिहासिक नारीहरू सीता, भृकुटी, पारीजात, पासाङ्गल्हामु आदि जस्तै उदाहरणीय नारीहरूको रूपमा उहाँ पनि अगाडि बढ्दै हुनुहुन्छ। नारी प्रतिभा, पुरुष प्रतिभा भन्दा कम छैनन् भनी उहाँ उदाहरणको रूपमा उभिनु भएकी छिन् ।

यसरी उहाँको अमूल्यगुण स्मरण गर्दै उहाँको ७६ औं जन्मदिनको उपलक्ष्यमा दीर्घायु र आयु आरोग्य एवं मङ्गलमय शुभकामना व्यक्त गर्दै हार्दिक आभार व्यक्त गर्दछु ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२८, अङ्क-३, बु.सं. २५५४, ने.सं. ११३०, गुरु पुन्हि, २०६७)*

# साहसकी प्रतिमूर्ति

■ कोण्डन्य

बुद्धजन्मभूमि नेपालको इतिहासमा थेरवाद बुद्धशासनको पुनर्जागरित इतिहास वि. सं. १९८५ मा प्रेमबहादुर (नानीकाजी) श्रेष्ठले कुशीनगरमा बर्मेली भिक्षु उ. चन्द्रमणि महास्थविरको उपाध्यायत्वमा प्रव्रज्यादीक्षा ग्रहण गर्नुभएपछि शुभारम्भ भएको इतिहास हामी सबैलाई थाहा भएकै विषय हो । यही नै आधुनिक नेपालको इतिहासमा थेरवाद बुद्धधर्मको बिऊ रोप्ने तथा जग-स्थापनाको ऐतिहासिक घटना हो । पुनर्जागरणकालको गोधुलीको इतिहासलाई फर्किहेर्दा भारतमा बुद्धधर्मका पुनरुद्धारक अनागारिक धर्मपालद्वारा प्रभावित धर्मादित्य धर्माचार्य, तिब्बतको खामबाट धर्मप्रचारार्थ आउनुभएका क्यान्छा लामा (कुनसाङ्ग लोसेल्), पं. निष्ठानन्द, महाप्रज्ञा, भिक्षु कर्मशील-प्रज्ञानन्द, भिक्षु अमृतानन्द, भिक्षु धर्मालोक, स्वयम्भू ज्ञानमाला भजन खलः आदिको योगदान अविस्मरणीय छ । राणा शासक श्री ३ चन्द्र शमशेरले वि.सं. १९८२ मा महाप्रज्ञा, महाचन्द्र, महाज्ञान, महावीर्य र महाक्षान्तिलाई धर्मप्रचार गरेकै निहुँमा स्वदेशबाट निष्काशन गरेको इतिहासपछि थेरवाद बुद्धशासनमा भिक्षु महाप्रज्ञाको प्रवेश भएको देखिन्छ । महाप्रज्ञा, कर्मशील, अमृतानन्दजस्ता कर्मठ थेरवादी दीक्षितहरू संलग्न भएपछि नेपाली नारीहरूलाई अनागारिका-दीक्षा दिलाई बुद्धधर्ममा नारीहरूलाई समेत प्रव्रजित जीवन प्राप्त गर्न अवसर मिल्यो । वि.सं. १९८८ मा पुण्यतारा, चँछिमि र संघतारा उपासिकाहरू क्रमशः अनागारिका रत्नपाली, धर्मपाली र संघपाली नेपालकै इतिहासमा प्रथम अनागारिका प्रव्रजित-दीक्षा प्राप्त गर्न सफल भए । धर्मप्रचारकै दौरानमा वि.सं. २००१ श्रावण १५ का दिन श्री ३ जुद्ध शमशेरले भिक्षुहरू प्रज्ञानन्द, धर्मालोक, सुबोधानन्द र प्रज्ञारश्मी, चारजना श्रामणेरहरू अग्गधम्म, रत्नज्योति, कुमार र प्रज्ञारसलाई देश निकाला गरियो ।

निष्काशितमध्ये आचार्य भिक्षु कुमार काश्यप महास्थविर जीवित इतिहास हुनुहुन्छ । त्यसैको आन्दोलनस्वरुप वि.सं. २००१ मंसिर १५ गते धर्मोदय सभाको गठन भएको हो । यसबीच वि.सं. २००३ बैशाख ५ गते श्रीलंकाली भिक्षु नारद महास्थविरको नेतृत्वमा आएको बौद्ध शिष्ट मण्डलको आगमनपछि श्री ३ पद्म शमशेरद्वारा निष्काशित भिक्षुहरू पुनः स्वदेश भित्रिन प्रवेशाज्ञा प्राप्तिपछि थेरवाद बुद्धशासनको उदय-उन्नतिको गतिशील इतिहास शुभारम्भ भएको देखिन्छ ।

थेरवाद इतिहासलाई निरन्तरता दिने क्रममा अनागारिका धर्मचारी (लक्ष्मीनानी उपासिका), अनागारिका धर्मशीलाको साहसिक यात्राले नेपाली बौद्ध नारीजगतमा नयाँ आयामिकता थपिएको इतिहासमा अनागारिका धम्मवतीको उदयपछि अझ बहुआयामिक सशक्तता थप्ने कार्य भएको जीवन्त इतिहास आज समग्र बुद्धशासनिक क्षेत्रमा उल्लेखनीय पाटो भएको छ । नेपालको वर्तमान अवस्थामा प्रव्रजित नारीमध्ये गुरुमां धम्मवती नै सबैभन्दा सशक्त एवं प्रभावशाली अनागारिका हुन् भने उहाँकै नेतृत्वमा नेपाली अनागारिकाहरू प्रवाहित छन्, उहाँ ७७ वर्ष ७ महिना ७ दिन ७ घडी ७ पलाको सांस्कृतिक अनुष्ठानको विकल्पमा धर्मकीर्ति विहार परिवार तथा अन्तर्राष्ट्रिय गौतमी विहार, लुम्बिनीको आयोजनामा विशेष धार्मिक शुभकार्य हुनु सम्बद्ध सबैका लागि सुखकर-शान्तिकर विषय भएको छ । उहाँको जीवनीपक्षका बहुआयामिकताका विषयमा यस सानो लेखविशेषमा बेलिविस्तार गर्नु सम्भव नभए पनि संक्षिप्तमा प्रस्तुत गर्नु प्रासङ्गिक हुनेछ ।

पाटनस्थित वकुबहालका पिता हर्षमान शाक्य तथा माता हेराथकु शाक्यको कोखबाट वि. सं. १९९१ (सन् १९३४) मा जन्मिएका गणेश कुमारी एकलौटी सुपुत्री हुन् । सुमङ्गल विहारमा भिक्षु प्रज्ञानन्दको आगमनपश्चात् उहाँबाट धर्मदेशना सुन्नेहरू मध्येमा प्रभावित उपासिका हेराथकुले सानी छोरीलाई विहारमा सँगै लिएर कुशल संस्कारमा संस्कारित गरिएअनुरुप गणेशकुमारीमा धर्मसम्बन्धी चासो बढ्नु स्वाभाविक हो । त्यतिबेला वर्तमान नेपालका संघनायक भिक्षु बुद्धघोष महास्थविर बर्माबाट फर्केर सुमङ्गल विहारमा बस्नुहुँदा विहारमा आउने ससाना नानीहरूलाई लोकनीति, त्रिरत्न वन्दना, परित्राण-पाठ, धम्मपद आदि सिकाउनुहुन्थ्यो । त्यतिबेला जम्मा हुने नानीहरूमध्ये रुद्रराज (दिवंगत भिक्षु सुदर्शन महास्थविर) र गणेशकुमारी निकै जेहेनदार-मिहेनती सावित भएकाले यी दुवैजनालाई बुद्धशासनमा प्रव्रज्यादीक्षा प्रदान गरी बर्मा देशमा उच्चशिक्षा अध्ययनार्थ पठाउन पाए हुन्थ्यो भन्ने गुरु

भिक्षु बुद्धघोषमा ठूलो आशा पलाएको थियो । त्यसैअनुरुप रुद्रराजले इच्छा गरे अनुसार उनलाई कुशीनगरमा सुदर्शन श्रामणेरको नाउँबाट प्रव्रज्या प्रदान गरियो । लक्ष्मीमाया उपासिका (वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविरका माता) की छोरीहरू मनोहरदेवी र शुभलक्ष्मी तथा हेराथकुंकी छोरी गणेश कुमारी बर्मा जाने उद्येश्य राखी भिक्षु बुद्धघोष कुशीनगरमै छँदा त्यहाँ पुगेलगत्तै वि.सं. २००६ (सन् १९४९) मा बर्माका भिक्षु धम्मावुधद्वारा मनोहरदेवीलाई अनागारिका मागधी, शुभलक्ष्मीलाई अनागारिका माधवी र गणेशकुमारीलाई अनागारिका धम्मवती भनी नयाँ प्रव्रजित नाम प्रदान गरियो । यसरी गणेशकुमारीले आमाको प्रेरणा पाएर विहारमा गई सिकेको धर्मानुसार जीवन जिउनुमा उत्कृष्ट प्रव्रजित जीवन धारण गर्न पाएर धर्म र समाजको सेवा गर्ने जुन लक्ष्य लिएकी थिइन्, त्यतातिर मोडिन सुलभ नयाँ जीवन पाएर उनी अत्यन्त हर्षले विभोर भइन् ।

यौवनमत्तापूर्ण त्यो जवानीको वैंश, भर्खर १४ वर्षकी कलिली उमेरकी धम्मवतीको जीवनले नयाँ गतिसँगै उतारचढावपूर्ण संघर्षलाई आत्मसात गर्नुपऱ्यो, वस्तुतः उनले भोग्नुपर्ने ती संघर्षमय जीवन-गाथाले उनको भविष्यत् जीवनलाई उत्कर्षमा पुऱ्याउन उर्जाको भूमिका निर्वाह गरेको सम्भवतः त्यसबेला उनी आफै अनभिज्ञ थिए होला । नारीहरूले अध्ययन गर्नै नहुने, लेखपढ गरेमा बिग्रिने सोच हावी भएको तात्कालीन सामाजिक परिवेशभित्र अझ परदेशमैं जानसक्नु कम साहस र आँटको कुरा होइन । दुईटी संगीनी नेपाल फर्कन बाध्य भए भने भिक्षु धम्मावुधसँगै जस्तोसुकै व्यवधान पार गर्न पनि तम्तयार, आफ्नो लक्ष्यप्राप्तिलाई बाजीका रुपमा मोडिएको नौलो जीवनमा भोग्नुपरेका धेरै कठिनाई पार गर्दै उनी कलकत्ता हुँदै आसाम पुगे । पैदल यात्राको दौरान नागालैण्ड हुँदै जङ्गलको कठीन यात्रा भयंकर खतरनाक थियो, यद्यपि आजको समयमा भए त्यस्तो यात्रा रोमाञ्चक हुने थियो होला । नागाजातिको खुलमखुल्ला भेषभूषा देखी धम्मवती गजब भए त धम्मवतीको खौरिएको तकलु कपाल देख्दा उनीहरूले केटा हो कि केटी हो भन्ने ठम्याउनै सकेनन् । हात्तीमाहुतेहरूसँगैको जङ्गलयात्रा अत्यन्त भयानक थियो, अजङ्गको अजिङ्गर, कालो सर्प, डरलाग्दो बाघजस्ता जनावरहरू प्रत्यक्ष रुपमा देख्दा उनको सातोपुत्लो गई एकचोटी बेहोश नै भइन् । धेरैदिनसम्म दुःखकष्ट झेलेर, खतरा मोलेर, अनेकौं जङ्गल पार गर्दै, कयौं पहाडका उकालीओराली चढ्दै, मानवशून्य उजाड ठाउँमा जङ्गलीसरह जीवनयात्राको थकान र प्यास त्यो पनि विशुद्ध धर्मप्राप्तिको लागि खतरा मोलेको त्यो

यात्राको गन्तव्य अति नै कष्टप्रद थियो । सम्भवतः त्यस्तो भएरै अगाडि बढेको जीवन भएर नै होला उनको जीवनमा संस्कारजन्य उर्जाशक्ति अझ सशक्त हुँदै अगाडि बढ्यो । छ दिन छ रात लगातार हिंडाइपछि मिचिना शहर पुग्छ, तर अर्को प्रशासनिक लफडामा फँस्छ । आखिर विना पासपोर्ट र विना भिसाको यात्रा र जमानीको अभावका कारण अन्ततोगत्वा धम्मवतीले कठ्याँग्रिएको कारागारमा समेत रात गुजारा गर्नुपर्‍यो । छ महिना रंगूनमा बसेरै लामो प्रशासनिक तथा कानूनी-अदालती कामकारवाहीपछि उनले भिसा पाए, र त्यसपछि वि. सं. २००९ आश्विन ८ गते भिक्षु धम्मावुधको अभिभावकीय शासनिक प्रयासमा गुरुमां दो. पञ्ञाचारीले धर्मगुरुत्व स्वीकारे पछि मोलमिनको सुप्रसिद्ध खेमाराममा प्रवेश गर्ने सुअवसर पाइन् ।

मेहनती धम्मवतीले त्यहाँ पुगेपछि आफ्नो लक्षसहित अध्ययनमा कम्मर कसेर नै पढे, परिणामतः वर्षदिनभित्रै सद्धम्मपालक परीक्षा प्रथम श्रेणीमा प्रथम भई आफ्नो सामर्थ्यता उजागर गर्न सफल भइन् । विभिन्न तह उत्तीर्ण गर्दै बर्मादेशको सर्वोच्च धार्मिक शिक्षा सासनधज धम्माचरिय (शासनध्वज धर्माचार्य) अर्थात् बुद्धशासनको ध्वजा फरफराउनमा सामर्थ्य कहलाइएको उपाधि प्राप्तिपछि वि.सं. २०१९ भाद्र २ का दिन उनलाई छैठौं धर्मसंगायनास्थल महापाषाण गुफामा सरकारीस्तरले भव्यताकासाथ ससम्मानपूर्वक उक्त उपाधि प्रदान गरिएको थियो । धम्मवतीले १४ वर्षसम्म बुद्धवचन - त्रिपिटकको अध्ययनपछि वि.सं. २०२० आश्विन ३ का दिन नेपालमा धर्मप्रचार-प्रसार गर्ने विशुद्ध अभिप्राय– उद्देश्यसहित दो. गुणवतीसँगै नेपाल आउनुभयो ।

नेपाल आगमनपछि थेरवाद बुद्ध-शासनलाई जनमानसमा फैलाउन विशेषतः प्रभावकारी प्रवचनशैलीका कारण अनागारिका धम्मवतीको प्रसिद्धि दिनानुदिन लोकप्रिय व्यक्तित्वका रुपमा स्थापित हुँदैगयो । परिणामस्वरुप उहाँकै अथक प्रयासस्वरुप श्रीघःविहार, नघलटोल परिसरमा वि. सं. २०२२ सालमा धर्मकीर्ति विहारको स्थापना भयो, यस विहार यौटा प्रभावशाली केन्द्रका रुपमा विकास हुँदै गयो, यहाँबाट सक्षम उपासक उपासिकाहरूको भूमिका देखिए भने त्यस विहारलाई वि. सं. २०५९ मा पूर्णरुपमा पुनः निर्माण गर्ने धार्मिक गौरवपूर्ण कार्य गर्न सफल भए, यसका लागि दाता उपासक द्रव्यमान सिं तुलाधर (भाइराजा साहु) तथा दाता उपासिका बसुन्धरा तुलाधर परिवारको स्मरणीय योगदान रहेको छ । यसपछि विविध आयामिक रुपले धार्मिक मर्मका माध्यमले सामाजिक परिवर्तन गर्दैजान जुन भूमिका निर्वाह

भयो, त्यसकै उपज हो वि.सं. २०२८ साल जेष्ठ ७ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको संस्थापना । यसबीच धर्मकीर्ति विहारबाट मिशनकै रुपमा बुद्धधर्मको प्रचारप्रसार गर्न युवावर्गलाई परिचालन गरी राष्ट्रियस्तरमा विविध धार्मिक एवं सामाजिक क्रियाकलापलाई बढावा दिंदै जेजस्ता कृयाकलाप एकपछि अर्को स्वरुपमा अगाडि बढाइएको थियो, त्यसमा वर्तमान नेपालका संघउपनायक भिक्षु अश्वघोष महास्थविर, दो. गुणवती तथा अनगारिका धम्मवतीको त्रिपक्षीय धर्मसम्मत सामूहिक प्रयासले सफलिभूत भूमिका निर्वाह गरेको देखिन्छ । आजको धर्मकीर्ति बौद्ध मासिकको निरन्तर प्रकाशन तथा बुद्धधर्म र पालिसाहित्यसम्बन्धी सयौं प्रकाशनमालाको निरन्तर प्रवाह उल्लेखनीय योगदानकै रुपमा लिन सकिन्छ । अनागारिका धम्मवतीको नेतृत्वमा धर्मकीर्ति विहारसम्बद्ध धार्मिक तथा सामाजिक यात्राले बहुआयामिक क्षेत्रमा प्रभाव जमाउन सफल भएअनुरुप राष्ट्रिय एवं अन्तर्राष्ट्रिय बौद्ध जगतमा गुरुमां धम्मवतीको बुद्धशासनिक छवि प्रस्फुरण हुन पायो ।

उहाँको अदम्य साहसिक धार्मिक कार्यले जो कोहीलाई चक्मा दिएझैं भए होलान्, त्यसैले धार्मिक यात्रामा अनेक उकालि ओरालीसँगै संघर्षमय परिस्थितिलाई सामना गर्नुपऱ्यो । उहाँले लुम्बिनीमा गौतमी विहारलगायत विभिन्न संघसंस्थाको स्थापना, विभिन्न विहारलाई धर्मकीर्तिको मातहतमा शाखा विहारको रुपमा संचालन, धर्मकीर्ति ज्ञानमाला भजन, स्वास्थ्य कृयाकलाप आदि विविध क्षेत्रमा उल्लेखनीय भूमिका निर्वाह गरेकै हुन् ।

वास्तवमा जसले केही गर्छ, जो डटेर केही गर्न लगावकासाथ अगाडि बढ्छ, उसले हण्डर ठक्कर खानु र धार्मिक भाषामा भन्नुपर्दा अनेकौं मारहरू तेर्सिने, बाधा अड्चनले घेरिनुपर्ने परिस्थिति सृजना हुनु अस्वाभाविक होइन भने जसले त्यसलाई आत्मसात गर्दै अझ निडरताका साथ अगाडि बढ्ने साहस गर्छ उसले सफलतालाई चुम्नसक्ने हुन्छ भनेझैं अनागारिका धम्मवतीको जीवन-वृत्तान्तले यही पुष्टी गरेको आंकलन गर्न सकिन्छ । अत्यन्त कुशल कथा-वाचक, अभिधर्म-व्याख्याता, व्यवहार-कुशल, आवश्यकता अनुकूल सम्बन्ध कायम गर्न कुशल, दातापक्षलाई समेट्न माहिर, धर्मको माध्यमले सामाजिक, बौद्धिक, राजनैतिक, प्रशासनिक एवं स्वास्थ्य क्षेत्रमा पहुँच कायम राख्न सफल व्यक्तित्व, निडर एवं साहसपूर्ण धर्मयात्रा-धर्मचर्यामा धाराप्रवाह अद्यावधि खटिरहन सफल साहसिक व्यक्तित्वका धनी धम्मवती ७७ औं बसन्त पार भइसकेको यस घडीमा समेत उनबाट बुद्धशासनिक आयामिक कृयाकलापको आशा गर्न सकिन्छ । उनको ओजिलो-तेजिलो धार्मिक

व्यक्तित्वलाई कसैले प्रगतिशील विचारधाराको नाउँमा वा अरु कुनै नयाँ आयामिक कार्यको रुपमा दुरुपयोग गर्ने वा हुने दुस्साहस गर्लान् भन्नेतर्फ सम्बद्ध सबै चनाखो हुनुपर्छ । धम्मवतीजस्तो गौरवमय इतिहास बोकेकी ऐतिहासिक पात्रलाई अगाडि सारी वा देखाउने दाँत बनाई आफ्नो दुनो सोभ्याउने कार्य अहिले मात्र होइन, भविष्यमा समेत गर्न दिनु हुँदैन ।

४६ सालको राजनीतिक परिवर्तनपछि नेपालमा नारी स्वतन्त्रता र समानताका सवालमा ठूलो परिवर्तनमुखी उठेका इश्युहरूले थेरवादी परम्परामा समेत प्रभाव पारेको कुरालाई नकार्न सकिँदैन । नामअनुसारको काम गर्न सफल धम्मवतीको नामसँगै भिक्षुणी धम्मवतीको स्वरुपमा परिवर्तन प्रवाहसँगै नेपालमा नितान्त धार्मिक मर्यादापक्षधरहरूका बीच असन्तुष्टभाव व्यक्त गर्नेहरू समेत नदेखिएका होइनन् । यसलाई जसरी स्वाभाविक मान्न सकिन्छ, त्यसरी नै यसको समाधानका उपायकौशललाई रचनात्मक तवरबाट निकास खोज्नु सम्बद्ध सबैका लागि सुखकर विषय हो । सम्भवतः यसैलाई ख्याल गरी उहाँ प्रव्रजित हुनुभएको ५० वर्ष भएको स्वर्णजयन्तीको अवसरमा प्रकाशित धर्मकीर्तिले (१७/७/२०५६) उहाँको नाम विषयमा तीन थरिका विश्लेषणलाई उल्लेख गरेका छन्–

१) थेरवादी भिक्षुहरूको तर्फबाट सम्बोधन गर्दा अनागारिका (घरत्यागी धार्मिक कार्यमा लाग्ने व्यक्ति),

२) विहारका साधारण उपासक उपासिकाहरूले धम्मवती गुरुमां,

३) अन्तर्राष्ट्रिय जगतका बौद्धहरू र साधारण जनताहरूले भिक्षुणी धम्मवती भनी सम्बोधन । यसमध्ये सबभन्दा उपयुक्त र प्रचलित सम्बोधन त धम्मवती गुरुमां नै हो ।

धम्मवती गुरुमांको साहसिक यात्राबारे बर्मेली भिक्षु उ. सूर्याभिवंशले निपो मे (नेपाली पुत्री) लेख्नुभएकै आधारमा बर्मेली सुप्रसिद्ध साहित्यकार भिक्षु तिलोकत्राण (र वे थ्वँ) ले तमीः छेत् शीर्षकीय जुन उपन्यास लेख्नुभयो, त्यसपछि उनी यःम्ह म्ह्याय्– स्नेही पुत्रीको नामले प्रसिद्ध भए । नेपालका दुतीय धम्माचरिय भिक्षु ज्ञानपूर्णिक महास्थविरले नेपालभाषामा अनुवाद गर्नुभएको यःम्ह म्ह्याय् पुस्तकलाई मोतिकाजी शाक्यले स्नेही छोरी भनी नेपालीमा अनुवाद गर्नुभएको छ । साथै वि.सं. २०४९ मा जीवनीकार रत्नसुन्दर शाक्यले अनागारिका धम्मावती शीर्षकीय जीवनी लेख्नुभयो, त्यसमा प्रकाशित दुई शब्दमा भिक्षु ज्ञानपूर्णिक महास्थविरले यसरी मन्तव्य व्यक्त गर्नुभएको छ–

❑ "... विश्वमा नारीस्वतन्त्रता, नारीउत्थान, नारीजागरण र नारीअधिकार प्राप्तिको लागि बुद्धधर्मअनुसार सर्वप्रथम इनकलावीको झण्डा उठाउने र त्यसलाई ठडयाउने महिला महाप्रजापति गौतमी, गृहस्थ महिलाको रुपमा महाउपासिका मृगारमाता विशाखालाई पनि एउटी अग्रणी संघर्षकर्तृको रुपमा लिएमा कुनै आपत्ति देखिन्न । ... ती विदुषी लगनशीला, पराक्रमी, भविष्यउत्थान कर्तृ महिला अग्रणीहरूको पदानुपद अनुकरण र अनुशीलन गर्दै आएका महिलाहरू कम थिएनन् तापनि सामाजिक विसंगति तथा विविध अवरोधकारक कारणहरूले गर्दा बुद्धशासनको क्षेत्रभित्रको थेरवाद पिटकअनुसार यद्यपि भिक्षुणीशासन चिरस्थायी रहन सकेको थिएन तर पनि चेतनशील सजग नारीहरू हातमा हात राखेर चूप लागेर बसेकी थिइनन् । ....

❑ .... साथै पण्डरङ्ग परिव्राजिका कहलाउन सकिने शीलवती गृहत्यागी महिलाहरू, आफ्नो नेपालको प्रचलित व्यावहारिक भाषामा "अनागारिका गुरुमां" (गुरुआमा) हरू पनि शनैः शनैः देखा पर्न आए । यस पुनरुत्थानकालका सर्वप्रथम अनागारिका हुनेहरूमा रत्नपाली, धर्मपाली र संघपालीहरूको नाउँ समुल्लिखित छ । त्यसपछि प्रभावशाली व्यक्तित्वको रुपमा अनागारिका गुरुमांको रुपमा अनागारिका धर्मचारी यस पुण्यभूमिमा देखापर्न आइन् । ... अहिले आएर त्यसबेलाभन्दा पनि महिलाजातिको बढी हित, सुख, कल्याण, अर्थ र उत्तरोत्तर अभिवृद्धिकामी अनागारिका धम्मवती पूण्यभूमि नेपालमा एउटी विदुषी, दक्षा, कार्यकुशला, व्यवहार कुशला, निर्भयी, स्पष्ट वक्त्री, उत्साही, धार्मिक क्षेत्रकी महिला पथप्रदर्शिकाको रुपमा देखा परिरहेकीछिन् । ... शिक्षा, धर्म, संस्कृतिको रक्षा, जनसेवा र समाज सेवा आदि क्षेत्रहरूमा सेवा पुऱ्याई लोकोपकारक कार्यहरूमा दत्तचित्त भई संलग्न भइराखेकाहरूको संख्या आज आएर दिन द्विगुना रात चौगुना भनेजस्तै वृद्धिहुँदै आइरहेको छ । यसैको ज्वलन्त उदाहरण अनागारिका धम्मवती रहेकी छिन्– हाम्रो नेपालमा । ..."

समग्रमा धम्मवतीको जीवनीलाई हेर्दा यस शताब्दीको उत्तरार्ध यता प्रारम्भ भएर सशक्त रुप धारण गरेको पाश्चात्य मुलुकका अनेकन् आन्दोलनहरूमध्ये स्त्री-स्वातन्त्र्यवादमा उनको प्रभावकारिता देखिएकै मान्न सकिन्छ । यस कुरालाई स्पष्ट पार्न उनको जीवन्त इतिहास आफै बोलिरहेको छ ।

धम्मवतीको जीवनी पक्षलाई नजिकबाट हेर्दा वर्तमान नेपालको बुद्धधर्म तथा नेपाली नारीजगतमै यौटा अध्ययन-व्यक्तित्वका रुपमा परिणत

भइसकेको कुरा जनस्तरमा उनको प्रभावशाली व्यक्तित्वबाट स्पष्ट हुन्छ । त्यसो त कुनैपनि व्यक्ति आफ्नो सामाजिक धरातल र त्यसको परिवेशबाट अलग रहन सक्दैन । त्यसैले मानसिक आधारमा नै व्यक्तिको सांस्कृतिक आधारभूमि सबल हुन्छ । यही सांस्कृतिक मूल्य र मान्यताको पृष्ठभूमिमा पात्रको चारित्रिक संरचना र त्यसको विकासका लागि उपयुक्त अवसर प्राप्त हुन्छ ।

धम्मवती-व्यक्तिविशेषको जीवनपद्धति वा शैली नै प्रेरक र उत्प्रेरक भएकाले उनका धार्मिक वा वैयक्तिक घटना, धार्मिक जीवन शैलीले जीवन्त जीवनीको रुप धारण गरिसकेको छ । उनको जीवनीमा विभिन्न घटना र परिवेशका आधारमा भावभूमि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकट भएको हुन्छ भन्दा अत्युक्ति नहोला । तर अप्रत्यक्ष प्रस्तुतिमा नै कसैको जीवनी कलापूर्ण र प्रभावपूर्ण हुन्छ भनेझैं अनागारिका धम्मवती, गुरुमां धम्मवती, बुद्धशासनकै यःम्ह म्ह्याय्-स्नेही छोरीको जीवन जीवन्त रुपमा अगाडि बढिरहनु सम्बद्ध सबैका लागि सुखकर-शान्तिकर विषय भएको छ ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-२९, अङ्ग-३, बु.सं २५५५, ने.सं. ११३१, गुरु पुन्हि, २०६८)*

# गुरुमांया भिंतुना ...

■ रोशनकाजी तुलाधर

मांगलिक व अतुल गुणया
महामानव थुगु विश्वया
न्यंके द:सा उपाय मुक्तिया
भिं तुना थुगु देसया

सुगतया सन्देस मुनेत
वात्सल्य त्व:तल थ:छैंया
ह्वयावल संस्कार गुण सो
य:म्ह म्ह्याय् जुल जननीया

नामं हिन्दूराष्ट्रय् बुद्धया ज:
बुद्धभूमि म्हसीकेत
ब्याक्क जीवन धर्म पुखुलिइ
ह्वयेकेल सद्धर्म छ्चा:ख्यरं

थौं थ्व देह क्षीण जूसां
सत्य अति निर्मम थजूसां
धर्मकीर्तिया क्यब लुमंके
नित्य मखुगु थ्व दु:ख थुइके

*(साभार- धर्मकीर्ति, वर्ष २९, अङ्क ७, बु.सं. २५५५, ने.सं. ११३२ सकिमना पुन्ही, वि.सं. २०६८)*

# धार्मिक तथा महिला नेतृ धम्मवती गुरुमां

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

आज विश्वमै लैंगिक समानताको आवाज उठीरहेको छ । लैंगिक विभेदीकरणको विरूद्धमा महिला जागरूक भएका छन् । महिला हक, हितको पक्षमा सक्षम महिलाहरू लागी परेका छन् । यस्तै सक्षम महिलाहरूमा हाम्रा परम पूज्यनीय धम्मवती गुरुमां पनि एक हुनुहुन्छ । मनमा लाग्न सक्छ । उहाँ त एक धार्मिक गुरू हुनुहुन्छ कहाँबाट महिला नेतृको कुरा उठ्यो ?

पक्कै पनि हो भिक्षुणी धम्मवती आजको युगको एक अगुवा धार्मिक नेतृ हुनुहुन्छ । विशेष गरी नेपालमा थेरवादी बुद्धधर्म प्रचारको क्षेत्रमा जीवन व्यतीत गर्नु भएकी उहाँ एक आदर्शवादी धर्म गुरू हुनुहुन्छ । यही बिच धम्मवती गुरुमांको धर्मदेशना सुन्ने अधिकांश श्रोता महिला रहेका तथा उहाँको धर्मदेशनाबाट लाभान्वित भएर महिलाको जीवन उकासिएको तथ्यतिर पनि विचार गर्न सकिन्छ । धर्मकीर्ति विहारमा आउने कैयौं अनपढ निरक्षर महिलाहरू विहारमै लेखपढ गर्न सिकीकन आज मोटो मोटो धार्मिक पुस्तक पढ्न सक्ने भएका छन् । आफ्नो घरबाट बाहिर निस्किनसम्म हिचकिचाउने महिलाहरूले आज धम्मवती गुरुमांको पछि लाग्दै स्वदेश भित्र तथा विदेशका अनेकौ ठाउँ भ्रमण गर्ने अवसर पाएका छन् । धार्मिक जुलसको नाउँमा आवाज उठाउँदै अगाडि बढ्न जानेका छन् । 'धर्म निरपेक्षता आउनै पर्छ' भन्ने नारा लगाउँदै आएको जुलुसमा धम्मवती गुरुमांका उपासिकाहरू पनि सहभागी छन् । बुद्धपूजा र प्रार्थना विधि जस्ता प्रारम्भिक बौद्ध शिक्षाको पुस्तिका देखि 'अभिधर्म' 'कर्म' सतिपट्ठान भावना' जस्ता गहन विषयको पुस्तकका उहाँ लेखिका हुनुहुन्छ । त्यस्तै कर्तव्य, भिंम्ह काय् व म्ह्याय्, मति भिंसा गति भिनी जस्ता नैतिक शिक्षा दिलाउने पुस्तक लेख्नु भएको छ भने

'लक्ष्मी द्यो' जस्तो नारी धर्म सिकाउने, नारीको महत्ता दर्शाउने पुस्तक पनि लेख्नु भएको छ ।

आज एकाइसौं शताब्दीमा तथागतको सद्धर्म प्रचार गर्नुको साथसाथै महिलाहरूलाई अगाडि डोऱ्याउने नेतृको रूपमा सफल भएकी धम्मवती गुरुमांले आफ्नै जीवनमा कति संघर्ष गर्नु भयो, समस्या भोग्नु भयो, मेहनत गर्नु भयो यतातिर एकपल्ट दृष्टि पुऱ्याऔं ।

उहाँको जन्म वि.सं. १९९१ सालमा पाटनमा भएको हो । त्यस बखत गणेश कुमारी नामले चिनिएकी उहाँ बालिका अवस्थादेखि नै बुद्ध शिक्षा अध्ययनको तिब्र बौद्धिक प्यास बोकी यताउटी भौंतारिन थाल्नु भयो । नेपालमै बसी आफूले चाहेजस्तो विद्या अध्ययन गर्न सक्ने परिस्थिति नदेखेपछि विदेशमा गएर पढ्ने कुरो उठाएर परिवारका सदस्यलाई पिरोल्न थाल्नु भयो । त्यसबेलाको राणाकालीन संकुचित समाजको एक परिवारले आफ्नी सानी एक्लि छोरीलाई विदेश पठाएर पढाउन चाहेनन् । गणेश कुमारीले अनेकौं प्रयास गरिन् । आखिरमा केहि भिक्षुहरूको मद्दत लिएर १४ वर्षको सानो उमेरमा घरबाट भागिन् अथवा भनुं विद्याको खोजीमा महाअभिनिष्क्रमण गर्नु भयो । अनेकौं कष्ट सही कतिपय ठाउँमा पैदल हिँडी भारत पुग्नु गयो । २००६ सालमा कुशिनगरमा प्रव्रजित हुनु भयो र अनागारिका धम्मवती भनी नामाकरण भयो । भारतमा उहाँका आचार्य भिक्षुहरूले उहाँलाई बर्मा लगेर अध्ययन गराउने प्रयत्न गर्दागर्दै पासपोर्ट र अन्य कारणले मिलेन । धम्मवती गुरुमांले हिम्मत हार्नु भएन । साथी पाएपछि आसाम र नागलैण्ड जंगली बाटो पैदल हिंडेर बर्मा पुग्नु भयो । बर्मामा चोरेर देश पसेको आरोपमा जेल सजायँ पनि भयो । पछि जाँच बुझ भएपछि भाग्यले साथ दिन थाल्यो र सन् १९५२ मा मोलमिन शहरको खेमाराम नन्स स्टडी सेन्तरमा अध्ययनको लागि भर्ना हुन पाउनु भयो ।

बुद्ध धर्म अध्ययन गर्ने तिव्र जिज्ञासा लिएर घरबार त्याग्नु भएको अदम्य साहस बोकेकी गणेश कुमारीको बर्मासम्मको जंगली यात्रा चिरस्मणीय छ । गणेश कुमारीको गृहत्याग, कठिन धार्मिक यात्रा तथा अध्ययनलाई लिएर बर्माका भिक्षु ऊ. तिलोकञ्याण महास्थविर (र वे ध्वं) ले तमी: छेत् नामको उपन्यास बर्मी भाषामा लेख्नु भएको छ । यो उपन्यास भिक्षु ज्ञानपूर्णिकले नेपाल भाषामा योम्ह म्ह्याय् को नाममा अनुवाद गर्नु भयो । यही उपन्यास धम्मवती गुरुमांकी भाई मोतीकाजी शाक्यले "स्नेही छोरीको नाममा पुन: नेपाली भाषामा अनुवाद गर्नु भएको छ । धम्मवती गुरुमांले धर्मको लागि

आत्मसमर्पण गरी दुष्कर, दुर्गम, कान्तार मार्ग पार गरी बर्मा पुग्नु भएको महत्तालाई 'कविकेशरी' चित्तधरले यसरी विचार पोख्नु भएको छ– "जुन अर्थ प्राप्तिको निंतिं सिंहसार्थवाहुले ल्हासाको बाटोमा भोगेको दुष्करता भन्दा कम छैन, 'यमि' ज्यूको 'भृकुटी' उपन्यासमा 'थोनमि' लामाले नालन्दाको बाटोमा कति दुःख भोगे भनेर लेखियो, त्यो भन्दा कतै कमी छैंन । अझ धम्मालोक भन्तेले जीवित मञ्जुश्री भेट्न भनी तिब्बती पोशाकमा तिब्बती भएर जलमार्गबाट पेकिङ र त्यहाँबाट महाचीनको पञ्चशीष पर्वतसम्म स्थल मार्गको यात्रा गर्नु भएको दुष्करता भन्दा कम छैन ।" राणा शासन कालमा दुई दुई पल्ट बौद्ध भिक्षुहरूलाई देश निकाला गरिएको थियो । त्यस्तो क्रूर शासनकालको बेला पनि धम्मवती गुरुमांले १४ वर्षको कलिलो उम्मेरमा संघर्ष गरी बर्मा देश पुगी बुद्धधर्म अध्ययन गर्नु भयो । यो उहाँको हिम्मत तथा उत्साहको ज्वलन्त उदाहरण हो ।

बर्मामा रहुञ्जेल सँधै एक जेहेन्दार यात्राको रूपमा परिचित हुनु भयो १२ वर्षको अध्ययन काल पुरा भएपछि 'सासनधज धम्माचारिय' अति उच्च स्तरको उपाधि हासिल गर्नुभयो । जसको अर्थ हो "बुद्ध शासनको ध्वजा फर फराउन सक्षम" । अध्ययन पुरा भएपछि बर्मामै २ वर्ष स्वअध्ययन तथा अध्यापनको कार्य गर्नुभयो । चौध वर्ष बर्मामा बिताई नेपाल फर्कनु भएपछि लगत्तै बुद्धधर्म प्रचारको कार्य थालनी गर्नु भयो । शुरूमा बुद्धपूजा र धर्मदेशना दिने कार्य गर्नुभयो । त्यतिबेला शुरू शुरूमा धर्म प्रचारको थालनी गर्दा एउटी महिला भएको कारण उहाँले लैंगिक संघर्ष गर्नु परेको कुरा धम्मवती गुरुमां आफै सुनाउनु हुन्छ । ठाउँ ठाउँमा गुरुमांको धर्म देशना हताइएको, रोक लगाइएको त्यस्तै धर्मकीर्ति विहार स्थापनाको सिलसिलामा पनि निकै संघर्ष गर्नु परेको घटनाहरू उहाँ सम्झनु हुन्छ । तर नेपालमा शुद्ध बुद्धधर्म प्रचार गर्ने अठोट लिनु भएकी धम्मवती गुरुमां यस्ता साना ठूला कुनै बाधा अड्चनबाट कति पनि डगमगाउनु भएन । आफ्नो लक्ष्यमा अघि बढ्नु भयो र आज सफलताको चुचुरोमा पुग्नु भएको छ ।

वि.सं २०२२ सालमा काठमाडौंको श्रीघः टोलमा धर्मकीर्ति विहारको स्थापना भएपछि धम्मवती गुरुमांको नेतृत्वमा बुद्ध धर्म प्रचारले तिव्र गति लियो । ६ वर्षपछि २०२८ सालमा "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी" नाउँमा धम्मवती गुरुमांले युवाहरूको एक समूह बनाई संस्था खोल्न गएर धर्म प्रचार को कार्यलाई संस्थात रूप दिनु भयो । सद्धर्म प्रचारको यस पुण्य कार्यमा निरन्तर, अटुट रूपमा जुत्नुभयो ।

धम्मवती गुरुमां शुद्ध रूपले धर्म प्रचार चाहनु हुन्छ । नाम र दामको लागि होइन । २०५६ साल आम निर्वाचन पछि २०५७ सालमा राष्ट्रिय सभाका सदस्य बन्नको लागि राजनीतिक नेताहरुले पटक पटक अनुरोध गर्न आउनु भएको थियो । उहाँहरू एक दिन राती ११:०० बजे सम्म बसी राष्ट्रिय सभा सदस्य हुनको लागि प्रस्ताव राखी विशेष अनुरोध गरीराख्नु भएको थियो । त्यतिबेला धम्मवती गुरुमांले-"प्रस्ताव राख्नु भएकोमा हार्दिक धन्यवाद छ । मलाई भन्दा पार्टी भित्र दुःख गरी काम गरेका सदस्य मध्येबाट छानी सदस्यता दिएमा वेश हुन्छ "भनीकन सुझाउ दिएर उहाँलाई फर्काउनु भएको थियो ।

धम्मवती गुरुमांलाई एक निस्वार्थ समाज सेविका तथा समाज सुधारकको नाउँमा चिन्दा अती नहोला । सामाजिक कुप्रथा, कुरिटी तथा अन्धविश्वास हटाउने उद्देश्य लिएर पनि उहाँ धर्मदेशना दिनुहुन्छ । तल्लो जात भन्ने हाम्रो संस्कारलाई लिएर धर्मदेशनामा उहाँ भन्ने गर्नुहुन्छ– जसले बिहान सबैरै देश शहर सफा गर्न बढार्न आउँछन् उनीहरू त उच्च जातीका हुन् । जुन उच्च जातीका भनिनेले रतिभर विचार नगरी जथाभावी फोहर फाल्छन् ती पो हुन् शुद्र (च्यामखल:) । सफा गर्नु उच्च कार्य हो भनी उदाहरणको रूपमा गुरुमांले उपासिकाहरूलाई पालो पालो गरी पूर्णिमाको दिन श्रीघः क्षेत्र सफाइको कार्यक्रम शुरू गर्नु भएको वर्षौं भइसक्यो । बनेपास्थित बौद्ध वृद्धाश्रम धम्मवती गुरुमांको सक्रिय नेतृत्वमा संचालित छ । यो उहाँमा भएको समाज सेवाको भावनाको नमूना हो ।

गुरुमांको धर्मदेशना शैलीको बेग्लै विशेषता छ। उहाँले सँधै बुद्धकै धर्म उपदेश सिकाई राख्नु भएको छ, अरू केही होइन । तर उहाँ कहिल्यै आफ्नो विद्वता दर्शाउन फलानो फलानो ग्रन्थमा उल्लेखिन फलानो फलानो सूत्र, गाथा भनीकन ग्रन्थ प्रमाण लिनु हुन्न । गहन से गहन धर्म दर्शन बुझाउन उहाँ ग्रन्थ, पुस्तकमा भर नपरेर आफ्नै पाराले कथा सरह गरी आकर्षक उपमाहरू दिँदै श्रोताको भित्री मन सम्म छुने गरी उपदेश दिनुहुन्छ । एउटा पाठकले कैयौं चोटि पढेर पनि बुझ्न गाह्रो हुने खालको पाठ धम्मवती गुरुमांको एउटा मौखिक देशना सुनेपछि नबिर्सने गरीकन सम्झीन सजिलो हुने अनुभव उहाँका शिष्य शिष्याहरू गर्छन् । केही विद्वानहरूको धारणा यस्तो पनि रहेको सुन्नमा आउँछ । धम्मवती गुरुमांले खालि बुढाबुढीलाई सुहाउने कथा मात्र भन्नुहुन्छ। बौद्धिक जगतका बुद्धिजिवीलाई सुहाउँदैन । यो वास्तवमा गलत धारणा हो । धम्मवती गुरुमांले बुद्धिजिवीले पढ्ने ठुल्ठुला ग्रन्थहरूकै

आधारमा उपदेश दिनुहुन्छ । तर बौद्धिक स्तरमा केही विद्वान वर्गलाई मात्र उपयोगी हुने किसिमले होइन । बरू अधिकांश सर्वसाधारणले बुझ्ने पारामा उपमा टुक्का, कथाहरू जोड्दै धर्मदेशना गर्नु हुन्छ । जुन एकपल्ट सुनेपछि बिर्सिंदैन । भित्री मनसम्म पुग्छ, स्पष्टसँग बुझ्ने गरी । 'अभिधर्म' जस्तो गहन दर्शनको उपदेश पनि धम्मवती गुरुमांले सकेसम्म व्यावहारिक उपमाहरू दिएर कथाहरू जोडेर श्रोतालाई बुझाउने प्रयास गर्नुहुन्छ । उहाँले नाना थरिका ग्रन्थहरूको नाम लिएर श्रोतालाई उल्झाउने गर्नुहुन्न । धम्मवती गुरुमांको धर्मदेशनाको यो विशेषता हो, उहाँको वाक सिद्धि हो ।

धम्मवती गुरुमांका केही उपासिकाहरूबाट यस्तो खालको अभिव्यक्ति सुन्नमा मिल्छ– "जीवनमा अनेकौं दुःख भोग्नु पर्‍यो । कैयौं संघर्ष समस्या आयो । खपी नसक्नु दुःख आई पर्‍यो । यदि धम्मवती गुरुमांको धर्मदेशना सुनेर मन दरिलो नबनाएको भए आज म बौलाही भइसक्थें होला । मैले आत्महत्या गरीसक्थें होला ।" उपासिकाहरूको यस्तो अभिव्यक्तिमाथि गौर विचार गर्न योग्य छ । धम्मवती गुरुमांको धर्मदेशनाबाट लाभान्वित भई हजारौं महिलाको जीवन व्यवस्थित भएको छ, दुःख सुख झेल्न सक्ने दरो मन भएको छ, जीवनमा संघर्षसंग जुध्ने आँत आएको छ तिनमा, नैतिकता अपनाएको छ, धर्मको सही अर्थ बुझी धार्मिक पथमा लागेको छ । शब्दको कुनै सुन्दर बुनाई होइन, सत्य तथ्य हो यो । चाहनेले अध्ययन अनुसन्धान गर्न सक्छ धम्मवती गुरुमांका उपसिका बिच कतिले आफ्नो जीवन धन्य बनाइसके कतिको जीवन सुध्रियो, कतिले धर्मको सही अर्थ बुझे, कति आफैमा स्वाबलम्बन बने, कतिले आत्मविश्वास जगाए । यो एउटा सामाजिक अनुसन्धानको विषय बन्न सक्छ ।

धम्मवती गुरुमांले आफैलाई समर्पित गरी बुद्धधर्मको उत्थान कार्यमा जुत्नु भयो समाज सेवा गर्नु भयो, मातृ भाषामा उपदेश दिई, मातृ भाषामा पुस्तकहरु लेखी मातृ भाषाको सेवा गर्नु भयो, एउटी नारी भएर उपमा बन्नु भयो र हजारौं नारीको प्रेरणाको श्रोत बन्नु भयो । एवं प्रकार उल्लेख गर्दै नसिद्धिने जति देन दिनु भयो । चिन्नमा उहाँ एक धर्म गुरू हुनुहुन्छ । तर साथैमा उहाँ भाषा सेवी, समाज सेवी, समाज सुधारक तथा महिला नेतृ समेत हुनुहुन्छ । अतः उहाँ आज हाम्रो लागि एउटी आदर्श नारी हुनुहुन्छ ।

# शुभकामना गुरुमांलाई

■ शुमेधावती

नयाँ वर्षसंगसंगै शुभकामना छ
धम्मवती गुरुमांको सुस्वास्थ्य लाभको
नयाँ ऋतु संधै दीर्घायु होउन्
शुभ कामना मङ्गल कामना गर्दछु

हामी माभ्र सदा-सर्वदा अगाडि होउन्
भगवान बुद्धको मैत्रीले युक्त भएको
महापरित्राण पाठको आनिशंसले
रोग निर्मूल भई सुख लाभ होउन्

हामीलाई आमाले जन्म दिएर
संसार देख्नु र हेर्न पाए जस्तै
ज्ञानको मार्ग देखाई दिने गुरु तपाईं नै
शुभकामना मैत्री कामना गर्दछु

आमामा मैत्री, करुणा, उपेक्षा, मुदिता भए जस्तै
तपाईंमा पनि बुद्ध शिक्षा र ज्ञानको भण्डार छन्
हामी चेलीहरू तपाईंकै छत्रछायाँमा बस्न पाऊँ
दिनहुँ यही आशिका गर्दछु

विहारमा भगवानको प्रतिमाले शोभा दिए जस्तै
मन्दिरमा देवताको मूर्तिले शोभा दिएजस्तै
नदीमा पानीले शोभा दिए जस्तै

धम्मवती गुरुमां पनि हामी माभ्र
बिराजमान भइराख्नु शोभनिय छ
हामीमा होश र जाँगरको पनि विकास हुनेछ
धम्मवती गुरुमांलाई कोटी कोटी शुभकामना छ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-३०, अङ्क-७, बु.सं. २५५६, ने.सं. ११३२, कतिं पुन्हि, २०६९)*

# गुरुमांया उसाँय् भिनेमा

■ हेरारत्न शाक्य

धम्मवतीया जलं खः नेपाःया कुं कुलामय्
धम्म रसं जाः श्रीघःया धर्मकीर्ति विहारय्
वहे मतय् मतं थिइकाः ख्यूंतकं जुइपिं
गुरुमां दु जःपिं ग्वाः ग्वाः दु उपासिकापिं

थौं घ्यः, इताः, दनिसां फसं मत फाराफारा सं
पनाः पनाः च्याकेमाः मत भ्यालय् पर्दा दःसां नं
ग्याः सकलें मत सी धकाः ख्यूंक च्वने माली धकाः
उकिं सकस्यां च्यूता तः मत स्वःस्वं मफ्वीमा धकाः

उलि हे सलं बी ज्ञान थुइकाः गुलि सफुतिं बी
जिं धैगु थू मथू थम्हं चायेकि धकाः ध्यान स्यना बी
थःगु ज्ञान बलं यक्वसित भिंथाय्यंकेगु स्वःम्ह
अखण्ड ब्रह्मचारीनिं **"अग्गमहागन्थवाचक पण्डित"** उपाधि दुम्ह

वसपोल भिक्षुणी धम्मवती गुरुमांया उसाँय्
याकनं भिनाः धम्म मत ह्वले फयेमा
शिष्या गुरुमांपिन्त छ्पिनिं ज्ञान अंश ब्यु क्यँ उपाय
धम्म मत गुबलें मसीक दन्न न्ह्याबलें थिना च्वनेमा

*(साभार- 'धर्मकीर्ति' वर्ष-३०, अङ्क-७, बु.सं.२५५६, ने.सं. ११३२, कतिं पुन्हि, २०६९)*

# धम्मवती गुरुमां संक्षिप्त चिनारी

■ **शुभवती**

"मैले यसरी धर्मको अध्ययन गरें कि शौचालय जाने समयमा पनि पढ्थें । एक पटक पढ्दैं शौचालय जाँदा धारामा टाउको अचानक ठोकिन पुग्दा भएको घाउकोखत अझसम्म छ ।" यसरी दिन रात अध्ययन गरी थेरवाद बुद्ध शासनको पुःन जागरणमा तथा नेपालमा गुरुमाँहरूको उत्थानमा आफ्नो जीवन सर्मपण गरि बुद्धशासनको ध्वजा फरफराउन सफल, अग्गमहागन्थकवाचक पण्डित, धम्माचरिय, रत्नवत सिरपाः भाषा, युवाः सिरपाः, ज्ञानमाला सिरपाः तथा विभिन्न मानसम्मान प्राप्त व्यक्तित्त्वको आज म चर्चा गर्न गइरहेकी छु ।

**गृहस्थ जीवन** :

पाटनको रुद्रवर्ण महाविहार ओकुबहालमा वि.सं १९९१ आषाढ पूर्णिमाको दिन माता हेराथकुं र पिता हर्षमानको पुत्रीरत्नको रुपमा जन्म भई आफ्नो बाल्यकाल मातापिताको अथाह माया र स्नेहबाट पुल्पुल्ई बिताएकी गणेशकुमारी संयोगले आफ्नी माता हेराथकुंको सुसंस्कारले पूज्य बुद्धघोष महास्थविर र म्यान्मारका भिक्षु श्रद्धेय धम्मावुधको तर्फबाट भगवान बुद्धको शिक्षा दिक्षा लिनुभयो । केहि दिनको धार्मिक क्रियाकलाप, छलफल र प्रवचनपछि रुद्रवर्ण महाविहारमा श्रद्धेय धम्मावुध भन्तेले स्रोताहरूलाई सोध्नु भएको थियो "यो देशमा सबैभन्दा दुःखको कुरा के छ र सबैभन्दा सुःखको कुरा के छ ?" कसैले पनि भिक्षु समक्ष उत्तर दिने हिम्मत गरेन तर त्यहि स्रोतहरूको बीचबाट फूल जस्ती सुन्दरीले मधुरो स्वरमा "भन्ते, देशको सन्दर्भमा भन्ने हो भने अत्त्याधिक दुःखको कुरा केहि छैन, मेरो आफ्नो व्यक्तिगत सन्दर्भमा भन्ने हो भने, मैले आफूले चाहे जति बुद्धशिक्षा र बौद्ध ग्रन्थहरू अध्ययन गर्ने अवसर हाम्रो देशमा छैन, त्यहि नै ठूलो दुःख हो ।" त्यहि

हिम्मतिली गणेशकुमारी आफ्नो बुबालाई नै जानकारी नदिई बुद्ध शिक्षा सिक्ने महान उद्देश्य लिई आफ्नो दौंतरी द्वय मनोहरादेवी शुभलक्ष्मी उपासिका लक्ष्मी माया र आफ्नो माइलो दाजु मानकाजीको साथ २००७ जेठ ३ गते बिहान हुन नपाउँदै बुद्धिमानी तवरबाट घर छाडिन् । नेपाल देखि कुशीनगर पुग्न एक महिना लाग्यो । कुशीनगरमा धम्मानुवुध भन्ते सामु २००७ कार्त्तिक १० गते केश मुण्डन गरी गृहस्थी जीवन त्यागी गणेशकुमारी धम्मवती नामले प्रव्रजित भइन् ।

**१४ वर्ष संघर्ष** :

शुद्ध बुद्ध धर्म अध्ययन गर्ने मनसायले राहादानी नै नभएपनि आसामको घनघोर जंगलबाट जीवजन्तुहरूको भेटघाटलाई नै प्रवाह नगरी अत्यन्तै कठिन रुपमा पैदल यात्रा गरि म्यान्मार पुगिन् । विना राहादानी आएकी भन्ने थाहा पाएर धम्मवतीले अपराधीले जस्तै जेल सजाएँ भोग्नुपर्‍यो । अन्तमा धर्मको अध्ययन गर्न आएकी धम्मवती २००९ साल भाद्र २९ मा आफ्नो लक्ष्यलाई पूर्णरुप दिन खेमाराम नन्स स्टडी सेन्टरमा दो पञ्ञाचारी गुरुमाँको शीतल छत्रछायाँमा बसी धर्मको गहन अध्ययन थालिन् । दिन रात नभनी अतिदुःख कष्टगरी अध्ययनमा यसरी लागिन कि शौचालय जानेसमयमा पनि पढाईमा नै ध्यान केन्द्रित हुन्थ्यो। एक पटक निन्द्राले चुर भर्य शौचालयमा लडी धारामा टाउको ठोकेर खत नै बसेको कुरा बेला बखतमा उहाँ स्मरण गर्नुहुन्छ । गहन अध्ययन गरी २०१९ भाद्र १७ गते सम्पूर्ण बुद्ध वचन (त्रिपिटक) मा धम्माचरिया पास गर्नुभयो । जसलाई बुद्ध शिक्षाको उच्चतम तह मानिन्छ । संसारमा यस्ता नारीहरू पनि छन् जो आफ्नो जीवन देश र समाजको लागि उदाहरणीय बनी सुखद मृत्यु र आफ्नो नाम इतिहासमा लेखेर जान्छन् । उदाहरणको रुपमा लिने हो भने महाप्रजापति गौतमी, मदर टेरेसा, चन्द्रीका कुमारातुंगा, मंगलादेवी सिहं, मोतिलक्ष्मी उपासिका, आदि । थेरवाद बुद्धशासनको इतिहासलाई हेर्दा म्यानमारको बुद्धशासनको इतिहासमा पहिलो विदेशी महिला धम्माचरियको रुपमा आफ्नो नाम लेखाउन सफल भईन् । उपन्यास तमी छेत की नायिका धम्मवती ।

**नेपालको बुद्ध शासनमा योगदान** :

१४ वर्षसम्म बुद्धधर्मको गहन अध्ययन गरि वि.सं २०२० साल आश्विन ७ गते आफ्नी दौतरी दो.गुणवती गुरुमाँको साथ अनेकौं इच्छा आकांक्षा सहित आफ्नो मातृभूमि नेपाल फर्कनुभयो । नेपाल आगमन संगै अनेक दुख कष्ट सही आःफ्नो घर र उपासक उपासिकाहरूको घरमा आश्रय

लिई धर्मदेशना र धार्मिक कक्षाहरू संञ्चालन गर्नुभयो। वाकसिद्धि (धर्मकथिक) धम्मवती गुरुमाँको उपदेश सुन्नेहरूको संख्या बढ्दै गयो। यसै कारण आफ्नो जन्म ठाउँ पाटन छाडी काठमाडौंको न:घ टोलमा सबैको सुविधालाई ध्यानमा राखी वि.सं २०२२ बैशाख२६ गते धर्मकीति विहारको स्थापना गर्नुभयो। धर्मको रसपान गराउन बेजोड रुपमा लाग्नुभयो। प्रत्येक संक्रान्ति, पूर्णिमा, औंसि र अष्टमीका दिन बुद्धपूजा तथा धर्मदेशना कार्यक्रम संञ्चालन गर्नुभयो। वि.सं २०२३ सालदेखि कुलपुत्रीहरूलाई ऋषिनी प्रव्रज्या कार्यक्रम थालनी गरियो, जुन अत्यन्त प्रशंसनीय मान्न सकिन्छ। यसैगरी बालकक्षा, परियत्ति शिक्षा, कोचिङ्ग कक्षा, गृहिणीहरूलाई सीपमूलक तालिम जस्ता कार्यक्रम सञ्चालन गर्नुभयो। युवा वर्गलाई धर्मको अध्ययन अध्यापन गराउने उद्देश्यले वि.सं २०२८ साल जेठ ७ गते ४ उद्देश्यका साथ "धर्मकीति बौद्ध अध्ययन गोष्ठि" को स्थापना भयो। बहुजन हिताय बहुजन सुखाय बुद्ध वचनलाई मनन गरी वि.सं २०२८ सालमा त्रिशुलीमा एक हप्ते धर्मप्रचार कार्यक्रम शुरु गरियो। गाउँ गाउँ, जिल्ला जिल्ला, नगर नगर गई प्रचार प्रसारमा लागियो। स्वदेशमा मात्र नभई वि.सं २०३० सालमा "चारधाम" लगि तीर्थयात्रा कार्यक्रमको आयोजना गरि विभिन्न मूलुकमा लगियो जुन अत्यन्त फलदायी मान्न सकिन्छ।

धर्मकीति विहार, संघनायक अश्वघोष महास्थविर, मागुणवती गुरुमाँ, स्व. विपस्सना आचार्य रत्न मन्जरी गुरुमा र धम्मवती गुरुमां एक आपसमा परिपूरक भई बेजोड धार्मिक उद्देश्यको कारण नेपालमा बुद्ध धर्म प्रचार प्रसारमा बढी व्यापकता हुँदै गयो। धम्मवती गुरुमां र धर्मकीर्ति विहारको नेतृत्व बाट वि.सं २०३३ सालमा अनगारिकाराम बनेपा निर्माण, वि.सं ३०३९ मा धर्मकीर्ति विश्वशान्ति बसुन्धरा विहार निर्माण, वि.सं. २०४७ सालमा भारतमा नेपाली धर्मशाला निमार्ण, वि.सं २०५१ सालमा अन्तराष्ट्रिय भिक्षुणी गौतमी विहार, लुम्बिनीमा निर्माण, अन्तराष्ट्रिय बौद्ध भावना केन्द्र मा एक भवन निर्माण, बौद्ध बृद्धाश्रम, निर्माणको लागि जग्गा दान, ध्यानकुटी विहार, र सुलक्षणकीर्ति विहार निर्माणमा विशेष योगदान, निर्माणाधिन शाक्यमुनि कीर्ति विहारमा एक कोठा निर्माण, यसरी विभिन्न संघ संस्थामा योगदान दिई कुशल नेतृत्व भएको धर्मकीर्ति विहारका प्रमुख धम्मवती गुरुमाँले वि.सं २०४५ सालमा धर्मकीर्ति विहार संरक्षण समिति स्थापना गर्नुभयो। राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ सस्थामा आबद्ध धम्मवती गुरुमाँ दर्जनौं विदेशी राष्ट्र भ्रमण गरी अनुभव बटुल्नु भएको छ। बुद्ध शासनमा आफ्नो ६४ औं वर्ष योगदान दिनुभएको छ।

**समाजसेवी :**

सात अक्षर जानियो कि महिलालाई नराम्रो दृष्टिले हर्ने समयमा जन्मनु भएकी धम्मवती गुरुमाँले अक्षर नजानेको महिलाहरूलाई प्रौढ शिक्षा सञ्चालन गरी लेख पढ गर्ने र धार्मिक पुस्तक पढ्न सिकाउनु भई समाजमा भइरहेको अन्धविश्वाशलाई हटाउनुमा योगदान दिनुभएको छ। महिलाहरूको लागि व्यवहारिक र व्यावसायिक तालिम आयोजना गर्दै आउनुभएको छ। वि.सं. २०३० साल देखि निरन्तर रुपमा स्वास्थ्य सेवासंग सम्बन्धी रक्तदान (२९) पटक, क्यानसर रोग, स्त्री रोग आदि कार्यक्रम आदि कार्यकम संचालन गर्दै आउनु भएको छ। यसैगरी सरसफाई, दैविक प्रकोप पिडितलाई सहयोग, स्वदेशी तथा विदेशी श्रद्धालुहरूको स्वागत, तीर्थयात्रा कार्यक्रम आदि गरी प्रत्यक्ष अप्रत्यक्ष रुपमा समाजसंग सम्बन्धित विभिन्न कार्यक्रमको नेतृत्व प्रदान गर्दै आउनु भएको छ।

**साहित्य सेवा :**

सबल धर्म उपदेशको कारण सबैलाई प्रभावित मात्र होइन सुनेको कुरा बिर्सन सक्छ, पुस्तक, लेख लेख्नुपर्छ भनि कवि चित्तधर हृदयको आग्रहलाई स्वीकार गरी भगवान बुद्धको शिक्षालाई सबैले बुझ्ने गरी पुस्तक प्रकाशनमा निरन्तरता दिनुभयो। वि.स २०२९ सालमा धर्मर्कीति पत्रिकाको प्रकाशन आरम्भ गर्नुभयो। 'बुद्धया झिंनिगू विपाक' अर्थात बुद्धको १२ बटा विपाक पुस्तकबाट शुरु गर्नु भएको बौद्ध साहित्यको यात्रा अटुट रुपमा चल्दै रह्यो। धर्मकीर्ति प्रकाशन स्थापना गरी हालसम्म नेपालीमा १०३ वटा मातृभाषा (नेपाल भाषा) मा १५६ वटा र अग्रेंजीमा छ वटा पुस्तकहरू प्रकाशन गर्नुभयो। विभिन्न बौद्ध विद्वानहरूको लेखन, सम्पादन, स्वयं आफूले लेखेको लेख आदिलाई समेटी पुस्तक प्रकाशन गरी बुद्धधर्मको साहित्यलाई फराकिलो बनाउनु भएको छ।

**मान पदवी :**

सम्पूर्ण जीवन बुद्ध शासनमा बिताउनु भएकी धम्मवती गुरुमां बुद्ध धर्मको उच्चतम तह अध्ययन पूरा गर्नु भएकोले वि.सं २०१९ मा सासनधज धम्माचरिय पदवी म्यान्मार सरकारबाट प्रदान गर्नु भएको थियो। स्वदेश नेपालमा फर्की धर्मप्रचार प्रसार गर्नु भए वापत वि.सं २०४९ मा 'अग्गमहागन्थवाचक पण्डित' म्यान्मार सरकारबाट प्रदान गरियो। नेपाल भाषाको सेवा गरेबापत विंसं २०५६ मा 'भाषा युवा:' सिरपा नेपालभाषा

परिषदवाट प्रदान गरियो । यसै गरि उहाँ 'रत्नवत सिरपा', 'ज्ञानमाला सिरपा' आदि विभिन्न मान पद्वीबाट सम्मानित हुनुहुन्छ ।

**पुनः निर्मित धर्मकीर्ति विहार :**

शुद्ध बुद्धधर्म अध्ययन गरी नेपाल फर्कनु भएपछि धर्मकीर्ति विहारको स्थापना गर्नुभई धर्म प्रचार प्रसारमा लाग्नु भयो । फलस्वरुप धर्मकीर्ति विहारमा कार्यक्रम हुदाँ श्रद्धालु उपासक उपासिकाहरूको संख्या बढ्दै गयो । कार्यक्रममा हल भित्र नअटी उपासक उपासिकाहरू उपदेश सुन्नभन्याङ, श्री:घ चैत्य परिसर र कोहि उभिएर असहज तरिकाबाट धर्म श्रवण गर्नुपरेको दृश्यले श्रद्धालु उपासक द्रव्यमान सिहं तुलाधर (भाई राजा) साहुजी को मनमा छोयो । पुरानो विहार भत्काई नयाँ विहार निर्माण गरिदिने प्रस्ताव धम्मवती गुरुमाँ समक्ष राख्नु भयो । धम्मवती गुरुमां विहारमा बसोबास गर्ने गुरुमाँहरू, पूर्व बिहार दाताहरूको राजिमा पुरानो विहारको भवन भत्काई वि.सं २०५७ पौष २२ गते शनिवार परित्राण पाठ गरि नयाँ भवनको शिलान्यास गर्नुभयो। सम्पूर्ण आर्थिक भार दाता परिवारले लिई वि.सं २०५९ साल मंसिर ७ गते ४ तल्ले पक्की भवन निर्माण गरि भव्यताका साथ महापरित्राण गरी विहार दान गरियो । 'धर्मकीर्ति विहारको संरक्षणको लागि वि.सं. २०४५ मा धर्मकीर्ति संरक्षण कोषको स्थापना गरिएको थियो । वि.सं. २०४८ सालको विधान खारेज गरि विं.सं. २०५९ जेठ १६ मा धर्मकीर्ति संरक्षण कोषको स्थापना गरियो । यसरी धर्मकीर्ति संरक्षण कोष स्थापना गरी कोष अन्तर्गत –

१) धर्मकीर्ति विहार

२) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि

  क) धर्मकीर्ति पुस्तकालय

  ख) अल्पकालिन प्रब्रज्या कार्यक्रम

  ग) धर्मकीर्ति शिक्षा सदन

  घ) धर्मकीर्ति अडियो भिडियो कमिटी

३) धर्मकीर्ति ज्ञानमाला

४) परियत्ति शिक्षा

५) धर्मकीर्ति बौद्ध प्रकाशन

६) धर्मकीर्ति पत्रिका

७) धर्मकीर्ति बुद्धपूजा पुच आदि एकाइ र कार्यक्रम बनाई विभिन्न धार्मिक कार्यमा लागि रहेका छन् । धम्मवती गुरुमांबाट धर्मकीर्ति संरक्षण कोषसंग सम्बन्धन प्राप्त विहारहरू तथा विहार प्रमुखहरू

क) निर्वाणमूर्ति विहार – डा.धम्मविजया गुरुमाँ

ख) धमकीर्ति विहार – कमला गुरुमाँ

ग) सुलक्षणकीर्ति विहार – डा.अनोजा गुरुमां

घ) धर्मकीर्ति विश्वशान्ति विहार – कुसुम गुरुमां

ङ) गौतमी विहार लुम्बिनी – खमेशी गुरुमाँ लाई जिम्मा लगाई धर्म प्रचार प्रसार गर्न निर्देशन दिनु भएको छ।

यसरी सम्पूर्ण जीवन धर्ममा बिताई कुशल नेतृत्वकी धनी धम्मवती गुरुमाँलाई भगवान बुद्धको शिक्षाद्वारा अरूको जीवन उज्यालो पार्दा पार्दै एक्कासी पेटको समस्याले सतायो। उच्च रक्तचाप, मधुमेह रोगी गुरुमाँलाई पेटमा ट्युमर भएको थाहा पाईयो। वि.सं २०६८ श्रावण ७ गते शनिवार नर्भिक अस्पतालमा पेटमा ट्युमरको सफलतापूर्वक शल्यक्रिया गरियो। थप उपचारको लागि केमोयेरापीको औषधी सेवन गरि राख्नुभएको छ। आफ्नो प्रतिकूल स्वास्थ्य स्थितिको बावजुत पनि आफूले गर्नुपर्ने शासनिक योगदानलाई निरन्तरता दिई रहनु भएको छ। उहाँको शासनिक योगदान तथा बुद्ध, धर्म र संघको प्रभावले उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

भवतु सब्ब मंगलं॥


सन्दर्भ सामाग्री :

१) धर्मकीर्ति मासिक पत्रिका-
भिक्षुणी धम्मतीको प्रव्रज्या ५० औ विशेषांक, वर्ष, अंक ७ वि.सं. २०५६

२) स्नेही छोरी – मोतिकाजी शाक्य

३) भिक्षुणी धम्मवती संक्षिप्त परिचय

४) नेपालय् २५ दँजिगु लुमन्ति – मागुणवती २०४४

५) कान्तिपूर कोसेली २७ कार्तिक शनिबार २०५६

६) धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि २५ वर्ष – २०५३ रीना तुलाधर

७) चिरं तिट्ठतु सद्धम्मो, रीना तुलाधर (२०५९)


*(यो लेख धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा भएको 'बुद्ध धर्मः महाप्रजापति गौतमीको योगदान, धम्मवती गुरुमांको योगदान' एकदिवसीय गोष्ठीमा प्रस्तुत गरिएको कार्यपत्र हो -सं.)*

# धर्म व्याख्यानको क्रममा धम्मवती गुरुमां

■ **मदन रत्न मानन्धर**
*सह-प्राध्यापक, त्रिचन्द्र क्याम्पस*

"स्त्री जातिले सातवटा अक्षर जानेमा बोक्सी होइन्छ, वेश्या होइन्छ, त्यसकारण पढाउनु हुन्न भन्ने मानसिकताले ग्रस्त तत्कालीन समाजमा हुर्केकी म, भगवान बुद्धको अनुपम शिक्षा सिक्न र पढ्न एकप्रकारको विद्रोह नै गरी भारतको आसाम देखि पैदलै बर्मा देशसम्म कठीन यात्रा गरी आखिर त्यहाँको उच्चत्तम उपाधि 'सासनधज धम्माचरिय' (बुद्ध शासनको ध्वजा फहराउन सक्ने धर्मको आचार्य) हासिल गरि छाडें ।" आफूले बुद्धधर्मको अध्ययन कसरी थालें भन्ने सन्दर्भमा बेलाबखत यस्तो उद्‌गार प्रकट गर्नुहुन्छ 'अग्गमहागन्थवाचक पण्डित' उपाधिले पनि सम्मानित श्रद्धेय धम्मवती गुरुमांबाट ।

वि.सं. १९९१ सालको आषाढ पूर्णिमा (जुलाई, सन् १९३४) मा पाटनको वकु बहालमा जन्मनुभएका उहाँ बुद्धधर्मको गहन अध्ययनका लागि जेठ ३, २००७ साल (१६ मइ, १९५०) का दिन १४ वर्षकै कलिलो उमेरमा बर्माका लागि घरबार त्यागी हिँड्नु भएको थियो । बर्मामा करिब १२ वर्षसम्म बुद्धशिक्षाको गहन अध्ययन गरी सो 'धम्माचरिय' उपाधि प्राप्ति पछि बुद्धभूमि, जन्मभूमि नेपालका श्रद्धालु महानुभावहरू माझ बुद्धशिक्षा प्रचार प्रसार गर्ने शुभ आकांक्षा सहित बर्मी गुरुमां मां गुणवतीका साथ वि.सं. २०२० साल आश्विन ३ गते बिहीबार (१९ सेप्टेम्बर) १९६३) का दिन उहाँ काठमाडौं फर्किनु भयो ।

हुन त २०१५ सालतिर नै उहाँ एकहप्ताको लागि भनी नेपाल फर्कनु भएको थियो । त्यति बेला नै उहाँको धर्मदेशना शैली र गहन विचारका कारण थुप्रै उपासक-उपासिकाहरूको मन जित्न सफल भएको थियो । अतः योजनाभन्दा बढी दुई महिनासम्म यहिं रहनु भयो र 'धम्माचरिय' परीक्षाका लागि पुनः बर्मातर्फ लाग्नुभएको थियो ।

त्यो दुई महिनाको नेपाल बसाईबाट उहाँ विद्याध्ययनमा मात्र होइन, धर्म प्रचारकार्यमा पनि त्यत्तिकै दक्ष हुनुहुन्छ भन्ने कुरो प्रमाणित भयो । (रत्नसुन्दर शाक्य, पृ.५२)

यसरी पहिलो प्रयास मै सबैलाई प्रभावित पार्न सक्ने आकर्षक वाक् शक्तिका कारण धम्मवती गुरुमांबाट २०२२ सालमा स्थापना गर्नु भएको धर्मकीर्ति विहारलाई विभिन्न दाताहरु, उपासक-उपासिकाहरूबाट आ-आफ्नो श्रद्धाबाट आवश्यकतानुसार क्रमिक विकास गर्दै लगे । (ऐ.पृ. ५४)

धर्म व्याख्यानको क्रममा उहाँले उपस्थित श्रोतावर्गको ध्यान यसरी आकर्षित गर्न सक्नुहुन्छ कि बाटोमा हिँड्दा हिँड्दैको बटुवा पनि छेऊ लागेर, एउटा ठाउँ खोजी उभिएरै उहाँको कुरा सुनी बसेको देखिन्छ । उहाँले प्रायः नेपालभाषामा व्याख्यान गर्नुहुन्छ तथापि भाषै नबुझे पनि उभिएर सुन्ने श्रोताहरू देखिन्छ । कुनै एक विषयमा बोल्दा पनि त्यस विषयसंग सम्बन्धित सबै पक्षलाई समेट्दै, समीक्षा गरीकन, ठीक बेठीक प्रमाण दिँदै, समसामयिक विषय वस्तु, र घटनाको सप्रमाण उदाहरण दिएर, नजिर प्रस्तुत गरेर, उचित अनुचित केलाउँदै श्रोताको भित्री हृदयसम्म झंकृत हुनेगरी व्याख्या गर्न सक्ने अद्भूत क्षमता उहाँमा पाइन्छ । बुद्धधर्मको, बुद्धशिक्षाको व्याख्यान गर्दा अन्य कुनै धर्मलाई आक्षेप लाग्ने, व्यंग्य हान्ने, दोष थोपर्ने, नराम्रो छाप पर्ने कुरा गर्नु हुन्न बल्कि सबैलाई स्वीकार्य, सबैलाई मननीय र सबैलाई समानरूपले लागू हुने कुरालाई प्रस्तुत गर्नु हुने हुनाले अन्य धर्मावलम्बिहरू माझ पनि उहाँ उत्तिकै प्रियपात्र र चर्चाका व्यक्तित्व हुनुहुन्छ ।

उहाँले कसैमाथि उँचनीच व्यवहार गर्नुभएन, चाहे त्यो साधारण, सामान्य मानिस होस्, चाहे कुनै ठूला बडा साहु महाजन होस्, चाहे कुनै राजनैतिक नेता वा कार्यकर्ता नै किन नहोस् । कुनै भेदभाव बिना सबैलाई समभावले व्यवहार गर्ने, कुराकानी गर्ने र मौका मिलेमा बुद्धको शिक्षालाई प्रष्ट रूपमा व्याख्या गरी प्रफुल्लित पार्नुहुन्छ । यस उसले गर्दा एकपटक उहाँलाई तत्कालीन राष्ट्रिय सभा सदस्यमा मनोनित हुन एक राजनैतिक पार्टिले प्रस्ताव राख्न आउँदा उहाँले कुनै एकमात्र राजनैतिक पार्टिको सिफारिस होइन बल्कि राष्ट्रिय सभाको बिधान मै धार्मिक क्षेत्रबाट प्रतिनिधित्व हुने गरी सदस्यता तोकिएमा आफू मनोनित हुन राजी भएको सन्देश दिएर कुनै राजनैतिक विवादमा पर्नु भएन ।

भगवान बुद्धको महापरिनिर्वाण (देहावसान) पछि बुद्धशासनको इतिहासमा शिक्षा अपनाउने विभिन्न धरीका समूह वा सम्प्रदाय देखापरे ।

त्यही क्रममा नेपालमा पनि महायान, वज्रयान, थेरवाद आदिको प्रचार प्रसार भयो। तर धम्मवती गुरुमांले सदैव ती सबै यान वा सप्रदाय वा समूह बीच भेदभाव होइन समन्वय हुनुपर्छ , एकै धर्मगुरूका अनुयायीहरू यसरी फरक फरक भई बस्नु हुन्न, एकमतले बुद्धको शिक्षा अपनाउन र प्रचार प्रसार कार्यमा लाग्नुपर्छ भन्ने सन्देशका साथ विभिन्न ठाउँ, टोल, बहाल, डबली, सभाहलहरू जहाँसुकै प्रस्तुत हुनुभयो। यसै क्रममा वि.सं. २०४७ साल पौष महिनामा आफ्नै सक्रियतामा, आफ्नै विहारमा 'थेरवाद, महायान, वज्रयान बीच समन्वय' विषयमा एक विचारगोष्ठी आयोजना गर्नुभयो। यस्ता कुराले प्रभावित भई बज्राचार्य गुरूज्यू र गुरुमांज्यूहरू, महायानी लामा गुरुज्यू र अनीज्यूहरू उहाँप्रति अत्यन्तै श्रद्धा एवं स्नेह प्रकट गर्दछन्।

धर्मब्याख्यानको क्रममा उहाँ आफ्नै विहारमा मात्र सीमित रहनु भएन। आफ्नै पहलमा उपत्यका र लुम्बिनीमा गरी ७ वटा विहार र भारतको सारनाथमा समेत एक विहार बनाउनमा लाग्नुभयो। यी सबै कार्यमा उहाँको धर्मब्याख्यानको अद्‌भूत आकर्षक एवं निश्चल शैलीको महत्वपूर्ण योगदान रहेको छ भन्दा अत्युक्ति नहोला। उहाँको ब्याख्यानमा रत्तिभर कृत्रिमता, नाटकीयपना, कपटीपना, स्वार्थीपना पाइँदैन बल्कि मैत्री, करुणा, मुदिता र उपेक्षा जस्ता ब्रह्मविहारको छनक भरपूर मात्रामा पाइन्छ। धर्म ब्याख्यानकै दौरान आर्थिक सहयोग, सामाजिक सहयोगको कुरा निकाल्नु हुँदा स्वतःस्फूर्त रुपमा सहयोगकर्ताहरू तुरुन्तै तयार हुन्छन्। अस्पतालमा बिरामीहरूलाई खाद्य वितरण होस्, भूकम्प पीडित, बाढी पिडितलाई सहयोग होस्, निःशुल्क स्वास्थ्य शिविर होस्, भिक्षु संघलाई संघदान होस्, विहार निर्माणका लागि सहयोग होस् निमेष भरमै संकलन हुने गर्छन्।

उहाँमा यस्तो अद्वितीय गुण रहनुमा उहाँभित्र विद्यमान रहेको सम्पूर्ण मानिसले बुद्धको अनुपम शिक्षा सुनी, जानी त्यसलाई व्यवहारमा उतारी आफ्नो जीवन सफल पार्न सकून भन्ने गहन अभिलाषा र करुणा देखिन्छ भने अर्कोतिर महिलालाई पढाउनु हुन्न भन्ने धारणाप्रतिको विद्रोह, महिलाहरूमाथि हुने अनावश्यक अत्याचार, थिचोमिचो विरुद्धको आक्रोश र सामाजिक छुवाछुट, जातपात, उँचनीच बिरुद्धको असहमतीले पनि भूमिका खेलेको देखिन्छ। यस मामलामा उहाँ विशेषतः नारीवर्गको पक्षमा बढी सतर्क देखिनु हुन्छ र कतिपय नारी जागरणको काम उहाँबाट भएका छन्। साथै बुद्धशासन, नारी समाज, नेपाली जनमानस प्रति आफ्नो सक्दो सहयोग एवं योगदानको अभिष्ट चाहना पनि देखिन्छ, जुन कुरा उहाँको ब्याख्यानको दौरान प्रतिबिम्बित हुने गर्दछ।

धर्मब्याख्यानको लागि कतैबाट निमन्त्रणा आएमा आफ्नो केही पर्वाह नगरी उहाँ त्यतातिर लाग्नु हुन्छ । उपत्यका भित्र, उपत्यका बाहिर, विदेश (भारत, अमेरिका, ताइवान, चीन, थाइलाय्ण्ड आदि) जहाँसुकै पनि नाईंनास्ति गर्ने चलन रहेको देखिंदैन । उहाँको धर्मब्याख्यान शैलीबाट प्रभावित भएर नै यसरी निमन्त्रणा गरिएको कुरा निर्विवाद देखिन्छ । तर हाल उहाँ अस्वस्थ हुनुभएकोले विहारमै सीमित रहनुभएको छ, त्यो बेग्लै कुरो हो । आफू स्वस्थ हुन्जेल नेपालका गाउँ–गाउँमा, जिल्ला–जिल्लामा गई बुद्धधर्मको रसपान गराउन आफैं पनि र युवावर्ग (धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्य) लाई लिएर जाने गर्नुहुन्थ्यो ।

धर्मकीर्ति विहारमा हुने नियमित कार्यक्रममा उहाँबाट जातक कथा ५५५ वटा वि.सं.२०३० देखि २०३३ सम्म (सन् १९७४ देखि १९८० सम्म) पुरै ६ बर्ष लगाएर सबैलाई सुनाउनुभयो । बुद्धको गम्भिर धर्मदेशना 'अभिधर्म' लाई पटक पटक पढाउनु भएको थियो भने २०५५ ज्येष्ठ २ गते देखि असार २ गते सम्म एक महिना लगातार सरल एवं ब्यावहारिक रुपमा अभिधर्मको ब्याख्या गरी धर्मदेशना गर्नुभएको थियो जसबाट धेरै श्रोताहरु अत्यन्त लाभान्वीत भएको उल्लेखनीय छ । महासतिपट्ठान सूत्र, 'सच्च विभंग' सूत्र, 'मिलिन्द प्रश्न',पट्ठान पाली, धम्मपद अट्ठकथा, बुद्धवंश, आदिको ब्याख्यालाई पनि यो क्रममा स्मरण गर्न सकिन्छ । इमेज च्यानल टेलिभिजनको 'धम्मोपदेश' कार्यक्रममा उहाँको धाराबाहिक प्रवचन नै प्रसारण भएको थियो । यी केही उदाहरण मात्र हुन्, उहाँको अथाह धर्मदेशनाका ।

धार्मिक जीवन बिताउनु भएको ६३ बर्षको दौरानमा उहाँबाट भएका सबै धर्म ब्याख्यानको फेहरिस्त तयार पार्न त असमभव नै छ, तथापि उहाँको ब्याख्यान शैली, श्रोतालाई आकर्षित गर्नसक्ने क्षमता र बुझाउन सक्ने अद्वितीय गुणका केही उदाहरण मात्र प्रस्तुत गर्न सकेकोमा लेखकको स्वल्पज्ञान प्रति पाठकवर्गबाट क्षमा पाउने छु भन्ने आशा राख्दछु । भवतु सब्ब मंगलम् ।

सन्दर्भ सामाग्री :

१) शाक्य, रत्नसुन्दर (ले.) – अनागारिका धम्मावती, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं, २०४९

२) Tuladhar, Soviet Ratna & Reena (Ed.) - Dhamma & Dhammawati, Dharmakirti Buddhist Study Circle, Kathmandu, 1999.

*(बु.सं. २५५७,ने.सं. ११३३, तछला, वि.सं.२०७० असार, २०१३, जून)*

# गहन अभिधर्मया सहज व्याख्याकर्ता धम्मवती गुरुमां

■ रीना तुलाधर (बनिया)

सासनधज धम्माचरिय अग्गमहागन्थवाचक पण्डित धम्मवती गुरुमां नेपालय् धर्म प्रचार यायां नेपाःया थेरवाद बुद्धधर्म ख्यलय् छगू युगया प्रादुर्भाव याना बिज्याःम्ह खः । बुद्धधर्म प्रचारया भ्वलय् वसपोलं याना बिज्याःगु योगदान छगू छगू कुला च्वनां साद्य मजू थ्व चिकिचाहाकःगु च्वसुया दुने ।

छगू हे जक ब्वया दुने क्वथीक स्वये व खः वसपोलया धर्म देशना यायेगु अद्भूतगु कला । तसकं नासलं लीगु, सकसियां न्यने योगु, न्यँतले न्ह्यैपुसे च्वनीगु, न्यँतले नुगः थातं च्वनीगु, न्यने धुनेवं नं नुगलय् ल्वःममंक गारे जुइगु कथं धर्म देशना यायेफुगु अद्वितिय वाकसिद्धि धम्मवती गुरुमांया अनेकं गुण धर्म मध्ये छगू खः । धम्मवती गुरुमांया बाखं न्यने दयेवं थ्व बाखं न्यनेगुला त्वःते मज्यू धकाः हथाय्‌पिं नं हथाय् मचाइगु, लिमलाःपिसं इलं लाकीगु, श्रद्धा फ्यासुयाः न्यने मयोपिनि नं न्यने यया वइगु अजू चायापूगु कला खः वसपोलया बाखं कनीगु स्टाइल ।

सम्पूर्ण बुद्ध वचन, बुद्ध शिक्षायात साधारण मसः मस्यूपिनिसं नं ध्वाथुइक कनेत अनेक उपमा बाखं घटनात स्वानाः धर्मदेशना न्ह्याका यंकेगु शैलीं वसपोल छम्ह नेपालय् अतुलनीय धर्मकठिक जुया बिज्याःगु दु। बुद्धधर्मया सारा त्रिपिटक दुनेया छगू छगू बुद्ध उपदेशयात त्वःमफीक कना बिज्याइ । तर छुं ग्रन्थया सन्दर्भ उल्लेख क्यनाः फलाना फलानागु ग्रन्थय् उल्लेखित धकाः विद्वानजन पिनित जक ज्या वइगुकथं क्वातुक भ्यातुक कना बिज्याइ मखु । बरू व दकों बुद्ध वचनयात न्ह्याम्हसिनं थुइगु कथं, न्यंपिनि दुनुगलय् दुहांवंक, रोचक शैलीं सरलकथं कना बिज्याइ ।

भगवान् बुद्धं कना बिज्या:गु धर्मयात सूत्र पिटक, अभिधर्म पिटक व विनय पिटकमध्ये अभिधर्म अतिकं गहन दर्शन ख: । झीगु, चित्त, चेतसिकया स्वभावया गहन सं गहन उपदेश ख: अभिधर्म । थुकियात ध्वाथुइकेत ध्यान अभ्यास दयेमा:, प्रज्ञा च्वन्स्यायेमा: धाइ । अथे जूगुलिं खइ सूत्र पिटक दुनेया उपदेशया गुलि बौद्ध साहित्य रचना जू उलि अभिधर्मया खने मदु । अभिधर्मया उपदेशयात कया: च्वयात:गु सफूत दुसां नं ब्वनेत थाकुया च्वने यो, ध्वाथुइके मसया च्वने यो । धर्म देशना कनीपिसं तकं थुइका बीत थाकुया च्वनीगु विषय ख: अभिधर्म ।

स्वयं धम्मवती गुरुमांनं थम्हं च्वया बिज्या:गु अभिधर्म सफूया भूमिकाय् च्वया बिज्या:गु झ्व:त थन न्ह्यब्वये त्यना:

(अभिधर्म भाग २, न्हापांगु संस्करण: ने.सं.१०९६, वि.सं.२०३३) यागु भूमिका

*भगवान बुद्धं कनाबिज्या:गु उपदेश धर्मस्कन्धया हिसाबं चेप्यदोल दु । पिटक हिसाबं १) सुत्तपिटक, २) विनयपिटक, ३) अभिधम्मपिटक धका: स्वंगू दु ।*

*हानं थ्व छगू छगू पिटके ग्रन्थत यक्व दनि । थ्व सुत्तपिटक छगूलिइ हे निकाय हिसाबं १) दीघनिकाय, २) मज्झिमनिकाय, ३) संयुत्तनिकाय, ४) अंगुत्तरनिकाय, ५) खुद्दकनिकाय धका: न्यागू दु । थ्व छगू छगू निकायय् नं यक्व सूत्रत दनि ।*

*अथे हे विनयपिटके नं १) पाराजिका, २) पाचित्तिय, ३) महावग्ग, ४) चूलवग्ग, ५) परिवार, धका: न्यागू हे दु,*

*थुकिइ नं छगू छगूली हे यक्व यक्व विभाजन दनि ।*

*अथे हे अभिधर्म पिटकय् नं १) धम्मसंगनी, २) विभंग, ३) कथावत्थु । ४) पुग्गलपञ्ञत्ति, ५) धातुकथा, ६) यमक, ७) पट्ठान, धका: न्हेगू दु । थ्व छगू छगूली नं यक्व यक्व विभाजन दनि ।*

*थ्व बुद्ध वचन फुक्क प्रथमवार, दुतियवार, ततियवार भारतय् चतुत्थवार श्रीलंकाय् व पञ्चमवार, छत्थमवार बर्माय् याना: खुक:तकं आपालं स:स्यूपिं भिक्षुपिं मुना: संगायना याना: शुद्ध पवित्र याना तयेधुंकूगु धर्म ख: । बुद्ध परिनिर्वाण जुया: स्वला जक लिपा प्रथम संगायन याना बिज्या:बलय् भगवान बुद्धं हे स्यना कना: तालिम याना थकूपिं भिक्षुपिंसं संगायना याना बिज्या:गु ख: ।*

*अवले काश्यप भन्तेनं धर्म-विनय सम्बन्धि फुक्कं प्रश्न न्यना बिज्यात । उपालि भन्तेनं विनय पिटकया खँ फुक्कं उत्तर बिया बिज्यात ।*

Dhamma.Digital

अभिधर्म व सूत्र निगू पिटकया खँ फुक्कं बुद्धया किपालु समानं जुया बिज्या:म्ह आनन्द भन्तेनं उत्तर बियाबिज्यात । प्रथम संगायना समयय् सूत्र व अभिधर्म निगू पिटकयात धम्म धयागु छगू शब्दं हे गाकातल । कारण छाय् धासा छपु छपु सूत्रया सार हे परमार्थ धर्म ख: । थ्व परमार्थ धर्म फुक्क मुनाच्वंगुयात हे अभिधर्म धा:गु ख: । उकिं फुक्क सूत्रय् अभिधर्मय् च्वंगु चित्त-चेत्तसिक, रुप, निब्बाण छगू न छगू सार कयाहे कना बिज्या:गु ख: । गथे सुत्त पिटक धम्मपदय् न्हापांया श्लोकय् हे न्ह्यागु अवस्थाय् नं मन मुख्य धयागु खँ कया कना बिज्या:गु ख: । व मन धयागु हे चित्त ख: । अथेनं बुद्ध धर्मया बांलाक अध्ययन मगा:पिसं अभिधर्म बुद्ध भासित हे मखुथें याना: च्वयात:गु नं दु ।

थ्व अभिधर्म भाग-२ सफू अभिधम्मत्थ सङ्गह धयागु किताब व मेमेगु बर्मी अभिधर्म किताब स्वया: च्वयागु ख: ।

अभिधर्म तसकं गम्भीर थुइकां थुइक्य थाकु । थाकु नं छाय् मज्वी । खने मदुगु चित्तया स्वभाव थुइक्य मा:गु ।

हानं थ्व अभिधम्मत्थ सङ्गह धयागु ला धम्मसंगनी आदि त:त:धंगु न्हेगू ग्रन्थयात संक्षिप्त यानात:गु जुया: नं थुइक्य थाकुल ।

उकिं अथे किताब स्वया: मेमेगु सफू थें थ:थम्हं थुइक्य फइगु ला ख हे मखु । थ्वला स:स्यूपिन्थाय् वना: न्यों वनेगु ज्याभ: मात्र ख: ।

थ्व अभिधर्म सङ्गहय् गुंगू कण्ड दु ।

१) चित्त कण्डं संक्षिप्त चित्त ८९, विस्तारं चित्त १२१ क्यनी ।

२) चेतसिक कण्डं चेतसिक ५२ गु व चित्तया ल:थें यचुगुयात चेतसिक रुपी रंग वया: तुयू, हाकू, वचु, म्हासु आदिं छिना बीगु स्वभाव क्यनी ।

३) पकिण्णक कण्डं चित्त, चेतसिक मिले जुया: पिनेया आरम्मण यात भोग याना: सुख, दुक्ख दयावइगु आदि क्यनी ।

४) वीथिकण्डं चित्त, भ्रीगु शरीरय् मदिक्क गथे चले जुयाच्वन धयागु खंकां खंक्य थाकुगु चित्त नियम क्यनी । गथे चले जुयाच्वंगु बिजुली पंखाय् पंखाह: खंक्य थें ।

थ्व प्यंगू कण्ड न्हापां छापे यानागु प्रथम भाग अभिधर्म सफुतिइ वने धुंकल ।

५) आ विथिमुत्त कण्ड अथवा भूमिकण्ड धयागुलिइ संसारय् गुलि भूवन दु व भूवनय् वनेत छुछु चित्तं वनी धयागु क्यनी ।

६) रुपकण्ड भीगु थ्व शरीरय् बने जुयाच्वंगु चतुमहाभूत रुप मुख्य जुया: छुछु रुप चित्तं बने यानाच्वन गथे जुया: थ्व गृहकार दत धयागु क्यनी ।

७) समुच्चयकण्डं भीगु थ्व शरीरय् छुछु मभिंगु सुलाच्वन तथा छुछु भिंगु नं पिकायेज्यू धयागु भिंगु मभिंगु सुलाच्वंगु धर्मत क्यनाच्वंगु दु ।

८) पच्चयकण्डं गथे जुया: संसारचक्र चा:हिला च्वंगु व भीसं याना हेतु पच्चय दयाव:गुयात छुटे यानाक्यनी ।

९) कम्मट्ठानकण्डं समथ ध्यान व विपस्सना ध्यान सहित लौकिक ऋद्धि शक्ति दय्केगु व निर्वाण शान्ति लाये फैगु मार्ग आदि क्यनी । थ्व सफूया संक्षिप्त परिचय जुल ।

(न्हूगु संस्करण: ने.सं. ११३३, वि.सं.२०७०) यागु भूमिका

बुद्धधर्मयागु मूल सार हे अभिधर्म ख: । अभिधर्म थुल धायेवं तिनि मेगु फुकं थुया वइ । उकिं अभिधर्म निं न्हापां थुइकेमा: ।

अभिधर्म अतिकं गम्भिर ख: । भगवान बुद्धं बुद्धत्व लाना बिज्यायेवं तुरुन्त अभिधर्म ज्ञान लाना बिज्या:गु मखु । बुद्ध जुया: स्वंगूगु हप्ता धुंका: प्यंगूगु हप्ताय् रत्नाघरय् च्वना बिज्या:बलय् तिनि अभिधर्म ज्ञान लाना बिज्या:गु ख: । सम्यक सम्बोधि ज्ञान लाना बिज्याये धुंका: अभिधर्म ज्ञान नं खंका बिज्या:बलय् निगुलिं अतिकं गम्भिरगु ल्वा:बलय् तिनि बुद्धयाके पञ्चर श्मी पिहांव:गु ख: । बुद्ध जुइ सात पञ्चरश्मी पिहांव:गु मखु ।

सम्यक सम्बोधिज्ञान लाना बिज्याये धुंका: भगवान बुद्धं न्हेगू हप्तातक याना बिज्या:गु चर्या छत्वा:चा कने । न्हापांगु हप्ताय् **'पथमं बोधिपलंगं'**, बोधिवृक्षय् समापति ध्यानय् च्वनाबिज्यागु । निगूगु हप्ताय् **'दुतियं अनिमिस्सं'** – बोधिवृक्षयात मिखां स्वया च्वना बिज्यागु । स्वंगूगु हप्ताये **'ततियं चंकमण सेठं'** – बोधिवृक्षया नापं चंक्रमण याना बिज्या:गु । प्यंगूगु हप्ताय् **'चतुत्थं रत्नाघरं'** – स्वंगूगु हप्तातकं थथे याना बिज्या:गुलिं बुद्धया त्यानुल जुइ धका: ब्रह्मा वया: रत्नं जा:गु चीधंगु छेँ दयेका ब्यूगु **'रत्नाघर चैत्य'**य् च्वना बिज्याना: बोधिज्ञानयात हान हानं बिचार याना: अभिधर्म ज्ञान लाना बिज्या:गु ख: । अबले बुद्धयाके पञ्चरश्मी पिहांव:गु ख: । न्यागूगु हप्ताय् **'पंचमं अजपालं'** अजपाल सिमा क्वय् च्वना: धर्मया रसपान याना बिज्यात । थबले हे मार व:गु ख: । मारया म्हयायृपिं छोया ह:गु । म्हयायृपिं छोयां मजिसेंलि खुगूगु हप्ताबलय्

*अबुम्ह मारं घोर वा फय् वयेकूगु । अनंलिं मुचलिं नाग वया: भगवान बुद्धयात वा फसं बचेयात । थ्व खुगूगु हप्ताय् '**छठं मुचलिंगं**' धर्मया प्रीति सुख अनुभव याना बिज्या:गु । न्हेगूगु हप्ताय् '**सत्तमं राजायतनं**' राजायतन सिमा क्वय् च्वना: धर्म प्रीति अनुभव याना बिज्या:गु । थबले तपस्सु व भल्लुक निम्ह दाजुकिया व्यापारीत वया: बुद्ध व धर्मया शरणय् वंगु । थुमित भगवान बुद्धं थ:गु शिरया सँ लिकया: ब्यूगु तया: हे बर्माया श्वेतगोंग चैत्य दयेकूगु ख: । थुलि न्हेगू हप्ता बिते याये धुंका: तिनि बुद्धं भोजन भपा बिज्या:गु ख: ।*

*भगवान बुद्धयात हे अपाय्सकं थुइके थाकुगु अभिधर्म अतिकं गम्भीरगु ख: । उकिं थुकिया देशना न्हापां तावतिंश देवलोकय् बिज्याना: थ: मां महामायादेवी (सन्तुस्सित देवपुत्र) जुयाच्वंम्हसित स्वला बिक्क कना बिज्या:गु ख: । थ्व हे स्वला दुने हानं छको छको मनुष्य लोकय् कुहां बिज्याना: प्रज्ञावानम्ह सारिपुत्र भन्तेयात संक्षेपं अभिधर्म बिज्या:गु ख: ।*

*अपाय्सकं थुइकेत थाकुगु गम्भीर धर्म जुया: बर्माय् न्हापां अभिधर्म निं ब्वंकीगु चलन दु । न्हापां अ:पुगु ब्वने धुंका: थाकुगु ब्वनेत थाकु चाइ धका: न्हापां अभिधर्म ब्वंकी । बर्माय् अभिधर्म ब्वंकेगुली च्वन्ह्या: । लंकाय् जूसा सूत्र ब्वंकीगु च्वन्ह्या: । थाइलैण्डय् सूत्र व विनय क्वातुक ब्वंकीगु ।*

*अभिधर्म थुलकितिनि बुद्धधर्म थुइके फइगु जुया: बुद्धधर्म लोप मजुइके त अभिधर्म सयेकेमा: । बुद्ध शासन लोप जुइबलय् न्हापां अभिधर्म लोप जुइ, अनं विनय, अनं सूत्र लोप जुइ । उकिं बुद्धशासन* लोप मजुइकेत अभिधर्म ब्वने मा:, सयेकेमा:, थुकियात संरक्षित याना तयेमा: । ......

... ... ... ... ... ...

थजा:गु गहनगु अभिधर्मयात नं अनेक उपमा तया: ध्वीक ध्वीक अर्थ छ्यला: थ:थाय् बाखं न्यं वइपिं बुढीपिं उपासिकापिं, गुलिं आख: तकं ब्वने मस:पिं जुयाच्वनी इमित नं ध्वाथुइका बिज्याइ धम्मवती गुरुमांनं । धर्मकीर्ति विहारय् न्यंवइपिं उपासक उपासिकापिं ल्यायेम्ह, ल्यासेपिं जक मखु बुढाबुढिपिन्त नं थम्हं च्वया बिज्या:गु अभिधर्मया सफू ब्वंका बिज्याइ, हानं जाँच कया: पास जूपिन्त प्राइज बिया: प्रेरणा बीगु कार्यक्रमत नं याना बिज्याइ ।

थुम्ह च्वसुया च्वमि बौद्ध परियत्ति शिक्षा अध्ययन याना च्वनागु भ्वलय् धम्मवती गुरुमांनं स्यना बिज्या:गुलिं अभिधर्म अ:पुक बांलाक पास जुइ फत । आपा: विद्यार्थीपिनित तसकं ब्वने थाकुयाच्वनीगु विषय ख: अभिधर्म ।

तथागत सम्यक सम्बुद्धं कना बिज्याःगु चित्त चेतसिक, रूप, निब्बानया गहनत्तम धर्म दर्शन अभिधर्मयात नं सर्वसाधारणं अःपुक थुइके फइकथं कनेगु धम्मवती गुरुमांया व्याख्या यायेगु खूबि वसपोलया अनेकं योगदान मध्ये छगू जुयाच्वंगु सीके बहः जू ।

*(बु.सं. २५५७,ने.सं. ११३३, तछला, वि.सं.२०७० असार, २०१३,जून)*

Dhamma.Digital

# "धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन" धम्मवती गुरुमांया छत्रछाँयाय्

■ **प्रेमलक्ष्मी तुलाधर**

धर्मकीर्ति विहारया धम्महल्य छपुचः उपासक उपासिकापिं थांया क्वसं हार्मोनियमया सलय् भजन म्ये हालाच्वन। जि म्ये हालाच्वंथाय् फेतूवना, अले न्यनाच्वना। भचालिपा जि नं हाले ज्यूला धकाः हार्मोनियम थानाच्वनादीम्ह भाजुयाके न्यना। वय्‌क नं ज्यू धाल। वयकः भाजुं इच्छा दुसा कन्हे नं वा धयादिल।

कन्हेखुन्हु भजनय् वनेत मांयाके न्यना। मां नं धाल–भजन धैगु न्ह्याथाय् नं हालेत वा धाइबलय् वनेमाः। उकिं वनेमते। जिं कन्हेखुन्हु जिं धम्मवती गुरुमांयाके न्यना। गुरुमां नं "खः, तर छिमि मां नं छन्त छोइला" धया बिज्यात। अथे खःसा जि तापाःथाय् वनेमखु, सतीथाय् जक वने धया।

भजनया बोलं थुलि थिलकि जिगु मनं जिन्दगी हे हिलागु थें ताल। उबलेनिसें भजन हालेगु याना। हार्मोनियम थानाः म्ये हालादीम्ह भाजुया नां जुजुभाइ शाक्य धकाः म्हसिल। उगु बखतय् च्याम्ह भिम्ह जक च्वनाः भजन हालेगु खः।

भजनया विषयय् कयाः धम्मवती गुरुमांयाके न्यना "गुरुमां भीसं नं धर्मकीर्ति ज्ञानमाला भजन धकाः स्वनेदःसा ज्यू। थथे धयाबलय् गुरुमां नं धया बिज्यात– "ज्युला ज्यू। कघाइपिं, क्वातुक्क ज्या याइपिं वःसा ज्यू। नत्र धयांजक मज्यू।" "बांलाक ज्या याये" धयाबलय् "ज्यू" धयाबिज्यात।

थ्व हे खँ जुजुभाइ दाईयात धयाबलय् "मेहनतं ज्या यायेमाः तबला, हार्मोनियम थाइपिं ज्या यायेबलय् अल्सि चाये मज्यू , म्हा धायेमज्यू, भजन सःतिबलय् वनेमाः" आदि खँ धयादिल। भी फुकं मिले जुयाः ज्या याये, धर्मकीर्ति विहारयागु छगू अस्तित्व ज्वनाः न्ह्याःवनेया निंतिं धर्मकीर्ति भजन छगू नीस्वने धकाः जिद्दी याना।

जुजुभाई दाई व श्याममान दाईयागु सल्लाह कथं Renew याये म्वायेक रू. ५००।– कया: सदस्य दयेकेगु खँ जुल । थ्व खँ ज्वना: धम्मवती गुरुमांयाके न्यनाबलय् अथेसा रू. १०,०००।- कोष खडा यायेत जिं तयाबी, मेगु छिमि स्वया: या धयाबिज्यात ।" गुरुमांयागु वचनयात शिरोपर यासे अथे हे याना । अले धम्मवती गुरुमांयागु अध्यक्षताय् कमिति नीस्वना । ब्याज दयेकेगु नं ज्या जुल । गुरुमां नं "परन्तु तिके जुइक ज्या या धयाबिज्यात ।" अथे हे जुजुभाइ दाई व श्याममान दाईयागु नेतृत्वय् भजन झन झन तब्या जुजुं वन । अनंलि भजन यात 'धर्मकीर्ति विहार संरक्षण कोष या छगू एकाइकथं न्ह्याकायंकेगु पाखे कुत: जुल ।

ने.सं. ११२६ (वि.सं. २०६३) असार २७ गते 'सासनधज धम्माचरिय' अग्गमहागन्थवाचक पण्डित' पूज्यनीय धम्मवती गुरुमांया ७२ दँ बुदिँया लसताय् ज्ञानमाला भजनया माध्यमं बुद्धधर्म प्रचार प्रसार च्वन्ह्याना वने फयेमा धैगु उद्देस्य कया: 'धर्मकीर्ति विहार संरक्षण कोषया छगू एकाइया रूपय् 'धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन' नीस्वनेगु ज्या जुल ।

धम्मवती गुरुमांया निर्देशनय् धर्मकीर्ति ज्ञानमाला भजनं न्ह्यदँया दुने छुं छुं यानागु ज्यायात म्हसीका रूपय् न्ह्ब्वये:

नेपा: देय्या कुंकुलामय् व नेपा: देय् पिने नं भजन हाला: बुद्ध धर्म प्रचार यायेगु हे धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया उद्देस्य ख: । थ्व उद्येष्य पूवंकेगु निंति वि.सं. २०६५ भाद्र २१ - आश्विन २ गते तक अध्यक्ष पूज्य धम्मवती गुरुमां व कोण्डञ्ञ भन्तेपाखें अमेरिकाया थी थी थासय् बुद्धपूजा धर्मदेशना, कथिन दान, परित्राण पाठ याना बिज्यात । उपाध्यक्ष जुजुभाई शाक्यपाखें भजन याना: बुद्धधर्म प्रचार प्रसार यायेगु ज्या जुल ।

अथेहे श्री लंकाय् २०६८ जेष्ठ ४-७ गते तक्क २५५५ औ बुद्ध जयन्तीया लसताय् सिरिमाओ बन्दरनायके केन्द्रय् बुद्धधर्म सम्बन्धि थी थी ज्याभ्वलय् भजन हालेगु नं जुल ।

पूज्य धम्मवती गुरुमांया ७५ दँ बुदिंया लसताय् ने.स. ११२९ (पूर्व सं-२०६६ साल असार १८ गते) धर्मकीर्ति ज्ञानमाला भजन सि.डी. पिथना ने.सं. ११३० तछलाथ्व स्वांया पुन्ही (२०६७ जेष्ठ १२ गते) "धर्मकीर्ति ज्ञानमाला भजन" म्ये मुना पिथना, ने.सं. ११३० दिल्लाथ्व गुरुपुन्ही (वि.सं. २०६७ श्रावण १० गते) खुन्हु पूज्यनीय धम्मवती गुरुमांया ७६ दँ बुदिंया लसताय् "धर्मकीर्ति विहार छपुलु" डकुमेन्ट्री पिथना, ने.सं. ११३१ सिल्लाथ्व अष्टमी (बि.सं. २०६८ माघ २८ गते) "धर्मकीर्ति ज्ञानमाला भजन

म्ये मुना" सफू पिथना, ने.स. ११३१ दिल्लाथ्व दशमी (वि.सं. २०६८ असार २८ गते) "भिं बुदिंया भिन्तुना" नांगु डकुमेन्ट्री वसपोल धम्मवती गुरुमांया ७८ दँ बुदिंया लसताय् पिथना, पूज्यनीय धम्मवती गुरुमांया ७७ दँ बुदिंया लसताय् लुम्बिनीइ जूगु विशेष धार्मिक ज्याभ्वःयात कयाः ३२ मिनेटयागु डकुमेन्ट्री धर्मकीर्ति बौद्ध ज्ञानमाला व्यवस्थापनय् पिथना, वथेंतुं "धर्मकीर्ति भजनमाला" सिडी यात क्यासेटया रूपय् पिथना–थ्व फुकं पिथनात धम्मवती गुरुमांया सुझाव व निर्देशन कथं ज्या यानागु जुल ।

ने.सं. ११३३ बछलाथ्व चौथी (वि.सं. २०७०।१।३१) खुन्हु "ज्ञानमाला भजन स्वयम्भूया" ब्वनाय् इतुंबहालय् जूगु खुक्वःगु बौद्ध संगीत जागरण ज्ञानमाला भजनया धें धें बल्ला कासाय् समूह गायनय् धर्मकीर्ति बौद्ध ज्ञानमाला न्हाप लाःगु थ्व धर्मकीति विहार परिवार व पूज्य धम्मवती गुरुमां सकलया गौरवया खँ खः ।

झीगु विहारया संस्थापक अध्यक्ष पूज्य धम्मवती गुरुमां मिसापिनिगु नितिं न्ह्यलुवाः जुयाबिज्याःगुलिं मिसापिसं नं न्ह्यागुं सयेका सीका तयेमा धयागु वसपोलया उजंकथं दकलय् न्हापां हार्मोनियम थायेगु सयेकापिं जिपिं च्याम्ह दु । जिमित सिरपाःकथं इलय्ब्यलय् स्वां, मोतिमाः चुरी, पस्मिना गा आदि बियाः हःपाः बिया बिज्याइ, थः मां नं मस्तय्त विचाः यायेकथं । वसपोल गुरुमां धाथें धायेगु खःसा भिक्षुणी जुयाः नं थः मस्तय्त मांनं थें बिचाः यानाः अतिकं माया याना बिज्यागु दु भजनखलःया दुजःपिन्त । अथेजुयाः धर्मकीर्ति ज्ञानमाला भजनया दुजःपिं चिधिकःपिं म्ह्याय्पिं जुयाः अतिकं माया याना तल धकाः नं धायेगु याः । खनं खः थ्व एकाइ विहारया न्हापा स्वनातःगु मेमेगु एकाइसिबें लिपाया इलय्तिनि नीस्वंगु जुल ।

पूजनीय धम्मवती गुरुमांया निर्देशनकथं थ्व भजनया उपाध्यक्ष जुजुभाई शाक्य भजन प्रति समर्पित जुयाः लिमलाः मधासे, शरीरयात वास्ता मयासे कुतः यानादीगुलिं नं थुलि न्ह्याः वनेफुगु खः । अथे हे कोषाध्यक्ष श्याममान वज्राचार्ययागु व सकल दुजः पिनिगु कुतलं नं गुरुमांयागु आशिर्वादं थुलि सफल जुइ फुगु खः । अध्यक्ष पूजनीय धम्मवती गुरुमांया छत्रछाँयाय् ब्वलंगु, उपाध्यक्ष जुजुभाई शाक्ययागु संयोजकत्वय् न्ह्यानाच्वंगु थ्व धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन थौं थें थांअंगः जुयाः मैत्रीपूर्णगु थाय् कयाः न्ह्यानांतुं च्वनी धयागु मनंतुना । धम्मवती गुरुमांनं स्यनाबिज्याःगु ज्ञानया माला क्वखाये सःपिं जुइमा सकल ज्ञानमाला हालामिपिं, न्यनामिपिं ।

*(बु.सं. २५५७, ने.सं. ११३३, तछला, वि.सं.२०७० असार, २०१३, जून)*

# श्रद्धेय धम्मवती गुरुमांया स्वास्थ्य म्हिगः व थौं

■ डा. चन्द्रेश रत्न तुलाधर

**"आरोग्य परमा लाभा"** – निरोगी जुया च्वनेगु हे तःधंगु लाभ खः । थ्व बुद्ध वचन "धम्मपद" य् दुथ्याना च्वंगु दु । अथे हें सारनाथय् भगवान् बुद्धं पञ्च भद्र वर्गीय भिक्षुपिंत धर्मचक्र प्रवर्तन उपदेश कना बिज्याःबलय् चतुर्आर्य सत्यया व्याख्या यानाः दुःख आर्य सत्य सम्बन्धि कना बिज्याःगु भ्वलय् ८ गू कथंया दुःख मध्ये ब्याधिपि दुक्खो माने रोगी जुया च्वनेगु नं छगू दुःख खः धका कना बिज्याःगु दु । थ्व संसारय् जन्म जुलकि रोगं कैगु स्वभाविक हे खः । थुकिं सुं नं प्राणी बचये मजू । भगवान बुद्धया अग्रश्रावक सारिपुत्र व महामौद्गल्यायन भन्तेपिं सहित तःतःधंपिं नांजाःपिं ऋद्धिवान्, मार्गफल प्राप्तपिं, विशेष योगदान दुपिं भन्तेपिं तकं थीथी रोगं मुक्त जुयाच्वने मफु । स्वयं भगवान् बुद्ध सम्यकसम्बुद्ध जुया बिज्याःसां तभि थः हे रोगं मुक्त जुयाबिमज्याः ।

झीपिं सकलें इलय् ब्यलय् प्रकृतिया नियम कथं, हावा पानी फेर बदलं, प्रदुषित वातावरणं, दुषित नसात्वँसां, कडा मौसमं, असन्तुलित जीवन शैलीं, राग-इर्ष्या-मोह थें ज्वःगु मानसिक कारणं उसाँय् मदैगु स्वभाविक हे खः । सुं नं प्राणी जन्मकाःछिं निरोगी जुयाः सुखपूर्वकं म्वानावन धैगु खँ झीसं मन्यनानी । गुम्हसिकें ल्वय् भचा कडा रूप काइ सा, गुम्हसिकें भचा हल्का जक जुइ, गुम्हसियां ल्वय्या उपचार अःपुक जुइ सा गुम्हंसियां ल्वय्या उपचार तःतःधंपिं सःस्यूपिं डाक्टर-वैद्य क्योंसां, यक्को धन सम्पत्ति खर्च यानाः वासः याःसां नं ल्वय् अःपुक लनी मखु । थुकथं गुम्हेसितं ल्वय्नं कम जक दुःख बिइ, गुम्हेसितं सह यानां याये मफयेक ल्वय् नं सास्ती याइ । अथे जूगुलिं हे भगवान बुद्धं रोगी जुइगु नं दुःख खः, सत्य खः धकाः धया बिज्याःगु । थ्व सांसारिक नियमं सुं नं प्राणी अलग जुयाच्वने फैमखु ।

भगवान् बुद्धं विभिन्न समयलय् कारणवश कना बिज्या:गु जातक बाखँत स्वया यंकेबलय् रोग धयागु पूर्व जन्मय् यानावयागु अकुशल पापया कारणं कर्म विपाकया पाखें नं जुइ यो । ध्वयात सुनां नं चीके फैमखु । तर कुशल धर्मय् मन तया:, भिंगु कर्म याना:, परित्राण पाठ, प्रार्थना याना: झीसं केवल ल्वय्या असरयात म्हो जक याये फइ तर पूरा पूरा धा:सा चीके फइमखु । थुकियागु अनुभव झी मफइबले ग्याइबले याये धुंगु दु, याये नंगु दु । उकिसनं सु गुम्हं भिंम्ह मैत्री चित्त दुम्ह धर्म खंम्ह, स: स्यूम्ह डाक्टर-वैद्य निर्देशन ब्यूकथं खाना-व्यायामया नियम पालना याना: वास:, जडिबुटि ठीक मात्राय् ठीक ठीक इलय् सेवन यात धा:सा ल्वय्त चब्बुक लना वं । तर ल्वय् बल्लाक बसे जुइ धुंका: दुनेथ्यंक हा कया: त:सकं स्यने धुंकूसा वास: याना: नं लंके सिक्क थाकु, ध्यबा यक्को फुकूसां ल्वय् मलने यो । उकें ल्वय् धयागु ता: इ तक लहिना तये मजिउ । थ:म्हं स:सा उपाय याना: ल्वय् लंका छ्वय्‌येमा:, मस:सा स: सिउम्ह डाक्टर-वैद्य क्यना: इलय् हे वास: याना: ल्वय् नं कडा रूप काये न्ह्यो हे लंका छ्वयेमा: ।

संसारय् दयाच्वंगु दक्को ल्वय्या विस्तृत विवरण, वर्णन व उकिया थी थीकथंया निदान उपाय व्याख्या यायेगु ध्व लेखया उद्देस्य मखु । ध्व च्वसुया मूलभुत खँलिसे झी न्ह्या:वने ।

श्रद्धेय धम्मवती गुरुमांया न्हापा न्हापा मेमेगु ल्वय्‌नं स्वया: नं कपा: स्याइगु ल्वय्‌नं वसपोलयात इलय् ब्यलय् दु:ख बीगु ख: । कपा: स्याइगु ल्वय् वसपोल बर्माय् (थौं कन्हेयागसु म्यान्मारय्) बुद्ध धर्म सम्बन्धि आख: ब्वना बिज्या:बले हे दुगु जुयाच्वन । वसपोल १४ दँ तक बर्माय् थ:गु अध्ययन क्वचायेका: शासनधज धम्माचरिय उपाधिं विभुषित जुया: थ:गु देय् नेपालय् लिहां बिज्याये धुंका: नं ध्व हे कपा: स्याइगु ल्वय्‌नं वसपोलयात त्व:तूगु हे मखु । ज्वर व:सां कपा: स्याइगु, कमजोर जूसां कपा: स्याइगु, मेमेगु ल्वय् दया व:सां कपा: स्याइगु, मौसम कडा जूसां कपा: स्याइगु, खाना मिले मजूसां कपा: स्याइगु । वसपोलयात कपा: स्याइगु ल्वय्‌नं त्व:तूगु हे मखु । उजोगु बखतय् पारासिटामोल हे वसपोलया कपा: स्याइगु ल्वय्या भरोसा वास: जुया बिल । पारासिटामोल ला खालि हे याये जिउगु मखुत । कपा: भ्यातुया वइ थें च्वने कि पारासिटामोलया सहारा साथ माल वसपोलयात ।

मुक्कं कपा: जक स्याइगु ल्वय्यात माइग्रेन धाइ । तर अप्वो याना: कपा: स्याइगु धयागु त:ता मच्छि ल्वय्या लक्षण मध्ये छगू लक्षण जुइफु, अले शारीरिक, मानसिक या वातावरणीय असन्तुलनया असरं नं जुइयो । उजोगु

अवस्थाय् पारासिटामोलं कपाः स्याइगु ल्वय्यात छुं हद तक म्हो याना ब्यू । ध्व ला पारासितामोल वासया गुणत मध्ये छगू गुण जुल । तर पारासिटामोलया अवगुण त नं यक्को दु, गुपिं मध्ये प्वाथय् दुने ग्याष्ट्रिक-अल्सरया घाः याना बीगु असर नं छगू खः ।

थौंकन्हे गुरुमांया मतिइ नं थथे दु– वसपोलं न्ह्याबलें धयाथें कपाः स्यात कि पारासिटामोलया लिधंसा कया बिज्याःगुलिं जकं उकिया विकराल नकरात्मक असरया कारणं आखिरय् थौंया घडिइ तःधंगु ल्वय् (प्वाथय् क्यान्सरया ल्वय्) नं थ्यूगु खःला, सास्ती नःगु खःला ? खय्तला ग्याष्ट्रिक ल्वय्यात इलय् हे वासः नयाः उकिया समाधान मयातकि अल्सरय् परिणत जुया वनीगु संभावना यक्को दु– अले अल्सर नं ताः इतक वासः मयासे तयातल धाःसा, वास्ता मयासें च्वं च्वन धाःसा अन्तिम अवस्थाय् ल्वय् स्यनाः वनाः क्यान्सरय् परिणत जुया वनेफु । थथे जुइगु संभावना दुगुलिं गुरुमांया शायद थथेहे जूगु खःला धकाः धुगु इलय् शंका याना बिज्यानाच्वंगु दु । थुजोगु सोच जुइगु नं स्वाभाविक हे खः । थथे जू वनीगु संभावना नं मदुगु मखु । ताःकाल तक अल्सरया वास मयासे च्वनकि अल्सर स्यना वनाः अल्सर जूगु थासय् घाः जुयाः हि मदिक्क पिहां वयेगु शुरू याइ । नकतिनि नकतिनि हि पिहां वइबलय् एकदम म्हो मात्राय् जक पिज्वइ । तर वासः मयासे अथें च्वन धाःसा ताःई लिपा हि पिज्वइगु अप्वः जुयावनी । थथे हि यक्को कुहां वयेगु शुरू जुल कि रक्तअल्पताया कारणं म्ह भ्वइसे च्वं थें हि मगाःगु थें च्वना वनी, बेलावखतय् कमजोरी, याकनं याकनं त्यानुचाः थें जूवनी, छकः निकः प्वा नं स्यायेफु, हि कुहां वःगुया कारणं दिसा सि-सि, हाकु-हाकु नं नयेफु, मिखाया गुलाफी रंग कम जुया वनाः भ्वइसे-तुइसे च्वना वनेफु । ध्व ल्वय्या सबुत प्रमाण कथं हि जाँचे याना स्वय्बलय् हिइ हिमोग्लोबिन धैगु तत्वया कमी जुया च्वने धुंकी ।

गुरुमांया ल्वय्या लक्षण नं थुजोगु हे आधारया कथं पट्टा लगे जूगु खः । तर ल्वय् धाःसा इलय् हे यकिन यानाः धाये मफुत । ल्वय् यकिन यायेत गुरुमांया हि जाँचये याना कया तःगु हिमोग्लोबिनया मात्राया आधारय (४ नवम्बर २०१० या रिपोर्टय् जम्मा ८.५ ग्राम % साधारण मिसातय् हिइ हिमोग्लोबिनया मात्रा १२-१६ ग्राम % दयेमाः) थि थि कारणं याना भण्डै च्याला बीत (२ जुलाइ २०११) ।

श्रद्धेय धम्मवती गुरुमां थौं ८० दँ क्यनीगु जुल । वसपोलया धापूकथं २६-२८ दं न्ह्यो तक खास याना तःधंगु ल्वय् धैगु हे वसपोलया कपाः स्याइगु ल्वय् खः । साधारण ज्वर वइगु, सेखं चाइगु, मुसु वइगु प्वाः स्याइगु धैगु इलय्

ब्यलय् मजूगु मखु तर खास खास मेता तःधंगु ल्वय् छुं दुगु मखु । छन्हु अपशो चया खँ खः, दसा धायेला, दुर्घटना धायेला वसपोल गुरुमां धर्मकीर्ति बिहारया मेंमेपि गुरुमांपिं नापं पिने भोजन याये बिज्यायेत ट्याक्सी च्वनावनेगु भ्वलय् खापा त्यूबलय् गुरुमांया ल्हाः पतिंचात ट्याक्सीया खापां कानाः तःधंगु घाः जूगुलिं यानाः तुरून्त हे अस्पतालय् क्यं बिज्याये माल । अले ताःकालतक कडागु मस्याइगु वासः व एन्टिबायोटिक नया बिजाये माल । वासः यक्को नसेंलि पतिंचिया घाःला लना वन तर वया ल्यू ल्यू चिनी ल्वय् (मधुमेह ल्वय्) नं थिया हल । अबलेसंनसें गुरुमांया चिनी ल्वय्या वासः मदिक्क याना बिज्याःगु थनिं २६-२७ दँ दये धुंकल । लिपा लिपा गुरुमां याके प्रेसरया ल्वय् नं स्वाना वल । थुपिं ल्वय्या वासःत सेवन यानाः नियमय् च्वना बिज्याःगुलिं ल्वय्यात कन्ट्रोलय् तया तयेत ताः लानाच्वंगु खः । बेलाबखतय् वासःत हिलाः हिलाः मात्रा नं मिले यायां ल्वय्यात बसय् तयातःगु खः । इलय्ब्यलय् गुरुमां मफइबले मेमेपिं डाक्टर साहेबपिं नाप नापं जिं नं बेलाबखतय् वसपोलयात थी थी ल्वय्या वासः यानाः लंका बीगु ज्याय् न्ह्याबलें अग्रसर जुया वयाच्वनागु खः । वसपोल थें जाःम्ह विशिस्त व्यक्तित्व दुम्ह, बुद्ध धर्म प्रचार प्रसारया ज्याय् अग्र भूमिका म्हिता बिज्याःम्ह पूज्य गुरुमां तःसकं म्हं मफइबले ल्वय् लंका बीगु ज्याय् नेपाः देय्लय्  जक मखु बर्माय् (म्यानमार) नं इलय् ब्यलय् वसपोलया सेवा याये खंगु जिगु सौभाग्य खः । वसपोल मां गुणवती गुरुमां, धम्मवती गुरुमांपिं ला जिगु न्हापांयापिं धर्म गुरुपिं नं खः । थथे थः धर्मगुरु पिनिगु स्वास्थ्य सेवा यायेदुगु जिगु अहोभाग्य हे खः ।

तःधंगु अपशोचया खँ– वसपोल गुरुमांया ४ नवम्वर २०१० य् हि जाँचे याना कया बिज्याःगु रिपोर्टय् हिमोग्लोबिनया मात्रा ८.५ ग्राम % जक खने दुगु जुयाच्वन । जि ला अबले काठमाडौंय् मखु, रंगुन बर्माय लानाच्वन । थ्व घटना जुइ लच्छी न्ह्यो जक जि बर्माय् (म्यान्मारय्) वनागु । व इलय् गुरुमांया हिया रिपोर्ट सुनां खण्डन याना वासः यानादिल व ला जिं मस्यु । निला ति लिपा जनवरी महिनाय् मां गुणवती गुरुमांया जन्मदिं थाइल्याण्डय् न्यायेका बिज्याइगु जुयाच्वन । थ्व खँ मां गुणवती गुरुमांनं रंगुनय् जिमित कना बिज्यागु । जन्मदिंया उत्सव भ्रःभ्रः धायेक न्यायेकेत धर्मकीर्ति बिहारं धम्मवती गुरुमां प्रमुख मेमेपिं गुरुमांपिं, भन्ते, उपासक उपासिकापिं नं छगू टोली हे थाइल्याण्ड बिज्याइगु कार्यक्रम दुगु जुयाच्वन । थ्व हे भव्य कार्यक्रमया तयारीइ गुरुमां व्यस्त जुया बिज्यात । थःयागु ल्वय् सम्बन्धि च्यूता तया बिज्याये मफुत । व इलय् गुरुमांयाके संकलन जुयाच्वंगु

अस्पतालया रिपोर्टया आधारय् डिसेम्बर २०१० य् गुरुमांयात पिसाबया ल्वय् सम्बन्धि वासः यायेत ओम हस्पिटलय् यंकुगु जुयाच्वन । अन वासः यायेगु क्रमय हि जाँचये यानाः स्वःबलय् हिखय् हिमोग्लोबिनया मात्रा यक्को हे कम जुयाच्वंगु सीदुगुलिं वसपोलयात हि थनेत मोडल अस्पतालय् १ जनवरी २०११ य् भर्ना यानाः हि थंगु जुयाच्वन । अबले मोडल हस्पिटलय् गुरुमांया हिमोग्लोबिनया मात्रा ८.६ ग्राम % जक दुगु जुयाच्वन । अनं लिपा गुरुमांया चिनी ल्वय् व ब्लड प्रेसरया साबिक वासःत नापं आइरनया वास नं थपे जूवन । हि थनाः आइरनया वासः नया बिज्याःसां गुरुमांया हिया रिपोर्टय् खास हे हिमोग्लोबिनया मात्रा बढे जुया मवं । बाःछी ति लिपा ला गुरुमां थाइल्याण्डय् मां गुणवती गुरुमांया शुभ जन्मोत्सव कार्यक्रमय् ब्वतीकायेत टोली ज्वनाः अन बिज्यात । नापं थाइल्याण्डय् थःगु ल्वय् सम्बन्धि स्वास्थ्य परिक्षण यानाः ल्वय्या वास यायेत नं सुअवसर मिले जुल । थ्व ज्याय् गुहाली याय्त डा. विजय लाल श्रेष्ठ नं नापं भ्रागु खः अले थाई भाय् थूपिं गुरुमां भन्तेपिं नं यंका बिज्यागु खः ।

जन्मदिं या उत्सव क्वचाःगु छुं दिं लिपा २४ जनवरी २०११ कुन्हु बैंककयागु सिरीराज हस्पिटलय् वसपोल धम्मवती गुरुमांया स्वास्थ्य परिक्षण जुल । अबले हियागु रिपोर्ट अनुसार गुरुमांया हिमोग्लोबिन १० ग्राम % जक दुगु खः तर अन छु कारणय् थथे हिमोग्लोबिन म्हो जूगु धैगु पत्ता लगे मयात, मजुल । अनंलिपा गुरुमांपिं थाइल्याण्ड चाःहिला टोली फेब्रुअरी २०११ पाखे नेपाः लिहां बिज्यात । नेपाः लिंहा बिज्याये धुंकाः गुरुमांया ल्वय् पत्ता लगेयानाः वासः यायेगु सम्बन्धि खास गनं अस्पतालय् जाँच याना तःगु रिपोर्ट छुं खने मदु । सके व इलय् लुम्बिनीइ धम्मवती गुरुमांयागु ७७ दँ बुदिं भब्य न्यायेकेगु ज्याय् व्यस्त जुल जुइ ।

३० अप्रिल २०११ य् जि बर्मा (म्यानन्मारं) ७ ला च्वनाः अनं काठमाडौं थ्यंकः वया । अले कन्हेखुन्हु हे धर्मकीर्ति विहारय् गुरुमां नाप लाः वया । अबले नं गुरुमां भचा मफयाच्वंगु, हिमोग्लोबिनया मात्रा कम जुयाच्वंगु रिपोर्टया बारे नं खँल्हाबल्हा जुल ।

बैंककय् सिरिराज हस्पिटलय् स्वास्थ्य परिक्षणया रिपोर्ट नं क्यना बिज्यात । गुरुमांया प्वाः ठीक मजुयाच्वंगु, नसा नये मययाच्वंगु, छकः निकः प्वाः स्याइगु जुयाच्वंगु, दिसा बांमलानाच्वंगु सिल । ३ मे २०११ पाखे दिसा परिक्षण याके बिया । रिपोर्टय् किमी व जिआर्डिया कीतय्गु संक्रमण जुया च्वंगु च्वयातल । तर दिसाखय् हि दु मदु नं जाँचे याके बियातयागु उकिगु

धाःसा छुं नं च्वया मतः। फोनं न्यना स्वयाबलय् हि कुहां वयाच्वंगु मदु धकाः हंचुवाढंगं धया हल। गुरुमां यात जिआर्डिया व किमीया संक्रमणया विरूद्धय् वासः याना बिया, अले ग्याष्ट्रिक व आइरनया वासः नं बिया हे तया। दिसाखय् ओकल्ट ब्लडया रिपोर्टय् पोजिटिभ पिहां वःसा गुरुमांया हिखय् हिमोग्लोबिन म्हो जुगु कारणं अल्सर स्यनाः हि कुहां वया च्वंगुलिं जुइमाः धैगु ल्वय्या विषयलय् एकिन धायेथाय् दुगु। तर टेलिफोनय् मौखिक रूपं ल्याबया मनुखं नेगेटिभ धकाः धया हःगुलिं गुरुमांया तःधंगु ल्वय् जुया च्वंगु दयेमाः धकाः शंका तकं मयानागु जुल। विश्वासया भरय् ल्याब परिक्षण याकेगु खः। विश्वासया भरय् ल्याब रिपोर्ट स्वेगु खः। तर ल्याब रिपोर्टिङ्ग हे गल्ती जूसा धुकिया नकरात्मक असर बिरामी यात तथ्यंक लाइगु स्वभाविक हे जुल।

२४ मै २०११ पाखे गुरुमांया हिमोग्लोबिनया मात्राया अवस्था सीकेया लागि हाकनं हि जाँचे याके छ्वया मात्रा ९.५ ग्राम % दुगु रिपोर्टय् पिहां वल। आइरन चक्की लच्छी तक मदिक्क नल कि हिमोग्लोबिनया मात्रा अन्दाजी १ ग्राम % वृद्धि जुइगु खः। गुरुमांया ग्याष्ट्रिकया वास व आइरनया चक्की मदिक्क नया बिज्याःसां हिमोग्लोबिनया मात्रा बांलाक खःथें वृद्धि मजू। अले गुरुमांया न्ह्याबलें त्यानु, नसा नये मयो धया बिज्याइगु न्ह्याबलें कमजोरी जुयाच्वंगु खँ कना बिज्याइगु। लच्छि लिपा (२३ जुन २०११) गुरुमांया हिमोग्लोबिनया मात्रा गाक्कं हे कुहां वयाच्वंगु जुया च्वन– ६.६ ग्राम % जक दु। हप्ता दिं ति लिपा गुरुमांया फःसां मफुसां बाखं कं बिज्यायेगु भ्वलय् स्वयम्भू ज्ञानमाला भजन खलया अनुरोधय् २ जुलाई २०११ खुन्हु फंपीइ बाखं कं बिज्याःगु जुयाच्वन, अले तःसकं कमजोरी महसुस याना बिज्याःगुलिं गुरुमांयात लँखतं बल्खुइ स्टार हस्पिटलय् यंकाः परिक्षण याकेगु ज्या जुल। अन डा. रञ्जन सिंह व डा. सुस्याना हिराचनं एन्डोस्कोपी वायोस्पी याना दिल अले छुं दिं लिपा रिपोर्टिङ्ग जुल प्वाथय् क्यान्सर जुयाच्वंगु दु। रिपोर्ट सहि खः मखु एकिन यायेत स्टार हस्पितलय् वना वायोस्पिया स्लाइडत कया हयाः वीर अस्पतालया प्याथोलोजी प्रोफेसर डा अशोक राज जोशीयात बांलाक जाँचे यायेत क्यने यंका। वय्कलं नं स्लाइड त अध्ययन याना प्वाथय् क्यान्सर जुया च्वने धुंकुगु ३-४ न्हू लिपा निश्चित याना दिल। बाःछिति लिपा गुरुमांया प्वाथय् क्यान्सरया ल्वय् सम्बन्धि क्यनेत नर्भिक हस्पिटलय् डा. प्रदिप वैद्ययात क्यनेगु ज्या जुल। १७ जुलाई २०११ सं गुरुमांया हिमोग्लोबिनया मात्रा नर्भिक अस्पतालय ९.२ ग्राम % जक दुगु जुया

च्वन । गुरुमांया ल्वय्या अवस्था जटिल जुयाच्वने धुंकुगुलिं यानाः वासः जक सेवन यानाः ल्वय् लंकेगु सम्भव मजुल, आखिर चीरफार हे याये मालीगु अवस्था वल । डाक्टर साहेबपिनिगु टोलीं उपचारया लागि चीरफार हे याये मालीगु खँ निर्णय जुसेंलि गुरुमांया प्वाथय् चीरफार यायेया लागि गन याःसा उचित जुइ, बांलाइ धैगु विषय निर्णय यायेत गुरुमांया परिवारजनपिं व धर्मकीर्ति विहार संरक्षण कोषया जःपिं, स्टार हस्पितलया डा.सुनील दुध्याःगु छगू विशेष बैठक हे जुल । अले निर्णयकथं दिल्ली, बैंककय् मखु काठमाडौंलय् हे चीरफारया ज्या डा. प्रदिप वैद्यया टोलीयात लः ल्हायेगु निश्चित जुल । गुरुमांया ७८ दँ क्यंगु जन्मदिंया उपलक्ष्यस् ७ यंकया अभिधर्म पाठ धर्मकीर्ति बिहारय् याकेगु कार्यक्रम धुंकाः अस्पताल भर्ना यायेगु खँ क्वःछित ।

श्रद्धेय धम्मवती गुरुमांयात थापाथलीइ नर्भिक हस्पिटलय् भर्ना यायेगु ज्या जुल । अले डा. प्रदिप वैद्यया टोली पाखें २२ जुलाई २०११ (वि.सं. २०६८ श्रावण ७) खुन्हु प्वाथय् क्यान्सर जुया च्वंगु भाग चीरफार यानाः लिकायेगु ज्या जुल । चीरफारया ज्या सफल हे जुल । अनंलिपा गुरुमांयात ओम हस्पिटलया क्यान्सर रोग या विशेषज्ञ डा. सुदिप श्रेष्ठया पाखें वासः याकेगु ज्या जुल । उपचारस्वरुप वसपोलयात केमोथेरापी बीगु ज्या जुल । न्हापांगु डोज तक अपायसकं थाकुक असर मजू । निकःयागु डोज ब्यूबलय् वसपोलया स्वास्थ्य प्रतिकुल असर जुयाः वसपोलयात तसकं तकलीफ जुया वल । उपचारया भ्वलय् गुरुमांयात गबलें सर्वाङ्ग नसिंङ्ग होमय्, गबलें ओम हस्पिटलय् भर्ना यानाः वासः यायेमाला वन । सकल हितैषिपिनिगु रायकथं वसपोलयात दिल्लीइ यंकाः उपचार याकेगु सल्लाह जुल । डा. सुदिप श्रेष्ठयापाखें सुझाव ब्यूगु हस्पितल दिल्लीया बी.एल. कपूर मेमोरियल हस्पिटलय् यंकेगु निर्णय जुल । अले निर्णयकथं उपचारया भ्वलय् जटिलगु समस्यात ब्वलंगु कारणं यानाः गुरुमांयात बी.एल. कपूर मेमोरियल हस्पिटल, दिल्लीइ यंकाः अनया क्यान्सर विशेषज्ञ डा. रंगा रावयात क्यनेगु ज्या जुल । अनंलि गुरुमांया स्वास्थ्यय् सुधार खने दत । गुरुमांया ल्वय्या अवस्था व परिस्थिति स्वयाः गुरुमां गबलें धर्मकीर्ति बिहार, गबलें पद्मकीर्ति बिहार कमल पुखुलिइ, अले गबलें निर्वाणमूर्ति बिहार किम्डोलय् च्वनाः आराम कया बिज्यात । वयां लिपा उपचारया क्रमय् वसपोलयात वि.सं. २०६९ असारं, वि.सं.२०७० श्रावणं बी.एल. कपूर मेमोरियल हस्पिटल, दिल्लीइ क्यान्सर विशेषज्ञ डा. रंगा रावया मातहतय् नियमित स्वास्थ्य परिक्षण जुयाच्वंगु जुल । दिल्लीया क्यान्सर विशेषज्ञ डा. रंगा राव व नेपालया क्यान्सर विशेषज्ञ

डा.सुदीप श्रेष्ठया प्रमुख कन्सल्टेन्सीइ गुरुमांयात वासः यायेगु ज्या न्ह्यानावं च्वंगु दु । वासः यानागुया लिच्वः, प्रतिफल सन्तोषजनक व सकारात्मक जुयाच्वंगु दु ।

गुरुमांया प्वाथय् क्यान्सर ल्वय् सम्बन्धी वासः याना बिज्याःगु थनिं निदं दत । गुरुमांया वास यानाच्वंगु भ्वलय् हिमोग्लोबिनया मात्राय् छुं भचा वृद्धि जुयाः १० ग्राम % सिकं बढेजुया वयाच्वंगु दु । छक्वः निक्वः थलाःक्वलाः जूसां मुख्यगु ल्वय्या अवस्था ठीक जू । गुरुमांयात थौंया स्वये ज्यूगु अवस्थाय् थ्यंकेत गुरुमांया बुद्धधर्म प्रति विशेष आस्था, अले थःयागु धीर आत्मबलं यक्को तीबः ब्यूगु दु । व बाहेक डाक्टर साहेबपिनिगु अतुत कुतलं, भन्ते गुरुमांपिनिगु सर–सल्लाहं, अबलेयाम्ह बर्मी राजदूत ऊ तेत् ऊ (ए तजभत ..) या सुझावं, गुरुमांया थः छेँजःपिनिगु मनोबलं अले झी धर्मकीर्ति विहारया उपासक उपासिकापिं सकसिंगु विशेष गुहालीं, तःधंगु भूमिका म्हितूगु दु । गुरुमांयात वास यायेत आःतकया दुने खर्च जूगु दां चू लाकेत गुरुमांया थःगु ध्यबा बाहेक झी धर्मकीर्ति विहारया विशिष्ट दाता द्रव्यमानसिं तुलाधर, वथें मेपिं दातापिनिगु, स्वदेशी विदेशी भन्ते-गुरुमांपिनिगु, उपासक-उपासिकापिनिगुपाखें नं विशेष सहयोग प्राप्त जुयाच्वंगु दु । गुरुमांया ल्वय् लायेकेत, गुरुमांया स्वास्थ्य थौंया अवस्थाय् हयेत तन मन धनं गुहाली यानादीपिं सकल जनपिंत यक्व यक्व साधुवाद बियाच्वना ।

झी गुरुमां ८० दँ क्यंगु लसताय् वसपोलया दीर्घायु, सुस्वास्थ्य व सुखशान्तिया कामना झी सकसिनं याये ।

भवतु सब्ब मंगलं !

*(बु.सं.२५५७, ने.सं. ११३३, दिल्ला, वि.सं.२०७० श्रावण, सन् २०१३ जुलाइ)*

# धम्मवती गुरुमां व अभिधर्म पाठ

■ प्रज्ञादेवी शाक्य

थ्व थेरवाद बुद्ध शासनय् भीथाय् नेपालय् दकलय् न्हापालाक्क म्हासुलं फिनाः भिक्षु जूम्ह प्रज्ञानन्द महास्थविर भन्ते न्ह्यलुवाः धायेथें भीथाय् भिक्षुणी जुयाः बुद्ध शासनय् न्ह्यलुवाः जुया बिज्याःम्ह धम्मवती गुरुमां खः।

गुगु इलय् मिस्तयूत समाजय् ब्वनेगु सयेकेगु सिइकेगु धइगुलिइ छुं छुं हे संस्कार मदु, प्रतिबन्ध यानातइगु इलय् नं नच्चागु १४ दँया बैंसय् छेँय नं बिस्युं वनाः यक्व दुःख सियाः बर्मा देशय् थ्यंकेत सफल जुल। कर्पिनिगु देशय् नं धम्माचरिय पास यानाः थःगु मांदेय् लुमंकाः बुद्धधर्मया प्रचार यायेत लिहां बिज्यात। छम्ह योद्धा लडाईँलय् त्याकाः वये थें दुःख सियाः वं थें थःगु लक्ष्य प्राप्त यानाबिज्यात। थःगु देसय् पिने थें बुद्धधर्मया प्रचार यायेत यक्व दुःख सियाः धर्मकीर्ति विहार धस्वाका बिज्यात। बुलुहँ उपासिकापिं यक्व दया वल। आखः मसःपिं उपासिकापिंत नं आखः स्यनाः गुलि ला बुरि जूसां बांलाक हे च्वयेसःपिं, ब्वनेसःपि दयेकाबिल। बुद्धधर्म प्रचारया भ्वलय् लुम्बिनीइ विभिन्न देशया विहार स्थापना जुयाच्वंथाय् नेपाःया हे न्हाय् धस्वाकेकथं गौतमी विहारया स्थापना यानाबिज्यात। अथेहे बुद्धधर्म प्रचारया न्ह्यलुवाःकथं विभिन्न देश अमेरिका, चीन, जापान थाइल्याण्ड, बर्मा आदि देशं सम्मानकथं निमन्त्रणा वःथाय् तक सहभागी जुयाः धार्मिक यात्रा याना बिज्यात। बुद्धधर्मया प्रचार जुइत थुकिया शिक्षा मस्तयूत निं बिइ आवश्यक धकाः बौद्ध परियत्ति शिक्षा मस्तयूत ब्वंकाः विभिन्न पुरस्कार तयाः परियत्ति शिक्षा बिइगुलिइ नं कुतः यानाबिज्यात। भीगु नेपालय् गुलि नं विहार दु अन अन धम्हं फु थें ग्वाहालि यानाः छथायूपतिं बुद्ध पूजा न्यायेकाः उपासिक-उपासिकापिंत धर्म खँ न्यंकाः बुद्ध शिक्षा प्रचारप्रसार यानाबिज्यात। धर्मप्रचारया भ्वलय् गुलि नं योगदान बियाः ज्या याःगुया कदर यानाः बर्मी सरकारं गुरुमांयात अग्गमहागन्थवाचक पण्डित धइगु पदवीं छायेपिल।

वसपोलं यानाबिज्याःगु योगदानयात न्ह्याक्व च्वछाःसां गाइमखु । न्ह्याक्व गुणगाण याःसां सिधइ मखु । मिसातसे नं मिजंतसें स्वयां नं मेहनत यानाः, ज्या यानाः नां कमे यानाः क्यनेफु धकाः भ्रीगु न्ह्यःने दसि जुयाः क्यनाब्यूगु दु । न्ह्याबलें कनाबिज्याइ 'बुद्धया शासन म्वाकातयेत भिक्षु-भिक्षुणी, उपासक-उपासिका फुक्कसिगु नं उलि हे कुतः माः, रथया प्यचाः घःचाःथें खः । अथेहे बुद्ध वचनयात नं म्वाका तयेमाः नत्र थ्व धर्म धइगु लोप जुयावनी ।'

गुरुमांनं थःगु जन्मदिंया उत्सवय् 'अभिधर्म' धर्मग्रन्थया पाठ याकेगु यानाबिज्यात ।' थ्व तसकं हे च्वछाये बहःजू । दक्वसिबें थाकुगु गहनगु ग्रन्थ अभिधर्मया अर्थ छ्यायेफुम्ह पण्डित जुयाबिज्यात । अभिधर्म धइगु बुद्ध वचनयात मुनाः दयेकातःगु ग्रन्थ खः । भगवान बुद्धया चय्प्यद्वल दुगु वचनत मुनाः स्वंगू पिटक दयेकातःगु दु । सूत्रपिटक, विनयपिटक अले अभिधर्मपिटक । सूत्रपिटकय् विभिन्न ज्ञानया सूत्रत दुसा विनयपिटकय् भिक्षु, भिक्षुणी नियम न्ह्यथनातःगु दु । अथेहे थ्व अभिधर्मय् मनूतय् चित्त, स्वभावयात बांलाक व्याख्या यानातःगु दु । थ्व भ्रीगु चित्त धइम्ह छथासं मच्वनीम्ह, याकःचा मच्वनीम्ह, सिक्क चञ्चल स्वभावम्ह खः । थ्वयात म्हसिकाः थासय् तयेफुम्ह मनू जुयाः म्वायेसःम्ह जुइ । लडाईलय् वनाः त्याःम्ह स्वयां नं तःधंम्ह योद्धा जुइ । तर थ्व चित्तयात ज्वने तसकं थाकु । तुरून्त भिंगु मनय् वःसा उघ्रिमय मभिंगु मनय् वयेधुंकी ।

छिनछिनय् परिवर्तन जुयाच्वनीगु चित्तया विस्तृत रूपं व्याख्या यानातःगु जुल । थ्व अभिधर्मया खँ तसकं गहन जुयाः मनूतसें काचाक्क सुनां थुइका कायेमफइगु, अले तसक हे अमूल्यगु जुयाः भगवान् बुद्धं थः मांयात निं कनाबिज्याःगु खः । गुरुपुन्हिया दिनय् थः मां लुमंकाः देवलोकय् देवपुत्र जुयाः जन्म कयाच्वंम्ह मायादेवीयात अभिधर्मया व्याख्या यानाः कं बिज्याःगु खः । गुरुपुन्हि कुन्हु दिनय् थःयाके दुगु दक्व ऋद्दि क्यनाः ऋद्दि ब्वयाः देवलोकय् बिज्याःगु खत । विशेष यानाः मांया गुणयात लुमंकाः त्यासा पुलेकथं मांयात निं व्याख्या यानाः कंगु जुयाः थ्व अभिधर्मया पाठ जक एकचित्तं मांपिंत जक लुमंकाः न्यन धाःसा मां व गुरुपिनि भिं जुइ धयागु धारणा दु ।

थ्वहे गुणयात लुमंकाः, अले थ्व बुद्धधर्मयात म्वाकातयेत धम्मवती गुरुमांनं थःगु जन्म दिनय् न्हयन्हुतक थ्व अभिधर्म पाठ याका बिज्यानाच्वंगु बु.सं. २५३९, ने.सं.१११५ (वि.सं. २०५२, सन् १९९५) निसें खः । थीथी विहारया भन्तेपिं सःताः न्हयन्हुयंक पाठ याकाबिज्याइ । थ्व अभिधर्म न्ह्यगू

ग्रन्थत मुनाः छगू तःधंगु ग्रन्थ दयेकातःगु खः । थी थी विहारया भन्तेपिंसं थीथी ग्रन्थया व्याख्या यानाः व्यावहारिक कथं धर्मदेशना यानाबिज्याइ । बुद्धधर्मयात थेरवाद वयेन्ह्यः गुरुजुपिंसं थःगु धर्मकथं न्वाकातःगु जुल । थुकिया गुण लुमंकाः धम्मवती गुरुमांनं थःगु जन्म दिनय् छन्हु गुरुजुपिं नं थःपिनिगु धर्मकथं पाठ याकाबिज्याइ । अथेहे लामा गुरुपिंसं उकथं हे बुद्धधर्मया संरक्षककथं गुण लुमंकाः इमित नं छन्हु पाठ याकी । थुकथं बुद्ध शासन ल्यंकातयेमाःया लागि गुरुमां नं यक्व हे गुकथं छिं उकथं मेहनत यानाबिज्याइ । धर्म धयागु लोप जुया वनेत न्हापां दकलय् थाकुगु गहनगु ग्रन्थ निं लोप जुयावनी । उकिं गुरुमांनं थ्व अभिधर्म धयागु तसकं हे गहनगु विषयया ग्रन्थ खः थ्व लोप जुल कि बुद्धधर्म नं लोप जुयावनी धकाः थ्वयात निरन्तरता बीकथं थःगु जन्मदिं पतिकं पाठ याकाबिज्याःगु खः । अले थ्व न्ह्याबलें लिपा लिपा तकं पाठ यानाच्वनेमाः धकाः थुकिया लागि कोष नं छुटे यानातया बिज्याये धुंकल । थ्व वसपोल गुरुमांया तसकं तःधंगु देन खः । गुरुमांयात आपालं भिंतुना । भिं जुइमा । न्ह्याबलें, निरोगी जुइमाः धकाः मनंतुना ।

Dhamma.Digital

# प्रेरणादायी गुरु धम्मवती गुरूमां

**■ इन्दावती गुरूमां**
*परियति सद्धम्म कोविद*

हामीले दिनानुदिन मैत्री भावना गर्दा मैत्रीपूर्वक स्मरण गर्नुपर्ने वाक्य हो अनन्त गुणवान गुरू आचार्य शरीर र मनबाट सुखी होस् । आजको सन्दर्भमा गुरू धम्मवती गुरूमांलाई पनि म यहि कामनाका साथ याचना गर्दछु । उहाँ गुरूवर धम्मवती गुरूमां चाँडो भन्दा चाँदो स्वस्थ्य होस् ।

उहाँ गुरूमांकै कारण मैले आज उहाँकी शिष्य बन्ने मौका पाएकी छु । गुरूमांको प्रेरणा नै मेरो जीवनमा सफलताको आधार हो ।

आफ्नो घर जतिसुकै विहार नजिक भए पनि संस्कार नपुगे सम्म टाढा नै रहन्छ भन्ने कुरा पनि सही हो । मेरो जन्म काठमाडौंको महाबौद्धमा भएको हो । पछि टेबहाल, न्यूरोडमा हुर्के । आफू बज्राचार्य कुलमा हुर्केकोले हिन्दु धर्मबाट प्रभावित भएको बौद्ध संस्कार बस्यो । तर सानै उमेरमा गुरूमां बन्ने ईच्छा भए तापनि बिहारमा जाने र गुरूमांहरूको सत-संगत गर्ने बानी चाँहि थिएन । मेरो बज्यैको बहिनी सानी बज्यैले ठूली आमा र फुपूलाई विहारको बाटो देखाइरहनु भएकोले उहाँहरू प्राय:जसो श्रीघलस्थित धर्मकीर्ति विहारमा गएर दान पुण्य गरी, शील पालना गर्ने गर्नुहुन्छ । बिहारमा गुरूमांहरूलाई दान गर्ने पनि गर्नु हुन्छ । म सानो छँदा कहिलेकाहिं फुपूले भन्नु हुन्थ्यो म पनि भिक्षुणी हुने ईच्छा भएतापनि परिवारले विवाह गरी दिएकोले यस्तो बन्धनमा बाँधिएर बस्नु पर्यो । यसो भन्नुको अर्थ म बुझ्दिनथे । तैपनि सुनेर मात्र बस्ने गर्दथें ।

२०४८ सालमा जब म आठ कक्षामा पढ्दै थिए, त्यसैबेलादेखि फुपू र ठूली आमासंग विहारमा आउने दानपूण्य गर्ने बानी बस्यो । केहि दिन बिते पछि एक पटक फुपूले भन्नुभयो "ऊ तिमी जस्तै उनीहरू पनि बुद्ध शिक्षा पढ्न आएको हेर तिमीले पनि बुद्ध शिक्षा पढे हुन्छ ।" यो कुरा त ठीकै लाग्यो । त्यसैले म पनि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा सहभागी भएर प्रवचन सुन्ने बानी बस्यो । अध्ययन

गोष्ठीमा कहिले पूज्य धम्मवती गुरूमांले प्रवचन दिनु हुन्थ्यो भने कहिले पूज्य अश्वघोष महास्थवीर भन्तेले प्रवचन दिनु हुन्थ्यो । भन्ते र गुरूमांहरूको प्रवचनबाट मेरो मनको झुकाब बुद्धधर्मको शिक्षाप्रति बढ्दै गयो । त्यसपछि धर्मकीति बौद्ध अध्ययन गोष्ठीको सदस्य भई बौद्ध अध्ययन गोष्ठीको कार्यक्रमबाट कहिलेकाहि गाउँ गाउँमा विभिन्न कार्यक्रममा स्वंयम सेविका भई आफूले सक्दो सहयोग पनि गर्न थालें । त्यसपछि आफू पनि अष्टमि, पूर्णिमाको दिन दान पूण्य गरी शील पालन गर्ने बानी बस्यो । घरमा मेरो बुबालाई भने बिहारमा गएको कुरा चित्त बुझ्दैन थियो । एक पटक बुद्ध पूजामा आउँदा फुपूले धम्मवती गुरूमांसंग मेरो परिचिय गराई दिनु भयो । त्यस दिनदेखि म गुरूमां संग नजिकिन थालें ।

२०५० सालतिर मेरो S.L.C. जाँच सिधिएर विदाको बेलामा श्रीघलको धर्मकीर्ति विहारमा जाँदा धम्मवती गुरूमांले "यस पटकको बैशाख पूर्णिमाको दिनमा दिनभरी यहाँ कार्यक्रम हुन्छ आउनु नि है भनी भन्नु भयो ।" मैले हुन्छ भनी खुशीसाथ स्वीकारें ।

बैशाख पूर्णिमाको केहि दिन अगाडी विहारमा रक्तदान कार्यक्रम हुने विषयमा साथीहरूले मलाई जानकारी दियो । रक्तदानमा पहिलो पटक आफूले रगत दान दिँदा अनौठो लाग्यो । जब बैशाख पूर्णिमाको दिन गुरूमांको वचन स्वीकारी दिनभरी पूण्यकारी संचित गर्ने मौका पाएँ, मनमा धेरै नै शान्तिको महशुस भयो ।

अर्को एक दिन फूपूसँग बुद्ध पूजामा आउँदा गुरूमां र फुपू कुराकानी गर्दै थिए । कुराकानीको सिलसिलामा गुरूमांले भन्नुभयो । "तिमीहरूको ठूलो परिवारमा एकजना त्यागी गुरूमां हुनु त राम्रै हो नि ।" यो कुरा सुन्दा खेरी मैले गुरूमां संग सोधे "गुरूमां यहाँ गुरूमां हुनको लागि के गर्नुपर्छ ?" उहाँले भन्नु भयो "पहिले दशदिने ध्यान शिविरमा ध्यान बस्दा राम्रो हुन्छ त्यसपछि यहाँ कपाल नखौरिकन तीन महिनासम्म ऋषिनी भई अष्टशील नियम पालन गर्नुपर्छ, अनि मात्र गुरूमां बन्न सकिन्छ । अब आउने अर्को महिनामा शंखमूल विहार ध्यान केन्द्रमा बर्माबाट पाल्नु हुने उपण्डित सायदोको ध्यान शिविर हुने छ, त्यसमा म आफैले भाषा अनुवाद गर्ने छु ।"

गुरुमांको सुझाव अनुसार जब ध्यान शिविरमा भाग लिए त्यसबेला देखि घरको झमेलामा बस्न मन परेन । त्यागी हुन घर परिवारमा अनुमति माग्दा बुबा मान्नु भएन । बुबाले रोक्न धेरै प्रयत्न गर्नु भयो । ठूलबाले पनि "यस्तो कुरा नगर हामी कुमारी हल परिवारहरूलाई यस्तो कुरा सुहाउदैन

अरूले के भन्ला" भन्नुभयो । पछि फुपूले र ठूली आमाहरूले घर परिवारलाई सम्झाउँदा बुबा निराश हुनु भयो । बुबाले रोक्न नसके पछि "ल त अब तिम्रो संस्कार नै त्यस्तो लिएर आएको छ भने हामीले मात्र किन रोक्ने भन्नु भयो ।"

जब तीन महिना बिहारमा ऋषिणी भएँ शील नियम पालना गर्दा समय गएको नै पत्तो पाएन । तीन महिना ऋषिणी अवधि पूरा हुने समयमा गुरूमांले अब घर परिवारलाई सूचना दिएर बोलाएर प्रव्रजित हुनु भन्नुभयो । प्रव्रज्या हुने दिन नजिकियो । बुबा आउन चाहनु भएन । मैले फोन मार्फत "यदि तपाईहरू विहारमा आउनु भएन भने म पनि कहिल्यै घरमा आउँने छैन" भनें । यो कुरा सुनेर बुबा बेखुशी भई सपरिवारका साथ आउनु भयो । सबै परिवार निराश भएकोले मेरो मन पनि अलि खिन्न भयो । सबै आचार्य गुरू, गुरूमांहरू सामू कपाल खौरीदा दो .गुणवती गुरूमांले अनित्य भाव सम्झनुपर्छ चित्त नदुखाउ भन्नु भयो ।

गुरूमां भएपछि गुरू धम्मवती गुरूमांले विदेशमा बुद्ध शिक्षा अध्ययन गराउने निश्चिय गर्नु भयो । यसै क्रममा म ताइवान को फोक्वान सान बुद्धिस्ट कलेजमा बुद्धधर्म अध्ययन गर्ने मौका पाएँ । यसको अलवा अन्य देश विदेशको क्रममा ताइवान, हङ्कङ्ग, चाइना, बर्मा, थाइलेण्ड, श्रीलंका, इण्डिया, भियतनाम सम्म कन्फ्रेन्समा पनि सहभागि भई विदेश सम्बन्धि बुद्धधर्मको ज्ञान पाउने अवसर प्राप्त भयो ।

भगवान् बुद्धले पनि आफ्ना शिष्य शिष्याहरूलाई विभिन्न ठाउँमा ध्यान गर्न पठाएर ज्ञान हालिस गराउनु हुन्थ्यो । यसै क्रममा पूज्य धम्मवती गुरूमांका अन्य शिष्यहरू पनि देश विदेशमा गएर बुद्ध शिक्षा हासिल गरी बुद्ध शासन उन्नति गर्ने तर्फ लाग्नु भएका छन् ।

हालसालमा म धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको उपाध्यक्ष भई आफूले सक्दो सेवा गर्ने मौका पनि उहाँ गुरूकै कारण हो । उहाँ गुरू धम्मवती गुरूमांले आफ्ना शिष्याहरूलाई मात्र हौसला प्रदान गर्ने नभई समाजका धेरै संघ संस्थाका उपासक उपासिकाहरूलाई पनि त्यतिकै प्रेरणा दिने गर्नुहुन्छ ।

यसैले उहाँ समाजकै लागि एक प्रेरणादायी ब्यक्तित्व हुनुहुन्छ । उहाँको शिष्य भई समीप बस्न पाउनु म लगायत मेरो अरू गुरूमां सहकर्मीहरूका लागि पनि शौभाग्य नै हो भन्ने म ठान्दछु ।

*(बु.सं. २५५७, ने.सं. ११३३ गुंलाध्व १३, वि.सं. २०७० भाद्र ३, सन् २०१३ अगस्ट)*

# धम्मवती गुरूमां

**■ कुसुम गुरूमां**

धम्मवती गुरूमां सफल धर्मगुरू हुनुहुन्छ । यसमा दुईमत नहोला, वास्तबमा उहाँलाई बौद्ध जगतमा नचिन्ने कमै होला । अझ नेपाल बाहिर छिमेकी बौद्ध राष्ट्रहरूमा भन्नुपर्दा बर्मा देशको त 'स्नेही छोरी' नै भयो भने थाइल्याण्ड, भारत, श्री लंकामा समेत गुरूमांको धार्मिक मैत्री सम्बन्ध बलियो छ ।

धम्मवती गुरूमां बौद्ध जगतको अद्धीतिय नारी, कुशल नेतृत्वले पूर्ण हुनु भएकी, वीर, साहसी, निडर, बरिष्ठ, आत्मविश्वास हुनुभएकी सबैका पूजनीय 'गुरू' र सबैका ममतामयी 'आमा' गुरूआमा 'भिक्षुणी' हुनुहुन्छ । जसले बौद्ध जगतमा एउटा नयाँ अध्याय नै शुरू गर्न सफल हुनुभयो । गुरूमांको ८० बर्ष सम्मको जीवनयात्रा सरसरती अध्ययन गर्दा उहाँ धम्मवती गुरूमालाइ 'Iron Lady' भन्न योग्य छ । १४ वर्षको कलिलो उमेरमा नै प्रब्रजित जीवनको महत्व बुझेर आमाबुवा, घरबार त्यागगर्न सक्नु पूर्व जन्मको कुशल संस्कार हुनुभएकी भाग्यमानी गुरूमां हुनुहुन्छ । चेलीवेटीहरू स्कूल कलेज गएर शिक्षा हासिल गर्ने भन्ने कुरा त परैजावस् घरबाट समेत बाहिर हिँड्डुल गर्न हुदैन भन्ने संकुचित धारणा भएको पिछडिएको सामाजिक अवस्थामा कलिलै उमेरमा प्रब्रजित भएर जंगलको बाटो भएर जोखिमपूर्ण पैदल यात्रा गर्दै बर्मा देशसम्म पुग्नु कम सहासिलो यात्रा थिएन । उहाँको यो बुद्धधर्म अध्ययन गर्ने कति सम्मको प्रबल इच्छा ?

म सानो छँदादेखि नै धम्मवती गुरूमांलाई चिन्दछु "आचरिय गुण अनन्तो" भन्ने तथागत बुद्धको वचन अनुसार गुरूजनहरूको गुण अनन्त छ । धम्मवती गुरूमां मेरा पूजनीय गुरू हुनुहुन्छ । जसले मलाई दोश्रो जीवन दिनु भयो र त्यो हो प्रव्रजित जीवन । उहाँकै आज्ञा पाएर मैले प्रव्रजित हुने

अवसर पाएँ । त्यस बेलादेखि म केहि वर्ष सम्म धर्मकीर्ति विहारमा बसें । गुरूमां बाहिर जानुहुंदा एक्लै कहिल्यै जानुहुन्न । कोही न कोही आफ्ना शिष्यहरू साथमा हुने गर्छ । गुरूमां धम्म देशना, परित्राण पाठ वा अरू कुनै कामकाजमा बाहिर निस्कदा कहिलेकाहिं म पनि संगै जाने गर्थे । आउँदा जाँदा बाटोमा कुनै यस्तै घटनाहरू देखेमा वा कुनै कुरा सुनेमा त्यसलाई नै केन्द्रित बनाएर आ-आफ्नो कर्म, कर्मको फल विषयमा बा परंपरादेखि आइरहेका कुरीति, अन्धविश्वास आदिलाई औल्याएर "मान्छेलाई पढेर भन्दा परेर जानिन्छ, देख्यौ' भन्नु हुँदै विभिन्न उदाहरणहरू देखाउँदै सिकाउँदै लैजानु हुन्थ्यो ।

बुद्ध शासन दीर्घकाल सम्म चिरस्थायी रहुन् भन्ने गुरूमांको ठूलो मनसाय हो । गुरूमांले धर्मकीर्ति विहारमा हामी विहारवासी गुरुमांहरुलाई बराबर भन्नुहुन्छ– "**विनयो सासनस्स आयु**" तथागतको वचनलाई स्मरण गर्नुहुदै प्रब्रजित भएपछि आफनो शील आचरणलाई जुनबेलासम्म त्रुटी हुन दिंदैन त्यसबेला सम्म बुद्ध शासन रहीरहन्छ । तर शील आचरण नै भ्रष्ट भएमा बुद्ध शासनको आयु पनि छोटो हुँदै जान्छ । हामी राष्ट्र पिण्ड खाइरहेका, शील अचरण पालन भएन भने दान लिएको पच्दैन । त्यसको बदला तिर्नुपर्ने हुन्छ । हामी ऋणी छौं । यो जन्ममा नभए अर्को जन्ममा भएपनि तिर्नुपर्ने हुन्छ। त्यसैले सधैं शील आचरण शुद्ध भएर जीउन सिक। तिमीहरूलाई कुनै आपद आउँदैन ।"

बुद्ध शासनमा प्रगति गरोस् भन्ने उदेश्यले गुरूमांले हामी गुरुमांहरुलाई प्रोत्साहन दिनुहुँदै सँधै भन्नुहुन्छ "केहि न केहि गर्छु भन्ने लक्ष्य हुनुपर्छ, गर्न सकला र ? भन्यो भने केहि पनि काम गर्न सक्दैन। मेहेनत गरेर हेरन सफल हुन्छ कि हुँदैन ? मेहेनत र परिश्रममा निरन्तरता दिएमा सगरमाथा चढ्दै टुप्पा सम्म पनि पुग्न सफल हुन्छ। परिश्रम नगर्ने अलसीहरूले एउटा भर्याङ्ग सम्म पनि चढ्न सक्दैन ।" यो हो गुरूमांको शिष्यहरूप्रति प्रोत्साहन ।

एक चिकित्सक एउटा विरामीलाई औषधि उपचार गरी रोग निको पार्न सँधै तत्पर रहने जस्तै विभिन्न आपदविपदमा फसिरहेकालाई मानसिक शान्ति हुने, लौकिक र लोकुत्तर ज्ञानप्राप्त हुने, धम्मदेशना र परित्राण पाठ गर्न धम्मवती गुरुमां सधैं तत्पर हुनुहुन्छ । गुरूमांले कोही आफन्त परलोक भएर मानसिक शोकपीडा आदिले छट्पटाइरहेका, अज्ञानता, अन्धविश्वास, कुरीति आदिमा रूमल्लिरहेकाको उद्धार गर्न जतिसुकै टाढा जानुपरेपनि, हिँडेरै जानु परेतापनि उपासक उपासिकाहरूको घरदैलोमा पुगेर धर्मदेशना

गर्नुहुन्छ । गाह्रो छ, जानेमन छैन भनेर कहिल्यै भन्नु हुन्न । गुरूमांलाई बराबर टाउको दुःखाईले सताउँथ्यो । आफूले सहनु सकुन्जेलसम्म दुःखाईलाई मिचेर भएपनि विहारमा परित्राण गराउन आउने उपासक उपासिकाहरूलाई परित्राण गररे आशिर्वाद दिनुहुन्छ। यो हो गुरूमांको उपासक उपासिकाहरूप्रतिको मैत्री करूणाको ज्वलन्त उदाहरण ।

धम्मदेशना गर्नमा गुरूमा अद्धीतिय नै हुनुहुन्छ । अभिधम्म देशनामा उहाँ विशिष्ट हुनुहुन्छ । गम्भीर विषयलाई पनि अति सरल तरीकाले मन छुने धम्मदेशना गर्नु भएर धेरैको हृदय परिवर्तन गर्न गुरूमां सफल हुनुहुन्छ ।

विहार सम्बन्धि जस्तो सुकै समस्या आएतापनि गुरूमांले निडर र धैर्यपूर्वक सजिलैसंग समाधान गर्न सक्षम हुनुहुन्छ । सत्य कुरालाई कहिल्यै नलुकाउने, नबिराउने र नडराउने गुरूमांको विशेषता नै भयो ।

एकचोटी गुरूमां मिटिङ्गमा जानुहुँदा मलाई पनि संगै लानु भयो । बर्षाको महिना, सिमसिमे पानी परिरहेकोले बाटो हिलै हिलो थियो । मिटिङ्गहलको छेउमै एकजना गन्यमान्य व्यक्तिले गुरूमांलाई "नमस्कार गुरूमां" भन्नु भयो । आशिर्वाद दिनु हुँदै गुरूमांले निर्भयपूर्वक– "हराभरा काठमाडौं भन्नु भएको होइन ? खोइ ! हेर्नुस् हिलो छ्यापा ! छ्यापा ! कहिले गर्ने हराभरा ?" भन्नु हुँदै पछाडि फर्केर आफ्नो पिठ्युंमा चप्पलले छ्यापेको हिलो देखाउनु भयो । मलाई लाग्यो गुरूमांले सत्य कुरा लुकाउनु हुन्न रहेछ ।

गुरूमां कतिको कुशल नेतृत्व र सफल धर्मप्रचारक भन्ने उदाहरण त हामी लुम्बिनीको गौतमी विहार निर्माण तथा उपत्यका भित्र विभिन्न स्थानमा धर्मकीर्ति विहारका शाखा विहारहरू भएबाट र त्यस्तै देश बाहिर सारनाथसम्म पनि विहार निर्माण र बर्मासम्म विहार निर्माणमा सहयोगबाट प्रष्ट हुन्छ ।

**"सर्बो प्रकारं जगतो हिताय"** भने झैं गुरूमांले आफनो सम्पूर्ण जीवन विभिन्न प्रकारले परउपकारमै समर्पण गरिरहनु भएको छ । यी सम्पूर्ण कुराहरू कागतमा लेखेर भ्याउँदैन जस्तो मलाई लाग्दछ । विभिन्न क्षेत्रमा उहाँले गर्नु भएको योगदान अतुलनीय छ ।

धम्मवती गुरूमां जस्तो महान नारी जुनसुकै समयमा जन्मन सकिंदैन । अहिले गुरूमां ८० वर्षमा पुग्नु भयो । शरीर भएपछि रोग हुनु स्वभाविकै हो । गुरूमां विरामी हुनु भयो । उपचारको सिलसिलामा पटक पटक गरी हस्पिटल भर्ना हुनु पर्‍यो सर्वाङ्ग हस्पिटलमा भर्ना भइरहनु भएको

बेलामा म भेट्न गएँ । त्यसवेला गुरूमांको मुहार चम्किलो देखिन्थ्यो । मैले भनें– "गुरूमां ! तपाई फूर्तिलो देखिनुहुन्छ । कुनै तकलिफ त छैन ? ।" गुरूमां मुसुक्क हाँसेर भन्नु भयो– "ठीकै छ ! म बाहिर जान नसके तापनि विहारमा आउने उपासक उपासिकाहरूलाई मन शान्त हुने गरिकन धम्मदेशना एउटा मात्र दिन पाए पनि मलाई सन्तोष लाग्छ ।"

"अहो आश्चर्य ! धन्य रहेछ गुरूमां तपाई ! आफ्नो स्वास्थ्य भन्दा पनि बुद्धको शिक्षा बुद्ध शासन प्रति माया । सबैलाई धर्म बाँड्ने प्रबल इच्छा । आजकल गुरूमांको स्वास्थ्य लाभ हुँदैछ र प्रत्येक पूर्णिमाको दिन उही गुलियो कण्ठले हृदय छुने तथागत बुद्धको उपदेश दिँदै आइरहनु भएको छ ।

गुरूमांको स्वास्थ्य लाभ होस् । आयु आरोग्य होस् । गुरूमा अद्वीतिय नारी, स्नेही छोरी Iron Lady हुनुहुन्छ । गुरूमांको शिष्य हुन पाएकोमा म गर्व गर्छु ।

*(बु.सं. २५५७, ने.सं. ११३३ गुंलाथ्व १३, वि.सं. २०७० भाद्र ३, सन् २०१३ अगस्ट)*

# धम्मवती गुरूमांया चय्दँ बुदिं

■ लोचनतारा तुलाधर

सासनधज धम्माचारिय, अग्ग महागन्थवाचक पण्डित धम्मवती गुरूमांया चय्दँ बुदिं हनेगु ज्या धर्मकीर्ति विहारय् क्वचाल । श्रावण २ गते निसे श्रावण ९ गतेतक सुथय् सुथय् जूगु उगु ज्याभ्वलय् भन्तेपिनिपाखें अभिधर्म पाठ व धर्मदेशना व लिपांगु दिंकुन्हु लामा गुरूपिं व बज्राचार्य गुरूजु, गुरूमांपिनिपाखें पाठ यायेगु ज्या जूगु खः । थ्व च्यान्हुया दुने श्रावण ६ गते आइतवाःकुन्हु धर्मकीर्ति भजन-माला भाग ३ सी.डी. विमोचन जुलसा श्रावण ७ गते सोमवाः गुरूपुन्हीकुन्हु धम्मवती गुरूमानं वि.सं. २०५५ य् कनाबिज्याःगु अभिधर्मया सरल व्याख्याया डि.भी.डी. विमोचन जुल । थुकिया नापं धम्मवती गुरूमामं हे च्वयाबिज्यागु अभिधर्म भाग १ व भाग २ सफूया न्हूगु संस्करणय् छगू हे जुयाः पिथनेगु ज्या नं जुल ।

बुदिंया लसताय् थुकथंया ज्याभ्वः जुया वयाच्वंगुलिइ धम्मवती गुरूमांया निगू वृहतत्तर सोच दुथ्याः– न्हापांगु सोच भिक्षु संघपिनिपाखें अभिधर्म ताः ईतक ल्यंका तयेत तिबः जुइ । छाय्धाःसा बुद्ध शासन लोप जुइबलय् त्रिपिटकया स्वंगू पिटकमध्ये अभिधर्म निं न्हापां लोप जुइ धयातःगु दु । अनं विनय, अनं सूत्र । गुरूमांया निगूगु सोच खः, नेपाःया बुद्धधर्मय् दयाच्वंगु बज्रयान, महायान व थेरवाद स्वकचाय् क्वातुगु एकता दयेमाः । अले जक नेपाःया बौद्धत बल्लाइ । अथे जूगुलिं गुरूमामं लामा गुरू व बज्रयानी गुरूजुपिनिगु पाठ नं दुथ्याकेगु यानाबिज्याःगु खः । थुकथंया ज्याभ्वः धर्मकीर्ति विहारय् न्ह्यानाच्वंगु आः जक मखु वि.सं. २०५२ सालया धम्मवती गुरूमांया खुइछदँ (६१ दँ) बुदिंया लसतानिसें खः । (धर्मकीर्ति पत्रिका, वर्ष १३, अंक ५, बु.सं. २५४९, वि.सं. २०५२ भाद्र, ने.सं. १११५) । थुकथं गुरूमांया हे न्ह्यलुवाय् भन्ते, गुरूमां, उपासक उपासिकापिनिगु श्रद्धायुक्तगु भावनां थौंतक

नं थ्व ज्याभ्वलं निरन्तरता कयाच्वन । थुकथं पूजनीय, श्रद्धेय गुरूमांया बुदिं हनाः अभिधर्म पाठया श्रवण यायेगु पुण्यय् सकलें सहभागी जुइगु ह्वःताः नं चूलानाच्वन ।

आः वने धम्मवती गुरूमामं नेपाःमिपिंत अभिधर्मया प्रारम्भिक ज्ञाननिसे जः ह्वलेत गुकथं अले गबलेनिसें कुतः याना बिज्यानाच्वन । भिंप्यदँतक बर्माय् बुद्धधर्म अध्ययन यानाः लिहां बिज्याःम्ह पूर्ण युवावस्थाम्ह धम्मवती गुरूमानं तःधंगु मेहेनत यानाः श्रीघलय् वि.सं.२०२२ सालय् धर्मकीर्ति विहार स्थापना यानाबिज्यात । बर्माय् वसपोलं अभिधर्मया विशेष अध्ययन याना बिज्याःगु खः । बर्माय् भगवान बुद्धया अति गम्भीर ज्ञान अभिधर्म न्हापां ब्वंकीगु जुयाच्वन । बर्माय् अभिधर्म ब्वंकेगुली च्वन्ह्याः । गुरूमांनं न्ह्याबलें धयाबिज्याइ, 'बुद्धधर्मया मूल सार हे अभिधर्म खः । अभिधर्म थुल धायेवं तिनि मेगु थुयावइ ।' वि.सं. २०२२ सालय् विहार स्थापना जुइ धुनेव गुरूमानं मेपिं गुरूमांपिनाप जानाः मचा, ल्यासे, बुराबुरिपिंत धमाधम बुद्ध शिक्षा बीगु शुरू यानाबिज्यात । लुमंकेबहः जू, उगु इलय् तक भीथाय् बुद्धधर्मया सफूत आपाः मदुनि । बुद्धपूजा विधि, परित्राण, धम्मपद, गृहीविनय नापनापं वसपोल अभिधर्म नं सरल ढंगं कापी च्वयाः बिबिउँ स्यनाबिज्यात । वसपोल वि.सं. मिति २०५५, बु.सं २५१२ अभिधर्म भाग १ सफू, बर्मी सफू व अभिधम्मत्थ सङ्गहोपाखें छोटकरी, सरल ढंग चित्त, चेतसिक, पकिण्णक, विथि कण्ड दुथ्याकाः अनुवाद व सम्पादन यानाः प्रकाशन यानाबिज्यात । अनं लिपा भूमिकण्ड, रूपकण्ड, समुच्चय कण्ड, पच्चय कण्ड व कम्मठ्ठान कण्डनापं दुथ्याकाः अभिधर्म भाग २ सफू अनुवाद व सम्पादन यानाः पिकयाबिज्यात थुकथं निगू भागय् गुंगू कण्डया खँ दुथ्याः । थ्व सफूया आधारय् उपासक उपासिकापिंत अभिधर्म ब्वंकाबिज्यात । साधारण स्वयां नं साधारण मनूतय्सं थुइकथं वसपोलं मिखां खने मदुगु चित्तया प्रकारयात उपमा बियाः व्याख्या यानाः थुइकाबीगु यानाबिज्यात ।

अभिधर्म पिटक न्हय्गु ततःधंगु ग्रन्थय् विभाजन यानातःगु दु, (१) धम्म सङ्गणि, (२) विभङ्ग, (३) कथावस्थु, (४) धातु कथा, (५) पुग्गल पञ्ञति, (६) यमक, (७) पट्ठान थुपिं न्हय्गू ग्रन्थया सार पालि भाषां पाठ यायेया निंतिं गुरूमानं अभिधर्म पालि सफू पिथना बिज्यात । गुरूमांया बुदिंया लसताय् न्हय्नु पाठ जुइगु च्वय्च्वंगु हे न्हय्गू पालि पाठ जुइगु खः । वि.सं. २०५६, बु.सं. २५४३ स धम्मवती गुरूमान 'अभिधर्म पालि' सफू पिथनाबिज्यात । अभिधर्म पालि सफूया भूमिकाय् धम्मवती गुरुमांनं थथे च्वयाबिज्याःगु दु

'अभिधर्म पिटकयात न्हय्‌गू ग्रन्थय्‌ विभाजन यानातःगु दु– १. धम्मसङ्गणि....(७) पट्ठान। थुपिं ग्रन्थत न्ह्य्‌गुलिं तसकं ताःहाकः जू। थुकी चित्त गज्याःगु, चित्तय्‌ चित्त व चेतसिक मिले जुयाः गुलि रूप बने जुइ, चित्त व चेतसिकं गथे कर्म दयेकीगु उकिं गज्याःगु दुःखत उत्पादन याइगु व दुःख मदुगु निर्वाण सुख गथे प्राप्त याये फइ आदि विषयय्‌ सम्पूर्ण कारण वा हेतु व परिणामयात क्यना बिज्याःगु दु।' धम्मवती गुरूमां स्वयं थम्हं धर्म दान यानाबिज्याःगु थ्व सफुलिइ भूमिकाया अन्त्यय्‌ च्वया बिज्यात, 'थ्व बुद्धया मूल ज्ञान अभिधर्म (परमार्थ धर्म) यात भी सकसिनं न्हापां पाठ याये सयेकेमाः। अनं अर्थ थुइके फयेमाः धयागु मैत्री चित्तं जिगु बुदिंया लसताय्‌ सफू छापे यानाः न्हय्‌न्हुतक सुथय्‌ सुथय्‌ अभिधर्म पाठ न्यंकाः प्राणीतय्‌के बुद्धया मूल ज्ञान अभिधर्म थुइका वनेगु संस्कार दयेमा धकाः निगू लाख दां कोषय्‌ तया। थुगु पुण्यकार्य जि मदये धुंकाः नं चले जुया वनेमा धयागु नं कामना याना।' धम्मवती गुरूमांया थज्याःगु वाक्याशं स्पष्ट रूपं क्यनाच्वन कि वसपोलया भी अज्ञानीपिंप्रति गुलि मैत्रि दु गुलि करूणा दु। वसपोल गुरूमानं हाकनं नं अभिधर्म कोषय्‌ दां थपे यानाबिज्याःगु दु। वि.सं. २०५८ सालय्‌ 'बुद्धया मूल उपदेश नांगु सफू च्वयाबिज्यात। गुगू कि स्वयम्भू धर्मपासा पुचः पाखें प्रकाशन यानाबिउगु खः।

थुकथं धम्मवती गुरूमांनं धर्मकीर्ति विहारय्‌ इलय्‌ ब्यलय्‌ अभिधर्म देशना याना बिज्यानाच्वनी। वि.सं. २०५५ सालय्‌ गुरूमांनं लच्छि तक अभिधर्म कनीगु जुल। सकसितं ब्वं वा, जाँच नं कायेगु, पास जूपिंत प्राइज नं बीगु खँ आह्‌वान याना बिज्यात। २०५५ सालया जेष्ठ २ गतेनिसें असार २ गते तक ब्वंकीगु जुल। थुथाय्‌ छध्वः चेतनशील ब्यक्तिपिं गुरूमांया प्रवचन टेपरिकर्ड यायेगु व भिडियो रिकर्ड यायेमाःगु वाः चायेकल। उगु प्रवचन मालाया टेप रिकर्ड नं जुल। सिद्धार्थमान तुलाधर व डा. सुमनकमल तुलाधर पिंसं उबलय्‌या प्रत्यक्ष भिडियो रिकर्ड छन्हु हे त्वः मफिक यानादिल। व ईया भिडियो क्यासेट पुलांगु मोडेल जुल। उकिं थुगु संग्रहयात डिभीडीइ हिलेमाःगु तायेकाः थुगुसी उगु ज्या सम्पन्न जुल। रीना तुलाधरया संयोजकत्वय्‌ पञ्ञावती गुरूमां व पवित्र कसाःया कुतलय्‌ थ्व डीभीडी तयार जूगु खः। उगु इलय्‌ गुरूमांनं अभिधर्म भाग १/२ सफूया आधारं कनातःगु देशना जूगुलिं न्हूगु संस्करणय्‌ थ्व सफू रीना तुलाधरया प्रायोजनय्‌ निगू भागं छगू यानाः सफू पिदन। थुगु डीभीडीइ स्वीनिगू चक्का दु। भिन्यादँ न्ह्यः गुरूमांनं कनाबिज्याःगु उगु देशनाया डीभीडी वसपोलया चय्‌दँ बुदिँया लसताय्‌ धम्मवती गुरुमां स्वयं व बोधिज्ञान भन्तेया ल्हातं विमोचन जुल।

निदँ न्ह्यवंनिसें थीथीकथं शारीरिक ल्वचं कयाच्वंम्ह वसपोल थुगुसी चयूदँ बुदिंया लसताय् धर्मकीर्तिया धम्महलय् न्हापां थें फ्यतुना बिज्यानाच्वंगु स्वये दुगु भ्मीगु तःधंगु भाग्य खः । प्वाःया अपरेशन, केमोथेरापी थेंजाःगु कडागु वासःया सेवन लिपा नं वसपोलया स्मरण शक्ति व वाक् शैलीइ भ्याः भचा हे लिच्वः मलाः । सररं छकः बिगत लुमंकाः स्वये, गुरूमांनं बर्माय् अध्ययन क्वचायेकाः नेपाः लिहां बिज्यासांनिसें थौं ल्वय्नाप ल्वाल्वां चयूदँ बुदिं हनाच्वंगु ईतक नं वसपोलं धया बिज्यानाच्वन, 'अभिधर्म बुद्धधर्मयागु मूल सार खः । थुकियात थुइकेगु स्व ।'वसपोलया गज्यागु करूणा भ्मी अज्ञानी प्रति ! थुकथं अनन्त गुणं जाःम्ह धम्मवती गुरूमांयात सहस्रवार बन्दना ॥

*(साभार: सन्ध्या टाइम्स्, बु.सं.२५५७, ने.सं.११३३ गुंलाथ्व १३, वि.सं.२०७० भाद्र ३, सन् २०१३ अगस्ट)*

Dhamma.Digital

# धम्मवती या धर्मकीर्ति

■ हेरा रत्न शाक्य

जन्म बिल मां नं भवचक्रं पिहाँ वे मफु नारी
मां अबु धर्मया लँय् छवइपिं नगण्य नारी
भवय् जक दुंकाः दुनाः दुःख सियाच्वन भारी
खँ खँ दुनें निसें त्याग यात मचाम्ह गणेश कुमारीं
ल्युने लाःपिं मस्यूपिं अपेक्षित अवहेलित नारी
बछि सर्गः त्वपुइपिं खः धासां इपिं लाचारी
सन्तान दयकेया नितिं जुयाच्वन मेसिन सरी
मात्र तृप्तिया जगतय् साधन जुयाच्वन नारी
देवि माता पद ब्यूसां सुख सिई मफैगु सिइकाः
महारानी पदय् च्वंपिं नं अनित्य सीकाः त्वःता वंगु खंकाः
सीकाः वन बनं बनं आसाम जंगल पारी
अमर जुइगु शिक्षा भ्रू चाय्का वल
शास्ताया जन्मभूमि थःगु देय् नेपाल नगरी
इनेत धर्म ग्वसाः ग्वल पासापिं मुंकाः धर्म गोष्ठि जारी
द्वलंद्वः प्याय्चाःपिन्त धर्मामृत इयूंइयूं थ्यन देश पारी
अन, थन, अले, कन्हे मधासे धर्म चाकः हिका च्वन माःरी
मां नं बिइमफुगु शिक्षा बिइम्ह नारी
थौं चयदँ दतनं म्हं मफुसां नुगः धर्मय् भारी
धात्थें खः न्हाँ वयकः गुरूमां धर्मया पुत्री
फत्तले वसपोलं बिया हे च्वन धर्मया ज्ञान जः दिन रात्री
चरथ भिकखवे चारिकं धाःथे धम्म चारी
याना च्वन योग्य थः शिष्यापिं धम्मचारी
तःगु शिक्षा केन्द्र विहार चायेकाः ज्ञान इनेगु जारी
जुइमा छ्पिं गौतमी थें बुद्ध पुत्री धर्मपुत्री नेपाल पुत्री
दु न्हाँ सकसिया स्वय् उसाँय् भिनाच्वंगु
ताः आयू तक धर्मया निभाः थें थिना च्वंगु
शिक्षा आचरण दसु केनाः भिंगु नेतृत्व छः पिनिगु
सिमाक्वय् च्वने थें सिचु हँ धर्मशासन छःपिनिगु ।

*(साभार- 'धर्मकीर्ति' वर्ष-३१, अङ्क-४, बु.सं. २५५७, ने.सं. ११३३, गुंपुन्हि, २०७०)*

# Dhammawati Guruma the "Yomha Mhyaaya" of Nepal

■ **Ms. Sumon Kamal Tuladhar**
*Member, Dharmakirti Buddhist Stuty Circle*
*Doctorate in Nonformal Education, USA*
*Senior Research Officer,*
*Tribhuvan University, Nepal*

*This article is written to highlight the achievement of Bhikkuni Nun Dhammawati in linking Buddha Dhamma with social reforms in Newar Buddhist society. This article is based on personal communication with the key persons and some literature.*

Venerable Buddhist Nun Dhammawati, a well known "Yomha Mhyaaya" of Nepal was born, as a Ganesh Kumari in Patan in 1934. Her parents had five children, among them Dhammawati was the only daughter. As 'morning shows the day', she was brilliant in ideas, dedicated and committed to what she wished for and thought was right. Her biography, written by Reverend Ta We Thon, a Burmese monk, was a clear evidence that she was like a 'soldier on command', who had a big dream and looked forward to achieve the aim. Nothing could distract her. She dreamed to be a Bhikkhuni and dedicate her life in fostering proper Buddhism in Nepali society. She worked hard to break the stereo typical gender bias socio-cultural practices in her community and made a breakthrough and left the loving and comfortable life for the quest for truth in life. No matter what kind of *'mara'* came on the way, she pursued her goal and moved forward making vows not to turn back from her destination. She even decided to move alone in the wild path while her accompanying friends withered away.

At the age of blooming 14 years, she left her home for going to Burma for studying Buddhism in 1950. That is the time when there was no airplanes or trains going out from Nepal. So her journey started on foot for months to reach Burma. She suffered from all sorts of constraints including prison harassment due to lack of proper official visa to enter Burma.

Once her problems got all settled, she started to blossom like a bud of a beautiful flower in the garden of Buddhist studies. She, after 14 years of study, conquered her dream to be a scholar in Buddhism and became the first foreigner to complete the course and achieve the degree Sasanadhaja Dhammachariya in 1962 from Khemarama Nuns' Study Center at Molmin, Burma.

Like in her childhood, she came back with her vigorous dream of making significant contribution in Buddhism in 1963. Her mission of